# श्रीलंकाको तमिल
# विभेद विरुद्धको विद्रोह

जयप्रकाश गुप्ता

**बिषय क्रम**

प्रकाशकको तर्फबाट
१
श्रीलंका पुग्नु अघि
२
सिलोन देखि समाजवादी गणतन्त्र श्रीलंकासम्म
३
श्रीलंकाको भूगोल
उहिलेको इतिहास
तमिल र सिंहली : प्राचीन जातिहरू
तर पहिला को आए ?
४
१.जाफ्ना अधिराज्य
२.कलिंगा मगन
३.अरियाचक्रवथीहरु
५
श्रीलंकाका जातीय समूहहरु
सिंहली
तमिल
मुसलमान
बर्गर
भेद्दाह
६
सिंहलीहरुको लोकप्रिय धर्म बौद्ध
तमिलहरुको आस्था हिन्दू धर्म
७
जातीय स्वभाव
दैनिक जीवनमा जातीय अन्तरक्रिया
जातीय समूहबीच सम्बन्ध
८
जाति, धर्म र राजनीति
बौद्ध धर्म र राजनीति
सिंहली : जातीय विचित्रता तथा राजनीतिकृत बौद्ध धर्म
किन भयो जातीय द्वन्द्वको उत्पति ?
९
शिक्षा

परम्परागत तथा औपनिवेशिक शिक्षा प्रणालीहरू
आधुनिक शिक्षा प्रणाली
शिक्षा र जातीय द्वन्द्व
१०
श्रीलंकाली मध्यमवर्गको उदय
प्रतिनिधित्वको माग
राजनैतिक प्रणालीको कमजोरी
जातीय राजनीतिक रुपान्तरण
११
सन् १९४८ को स्वतन्त्रता
तमिलहरूले नागरिकता तथा मताधिकार गुमाए
सिंहली-बौद्ध राष्ट्रवादको उदय
सुरक्षा बलको जातीय संरचना
सिंहला मात्र ऐन- १९५६
वामपंथी दलहरूको प्रार्दुभाव
तमिल राजनीति
संयुक्त मोर्चाको सरकार र बढ्दो हिंसा : १९७०-७७
जनता विमुक्ति पेरामुना
सन् ७७ को आम निर्वाचन र थप हिंसा
तमिल विद्रोह
सन् १९७८ को संविधान
सन् १९८१ का दंगाहरू
सन् १९८२ को राष्ट्रपतीय चुनाव
सन् १९८३ का दंगाहरू
१२
तमिल अलगाव
विद्रोही तमिल समूहहरू
लिबरेशन टाइगर्स अफ तमिल
अन्य तमिल समूहहरू
१९८४ को सर्वदलीय सम्मेलन
भारतीय दृष्टिकोण
पूर्वीय प्रान्तको सवाल

सन्दर्भ सूचि

# प्रकाशकको तर्फबाट

श्रीलंकाको जातीय समस्या इतिहास अध्ययनको विषय मात्र होईन । यो समसामयिक विश्वको सबैभन्दा जटिल जातीय समस्या मध्येका एक हुन् । त्यसैले, यस समस्याको जन्मका कारणहरु, यसका आधारहरु तथा यसको समाधानमा बाधक रहेका परिस्थिति; यो बुझ्नै पर्ने विषय हो । किनभने श्रीलंकाको तमिल समस्या तथा विश्वका अन्य भागहरुमा विद्यमान रहेका यस्तै खाले समस्याहरुमा सदृश्य चरित्रहरु रहेका छन् । तसर्थ यस्ता समस्याहरुको प्रभाव सर्वव्यापी र सन्देश सर्वकालिक हुन्छन् ।

नेपालमा श्रीलंकाको वारेमा साहित्यको अत्यन्त अभाव छ । यहाँका पुस्तक पसलहरुमा श्रीलंकाका वारेमा विरलै पुस्तकहरु पाईन्छ, झन् श्रीलंकाको जातीय सवालमा कुनै पुस्तक भेट्टिइनु अपवाद नै हुनेछ । यद्यपि तमिल शब्द तथा तमिल समस्या भने बहुउद्धरणीय शब्द र सवाल हो । मधेस वा पहाड सबै तिरका क्षेत्रीय, जातीय, वर्गीय समस्याका फाँटमा काम गर्ने नेता, कार्यकर्ता तथा विद्रोहीहरुको मुखमै तमिल वा लिट्टे शब्द हुने गर्दछ । विभेद विरुद्धको हरेक आक्रोश पछि तमिल बा लिट्टे शब्द प्रयोग हुने गर्दछ । तर के हुन् तमिल र तमिलका समस्या ? कसरी जन्मियो यो समस्या ? यसका वारेमा सामान्य जानकारी गराउने पुस्तकको अभाव थियो ।

प्रस्तुत पुस्तकमा लेखक जयप्रकाश गुप्ताले संक्षेपमा तर क्रमबद्ध रुपमा श्रीलंकाका जातीय सम्बद्ध विषयहरुका वारेमा चर्चा गर्नु भएको छ । यस पुस्तकको अध्ययनबाट सजिलै ज्ञात हुन्छ-जातीय विभेद भनेको के हो ? तथा राज्यले कुनै जातिका विरुद्ध जातीय अलगावको नीति अख्तियार गरेमा त्यस जातिका सम्मुख प्रतिरोधका लागि के कस्ता विकल्पहरु रहन्छन् । शांतिपूर्ण तवरमा राखिने मागहरु प्रति राज्यको बेवास्ताले शांतिपूर्ण आन्दोलनको शसस्त्र प्रतिकारमा हुने रुपान्तरण तथा शांतिका पक्षधर नेता एवं राजनीतिक दलहरुको हुने दुखःद असान्दर्भिकताको गहिरो सन्देश पनि श्रीलंकाको तमिल समस्या भित्र झल्झल्ती देखिन्छ । यति मात्र होइन, स्थायी झैं रहेका राजनीतिक दलहरुले असंवेदनशील भै राजनीतिक-सामाजिक विभेदका कुराहरुलाई आफ्नो दीर्घकालिन आधारको विपक्षको विषय ठानेर पन्छाउने गर्दछन । यस्ता विषयहरुलाई ग्राह्य ठान्दैनन् । खासगरि यौटै खालको सामाजिक परिवेशका केहि मात्र राजनीतिक दलको हाली मुहाली रहेको मुलुकमा यस्ता सामाजिक जातीय जटिलतालाई उपेक्षा गर्ने प्रवृतिबाट जातीय समस्याको समाधानको सहज उपाय कति छिटो विकराल बन्न जान्छ-यसको सर्वाधिक सान्दर्भिक उदाहरण नै श्रीलंकाको तमिल समस्या हो ।

यस पुस्तकमा श्रीलंकाको तमिल समस्यासंग नेपालमा मधेसीहरुको जातीय विभेदको समस्याको तुलना नगरिएपनि यसलाई पढदै जाँदा कुनै पनि मधेसी तथा मधेसीलाई जान्नेले कुन रुपबाट तथा कुन स्तरको राज्य प्रदत्त विभेद मधेसीहरुले भोग्नु परिरहेको छ, यस तथ्यलाई बुझ्न पला पनि पर्खनु पर्दैन । विभेदको अनुभूति शब्दहरुले भन्दा पनि अनुभवबाट हुन्छ । नेपालमा राज्यले सिर्जेको भ्रमबाट लाट्टिएको मधेसी समुदायमा यस पुस्तकको स्पर्श हुना साथै विभेदको सहज आभाष हुने नै छ । यसबाट विभेद विरुद्धको चेतनाको निर्माण हुन सक्दछ । हुनसक्दछ, नेपालको जातीय राज्यले यसलाई विभिन्न विश्व सन्दर्भहरु, श्रीलंकाको समेतको अध्ययन तथा अनुभवबाट सिकेर समयमै समाधान पस्कन सक्यो भने-मुलकको सद्भावनाको निम्ति ठुलो योगदान नै मानिने छ । अन्यथा विभेद, विद्रोहको बारुदको रुपमा अशांतिको कारक रहि नै रहनेछ ।

मधेसी मानव अधिकार संरक्षण केन्द्रले यस पुस्तक समेत जयप्रकाश गुप्ताले लेख्नु भएको केहि पुस्तकहरु प्रकाशित गरिसकेको छ । अख्तियारको थुना : मेरो संझना, नेपाली मधेसीका समस्या : चार विचार, मधेस : सामाजिक समस्या तथा विभेद पछिको यो नवीनतम् पुस्तक तपाईको हातमा छ । हामीलाई विश्वास छ, यस पुस्तकलाई यहाँहरुले उपयोगी मान्नु हुनेछ । यस पुस्तकका वारेमा यहाँहरुको प्रतिकृयाको हामी प्रतीक्षा गर्ने छौं । धन्यवाद

मधेसी मानव अधिकार संरक्षण केन्द्र
काठमाण्डौं

१

# श्रीलंका पुग्नु अघि.......

(बुद्ध र विष्णुको तस्वीर वा श्रीलंकाको नक्सा)

उहिले सिलोन भनिने, आजको श्रीलंकाको इतिहास बडो रोचक छ । हरेक प्राचीन मुलुकहरुका झै यहाँका इतिहासमा पनि देवी देवताका मिथकहरु, राजा महाराजाका गाथाहरु, धर्म र अधर्मका बीचका संघर्षहरु, सत्ता तथा शक्ति हत्याउने दरवारका दाँउपेचहरु, राज्य विस्तारका योजनाहरु तथा विदेशी अतिक्रमणका घटना एवं त्यसका प्रतिरोधका कुराहरु प्रसस्त भेटिन्छन् । तर यी सबभन्दा पनि भिन्न तथा महत्वपूर्ण विषय हो : श्रीलंकाको इतिहास यौटा जातिको जन्म तथा विकास संगसंगै यौटा राष्ट्रको जन्म तथा विकासको प्रकृया पनि हो । साथै राष्ट्रलाई यौटा जातिको भनेर रुपान्तरित गर्दै लाने असफल राजनीतिज्ञहरुले सिर्जेको विश्वकै आजसम्मको सबै भन्दा विनाशकारी जातीय युद्धको पछिल्लो लेखाजोखा पनि हो । लेखाजोखाको यो क्रम थामिएको छैन, त्यहाँ आजपनि राज्यको सिंहली पक्ष तथा विद्रोही तमिलहरुका बीच भीषण युद्ध जारी छ । यस जातीय युद्धमा वितेका बीस वर्षहरुमा साठी हजार भन्दा बढी मानिसहरुको ज्यान गैसकेको छ ।
श्रीलंकामा किन यसो भयो ? यसका पक्षहरुको आ-आफ्नै निर्धारित जवाफहरु होलान । स्वतन्त्रता पछिका त्यहाँका सबै सरकारहरुले तमिल समस्याका वारेमा विश्वलाई पटक पटक ओठे जवाफहरु दिए, तर जवाफले मात्र युद्ध रोकिएन् । हालै चार वर्षको युद्धविराम पछि अहिले फेरि त्यहाँ युद्ध चर्केको छ । अबको युद्ध कत्तिको विनाशकारी होला ? यसको आकलन गर्नु मेरो उद्देश्य होइन । त्यसको लेखाजोखा गर्नु भन्दा पनि श्रीलंकामा यो विग्रह किन भयो ? यसको अन्तरनिहीत विषयहरुको गर्भमा पुग्नु मेरो चाहना हो ।
संसारका इतिहासमा अनेकौं युद्धहरुको चर्चा छ । विभिन्न जातिहरुको संघर्षका चर्चाहरुले भरिएका छन् - इतिहास । उहिले उहिले राज्यको बिस्तारका लागि तर आजभोली राजनीतिक, सामाजिक, साँस्कृतिक अधिकारहरुको प्राप्तिका लागि विश्वका कयौं भागहरुमा मानिसहरु अनवरत् लड्डै आईरहेका छन् । अमेरिका, ल्याटिन अमेरिका तथा अफ्रिकी मुलुकहरुमा रंगभेदको विरुद्ध बर्षौंसम्म हिंसक-अहिंसक आन्दोलन चल्यो । युरोपमा आयरिश, स्लोभ र मुसलमानहरुको, रशियन चेचेनहरुको, पूर्वी टिमोरमा; यस्ता अनेकौं आन्दोलनहरु कहिं थामियो, कतै अझै शुसुप्त छन् । प्यालेस्टाईन र इजरायलको अझ् थामिएको छैन । लेवनान, सिरिया, इराक, टर्की, अफगानिस्तान, फिलिपिन्स, थाइलैण्ड, मलेसीया, बर्मा, बंगलादेश आदि अनेकौं मुलुकहरुमा राज्य विरुद्ध जातीय, धार्मिक समुदायहरुको युद्ध जारी छ । दक्षिण एशियाली सन्दर्भमा एक्लो भारत भित्रै कश्मिर, बोडो, कामतापुरी, खासी, मिजो जस्ता अनेकन् संघर्षहरु विद्यमान छन् । विश्वभर कै यी संघर्षहरु परस्परमा ‘रोल मोडल’ भएका छन् । यौटा आन्दोलनले अर्को आन्दोलनलाई प्ररित गरिरहेको छ । बर्षौंसम्म प्यालेस्टाइनी मुक्ति आन्दोलन श्रीलंकाली तमिलहरुको लागि प्रेरणाको विषय रह्यो । अब श्रीलंकाली तमिलको आन्दोलन कयौं मुलुकका मुक्ति आन्दोलनको लागि प्रेरणा दिईरहेको छ । यस सन्दर्भमा कसले कुन समस्यालाई आतंकवादी भनेर चिन्हित गरिरहेको छ, यसको कुनै अर्थ छैन । बर्षौ अघि भनिएको यौटा वाक्य “जहाँ दमन हुन्छ, त्यहाँ प्रतिकार हुन्छ ।” मुलुकहरुका सन्दर्भहरु जतिनै बदलिएर गएपनि यस वाक्यको सत्यता बदलिएको छैन । यसले सर्वकालिक रुपमा सदीयौं देखि दमन तथा विभेद विरुद्धको विभिन्न आन्दोलनहरुको औचित्य सिद्ध गर्दै आएको छ । श्रीलंकाको अध्ययन गर्दै जादाँ मैले यहि बुझें ।
श्रीलंकाली तमिलहरुको शसस्त्र आन्दोलन विवादरहित रुपमा जातीय राज्यको विभेदकारी नीतिको प्रतिकारमा खडा भएको समाधानको उपाय हो । यस प्रति राज्यको कुटिलता तथा दमनको कृयात्मक सोचले तमिलहरुको हिंसात्मक विकल्पलाई न्यायोचित्त ठहर्‍याएको छ । यो अतिवादी निष्कर्ष हुन सक्दछ, तर सत्य हो । कुनै पनि

समुदाय वा राज्यले मानिसहरु वा समुदायहरुको संवेदनशीलतालाई बुझ्न कहाँ चुक्दा, समुदायका समुदाय तमिलका जस्तो अतिवादी सोचको पक्षधर बन्न बाध्य हुन्छन् ? यस तथ्य प्रति ध्यान दिनु जरुरी हुन्छ ।
आजको विश्वमा शायदै मानव बसोबासको कुनै यस्तो क्षेत्र होलान्, जहाँ निरपेक्ष जातीय अक्षुण्णता रहेको होस् । हरेक मुलुक वा स्थानमा काँही कुनै जाति वा समुदाय अलिक अगाडी आई बस्ने त कोही पछि आई बसेको तथ्यमा सर्वत्र एकरुपता नै पाईन्छ । *"The latter have never understood the former, the former have never trusted the latter." पछि आउनेले अघिल्लोको भावनालाई बुझ्न नसक्नु तथा अघिल्लोले पछि आउनेलाई विश्वास नगर्नु नै समस्याको जरो हो ।* कम वा बढी, तर यस कथनले प्रायसः मुलुकहरुका जातीय विद्रोहको प्रारम्भिक चरित्रलाई बुझ्नमा हुने गरिएको गलतीलाई उजागर गर्दछ । राज्यले वा समुदायहरुले जानेर तथा नजानेर यस्तो गलतीहरु गरिरहेको हुन्छ र यो गलती उजागर भए पश्चात पनि लिईने जड अडानहरुले मुलुकहरुलाई ध्वंशको दावानलमा झोसिरहेको हुन्छ । श्रीलंकामा यहि नै भयो । विगत आधी शताब्दीमा त्यहाँ घटेका कयौं आपसी नरसंहारका बाबजुद पनि यौटा सन्देश आईरहेकै छ : “टापूको इतिहास र यसको समाजको जटिलताले वर्तमानमा पनि सिंहली तथा तमिल श्रीलंकालीहरू ऐतिहासिक तथा भौगोलिक तवरले सँगै बस्न बाध्य नै छन् ।” लगभग ७० हजार मानिसहरुको ज्यान गैसके पछि पनि सहअस्तित्वका उदाहरणहरू त्यहाँ मनग्गै छन् । यो एउटा यस्तो सन्देश हो, जसको अर्थ हिंसाको भयावहता तथा झलझ्ली हुने सम्झनाका बीच पनि राज्यले जातीय मेलमिलापको वातावरण तयार पार्नु पर्दछ भन्ने कुरामा नै जोड दिन्छ । दुर्भाग्यवश श्रीलंकाली सरकार यसको लागि तयार देखिदैनन् । प्रायसः सरकारहरु तयार हुदैनन् । राज्यहरु जलिरहेका हुन्छन् ।

श्रीलंकाको सन्दर्भमा राज्यको मन बुझ्न् त्यहाँका तत्कालिन राष्ट्रपति जुलियस रिचर्ड जयवर्द्धनेसंग सन् १९९५ मा प्रसिद्ध पत्रिका द संडे टाईम्सले लिएको अन्तर्वार्ताको अंश सहायक हुन्छ । संडे टाईम्स लेख्दछ : राष्ट्रपति जुलियस रिचर्ड जयवर्द्धनेको विचारमा श्रीलंकाको उत्तरपूर्वी प्रान्तको जातीय समस्याको हलका लागि उनिहरुलाई संघीय ढाँचा प्रदान गरिनु नै एकमात्र सही विकल्प हो ।
प्रश्न : राष्ट्रपति तपाईको विचारमा उत्तरपूर्वी प्रान्तको जातीय समस्याको सही समाधान के हुन सक्द्छ ?
राष्ट्रपति जयवर्द्धने : संघीय प्रणाली
प्रश्न : फेरी किन संघीय प्रणाली दिनु हुन्न् त ?
राष्ट्रपति जयवर्द्धन : त्यस बेला हाम्रा जनताहरु (सिंहली) संघीय प्रणाली दिन तयार भएनन् ।

श्रीलंकामा त्यहाँका नेताहरु सत्तामा पुग्नु अघि तथा सत्ताबाट हटेपछि संघीय प्रणाली दिन मञ्जुर गर्दथे तर सत्तामा हुञ्जेल यसका लागि तयार हुन्नथे । जुलियस रिचर्ड जयवर्द्धने दुई कार्यकालसम्म राष्ट्रपति भए, तर तिनले बहुसंख्यक सिंहलीहरु संघीय प्रणाली दिन तयार छैनन् भनेर समस्याको समाधान दिएनन् । वास्तवमा उपर्युक्त भनाई तत्कालिन राष्ट्रपति जयवर्द्धनको विचार मात्र नभएर कहिं कतैको पनि जातीय बहुलताको आधारमा राज्य गर्ने शासक तथा शासक जातिको मन हो ।
सन् १९४८ मा बेलायतको उपनिवेशबाट मुक्त हुनासाथै श्रीलंकाली सरकारले त्यहाँ रहेका लगभग एक लाख श्रीलंकाली तमिल वा भारतीय तमिल कृषकहरुको नागरिकतालाई रद्द गरिदियो । यसको एक वर्ष पछि नै एक कानूनको तर्जुमा गरेर उनिहरुको मताधिकारलाई समेत बदर गरियो । स्वतन्त्रताको प्राप्तिसंगै श्रीलंकाको सरकारले गरेको यो कार्य आज महाभूल सावित भएको छ । सरकारको यस कार्यको त्यतिखेर खासै विरोध हुनसकेन । सन् १८२३ देखि त्यहाँका कफी बगाानहरुमा बन्धुवा मजदूरको रुपमा काम गरिरहेका ती तमिलहरु सरकारको यस कार्य भन्दा दुई वर्ष अघिसम्म बेलायतको उपनिवेशबाट मुक्त हुन श्रीलंकाका सबै स्वाधिनता प्रेमीहरुसंग कांधमिलाएर आन्दोलनमा सामेल थिए । तर बेलायतको केम्ब्रीजमा पढेका तत्कालिन प्रधानमंत्री डन स्टेफेन सेनानायकेले तमिलहरुको लागि उक्त स्वाधिनतालाई प्रतिकांतिमा बदलिइदिएका थिए । श्रीलंकामा यो कार्य त्यस मुलुकमा पछि आउनेले अघिल्लोको भावनालाई बुझ्न नसक्नु भन्दा पनि अघिल्लोले पछि आउनेलाई विश्वास नगरेको हो ।
कसलाई थाहा थियो ? राज्यको यस पूर्वाग्रहको विरोधमा सिमित स्थानहरुमा पनि ढंगले शांतिपूर्ण प्रतिकार गर्न समेत असक्षम रहेका सन् ५० को दशकका तमिलहरु सन् ८० को दशकमा श्रीलंकाको राजनैतिक स्थायित्व तथा प्रजातान्त्रिक संस्थाहरूका लागि गम्भीर खतरा हुन पुग्नेछन् । राज्यको अनुमान भन्दा सर्वथा भिन्न उत्तरी आयरल्याण्ड तथा लेबनानका झैं श्रीलंकामा स्थिति उत्पन्न भयो । देख्दा देख्दै श्रीलंका यस्तो देश भएर आयो, जहाँ बढ्दो हिंसाको दुश्चक्रले यति गहिरो जडो गाड्यो कि सामाजिक तथा राजनैतिक समस्याहरूको शान्तिपूर्ण समाधान आज असंभवप्रायः भएको छ । त्यहाँको अतिवाद भने पिंढी तथा जातीय भूमिमा आधारित भएर गएको छ । युवाहरूले राज्यप्रदत्त अवसरहरूको ह्रास भएको देखेर स्थापित राजनैतिक तथा सामाजिक

संस्थाहरूप्रति तिनको आस्थामा कमी आयो । यस्ता जमातहरुले आमूल परिवर्तनका लागि पोपुलर फ्रन्ट फर द लिबरेशन अफ प्यालेस्टाइन जस्ता विदेशमा गरिने आन्दोलनहरूलाई प्रेरणा मान्न थाले ।

आश्चर्यको कुरो के थियो भने, श्रीलंकाको स्वतन्त्रोत्तर इतिहासमा तमिलहरुले अनेकौ अपमानहरु सहनु परेपनि हिंसा उनिहरुको पहिलो विकल्प थिएन । श्रीलंकाको पहिलो प्रमुख अतिवादी आन्दोलन तमिल र हिन्दू नभई सिंहली र बौद्ध थियो । सिंहली समुदायका रोहाना विजेवीराका सन् १९६० को दशकको उत्तरार्द्धमा स्थापित अतिवादी वामपन्थी संगठन *जेभीपीले* छात्रछात्रा तथा ग्रामीण क्षेत्रका सिंहली युवालाई आकर्षित गऱ्यो । अप्रिल १९७१ मा *जेभीपीले* सशस्त्र आन्दोलनको नेतृत्व गऱ्यो । परिणाम स्वरुप सुरक्षाकर्मीको हातबाट हजारौं आन्दोलनकारीको ज्यान गयो । तत्कालिन एक अनुमान अनुसार त्यतिखेर मृतकको संख्या दश हजार थियो । इतिहासकार के. एम. डि सिल्भाले सन् १९७१ को जेभीपी आन्दोलनलाई *"सम्भवतया: लिखित इतिहासमा विश्वको कुनै पनि भागमा युवावर्गद्वारा गरिएको सबैभन्दा ठूलो आन्दोलन"* भनेका छन् । यो *"पिंढीहरू बीचको तनावको पहिलो नमूना थियो, जसमा सैनिक द्वन्द्व राष्ट्रिय स्तरमा भयो"* । यद्यपि यो आन्दोलन निर्णायक हुन सकेन । वामपंथी विचारधारबाट प्रभावित सोचका आधारमा राज्यव्यवस्था हत्याउने सिंहलीहरुको यो अपेक्षाकृत कम संगठित आन्दोलनलाई थोरै कठिनाइका साथ दमन गरिएपनि तत्कालिन बन्दरानायके सरकार यसको अनुभवबाट हल्लिसकेको थियो । सिंहली जातीय बर्चस्वको अन्तर चाहना तथा वामपंथी खोलको यस आन्दोलनको मूल आशयनै तमिल हितको उपेक्षाको लागि बलियो आधार बनाउनु थियो । यस्तै भयो । यस आन्दोलनले सिंहली समुदायमा भविष्यमा हुनसक्ने अशान्तिको भयले तमिल जस्ता अल्पसंख्यकलाई महत्वपूर्ण छूटहरू दिन सरकार अनिच्छुक भयो ।

रोहाना विजेवीरा चे गुवेरा झै भएका थिए । उनी सिंहली युवाहरुका 'रोल मोडल' भएका थिए । उनले यस आन्दोलनका कारणबाट श्रीलंका भित्र तथा सारा संसारका सामु तमिलहरुको मागलाई केहिकालका लागि ओझेलमा पारेका थिए । सन् १९७७ मा जेभीपी वैध राजनीतिक दलको रूपमा सर्वाधिक चर्चामा थियो । रोहाना विजेवीराले अक्टूबर १९८२ को निर्वाचनमा राष्ट्रपतीय उम्मेदवारका रूपमा प्रत्यासी भए । यस निर्वाचनमा यिनको नराम्रो पराजय भयो र सरकारले जेभीपी माथि पछि सन् १९८३ मा कोलम्बोमा भएको तमिलविरोधी दंगाहरू पश्चात प्रतिबन्ध लगायो र यो भूमिगत भयो । ८० को दशकको उत्तरार्द्धमा यो पुन: देशका सिंहलीबहुल क्षेत्रहरूमा क्रियाशील भयो । जेभीपीले श्रीलंकाका विश्वविद्यालयहरूमा विद्यार्थी आन्दोलनको आयोजना गरे । सरकारी संस्थानहरूमाथि धमाधम आक्रमण गरिए । सन् १९८७ क्याण्डी नजिकको सैनिक क्याम्पमाथि हमला गरियो । त्यतिञ्जेलसम्म तमिल विद्रोही समूहको रुपमा खासगरि *ईलम रिभोल्यूशनरी अर्गेनाइजेशन अफ स्टुडेन्ट्स (इरोस)* मात्र चर्चामा थियो । जेभीपीले चर्चामा सबैलाई पछाडि पारेका थिए । तमिलहरू परम्परागत रूपमा सोझा तथा राजनैतिक तवरले विमुख भएकाले आफ्नो हकका लागि अर्काको मुखापेक्षी थिए ।

तमिल राजनीतिमा हावी रहेका अधिकांश नेतृत्वहरु नरमपन्थी चरित्रका थिए । यसको समानान्तर विद्रोही तमिलहरुको यौटा पृथकधार झांगिदै गएको थियो तर सबैलाई यसको महत्व एवं भावी विद्रोहमा भूमिकाको ज्ञान भएन । स्थानीय बोलचालको भाषामा यो सकृयता *केटाहरुको* सकृयता मात्र थियो । तमिलहरूले कोलम्बोमा आसिन हुने एकपछि अर्का सबै सिंहली सरकारहरूलाई विना वर्गीकरण समान रुपमा शंका, दुर्भावना तथा रिसका साथ हेर्ने गरेका थिए । राज्यबाट अल्लगिदै गएको तमिल भावनालाई साम्य पार्न सीमित रुपमै सरकारबाट प्रस्तावित केही सम्झौताहरू, केही योजनाहरु डिजाइन गरिएपनि अल्पसंख्यक तमिल समुदायको विश्वास श्रीलंकाली सरकारलाई प्राप्त भएन । सिंहली समुदायका बर्चस्व रहेको युएनपी तथा एसएलएफपीको राजनैतिक नेतृत्ववर्ग तमिलहरूसंग मेलमिलाप बढाउने अवसरको फाइदा उठाउन बराबर असफल रहे । जबकि अनेकौ पटक जातीय समझदारी तथा मेलमिलापको जग बसाल्ने मौकाहरु आएको थियो । उदाहरणका लागि सन् १९५७ मै एस.डब्ल्यु.आर.डी. बन्दरानायकेले तमिल फेडरल पार्टीको नेता चेल्भानायाकमसंग एक सम्झौता गरे जसले तमिलबहुल क्षेत्रलाई क्षेत्रीय स्वायत्तता प्रदान गर्नुका साथै ती क्षेत्रमा तमिललाई प्रशासकीय भाषाको रूपमा पहिचान गर्न सक्थ्यो । तर उक्त सम्झौताको कदर बन्दरानायके वा तिनका उत्तराधिकारीद्वारा कहिल्यै गरिएन । यो एक *"एक महान अवसर"* थियो जुन दुर्भाग्यवश *"सदाका लागि तमिल समस्या समाधान गर्न चुक्यो"* । यसको तीन दशकपछि मात्र दुवै जातीय समुदायका हजारौं मानिसको हिंसक मृत्युपछि अर्को सम्झौता भयो-भारतको मध्यस्थताबाट । तर समय खस्किसकेको थियो । *केटाहरु* कहलिने तमिलहरुको युवा समूह भारत जस्तो मुलुकको स्वार्थको उपेक्षा गर्न सामर्थ्य हासिल गरिसकेका थिए ।

श्रीलंकामा सरकारले युगोस्लोभाकियाका झै, सोही चरित्रको सामुहिक जातीय नरसंहार गरेन । यस्तो नरसंहारले जातिहरु प्रतिको राज्यको क्षणिक रोष प्रकट भै प्रतिशोधलाई मात्र तुष्टिकरण गर्दछ । यो भयानक र विशाल रुपमा मानवता विरोधी देखिएपनि यसको असरले आजको विश्वमा कुनै जातिको समुल विनाश हुन

सक्दैन । तर विभिन्न राष्ट्रहरुमा त्यहाँका सरकारहरुले गर्ने गरेको नीतिगत रुपको जातीय-सांस्कृतिक विनाशको कार्यहरु एवं योजनाहरु वास्तवमा भयानक तथा विनाशकारी हुन्छन, श्रीलंकामा यस्तै भयो । श्रीलंकामा सिंहली बहुल सबै सरकारहरुले राज्यको माध्यमबाट ऐन कानूनहरुको तर्जुमा गरेर आफ्नै मुलुकका लाखौं स्थायी नागरिकहरुलाई राज्यविहिन बनाएर अन्ततः सदाका लागि भारत तिर नै पलायन गराई श्रीलंकालाई निरपेक्ष सिंहली राज्य बनाउने सोच बनाएकोमा कुनै दुईमत छैन । यस्तो सिद्धहस्त अभ्यास श्रीलंकामा मात्र होईन, आज पनि अनेकौं मुलुकहरुमा भैरहेकै छन् । तर श्रीलंकामा यो कार्य बडो योजनाबद्ध रुपमा भयो ।

आजको आधुनिक श्रीलंकाको आधी शताब्दीको राजनीतिक इतिहास नै सरकारले गरेको दमन तथा त्यसको विरोधमा तमिलहरुबाट भएको प्रतिकारको इतिहास हो । यस क्रममा शुरुका राजनीतिक संघर्षहरु शांतिपूर्ण, प्रजातान्त्रिक तथा अहिंसक थियो, जुन विद्रोहीहरुको तर्फबाट हिंसक हुदै गयो भने राज्यको प्रतिशोध पनि जातीय नरसंहारमा रुपान्तरित हुनगयो ।

सन् १९४८ मा बेलायतको उपनिवेशबाट मुक्त भएर श्रीलंकाले विरासतमा सिंहलीहरुको बाहुल्यता रहने संसदीय व्यवस्था पाएको थियो । यसपछि संसदीय कार्य प्रणालीको दुहाई दिदै विभिन्न विभेदकारी विधायकीय कुटिलताको आधारमा योजनावद्ध तवरबाट अल्पसंख्यक तमिलहरुको भाषिक, शैक्षिक तथा जीवनयापनको अवसर एवं अधिकारहरुलाई खोस्ने कार्य शुरु भयो । यसको लामो फेहरिस्त छ ।

सन् ४८ मा बेलायतको उपनिवेशबाट मुक्त हुना साथै श्रीलंकाली सरकारले त्यहाँ करिब दुईसय वर्ष देखि रहिआएका लगभग एकलाख श्रीलंकाली तमिल र भारतीय तमिल कृषि मजदूरहरुको नागरिकतालाई रद्द गरिदियो । यसको एक वर्ष पछि नै एक कानूनको तर्जुमा गरेर लाखौं तमिलहरुको मताधिकारलाई बदर गरियो ।

सन् १९५६ मा श्रीलंका फ्रीडम पार्टीका नेता तथा प्रधानमन्त्री श्री एस.डब्ल्यु.आर.डी. बन्दरानायकेले संसद्बाट एकभाषा नीति अन्तरगत "*सिंहला मात्र*" लाई सिलोनको औपचारिक तथा राजकीय भाषाको रुपमा अनुमोदन गराए । अब नागरिकताको हरणपछि भाषा त्यहाँको सर्वाधिक मुख्य समस्या भयो ।

लगभग यहि बेला देखि राज्यले तमिलहरुको पैतृक भूमिमा बसोबासको नैसर्गिक हकमा आघात पुर्‍याउने रणनीतक योजनाको थालनी गर्‍यो । सरकारले आन्तरिक औपनिवेशीकरणको नीतिका तहत परम्परागत तमिल क्षेत्र मानिएको भागमा सिंहलीहरुको बस्ती बसाउने कार्य थाल्यो । यस्ता हरेक बासिन्दालाई जग्गा खरिद तथा घर बनाउने रकम र हरेक समुदायलाई केही राइफल तथा मेशिनगन समेतको सशस्त्र संरक्षण प्रदान गरियो । सरकारको यो कार्य नै श्रील्रकामा अन्तरजातीय हिंसाको प्रत्यक्षतम् कारण बन्न गयो ।

श्रीलंकाली सरकारको उपयुर्क्त कार्यबाट तमिलहरु जल, जंगल तथा जमिनबाट मात्र बञ्चित नभै सर्वथा नयाँ विजातीय बसोवासमा बस्न बाध्य भए । यसबाट जातीय असन्तुलन बन्न गयो । यो प्रष्टतः तमिलहरुको पहिचान माथिको संकट थियो ।

तमिल असहमतिका अन्य विषयमा सन् ७० को दशकमा सरकारले लागू गरेको "*शिक्षामा स्तरीकरणको नीति*" थियो । यस अनुसार सिंहली आवेदकहरूलाई विश्वविद्यालय भर्ना तथा सार्वजनिक रोजगारमा प्राथमिकता दिइयो ।

सन् १९७० को दशकमा सिरिमाओ बन्दरानायके शक्तिमा हुँदा व्यापक चल्तीमा ल्याईएको "*चिट प्रणाली*" अन्तरगत सरकारी जागिरका लागि कुनै सांसदको प्रभाव पाउनुलाई जरुरी तुल्याईयो । यसैको निरन्तरतामा राष्ट्रपति जयवर्द्धनेले पछि हरेक विधायकलाई तल्लो दर्जाका सेवा वा जागिर आफ्ना अनुयायीलाई दिनसक्ने गरि "*जाँव बैंक*" प्रदान गरेर जातीय संरक्षण यन्त्रलाई अझ बढी कारगर बनाए । साठीका दशकसम्म महात्मा गांधीका अहिंसक प्रतिरोधका उपायहरु श्रीलंकाका तमिलहरुका लागि पनि आफ्नो राजनीतिक ध्येय प्राप्तिको आस्थापूर्ण बाटो थियो । तर सिंहली बाहुल्य राज्यको अति दमनकारी कारवाहीहरुले तमिलहरुको निम्ति शांतिपूर्ण प्रतिरोधको बाटोलाई असान्दर्भिक तुल्याइदियो । यसबाट संसदीय राजनीतिको असान्दर्भिकताका साथै तमिलहरुमा हतियार उठाउनु पर्ने निर्विकल्पतालाई पनि स्थापित गर्‍यो ।

यसैबीच मुलुकको राजनीतिमा तमिलहरुको सम्मानका लागि सकारात्मक झैं प्रतीत हुने केही समझदारीहरु अगाडी आयो । तर सिंहलीहरुको बढदै गएको अतिराष्ट्रवादी (*chauvinism*) ले यस प्रकृयालाई रोक्यो । सन् १९७२ मा लागू गरिएको नयाँ गणतन्त्रात्मक संविधान श्रीलंकामा जातीय सद्भाव निर्माणको सन्दर्भमा अर्को ठूलो प्रतिगमनकारी अबरोधको रुपमा देखा पर्‍यो । वास्तवमा यस नयाँ संविधानको माध्यमले त्यहाँ तमिलहरुलाई राजनीतिको मूलधारबाट अलग्ग गरेर सिंहली जातीय हितलाई मात्र संस्थागत गर्ने काम गर्‍यो, जुन अझ् दुर्भाग्यपूर्ण भयो ।

वास्तवमा यो नै तमिलहरुको निम्ति हतियार उठाउनु पर्ने मुख्य प्रस्थान विन्दु थियो । राज्यले अख्तियार गरेको जातीय नरसंहारको कार्ययोजनाबाट जोगिन, अब हतियार उठाउनुको औचित्य नै एक मात्र विकल्प भएको कुरा कुनै समयका शांतिपूर्ण तमिल आन्दोलनका पक्षपातिहरुको मुखलाई समेत थुन्न पर्याप्त थियो ।
अब तमिलहरुले बडो सरल तथा सहज शब्दहरुमा पृथक तमिल ईलम (*seperate Tamil homeland*) को मागलाई अगाडी बढाए । तमिलहरुले आफ्नो राजनीतिक एजेण्डालाई स्पष्ट पारे । अब उनिहरुका सामुन्ने तमिलहरुको आपस्तमा जोडिएको भूक्षेत्र तथा समान प्रकृतिका परम्परागत बसाईको आधारमा रैथाने प्रदेशको माग तथा आत्मनिर्णयको अधिकारको मान्यता नै एकमात्र मार्गचित्र भयो । सन् १९७२ मै लिवरेशन टाइगर्स अफ तमिल ईलम (*लिट्टे*) को जन्म भयो । अब तमिलहरुले व्यक्ति व्यक्तिको हकको कुरा गर्न छाडे, उनिहरुका अगाडी बडो स्पष्ट रुपको तमिल राष्ट्रको माग थियो ।
सन् १९७५ सम्ममा राष्ट्रव्यापी रूपमा बढ्दै गएको सरकारी दमनबाट प्रजातान्त्रिक संघर्षको प्रभावकारिता समाप्त भैसकेको थियो । तमिलहरुका राष्ट्रिय दलहरूले बिभेदपूर्ण संविधानलाई या त शान्तिपूर्ण ढंगले, अथवा प्रत्यक्ष मुठभेड मार्फत बदल्ने अभियानमा समाहित भैसकेका थिए । यसै बीच तमिलहरुको आत्मनिर्णयको अधिकारलाई पुरै लत्याएर संसदीय चुनाव हुने भयो । सन् १९७७ को यस चुनावमा  जे.आर.जयबर्द्धनेको दलले अत्यधिक बहुमत हासिल गऱ्यो । यस निर्वाचनमा अन्तिम आशाको रुपमा केही तमिलहरुको एकतावद्ध प्रयासबाट गठित *युनाइटेड लिबरेशन फ्रन्ट (टल्फ)* ले भारी विजय हासिल गऱ्यो ।  परिस्थितिवश टल्फ संसद्मा मुख्य विपक्षी दलको रूपमा पनि उभियो । तर दुर्भाग्य, टल्फका नेता अमृतालिंगम संसद् भित्र विपक्षको नेता हुनुमा नै बढी रमाए । उनले शान्तिपूर्ण ढंगले अथवा प्रत्यक्ष संघर्षमार्फत तमिलहरुको मुक्तिको अभियानलाई बिर्से । अमृतालिंगमले ईलमको सर्वसम्मत मागको बिकल्पबारे कुरा गर्न थाले र अन्ततः स्वायत्तताको नाममा सरकारका समक्ष जिल्ला विकास परिषदका लागि सहमत भए । यसलाई आम तमिलहरुले तमिल हितसंगको धोका भने ।
सत्तामा आएपछि प्रधानमंत्री जयवर्द्धनेले संविधानको पुनर्लेखन गर्न निर्देशन दिए । यस अनुसार बनेको सन् १९७८ को नयाँ संविधानले श्रीलंकाको शासन पद्धतिमा आमूल परिवर्तन ल्यायो । अब श्रीलंका वेष्ट मिनिष्टर शैलीको संसदीय सरकारको सट्टा फ्रान्सेली नमूनामा आधारित राष्ट्रपतीय प्रणालीमा रुपान्तरित भयो । यसबाट राष्ट्रपति यति शक्तिशाली भए कि, तिनलाई प्रधानमन्त्री समेत नियुक्ति गर्ने अधिकार भयो । तर नयाँ संविधानबाट पनि श्रीलंका उग्र सिंहली राष्ट्रवादबाट मुख मोड्न सकेन । पहिलाभैं सन् १९७८ को संविधानमा पनि सिंहला एकमात्र सरकारी भाषा रहयो भने बौद्ध धर्म कानूनतः *"बिशिष्ट स्थान"* कायम राख्नमा सफल भयो ।
तमिलहले यस तथाकथित परिवर्तनलाई सोझै अस्वीकार गरे । तमिल राजनीतिमा आएको यस मोडलाई सरकारले पहिचान गर्न सकेनन् । यौटा स्वतन्त्र राष्ट्रको मागमा एकत्रित हुन लागेको बृहद् जनसमर्थनलाई सरकारले सामाजिक अपराधको रुपमै हेर्ने तथा सैनिक बलमै समाधान गर्ने सोचलाई निरन्तरता दिए । व्यापक सरकारी दमन थालियो । सन् १९८१ मा सिंहली सेना तथा प्रहरीले जाफ्ना स्थित दक्षिण एसियामै सर्वोत्तम कहलिएको जाफ्ना सार्वजनिक पुस्तकालयमा आगो लगाइदिए । बहुमूल्य पुस्तकहरू खरानी भए, तमिलका पसलहरू आगोमा होमिए, सेनाले नागरिकहरूको हत्या शुरु गरे । यसबाट जतातते हिंसात्मक जातीय दंगाहरु भड्क्यो ।
सन् १९८७ मा श्रीलंकाली सरकारद्वारा जाफ्ना प्रायद्वीपमा आर्थिक नाकाबन्दी गरियो । *"अप्रेशन लिबरेशन"* को नामबाट सिंहली सेनाले जाफ्ना जिल्लाको बदमराची क्षेत्रमा आक्रमण गरे ।
सन् १९८७ को जुलाईमा भारतका प्रधानमंत्री राजीव गान्धी र श्रीलंकाका राष्ट्रपति जे.आर.जयबर्द्धनेका बीच भारत-श्रीलंका शान्ति सम्झौतामा लिट्टेको सहमति बेगर नै हस्ताक्षर भयो । यस लिट्टेका नेता भी. प्रभाकरणले भारतले आफ्नै भूराजनैतिक स्वार्थका लागि सम्झौतामा हस्ताक्षर गरेर तमिलहरुसंग विश्वासघात गरको आरोप लगाए । यो युद्ध आज पनि जारी छ, चल्दैछ ।

यस सानो पुस्तकको आउने अध्यायहरुमा श्रलिंकाको जातीय संघर्षका वारेमा सविस्तारका साथ चर्चा गरिएको छ । तैपनि माथी मैले यस समस्याका वारेमा संक्षिप्त चर्चा गरे । यस संक्षिप्त चर्चाबाट केही कुराहरु सहज रुपमा स्पष्ट हुनजान्छ : मेरो विचारमा, कुनै पनि मुलुकमा, कुनै पनि आन्दोलनको दखिईने पछिल्लो विशाल स्वरुप प्रारम्भ मै सुविचारित हुदैन । घटनाक्रमको विकासले आन्दोलनहरुको स्वरुप तथा यसमा सहभागितालाई बद्ल्दै लान्छ । ससाना सवालहरु तथा मागहरुका वारेमा राज्यले निरपेक्ष भाव वा नकारात्मक धारणा राख्दा पछि यसले भयानक तथा भारी मूल्य चुकाउनु पर्ने हुनजान्छ । यहाँ संक्षेपमा चर्चा गरिएको श्रीलंकाको घटनाक्रमले यहि जनाएको छ । सन् १९४८ मा वेलायती उपनिवेशबाट सिलोन मुक्त हुदाँ त्यहाँ उत्पन्न भएको राजनीतिक उत्साहको कोलाहलमा फगत केही लाख तमिलहरुको नागरिकताबाट बेदखलको सवाललाई केही लाख मानिसहरुको मात्र सवाल मानियो । सिंहली बहुल राज्य, तमिल हितको उपेक्षा गर्न

सक्दैन र नागरिकताको यो सवाल सबै तमिलको लागि शंकाको विषय पनि होईन भनेर कुटिल रुपमा आश्वस्त पार्न खोजियो । यसबाट निमुखा तथा असंगठित तमिलहरुमा सामान्य रुपमा प्रतिकृया उत्पन्न भएपछि सिंहली मानसिकताले यसलाई असहिष्णुताका साथ हेर्ने सोच बनायो । यसो गर्नु जरुरी थिएन, तर जातीय बर्चस्वको उर्लदो सिंहली चाहनाले धैर्य लिन मानेन । यस पछि क्रमशः राज्यले अनेकौं निर्णयहरु लिदै गयो, जसका वारेमा माथी संक्षेपमा र आउने अध्यायहरुमा सविस्तारका साथ चर्चा गरिएको छ । यी सबै अभ्यासहरु श्रीलंकामा विभेदको राजनीतिलाई संस्थागत गर्न गरिएको थियो । श्रीलंकामा मात्र होईन, यस्ता अभ्यासहरु विभिन्न स्वरुप तथा चरित्रमा कयौं मुलुकहरुमा देखा परिरहेको हुन्छ ।

(श्रीलंकाको र नेपालको नक्सा राख्ने)

लगभग चार वर्ष अघि श्रीलंकामा सरकार तथा लिट्टेका बीच कायम भएको युद्धविराम अहिले विग्रहको अवस्थामा छ । खास गरि श्रीलंकाका मित्र राष्ट्र नर्वेको अनुभवी मध्यस्थतामा शुरु भएको शांति वार्ताको सफलता प्रति कमैमा विश्वास थियो । यसको प्रमुख कारण शांतिवार्ताका प्रति सिंहली राज्य सकारात्मक नहुनु नै हो । त्यसैले होला, गएको वर्ष दिन अघिदेखि त्यहाँ शांतिवार्तामा निरन्तर अवरोधहरु देखा पर्दैछ । हुनसक्छ, यो पुनः परिणाममुखी भएर आओस । श्रीलंकामा यो समस्या किन यति लामो समयसम्म चल्यो ? यस सन्दर्भमा मैले थोरै भएपनि श्रीलंकाको जातीय द्वन्दका वारेमा अध्ययन गर्ने विचार बनाए । आफ्नो मागहरु पुरा नहुञ्जेलसम्म शसस्त्र आन्दोलनलाई नछोड्ने लिट्टेको अडान र लिट्टेका न्यायोचित भावनाहरुलाई सम्मान गरेर समझदारीका लागि किमार्थ पनि प्रस्तुत नहुने सिंहली बहुल सरकारको अडानका पछाडीका कारणहरुलाई बुझ्ने मैले भरसक प्रयास गरिरहें । त्यहाँ भएका घटनाहरुलाई क्रमिक रुपमा पढदै गएपछि मेरो मनमा समानान्तर रुपमा नेपालका कतिपय सन्दर्भहरु पनि उब्जिन थाल्यो । नेपालमा पनि मधेसी समुदायको सरकारसंग केही गुनासाहरु रहेका छन् । यी गुनासाहरु निकै पुराना हुन् । मधेसीहरुले झण्डै पचास वर्ष देखि यसका वारेमा संगठित असंगठित रुपबाट मुलुकको ध्यान आकर्षित गर्ने असफल प्रयास गरिरहेका छन् । यो समुदायले डराई डराई आफ्ना कुराहरु राख्ने सन्दर्भमा अनेकन् आरोपहरु खेपी रहेको देखिन्छ । अनेकौं आरोपहरुका बाबजुद पनि नेपाल तराई कांग्रेस, तराई मुक्ति मोर्चा, मधेसी जनक्रांतिकारीं दल, नेपाली सद्भावना परिषद, नेपाल सद्भावना पार्टी, मधेसी राष्ट्रिय मुक्ति मोर्चा, मधेसी जनअधिकार फोरम तथा अन्य कतिपय राजनीतिक दलहरु तथा संगठनहरुले लामो समय देखि मधेसीहरु माथी भैरहेको जातीय विभेदका वारेमा कुराहरु उठाई रहेका छन् । आजसम्म यस क्रममा असंख्य मानिसहरु यातना भोग्दै आएका छन् भने कतिपयले आफ्नो ज्यान समेत गुमाई सकेका छन् । यसका बाबजुद पनि नेपालका गैर मधेसी समाजशास्त्रीहरुले मधेसका सवालहरुलाई जातीय विभेदको रुपमा मान्न तयार हुन्नन् ।

यस समुदायका मानिसहरुको गंभीर आरोप छ कि, नेपाली भाषा बोल्ने तथा लवेदा शुरुवाल लगाउने समुदायको राज्य पक्षले उनिहरु माथि ठूलो अन्यायका साथ जातीय विभेद गरेका छन् । श्रीलंकाकै जस्तो जातीय नरसंहार हालसम्म नभएपनि बडो चतुर्याईका साथ नेपालको सामाजिक राजनीतिक जीवनबाट मधेसी समुदायलाई बहिर्‍याउने योजना कार्यान्वयन भै रहेको आरोप मधेसी समुदायको छ । तर के यी सब कार्यहरु राज्यले योजनाबद्ध रुपबाट नै गरेका हुन् त ? यस विषयमा बुझ्नै पर्ने ईच्छा जागेर मैले नेपालमा आजसम्म राज्यले अख्तियार गरेका कयौं नीतिहरुलाई संक्षेपमा बुझ्ने प्रयास गरे । यिनीहरुलाई श्रीलंकाको घटनाक्रमसंग तुलना पनि गर्न खोजें । यसका केही तथ्यहरुबाट म चकित भएको छु । कतिपय सन्दर्भमा श्रीलंका तथा नेपालका मधेसीहरुका बीच यिनीहरुलाई जातीय अलगाव गर्ने सवालमा बडो समानता रहेको देखिन्छ । श्रीलंकाका तमिलहरुलाई संझिदै जादाँ नेपाली मधेसी समुदायको नेपालको सामाजिक आर्थिक र राजनीतिक जीवनमा कस्तो स्थान रहेको छ, यसको खोजी मेरो लागि चाखको विषय बन्दै गएको छ । यद्यपि यस सानो पुस्तकको विषयबस्तु भने मधेस होईन, नत गहन रुपमा तमिल र मधेसीहरुका बीच तुलनात्मक अध्ययन गर्नु नै अहिलेको मेरो उद्देश्य हो । तैपनि मुलुकहरुमा गहन जातीय सवालहरुलाई साना मसिना कुराहरु भनेर खास गरि राज्यबाट नजरअन्दाज गरिइदै जाँदा समस्याहरु असाध्य बन्न जान्छ, यस कुरालाई ध्यानमा राख्दा मधेसका कुराहरु स्मृतिको धरातलमा अनायासै बग्न थाल्छ ।

(नेपालको मधेस देखिईने नक्सा राख्ने)

नेपालमा विशेषत: मधेसीहरुका विरुद्ध देखिएको विभेद परम्परागत राज्यसंचालनका क्रममा अनपेक्षित रुपमा जन्मेको प्रवृति होईनन् । गोर्खाको राजा पृथ्वीनारायण शाहले सैनिक बलमा राज्यको संयोजन गरे पश्चात यस मुलुकमा राज्यको सामाजिक आर्थिक लक्ष्यको वारेमा कुनै सोचको निर्धारण नभएपनि राज्य र गाथगद्दीको अविच्छिन्नताको लागि राज्यको जातीय र भाषिक नीतिलाई भने अत्यन्तै नियोजित रुपबाट अगाडी बढाईयो ।

नेपालमा स्थापित राज्यसत्ताले राज्यलाई एक बहुसांस्कृतिक, बहुभाषिक, बहुधार्मिक तथा राष्ट्रियताहरुको राष्ट्र (*nation of the nationalities*) रुपी मौलिक पहिचानलाई स्वीकार्दैन् । यसको कारण राज्यमा शाहवंशको जातीय बर्चस्वको अविछिन्नता मात्र होईन, मूल नेपाली मातृभाषा हुने पहाडी जातिको राजनैतिक सामाजिक बर्चस्वलाई कायमै राखिराख्ने राजा, राज्यसत्तामा हावी रहदै आएका प्रबुद्धहरु, राजनीतिक दलहरु, जातीय नागरिक समाज सबैका बीच हितहरुको समझदारी रहेको छ ।

बि.सं. २००७ साल अघिको शाहवंश र राणाहरुको सहकार्यकालमा धर्म र भाषाको नाममा राज्यसत्तालाई पुरै केन्द्रीकृत बनाईयो । तर राज्यको बहुसांस्कृतिक, बहुभाषिक, बहुधार्मिक र बहुजातीयपनलाई कानूनी रुपमा भने सर्वप्रथम स्वयं *राजा महेन्द्रबाट प्रदत्त नेपाल अधिराज्यको संविधान २०१५ मा देवनागरी लिपिको नेपाली भाषालाई राष्ट्रभाषा* भनेर ओझेलमा पारियो । यद्यपि यस संविधानमा नेपाललाई हिन्दूराज्य भनी किटान गरिएको थिएन ।

बि.सं. २०१७ मा संसदीय व्यवस्थाको समाप्तिपछि नेपालको संविधान २०१९ आयो । प्रारम्भमा यस संविधानमा राज्यको धर्म सम्बन्धि कुनै प्रावधान राखिएको थिएन । यस संविधानको तेश्रो संशोधन (*वि.सं. २०३२*) मा पुगेर मात्र मुलुकको बहुधार्मिक मौलिकतालाई समाप्त पार्न देशलाई *हिन्दूअधिराज्य* भनियो र राष्ट्रभाषामा *नेपालीलाई* पुन: निरन्तरता दिईयो । यसपछि *०४६ सालको आन्दोलन पश्चात आएको नेपाल अधिराज्यको संविधान २०४७* मा पुन: *राष्ट्रभाषामा* नेपालीलाई निरन्तरता दिइदै, अझ् *सरकारी कामकाजको भाषा नेपाली नै हुने* भनी किटान समेत गरियो । संवैधानिक इतिहासमा पहिलो पटक यस संविधानमा मुलुकको विभिन्न भागमा बोलिने मातृभाषाहरुलाई राष्ट्रिय भाषासम्म भनियो ।

यसरी आन्दोलनको प्रतिफल आएको यस संविधानबाट पहिलो पटक नेपाललाई बहुजातीय र बहुभाषिक मुलुक भन्दै, मुलुकलाई *हिन्दूअधिराज्य भनी पुनरावृति* गरियो । यसरी हामी देख्दछौं कि, मुलुकमा संविधानहरुको विकासक्रम संगै क्रमश: *भाषा र धर्मको नाममा राज्य अग्रगामी हुनुको साटो एउटै भाषा तथा एउटै धर्मलाई लाद्ने* मनशायका साथ अगाडी बढदै गएको छ ।

गोरखा राज्यको विस्तारपछि राणाशासन कालमा मुलुक भित्र दुईटा जात, एउटा भाषा र एउटै धर्मको केन्द्रिकृत र केन्द्रीय वर्चस्व झन् दह्रो हुन गयो । यसै अवधिमा मधेस र मधेसीका साथै पहाडका जनजाति र जातीय समुदायहरुमाथि निरङकुशता लादियो । *मधेस र मधेसी माथि अर्द्ध औपनिवेशीकरणको उत्पीडनका अतिरिक्त पहाडीया राज्य नियन्त्रण र शासकीय निगरानी झन्-झन् प्रबल पार्दै लगियो ।*

नेपालमा शुरु गरिएको विभेदको राजनीतिमा बडो सुनियोजित ढंगबाट सर्वप्रथम भाषालाई आधार बनाईएको हो । खस कुराको रुपमा कर्णाली प्रदेश भएर गोरखाको दरवारसम्म पुग्दा आजको नेपाली भाषा गोर्खा भाषा मात्र थियो । यो सयौं वर्ष पछि बि.सं.२००७ साल ताका पनि गोर्खा भाषा नै कहलिन्थ्यो । बि.सं.२०१६ सालमा नेपालीको विस्तार तथा प्रचारकोलागि खोलिएको संस्थाको नाम गोरखा भाषा प्रकाशिनी समिति भएकोबाट पनि नेपाली भाषाको अवस्था र प्रयोगको स्थितिको ज्ञान हुन्छ ।

नेपालमा बि.सं.२०१३ सालबाट एकभाषाको नीतिलाई योजनवद्ध रुपमा अगाडी ल्याईयो । यसै वेला गठन भएको *राष्ट्रिय शिक्षा समितिले नेपाली भाषालाई मात्र* शिक्षाको माध्यम बनाउने निर्णय लियो । बि.सं.२०१४, कार्तिकमा तत्कालिन डा. के.आई.सिंह सरकारले मुलुकको भाषिक सवालमा दीर्घकालिन असर पर्ने निर्णय लियो । यस बेलासम्म नेपालमा साधरणतया नागरिकताको प्रमाणपत्रलाई आवश्यक ठान्न्थ्यिो, यस अवस्थामा *शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरुलाई ६ महिना भित्र नेपाली नागरिकताको प्रमाणपत्र पेश गर्नु पर्ने* अनिवार्यता गरियो । यस निर्णयको नियोजित उद्देश्य थियो : *शिक्षा सेवामा रहेका मधेसीमूलका मानिसलाई हतोत्साहित गर्नु र भारतबाट आएका शिक्षकहरुलाई सेवाबाट हटाउनु ।* प्रारम्भमा तत्कालिन सरकार र राजदरबारको भाषा सम्बन्धि यस नीतिलाई नेपालमा भारतीयताको विरोध भनी जनजाति नेताहरुले समेत सहयोग पुर्याएका थिए । कालान्तरमा यही नीति नै अन्य सबै समुदायको नैसर्गिक भाषिक अधिकारलाई समाप्त पार्ने आधारशिला भयो ।

यस सन्दर्भमा *मधेस क्षेत्रबाट उठेको बिरोधलाई ध्यानमा* राखी बि.सं. २०१६ मा गठित संसद्मा *हिन्दी भाषालाई* स्वीकारिएको थियो । यस अवधिमा शिक्षामा बैकल्पिक भाषाको रुपमा हिन्दीलाई पुन: मान्यता दिईयो र *रेडियो नेपालमा हिन्दी तथा नेवारीमा* समाचार दिन थालियो तर संसदीय व्यवस्थाको समाप्तिसंगै यसमा

पुनः प्रतिबन्ध लगाइयो । बि.सं. २०१७ सालमा राजा महेन्द्रबाट एक ९ सदस्यीय शिक्षा आयोगको गठन भयो, जसले वर्ष दिन भित्रैमा प्रतिवेदन दिएर *शिक्षाको सबै तहमा नेपाली भाषालाई मात्र शिक्षाको माध्यम बनाउने* सिफारिश गऱ्यो, जुन तत्काल लागू भयो । बि.सं.२०२८ मा देशभरबाट *हिन्दी, नेवारी, मैथिली आदि पढाउने शिक्षकहरुको दरबन्दी समाप्त गरियो* ।

बि.सं.२०३८ सालमा आएर *त्रिभुवन विश्वविद्यालयले भारतबाट अध्ययन पुरागरि नेपालमा पढन चाहने विद्यार्थीहरुले प्राप्त गरेको अंकमा १० प्रतिशत अंक घटाएर मात्र भर्ना लिईने निर्णय लियो* । यसबाट मधेसी विद्यार्थीहरु मात्र प्रभावित भए र उनीहरुलाई नेपाल भित्र अध्ययन गर्ने मौकाबाट बञ्चित गरियो । शिक्षामा लागू गरिएको भर्नाको यो नियम श्रीलंकामा लागू गरिएको शिक्षा स्तरीकरणको नीतिसंग ठ्याम्मै मेल खान्छ । यसैको पूरक निर्णयको रुपमा *लोकसेवा आयोगले लिने परीक्षाहरुमा नेपाली विषयलाई अनिवार्य बनाईयो* । यसको प्रभाव स्वरुप भारतबाट पढेर आउने खासगरि मधेसक्षेत्रका विद्यार्थीहरुको लागि अघोषित रुपमा सरकारी सेवामा प्रवेश प्रतिबन्धित भयो । बि.सं.२०४६ मा अन्तिम पंचायती सरकारले सरकारी सेवामा पदोन्नतिकालागि पेश गरिने स्नातकोत्तर तहको *हिन्दी, मैथिली र नेवारी* आदिको मान्यतालाई समाप्त गऱ्यो ।

मुलुकमा प्रजातन्त्रको पुनरोदयपछि पनि राज्यको यस प्रवृति तथा सोचमा खासै सुधार आएन । बि.सं.२०४८ को संसद्मा मुलुकका विभिन्न क्षेत्र तथा भाषिक समुदायबाट निर्वाचित भई आएका सांसदहरुले आ-आफ्ना मातृभाषाहरुमा बोल्न पाउने माग संसद्मा राखे पछि अषाढ २३, २०४९ मा प्रतिनिधि सभाको अध्यक्षता गरिरहेको उपसभामुख महन्त ठाकुरले *संसद्मा बहसका दौरान राष्ट्रिय भाषाहरुको प्रयोग हुन सक्ने* रुलिंग दिएका थिए । पछि बि.सं. २०५३ सालमा *प्रतिनिधि सभा र राष्ट्रिय सभा नियमावलीमा संशोधन गरेर संसद्मा नेपाली भाषालाई मात्र प्रयोग गर्न पाउने र लवेदा शुरुवालको राष्ट्रिय पोसाक लाएर मात्र संसद् भित्र प्रवेश गर्न पाउने* प्रतिबन्धात्मक कानूनी व्यवस्था भयो । यसरी भाषाको सवालबाट मुलुकमा शुरु भएको विभेदको राजनीति पछिल्ला हरेक समयमा र हरेक सरकारहरुको कार्यकालमा बढ्दै गएको छ ।

नेपालमा मधेसीहरुको यथार्थ संख्यालाई न्यून देखाउनका लागि मधेसी समुदायको जातीय, भाषिक तथा अन्य वास्तविक अवस्थाहरुको सहि चित्रण गरिदैन । तथ्यांक संकलन गर्ने काममा मधेसीहरुको प्रतिनिधित्व रहेको छैन । मधेसमा जनगणनाको बखत जागरणका कार्यक्रमहरु संचालित गरिदैन । मधेसको यथार्थ विवरण नआउन सक्ने खालका विवरणीका तथा फारमहरु बनाईन्छ ।

यसको उदाहरण स्वरुप सन् २००१ को जनगणनामा मुसलमानहरुको कूल जनसंख्या ४.२७ प्रतिशत भनिएकोमा सोहि जनगणनामा उर्दु बोल्नेहरुको प्रतिशत ०.७७ मात्र राखिएकोलाई लिन सकिन्छ । यसै प्रकारले सन् २००१ को जनगणनामा नेपालमा हिन्दी बोल्नेहरुको प्रतिशत मात्र ०.४७ देखाइएको छ । नेपालमा उर्दु बोल्नेको संख्या भन्दा पनि हिन्दी बोल्नेको संख्यालाई कम देखाउनुलाई सही तथ्यांक भनि पत्याउन सकिने स्थिति छैन ।

सन् १९६१ भन्दा पहिलेका (*पंचायती व्यवस्था लागू हुनुपूर्व*) तथ्यांकमा हिन्दीलाई मधेसका सबै भाषाहरुमा प्रथम देखाइएको थियो । सन् १९६१ को सरकारी जनगणनाको तथ्यांकमा मधेसको अर्को एक प्रमुख भाषा अवधी बोल्नेहरुको संख्या ४,४७,०९० रहेको थियो, जबकि सन् २००१ को जनगणनामा अवधी बोल्नेहरुको संख्या ५,६०,७४४ मात्र भनिएको छ । सन् १९६१ मा नेपालको कूलजनसंख्या पुगनपुग १ करोड थियो र आज नेपालको जनसंख्या २,२७,३६,९३४ पुगेको छ । यसैगरि सन् १९७१ को जनगणनामा मैथिली बोल्नेहरुको संख्या ५० लाख देखाइएको थियो । त्यतिखेर पनि मैथिलीलाई दोश्रो भाषाको स्थान प्राप्त थियो । मैथिली आजपनि दोश्रो भाषाकै स्थानमा छ, तर मैथिली बोल्नेहरुको संख्या सन् २००२ को जनगणनामा २७,९७,५८२ मात्र देखाईएको छ । मधेस प्रति जनसंख्या चालवाजीको यो एक उल्लेखनीय उदाहरण हो । जबकि, नेपाली बोल्नेहरुको संख्यालाई हरेक जनगणनामा बढाईदै लगिएको छ । वि.सं. २००८ मा ४९%, वि.सं. २०१८ मा ५१%, वि.सं. २०२८ मा ५४% र वि.सं. २०३८ मा मातृभाषा नेपाली बोल्नेहरुको संख्यालाई ५८% पुऱ्याईयो । तर मुलुकमा प्रजातन्त्रको पुर्नस्थापना भएपछि वि.सं. २०४८ को जनगणनामा नेपाली मातृभाषा हुनेहरुको संख्या घटेर ५०.३१% मा झऱ्यो ।

नेपालको मधेसक्षेत्रमा सरकारको जनसंख्या चालवाजी (*Population manupulation*) को बिश्लेषण गर्ने हो भने आश्चर्य लाग्दों परिणाम देखा पर्दछ । नेपालको सम्पूर्ण भूभागलाई पश्चिम पहाड, पूर्वी पहाड, भित्री मधेस, मधेस र उपत्यका गरि विभाजित गरेर हेर्दा मधेसका जिल्लाहरुमा समग्रमा नेपाली मातृभाषा बोल्नेहरुको स्थिति क्रमशः वि.सं. २००८ मा ४%, वि.सं. २०१८ मा ६%, वि.सं. २०२८ मा १४%, वि.सं. २०३८ मा आएर यसलाई ३०% हाराहारीमा बढाउदै लगिएको देखिन्छ । यसरी नेपाली बोल्नेहरुको संख्यालाई क्रमशः बढाएर गैर नेपाली मधेसी मातृभाषा बोल्नेहरुको संख्यालाई क्रमशः घटाउदै लगिएको छ ।

मुलुकको जनसंख्या बृद्धि हुदै गएको छ। यो स्वभाविक पनि हो। तर मुलुकको जनसंख्याको बृद्धिदरको अनुपात भन्दा निकै बढी दरमा मधेसमा जनसंख्याको बृद्धि भैरहेको छ। मुलुककै इतिहासमा भएको पहिलो जनगणना सन् १९११ मा नेपालको कूल जनसंख्या ५,६३८,७४९ थियो। यो संख्या सन् २००१ मा २३,१५१,४२३ पुगेको छ। यस ९० वर्षको अवधिमा औसत जनसंख्या बृद्धिदर २.००५ रहेको छ। तर सन् २००१ को जनसंख्या बृद्धिदर २.२५५ रहेको छ। सन् १९११ मा प्रतिवर्ग कि.मी. ४० जना भन्दाकम रहेको जनघनत्व सन् २००१ मा १५७ भन्दा बढी हुन पुगेको छ। (*मुलुकको कूल क्षेत्रफल १४७,१८१ वर्ग कि.मी. भनिएको आधारमा*) यस अवधिमा सबैभन्दा बढी जनसंख्याको चाप मधेसमा परेको कुरामा कुनै विवाद छैन्।

सन् १९५२/५४ को जनगणनामा मुलुकका सबै पहाडी जिल्लाहरुको कूलजनसंख्या ५३४९९८८ (६४.८%) थियो। यसै गरि सम्पूर्ण मधेसका जिल्लाहरुको कूलजनसंख्या २९०६६३७ (३५.२%) थियो। सन् २००१ को जनगणनामा मुलुकका सबै पहाडी जिल्लाहरुको जनसंख्या ११९३८९७० (५१.६%) पुगेको छ भने सम्पूर्ण मधेसका जिल्लाहरुको कूलजनसंख्या ११२१२४५३ (४८.४%) हुन गएको छ। पहाडबाट मधेसका जिल्लाहरुमा आन्तरिक बसाई सराईको कारणबाट जनसंख्या बृद्धिदर क्रमशः उच्च हुदै गएको छ। सन् १९६१-७१ को दशकमा समग्र पहाडी क्षेत्रको जनसंख्या बृद्धिदर १.८५% को तुलनामा मधेसमा भएको जनसंख्याको बृद्धिदर २.३९% थियो। सन् १९७१-८१ को दशकमा पूर्ववत् १.६१% जनसंख्या बृद्धिदरको तुलनामा ४.११%, सन् १९८१-९१ को दशकमा पूर्ववत् १.५२ % बृद्धिदरको तुलनामा २.७५% र सन् १९९१-००१ मा पूर्ववत् १.९१% बृद्धिदरको तुलनामा २.६२% को बृद्धिदर देखिएको छ।

मुलुकको निर्वाचन पद्धति तथा निर्वाचन क्षेत्र निर्धारणको प्रकियाले राष्ट्रिय विधायिकामा मधेसको प्रतिनिधित्व निरन्तर कम हुदै गएको छ। राज्यले अख्तियार गरेको यस नीतिको कारणबाट राष्ट्रको मूलधारमा मधेसको उपस्थितिनै नरहने निश्चित प्रायः छ। यो एक अत्यन्त गंभीर विषय हो। यसबाट राज्यको नीति निमार्ण गरिने र शक्ति अभ्यासको ठाउँहरुमा मधेसीमूलका मानिसहरुको प्रवेशमा अघोषित रुपमा नियन्त्रण राख्ने मनशाय बुझिन्छ।

बि.सं. २०५६ सालको पछिल्लो प्रतिनिधिसभाको सदस्यहरुको तथ्यांक हेर्दा *मधेस क्षेत्रको कूल ८० स्थान मध्ये ४१ स्थानमा मात्र मधेसी* मूलका मानिसहरु प्रतिनिधि सभामा पुग्न सकेका थिए। बाँकी ३९ स्थानमा मधेसका निर्वाचन क्षेत्रहरुबाट पहाडी मूलका मानिसहरु कै प्रतिनिधित्व रहेको थियो। त्यस अवधिमा माथिल्लो सदन *राष्ट्रिय सभाका कूल ६० सदस्यमध्येमा जम्मा ६ जना मधेसीमूलका* थिए। यसरी मुलुकमा पर्याप्त मधेसी जनसंख्याका बावजूदपनि संसद्मा अनुपातिक प्रतिनिधित्व हुन नसक्नुको मुख्यतः चार वटा कारणहरु रहेको छ : १) अव्यवहारिक प्रतिनिधित्व प्रणाली, २) त्रृटीपूर्ण र नियोजित निर्वाचन क्षेत्रको निर्धारण, ३) मतदाता नामावलीमा नाम समाबिष्ट हुन नागरिकता प्रमाणपत्रको अनिवार्यता र ४) राजनीतिक दलहरुद्वारा दिईने प्रत्यासीको टिकटमा मधेसीहरु प्रतिको दुराग्रह।

नेपालमा संसदीय निर्वाचनको प्रकृया प्रतिनिधित्वपूर्ण छैन। अव्यवहारिक प्रतिनिधित्व प्रणाली तथा नियोजित निर्वाचन क्षेत्रको निर्धारणका कारणले मधेसीहरु जातीय तथा क्षेत्रीय रुपमा विश्वमान्य प्रतिनिधित्व प्रणालीको आधारमा विधायीकामा न्यायोचित्त प्रतिनिधित्व पाएका छैनन्। यसको उदाहरणमा संविधानको धारा ४५(२) को कार्यान्वयन नगरिएको विषयलाई लिन सकिन्छ। संविधानको यस धारामा स्पष्ट रुपमा भनिएको छ : "प्रतिनिधिसभाका सदस्यहरुको निर्वाचनका लागि प्रशासकीय जिल्लालाई निर्वाचन जिल्ला कायम गरि निर्वाचन हुनुभन्दा अघिको राष्ट्रिय जनगणनाबाट निश्चित भएको जनसंख्याको आधारमा ती जिल्लाहरुको जनसंख्या र सदस्य संख्याको बीचको अनुपात यथासंभव समान हुनेगरि प्रत्येक जिल्लाको जनसंख्याको आधारमा सो जिल्लाबाट निर्वाचित हुने सदस्य संख्या निर्धारित गरि सो संख्या बरावर निर्वाचन क्षेत्र कायमगरि प्रत्येक निर्वाचन क्षेत्रबाट एकजना सदस्यको निर्वाचन गरिनेछ।" संविधानको यस धाराको अक्षरशः कार्यान्वयन गरिएको भए प्रतिनिधिसभामा अवश्य पनि मधेसको (*मधेसीको नभएपनि*) प्रतिनिधित्व बढने थियो। *संसद्मा मधेसको प्रतिनिधित्व बढन नदिनाकैलागि यस धाराको कार्यान्वयन गरिएन।*

सर्वप्रथम २०४८ सालमा अघिल्लो जनगणनाको आधारमा जिल्लाहरुमा प्रतिनिधिसभाको सदस्य संख्या निर्धारण गरियो। त्यसपछि वि.सं. २०५८ मा अर्को जनगणना भयो। यस जनगणनाको आधारमा वि.सं. २०५९ सालको कार्तिकमा हुने भनिएको निर्वाचनमा संविधानतः निर्वाचन क्षेत्रको हेरफेर हुनु पर्थ्यो। तर समग्र मुलुकको परिप्रेक्ष्यमा यस धारालाई कार्यान्वयन गरिएन। *पहाडी मूलका मानिसहरुको बाहुल्य हुने र पहाडीहरुकै प्रतिनिधित्व बढाउने गरि केही जिल्लाहरुमा संविधानको उक्त धारालाई कार्यान्वयन गरियो। मधेसका जिल्लाहरुको हकमा कार्यान्वयन गरिएन*। यस सन्दर्भमा सबैभन्दा विभेदकारी कुरो त के भयो भने, स्वयं तत्कालिन प्रधानमंत्री शेरबहादुर देउवाको संयोजकत्वमा यस विषयलाई टुंगो लगाउन एक मूलसमिति बन्यो। यस मूलसमितिले तत्कालिन संसद्मा रहेका सबै दलको प्रतिनिधित्व रहेको सर्वदलीय उपसमिति बनायो। यस उपसमितिले आफ्नो राय दियो : "संविधानमा उक्त व्यवस्था भएपनि अगामी २५ वर्ष

सम्मकालागि संविधानको यस धारालाई कार्यान्वयन गरिनु हुदैन ।" उपसमितिको यस रायलाई मूलसमिति तथा सरकारले स्वीकार गरेको थियो, जुन पूर्णरुपेण गैरसंवैधानिक र संविधानको उपव्याख्या थियो । यसको स्पष्ट अभिप्राय थियो : *संसद्मा मधेसको प्रतिनिधित्व नबढोस्।*

राजनीतिक दलहरुले परम्परा देखिनै मधेसीहरुलाई मधेस क्षेत्रबाट समेत उम्मेदवार बनाउन चाहदैन । मुलुकको प्रथम संसदीय निर्वाचन देखि अद्यावधिसम्म सबै राजनीतिक दलहरुमा यो प्रवृति विद्यमान छ । बि.सं. २०४८ मा प्रजातन्त्र पुनर्स्थापना पछिको पहिलो आमनिर्वाचनमा संसद्को २०५ स्थान मध्ये *नेपाली कांग्रेसले पहाडी मूलबाट १६६ जना (८१%) र मधेसी मूलबाट ३८ जना (१९%) लाई* प्रत्यासी बनाएको थियो । यसैगरि *नेपाल कम्युनिष्ट पार्टी एमालले पहाडीमूलबाट १४९ जना (८४%) र मधेसीमूलबाट २८ जना (१६%) लाई* मात्र प्रत्यासी बनाएको थियो । मुलुक कै इतिहासमा भएको *पहलो संसदीय निर्वाचनमा मधेसीमूलको प्रतिनिधित्व २२% थियो भने, पहाडी मूलको प्रतिनिधित्व ७८%* थियो । यसबाट नेपालका राजनीतिक दलहरुको मधेस प्रतिको मानसिकता स्पष्ट हुन जान्छ ।

प्रजातन्त्रको पुर्नस्थापना पश्चात बि.सं. २०४८ पछिको पहिलो प्रतिनिधिसभा (बि.सं.२०४८), दोश्रो प्रतिनिधिसभा (बि.सं.२०५१) र तेश्रो प्रतिनिधिसभा (बि.सं.२०५६) मा कूल ३०.८९% जनसंख्या भएको पहाडी जात समूहबाट कमशः ११४ जना (५५.६१%), १२९ जना (६२.९३%) र १२२ जना (५९.५१%) को संसद्मा प्रतिनिधित्व थियो । यसैगरि कूल ७.११% जनसंख्या रहेको पहाडी दलित समुदायबाट प्रतिनिधिसभा बि.सं.२०४८ मा जम्मा १ जनाको मात्र प्रतिनिधित्व थियो। कूल २२.०४% जनसंख्या भएको पहाडी जनजाति समूहबाट उक्त तीनवटै प्रतिनिधि सभाहरुमा कमशः ३४ जना (१६.५९%), २४ जना (११.७१%) र २८ जना (१३.६६%) को प्रतिनिधित्व थियो ।

जबकि पहलो प्रतिनिधिसभा बि.सं.२०४८, दोश्रो प्रतिनिधिसभा बि.सं.२०५१ र तेश्रो प्रतिनिधिसभा बि.सं.२०५६ मा १५.२४% प्रतिशत जनसंख्या भएको मधेसी जात समूहबाट कमशः १८ जना (८.७८%), २२ जना (१०.७३%) र २९ जना (१४.१५%) को प्रतिनिधित्व थयो । यसैगरि कूल ९.४८% जनसंख्या भएको मधेसी दलित समूहबाट उक्त तीनवटै प्रतिनिधिसभा (बि.सं.२०४८, २०५१ र २०५६) मा एकजनाको पनि प्रतिनिधित्व हुन सकेन । यसैगरि ८.११% जनसंख्या भएको मधेसी जनजाति समूहबाट माथी भनिए झै तीन वटै प्रतिनिधि सभामा कमशः १८ जना (८.७८%), १४ जना (६.८३%) र १० जना (४.८८%) को मात्र प्रतिनिधित्व थियो । उपरोक्त तीनवटै प्रतिनिधिसभामा कूल ४.२७% जनसंख्या भएको मधेसी समूहका मुसलमानहरु कमशः ५ जना (२.४३%), ४ जना (१.५९%) र २ जना (०.९७%) मात्र चुनिन सकेका थिए । पछिल्लो स्थानीय निकायका निर्वाचित सबै जिल्ला विकास समितिको सभापति, उप सभापति तथा सबै नगरपालिकाका प्रमुख र उप प्रमुख गरि कूल १९१ जना मध्ये ३१ जना मात्र मधेसी थिए ।

नेपालमा कुनै पनि राज्यप्रदत्त सेवा तथा अवसरहरुको प्राप्तिकोलागि नागरिकताको प्रमाणपत्रलाई व्यवहारमा अनिवार्य बनाइएको छ । यसको अभावमा संवैधानिक, कानूनी हक तथा प्रतिनिधित्व र मतदानको अधिकार संभव छैन । बि.सं. २०६१ अषाढमा श्री ५ को सरकार गृह मन्त्रालयका प्रवक्ताले संचार माध्यमलाई दिएको जानकारी अनुसार मुलुकभरमा जम्मा ९० लाख नागरिकताको प्रमाणपत्र वितरण गरिएको छ । यसैगरि श्री ५ को सरकारले गठन गरेको आयोगहरुको प्रतिवेदनहरुको आधारमा नेपालमा ३४ लाख मानिसहरु नागरिकताको प्रमाणपत्रबाट बञ्चित रहेका छन् । हाल यस संख्यामा बृद्धि हुनु स्वभाविक नै हो । नेपालमा नागरिकता प्राप्तिको मुख्य आधारनै जग्गाको स्वामित्व हो । मुलुकको कूलजनसंख्यामा दलितहरु १२.९% रहेका छन् । मधेसका २० वटा जिल्लाका कूलजनसंख्यामा मधेसीमूलका दलितहरु ९.४८% रहेका छन् । उपर्युक्त अनुसार मधेसका २० वटा जिल्लामा पहाडीमूलका दलितहरु ४.०६% रहेका छन् । नेपालका कूल दलित जनसंख्या मध्ये मधेसी दलितमा ४३.९८%, पहाडी दलित मध्ये १५.३२% दलितहरु पूर्णरुपेण भूमिहिन छन् । यसैगरि मधेसका जनजातिहरुमा संथाल, झांगड ५८.४६%, राजबंशी, धिमाल, गनगाई, ताजपुरीया, मेचे ४५.७८%, धानुक ३४.०४% र थारु २२.८३% पुर्णरुपले भुमिहिन छन् । मुलुकको प्रचलित कानूनी प्रावधान अनुसार यसरी भूमिहिन देखिएका बहुसंख्यक मधेसी दलित तथा जनजातिहरु नागरिकताको प्राप्तिबाट बञ्चित छन् । यत्रो बुहद् संख्याका मधेसीहरुको नागरिकताको समस्यालाई यथावत राख्न खोजिएको छ ।

यसै बीच नागरिकताको वारेमा सरकारले केही गंभीर प्रकृतिको षडयन्त्र शुरु गरेको छ । जस अनुसार नागरिकताको प्रमाणपत्र पाईसकेका मानिसहरुको नागरिकतालाई छानविन गरि नागरिकताको प्राप्तिलाई त्रृटीपूर्ण देखाएर रद्द गर्ने । अर्को, हाल प्रचलित मतदाता संकलन सम्बन्धि कानून अनुसार प्रत्येक वर्षको चैत्र महिनामा वालिग भएकाहरुको मतदाता नामावली अद्यावधिक गर्नु पर्ने व्यवस्था छ । यसरी मतदाता नामावलीलाई अद्यावधिक गराउन नागरिकताको प्रमाणपत्रलाई अन्तिम आधार बनाईएको छ । त्यस्ता मानिसहरु जसको नाम २५/३० वर्षदेखि निरन्तर मतदाता नामावलीमा रहीआएको छ, तर तिनीहरुसंग नागरिकताको प्रमाणपत्र छैन, *(यहाँ स्मरणीय छ, नागरिकताको प्रमाणपत्रको प्राप्तिकोलागि मतदाता*

*नामावलीमा नाम हुनु एक आधार हो।* यसरी  नागरिकताको प्रमाणपत्र नरहेको आधारमा मात्र हाल हजारौं मधेसवासीको नाम मतदाता सूचीबाट काटिएको छ । यसरी नै स्वयं श्री ५ को सरकारले मुलुकमा ९० लाख मानिस नागरिकताको प्रमाणपत्र नपाएको कुरा स्वीकारेको छ । सरकारको दृष्टिमा यिनीहरु नेपाली हुन्, तर कतिपय प्राविधिक कारणहरुले प्रमाणपत्र पाउन सकेका छैनन् । यसरी यत्रो ठुलो संख्यामा नागरिकताको प्रमाणपत्र नपाएको यथार्थता छदै, मतदाता नामावली संकलनको कानूनलाई कडाइका साथ पालन गरि तयार गरिने मतदाता नामावलीको आधारमा मुलुकमा संसद्का होस् वा संविधानसभाको कुनै पनि निर्वाचन भएमा लाखौं मानिसहरु मतदानको आधिकारबाट बञ्चित हुनु पर्नेछ, जसमा सबैभन्दा बढी मधेसी समुदायका हुनेछन् ।

राणा शासनकाल देखिनै मधेसलाई दरवार तथा राणाहरुले उपनिवेशको रुपमा उपयोग गर्दै आएको छ । दरवारलाई रिझाउने, राणाहरुको चाकडी पुर्‍याउने तथा उच्च भारदारहरुलाई मधेसको उर्वरा भूमि जागीर, विर्ता, बक्सिस, नजराना, बकस, दान, दाईजो आदिको रुपमा दिईदै आईएको हो । मधेसका जग्गाहरुको औपचारिक नापी धेरै पछि मात्र भयो । यसको फायदा उठाएर शासकवर्गले साधारण अपठित मधेसीहरुलाई पुस्तैनी प्रयोगको जग्गाहरुबाट बेदखल गरेका अनेकौं उदाहरणहरु छन् । मधेसलाई औपनिवेशीकरणको माध्यमबाट पहाडीकरण गर्नकालागि राज्यबाट कयौं नियोजित योजनाहरुलाई कार्यान्वयन गरिइदै आईएको छ । यसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१) औलो उन्मुलन कार्यक्रम : मधेसका फराकिला भूमिभागमा आन्तरिक आप्रावासनलाई प्रोत्साहित गर्नकालागि अमेरिकी सरकारको सहयोगमा यस कार्यक्रमलाई लागू गरियो र खासगरि पहाडी क्षेत्रहरुमा यसको व्यापक प्रचार प्रसार गरियो । यसपछि मधेसका जिल्लाहरुमा २% भन्दा बढीको दरमा जनसंख्याको बुद्धि कायम हुन गयो, जुन दर निरन्तर छ ।

२) एकिकृत विकास आयोजनाहरु : बि.सं. २०११/०१२ सालदेखि विदेशीहरुको सल्लाह अनुसार मधेसको जनसंख्यालाई विविधिकरण गर्नकालागि संस्थागत आधारमा विभिन्न एकिकृत विकास आयोजनाहरु संचालन गरियो । यस क्रममा सबैभन्दा पहिले शुरु भएको राप्ती घाटी विकास योजना अन्तरगत २०११-२०२३ को अवधिमा एक्लो चितवन जिल्लामा १० गुणाको दरले पहाडी मूलका मानिसहरुको जनसंख्या बृद्धि भयो । यस क्रममा सरकारले राप्ती, सगरमाथा एकिकृत विकास कार्यक्रम, झापा पुनर्वास आयोजना, सर्लाही पुनर्वास आयोजना, नवलपरासी पुनर्वास आयोजना, ताराताल पुनर्वास आयोजना, कैलाली पुनर्वास आयोजना, कंचनपुर पुनर्वास आयोजना, राजनीतिक पिडीत वसोवास आयोजना, उच्चस्तरीय अख्तियार सम्पन्न वन सुदृढीकरण आयोगहरु, जिल्लास्तरमा सुकुम्बासी आयोगहरु जस्ता विभिन्न नाममा र केन्द्रस्तरमा पुनर्वास कम्पनीहरु खडा गरेर लगभग सम्पूर्ण मधेसभर नै अभियानको रुपमा पहाडी क्षेत्रबाट जनसंख्याको आप्रावसनलाई प्रोत्साहित गरियो ।

३) भूमि सुधार : बि.सं.२०२४ सालमा सरकारले भूमि सुधार कार्यक्रम लागू गर्‍यो । जग्गाको हदबन्दी कायम गरेर खासगरि मधेसका मानिसहरुबाट जग्गा खोसियो र हदबन्दी भन्दा बढी संकलन भएका जग्गाहरुमा पहाडबाट आएका, भारत र बर्माबाट बिस्थापित भएका पहाडीमूलका मानिसहरुमा मात्र वितरण गरियो । यस्तो कुनै जग्गा मधेसी भूमिहिनहरुलाई नाम मात्रको लागि पनि वितरण गरिएन ।

४) जग्गाको सरकारी मूल्यांकन स्थिर राख्नु : सरकारले आवधिक रुपमा गर्नुपर्ने जग्गाको खरीद बिक्री प्रयोजनको मूल्यांकनलाई मधेस क्षेत्रमा दशकौंसम्म स्थिर राखेर पहाडबाट बसाई सरेर आउनेहरुलाई मधेसमा जग्गा खरीद गर्न प्रोत्साहित गरियो । बसाई सरी आउनेलाई जग्गाको खरीद मूल्य सस्तो होस् भन्नाको लागि गरिएको यो कार्य अद्यावधि कतिपय जिल्लाहरुमा कायमै छ ।

५) राजा र राजपरिवारको नाममा शहरको नामाकरण : खासगरि महेन्द्र राजमार्गको निर्माणको क्रममा राजा तथा राजपरिवारका सदस्यहरुको नाममा वन जंगललाई सखाप पारेर गाँउ तथा शहरहरु बसाउने कार्यलाई प्रोत्साहन दिईयो । यसरी वन जंगल सखाप पारेर अतिक्रमणकारीको रुपमा बसेका सबैको नाममा जग्गा नापी गराएर स्वामित्व दिईयो ।

६) महेन्द्र राजमार्गको निर्माण : पूर्व पश्चिम राजमार्गको निर्माण मधेसको शताब्दीऔं पुरानो मानव बसोवासको क्षेत्रबाट अलग्याएर मधेसको घना जंगलको माझ भएर बनाउने काम शुरु भयो । यसरी राजमार्गको लागि रेखांकित स्थानहरुमा र सडकको दुबैतिर पहाडबाट आएका धना आबादीको बसोवास गराईयो । बसोवासको यस कार्यलाई खुला रुपमा सरकारले प्रोत्साहन दियो । महेन्द्र राजमार्गको यस निर्माण कार्यबाट मधेसका प्राय: सबै पुराना व्यवसायिक केन्द्रहरु तथा बजारहरु आर्थिक मन्दीको शिकार हुन पुग्यो ।

७) पूर्व सैनिक बस्ती : नेपाल भारत सीमाको दक्षिणी सीमान्त क्षेत्रहरुमा नियोजित रुपमा भूतपूर्व सैनिकहरुलाई ल्याएर बस्ती बसाउने काम भयो । यस्ता बस्तीहरु मधेसका प्राय: सबै भन्सार क्षेत्रहरुमा देख्न सकिन्छ ।

८) सीमा नजिक उद्योग स्थापनामा बन्देज : सरकारी निर्णयको आधारमा भारत नेपाल सीमा क्षेत्रबाट ८ किलोमीटर उत्तरसम्म कुनैपनि प्रकारको कल कारखाना तथा उद्योग धन्दाको स्थापना गर्न नपाईने नियम बनाएर मधेसका त्यस्ता क्षेत्रहरुमा औद्योगिकीकरणलाई रोक्नुको साथै मधेसीहरुको बस्ती विस्तार तथा रोजगारीको प्राप्तिलाई हतोत्साहित गरियो ।

उपर्युक्त तथा अन्य कयौं राज्यप्रदत्त नीतिहरुको आधारमा मधेसमा सुनियोजित तबरबाट आन्तरिक औपनिवेशिकरणको प्रारम्भ भयो । मधेसलाई राज्यसत्ताले उपनिवेशको रुपमा प्रयोग गर्न शुरु गरेको यस्तो रणनीतिको निरन्तरता अहिले पनि कायम छ । खासगरि मुलुकको पूर्वी क्षेत्रमा रहेका १ लाख २५ हजार भुटानी शरणार्थीको फिर्तीको सन्दर्भमा राज्यले स्वीकारेको छानविनको प्रकृया (*screening process*) शरणार्थीहरुलाई नेपाल भित्रै समाजिकरण गराउने राज्यको यहि नीति अन्तरगत भएको हो । यस प्रकृया पश्चात भुटान फर्कन नसक्ने भुटानीहरुलाई नेपाली नागरिकताको प्रमाणपत्र दिने वैध उपाय अबलम्बनको बाटो खुल्दछ । यसरी नेपाललाई कालान्तरमा पूर्णतः पहाडीया पहिचानको मुलुकमा रुपान्तरित गर्न लगभग पाँच दशकअघि सोचिएको श्रृँखलावद्ध कार्यनीतिको आधारमा मुलुकको मधेसमा औपनिवेशीकरणको प्रवृतिलाई अगाडी बढाईएको छ । यसको तत्कालिन प्रभाव स्वरुप मधेसमा मधेसीको राजनीतिक प्रतिनिधित्व न्यून हुदैजानु, आर्थिक श्रोत र साधनमा मधेसीहरुको स्वामित्व खोसिदै जानु र भाषा-संस्कृति समेतमा अतिक्रमण भै यसको लोप हुने अवस्थाको श्रृजना हुँदैगएको छ ।

मुलुकमा आम मधेसी समुदायको विरुद्ध अभियन्त्रित विभेदको राजनीतिको मुख्य प्रयोजन नै राज्यसंयन्त्रबाट तथा राज्यको शक्तिको अभ्यास हुने निकायहरुबाट मधेसीहरुलाई पर राख्नु वा प्रवेशमा रोक लगाउनु रहेको हो । यस नियोजित कार्यमा राज्यलाई अपेक्षित सफलता प्राप्त भएको छ । आज मुलुकको सर्वक्षेत्रीय विकासमा मधेस र मधेसीहरुको उल्लेख्य योगदान हुदाहुदै पनि राज्यसंयन्त्रमा मधेस र मधेसीको सहभागिता एकदमै न्यून रहेको छ । यसलाई केही तथ्यांकको आधारमा हेर्न सकिन्छ ।

मुलुकको न्यायपालिकाको सर्वोच्च निकाय सर्वोच्च अदालतमा सामान्यतः २१ जना न्यायाधिशहरु हुने गर्दछ, यसमध्ये हाल जम्मा दुईजना मधेसी मूलका न्यायाधिश छन् । बि.सं. २०६१ पौषको तथ्यांक अनुसार सबै संवैधानिक अंगहरुका सदस्यहरु १८ जनामा जम्मा १ जना मधेसी थिए ।

सबैभन्दा पछिल्लो जनताको सरकारका प्र.मं. भनिएका शेरबहादुर देउवाको ३१ सदस्यीय मंत्रीमण्डलमा मधेसका जम्मा ५ जना सदस्य थिए (*त्यस सरकारमा मधेसी मध्ये ने.स.पा.बाट १ जना मंत्री, ने.का. (प्रजातान्त्रिक) बाट १ जना, ने.क.पा.एमालेबाट १ जना सहायक मंत्री र रा.प्र.पा.बाट १ जना राज्य मंत्री र राजाबाट पठाईएका १ जना थिए*) । गत शाही शासनका दौरान राजाको अध्यक्षतामा गठित २४ सदस्यीय मंत्रीमण्डलमा ३ जना मंत्री मात्र मधेसी थिए । अहिले ऐतिहासिक जनआन्दोलन पछि राज्यलाई समावेशी बनाउने संकल्पका साथ गठित मंत्रीमण्डलमा सबै पार्टीका गरि जम्मा २ जना मधेसी छन् (*हालसम्म ने.का., एमाले, ने.का. प्रजातान्त्रिकको सहभागिताको* ) ।

मुलुकको राजनीति र सामाजिक जीवनलाई प्रतिविम्बित गर्ने सर्वाधिकार सम्पन्न संसद्का उच्च पदाधिकारीहरु *कूल १५ जनामा जम्मा १ जना उपसभामुख (निर्वाचित,महिला ) मधेसी* छन् । हालै पुर्नस्थापित प्रतिनिधिसभाको सभामुख पदमा उपसभामुख रहेकी चित्रलेखा यादवको नाममा सहमति हुन सकेन ।

सम्पूर्ण देशकै विकास योजना निर्धारणको दायित्व बोकेको निकाय राष्ट्रिय योजना आयोगका ५ सदस्य मध्ये १ जना मधेसी थिए । *राष्ट्रिय मानव अधिकार आयोगका ५ जना मध्ये १ जना मधेसी* छन् ।

मुलुकको परराष्ट्र सेवाका *राजदूतमा मधेसीमूलका एकजना पनि छैनन्* । श्री ५ को सरकारको निजामति प्रशासनमा जम्मा ३३ जना सचिवहरु मध्ये जम्मा १ जना मधेसीमूलका छन् ।

मुलुकको शैक्षिक तथा प्राज्ञिक निकायहरु पनि यस प्रकारको एकात्मवादको छाँयाबाट मुक्त छैन् । मुलुकमा ५ वटा विश्वविद्यालयहरु छन्, ति सबैका उपकुलपतिहरु पहाडी समुदायबाटै छन् । रोनाष्ट तथा राजकीय प्रज्ञा प्रतिष्ठानका दुबै उपकुलपतिहरु मधेसी होईनन् । *नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका ३० जना प्राज्ञ सभाका सदस्यहरु मध्ये १ जना मात्र मधेसी* छन् । प्राज्ञ परिषदका ९ जनामा १ जना पनि मधेसीलाई समावेश गरिएको छैन ।

*देशका सुरक्षा निकायका मुख्य अंगहरु मध्ये जनपद प्रहरीका ए.आई.जी.पी. ४ जनामा मधेसी शुन्य, १६ जना डि.आई.जी.पी.मा मधेसी शुन्य, ४१ जना एस.एस.पी.मा मधेसीहरु एकजना पनि छैनन् । यसैगरि नव गठित शसस्त्र प्रहरी बलमा ए.आई.जी.पी. ४ जना, ८ जना डी.आई.जी. र एस.एस.पी.मा १३ जनामा एकजना पनि मधेसवासी छैनन् ।*

श्री ५ को सरकार, सामान्य प्रशासन मंत्रालय, निजामति किताबखानाबाट उपलब्ध तथ्यांक अनुसार मुलुकको सम्पूर्ण निजामति सेवा (सरकारी सेवा) मा हाल सबै तहका गरि ९९,३७८ जना कर्मचारीहरु छन् । यस मध्ये मधेसीहरुको संख्या नगण्य भन्दा केहिमात्र बढी रहेको छ । नेपालको निजामति प्रशासनमा आउने

कयौं वर्षहरुसम्म मधेसी मूलका मानिसहरु अपवादका बाहेक सचिव तथा विभागीय प्रमुखसम्मको तहमा पुग्न सक्दैनन् । *बि.सं. २००७ सालदेखि हालसम्ममा ३ जना क्याबिनेट सेक्रेटरी तथा १६ जना श्री ५ को सरकारको मुख्यसचिव मध्ये एकजना पनि मधेसी मूलकाले सो पदमा जान पाएका छैनन्।*

यस कुरामा भिन्न मत हुन सक्दैन कि, राजनीति नै त्यो संयन्त्र हो, जसले मुलुकमा विद्यमान जातीय, भाषिक, सांस्कृतिक, धार्मिक र आर्थिक शोषण तथा अन्य सबैखाले विभेदहरुबाट मुक्तिको बाटो प्रसस्त गर्दछ । तर राजनीतिक दलका नेतृत्ववर्ग सामेलीपूर्ण पद्धतिको खिलाफमा भए यो संभव हुदैन । नेपालको राजनीतिक दलहरुको बनावट राज्यको अविरल एकात्मवादी सोच भन्दा भिन्न रहेको देखिदैन । यस सन्दर्भमा केही मुख्य राजनीतिक दलहरुलाई उदाहरणको रुपमा लिन सकिन्छ ।

नेपालको सबभन्दा ठुलो राजनीतिक दल नेपाली कांग्रेसको दशौं महाअधिवेशनबाट बनेको ३५ सदस्यीय केन्द्रीय समितिमा जम्मा ३ जना मधेसीहरु थिए । हालै सम्पन्न *कांग्रेसको एघारौं महाअधिवेशनमा भएको १८ जना केन्द्रीय सदस्यको निर्वाचनमा मधेसीमूलका जम्मा २ जना* निर्वाचित हुन सके । *नेपाल कम्युनिष्ट पार्टीको ६५ सदस्यीय केन्द्रीय समितिमा १ जना पनि निर्वाचित मधेसी छैनन्* । यस रिक्ततालाई पुर्न पछि १ जना मधेसीलाई बैकल्पिक केन्द्रीय सदस्यमा मनोनित गरिएको छ । नेपाली कांग्रेस (प्रजातान्त्रिक) को ३५ सदस्यीय केन्द्रीय समितिमा ३ जना र राष्ट्रिय प्रजातान्त्रिक पार्टीका ४५ जनाको केन्द्रीय समितिमा ७ जना सदस्य मधेसी समुदायबाट छन् । जनमोर्चा नेपालको ५१ सदस्यीय केन्द्रीय समितिमा जम्मा १ जना मधेसीमूलका सदस्य छन् भने *नेपाल कम्युनिष्ट पार्टी माओवादीका १०५ जनाको केन्द्रीय समितिमा ६ जना सदस्य, २१ सदस्य भएको पोलिटव्यूरोमा १ जना छन् । माओवादीका स्थायी समितिमा एकजना पनि मधेसी छैनन्* ।

मधेसीहरुमा बहुतायत जनसंख्या हिन्दू छन् । तर राज्यले मुलुकमा पहाडे हिन्दूहरुको हितलाई मात्र हेरेको छ। मधेसी हिन्दूहरुको आराधना पद्धतिका पर्व त्यौहारहरुमा एकाध अपवाद बाहेक कुनै बिदा आदि दिने गरेको छैन । मधेसका सांस्कृतिक चाडपर्वहरु तथा परम्पराहरुलाई पृथकमान्यता र सम्मान दिईएको छैन । छठ, दिपावली, होली, जुडसितल, चौरचन, समाचकेवा, माघी, बैशाखी, जितीया, ईद, बकरिद आदि मधेसी समुदायका मौलिक चाडपर्वहरुलाई मान्यता दिइएको छैन । मधेसका एक अविभाज्य धर्म ईस्लामको प्रचलन तथा विकासमा त राज्यले विभेद गरेकै छ ।

यौटा भनाई छ : कुनै समुदायलाई समाप्त गर्नु छ भने भोट खसाल्ने अधिकार देउ तर साक्षर बन्नबाट रोक । मधेसीहरुको हकमा अक्षरशः यस्तै भएको छ । नेपालमा समग्रमा महिलाहरुको अवस्था अत्यन्तै पिछडिएको छ । मुलुककै महिला साक्षरता दर ४२.८% रहेको छ । यस अनुपातमा मधेसका जिल्लाहरुमा महिलाहरुको साक्षरता दर कम रहेको छ । मधेसका जिल्लाहरुमा अपेक्षाकृत बढी पहाडी मूलका जनसंख्या भएको जिल्लाहरुमा (चितवन ६३.०%, झापा ५८.८%, सुनसरी ५०.३%, कंचनपुर ४७.२%, दांग ४६.९% र मोरंग ४६.८%) महिला साक्षरता दरले राष्ट्रिय औसतलाई नाघेको छ । जबकि *मधेसीमूलका बढी जनसंख्या भएका जिल्लाहरु मध्ये बारामा २९.१%, बर्दीयामा ३५.९%, धनुषमा ३६.३%, कपिलबस्तुमा २९.५%, महोत्तरीमा २२.४%, पर्सामा २८.२%, रौतहटमा २१.७%, सर्लाहीमा २५.४%, सिरहामा २७.१% र सप्तरीमा ३५.५%, नवलपरासीमा ४०.९% महिला साक्षरता* रहेको छ । मधेसका जिल्लाहरु मध्ये बांकेमा ४९.२%, कैलाली ४१.०%, कंचनपुर ४७.२%, रुपन्देहीमा ५५.९% साक्षरता दर रहेको छ ।

यसैगरि मधेसका जिल्लाहरुमा विद्यालय तहमा महिला छात्राको भर्नाको प्रतिशत सन्तोषजनक छैन । सन् २००० को *समग्र मुलुकको ४३.३३% को अनुपातमा मधेसको रौतहटमा ३१.३०%, महोत्तरीमा ३२.०%, पर्सामा ३२.५४%, बारामा ३३.२३%, सिरहामा ३३.९५%, सर्लाही ३५.२८%, धनुषामा ३५.६६%, कपिलबस्तुमा ३५.८२%, सप्तरी ३५.९८%, बांके ४०.६०%, कैलाली ४२.१८%, रुपन्देही ४२.२४%, दांग ४३.२७%,* रहेको छ । मधेसका जिल्लाहरु मध्ये राष्ट्रिय औसत नाध्नेमा सुनसरी ४४.६६%, नवलपरासी ४४.७५%, झापा ४७.९८% र चितवनको ४९.१५% रहेको छ ।

मधेसका मानिसहरुको बिग्रदो सामाजिक, आर्थिक र राजनीतिक अवस्था देखाउने तथ्यांक तथा विवरण निकै लामो छ । यहाँ मैले यस पुस्तकको मूल विषय भन्दा भिन्न गएर मधेसको चित्रण गर्न खोजेको होईन । श्रीलंकाको समस्याको जन्मेत्तर कारणहरुको अध्ययन गर्दै जादाँ, त्यहाँको विभेदको चरित्रमा प्रवेश गर्दा हठात् नेपालको मधेसको तस्वीर मानस पटलमा जागेको मात्र हो । तर यहाँ मधेसको चर्चा गरिएको मनशाय जुन रुपमा बुझिए पनि यसको सन्देश भने स्पष्ट छ : "यो विभेद नै हो तसर्थ यसको प्रतिकार अवश्यंभावी छ ।" यसलाई सर्वकालिक सत्यलाई बुझ्नु आवश्यक छ । अब हामी श्रीलंकामा प्रवेश गर्‍यौं ।

२

# सिलोन देखि समाजवादी गणतन्त्र श्रीलंका : केही घटनाक्रमहरु

१. सिलोनले फरबरी ४, १९४८ मा बेलायतबाट स्वतन्त्रता पायो । अधिकांश सिंहली तथा तमिलहरुको दृष्टिमा त्यो पूर्ण स्वतन्त्रता थिएन । स्वतन्त्रता बाबजूद पनि ब्रिटेनसंगको सुरक्षा सम्झौताका कारणले सिलोन, कोलम्बो, त्रिन्कोमाली र कातुनायकेका सैनिक आधार शिविरहरू ब्रिटिश नियन्त्रणमै रहेको थियो ।
२. स्वतन्त्रता पाएकै वर्ष सन् १९४८ मा सिंहली बहुलता भएको संसद्ले नागरिकता ऐन बनाएर तमिलहरुको राजनैतिक शक्तिलाई आधाआधी घटाउने काम गऱ्यो । यस कानूनबाट पहाडी गाउँहरुका करिब १० लाख तमिलहरुले नागरिकता सम्बन्धी आफ्नो अधिकार गुमाउन बाध्य भए । यिनीहरुलाई ब्रिटिशहरूले २०० वर्ष पहिले दक्षिण भारतबाट चिया तथा रबर खेतीका लागि सिलोन ल्याएका थिए ।
३. सन् १९४८ मै संसद्ले तरबार बोकेको सिंह अंकित सिलोनको झण्डालाई अन्तिम रुप दियो । यसमा तमिल तथा मुसलमानहरुको असहमति थियो । पछि तमिल तथा मुसलमानहरूलाई साम्य पार्न झण्डामा पहेंला तथा हरिया धर्काहरू समावेश गरियो ।
४. स्वतन्त्रताको एक वर्ष नबित्दै सन् १९४९ मा पहाडी गाउँहरूमा बस्ने तमिलहरुको मतदान सम्बन्धी अधिकार पनि खोसियो । सिलोन संशोधन ऐन भनिने नयाँ कानूनले नागरिकता पाएकाहरुलाई मात्र मताधिकारको व्यवस्था गऱ्यो ।
५. यस विषयमा संसद्मा भएको मतदानमा सिंहलीहरुले तमिल राजनीतिक दललाई फुटाउने चाल चले । अल सिलोन काँग्रेसका नेता श्री जी. जी. पोन्नामबलाम (*G.G. Ponnambalam*) ले *नागरिकता ऐन* तथा *सिलोन (संसदीय निर्वाचन) संशोधन ऐन*को पक्षमा मत हाले भने अर्का तमिल नेता श्री एस.जे.भी. चेलभनायगम (*S.J.V. Chelvanayagam*) ले विपक्षमा मतदान गरे । यसले गर्दा सन् १९४४ मा स्थापित अल सिलोन काँग्रेस दुई फ्याँकमा बिभाजित भयो ।
६. सन् १९४९ मा तमिल काँग्रेसबाट थनथाइ चेलभानायकम (*Thanthai Chelvanayagam*) अल्लगिएर नयाँ दल गठन गरें । यसको नाम इलानकाइथ अरासुक कादची (*Federal Party*) राखियो ।
७. सन् १९४८-५० को अबधिमा सिलोनका तत्कालीन प्रधानमन्त्री डी.एस. सेनानायके (*D.S. Senanayake*) ले तमिलहरूको आदिस्थल रहेका पूर्वी प्रान्तमा व्यापक रुपमा सिंहली औपनिवेशिक योजना परिचालन गरे । सिंहलीहरुको बसोबासका लागि संचालित योजना बाट्टिकलोआ जिल्लाको गलओया र त्रिन्कोमाली जिल्लाको अल्लाइ र कन्थलाइमा लागू गरियो ।
८. त्यहाँ सन् १९५२ मा अर्को संसदीय निर्वाचन भयो । यसमा नयाँ नागरिकता ऐनले गर्दा तमिलहरुको प्रतिनिधित्व स्वात्तै घट्न गयो । सन् १९४७ मा ८ जना सांसद छान्न समर्थ भएका तमिलहरूले नयाँ कानूनका कारणबाट एउटै पनि सांसद छान्न सकेनन् ।
९. जून १४, १९५६ मा श्रीलङ्का फ्रीडम पार्टीका नेता तथा सोही वर्ष निर्वाचित प्रधानमन्त्री एस.डब्ल्यु.आर.डी. बन्दरानायके (*S.W.R.D. Bandaranayake*) ले सिंहली बहुलता भएको संसद्बाट एकभाषा नीति अन्तरगत "सिंहला मात्र" लाई सिलोनको औपचारिक तथा राजकीय भाषाको रुपमा अनुमोदन गराए । यसबाट अंग्रेजको समयमा स्वीकारिएको भाषानीति अनुसार दुई औपचारिक भाषा-सिंहली तथा तमिल मध्ये तमिललाई नकारियो । यसलाई तमिलहरुले सिंहलीहरुको औपनिवेशीकरणको रुपमा लिए र विरोध जनाए । संघीय दल (*Federal Party*) ले कोलम्बोमा सत्याग्रह गऱ्यो । सिंहली राज्यद्वारा सत्याग्रहको दमन गरियो ।
१०. सन् १९५८ मा बबुनियामा आयोजित संघीय दलको राष्ट्रिय महाधिवेशनका दौरान तमिलहरूका विरुद्ध व्यापक हिंसा भयो । यसबाट ठुलो मात्रामा धनजनको क्षति भयो । प्रधानमंत्री बन्दरानायकेको सरकारले तमिल विरोधी हिंसामा उत्रने सिंहलीहरूप्रति आँखा चिम्ल्यो र दंगाफसादको चार दिनपछि यसैको निहुंमा मुलुकभर संकटकालको घोषणा गरियो ।
११. सन् १९६१ मा संघीय दलले उत्तरी तथा पूर्वी प्रान्तका केही शहरहरुमा नागरिक अवज्ञा आन्दोलन तथा सत्याग्रह शुरु गऱ्यो । यसले नागरिक प्रशासन ठप्प हुन गयो । यसको दमन गर्न संभवत: पहलो पटक खुला रुपमा सेनाको प्रयोग गरियो ।

१२. मार्च २४, १९६५ मा प.मं. सेनानायके तथा चेलभानायकमका बीच एक सम्झौता भयो । यसले जिल्ला परिषदमार्फत उत्तर तथा पूर्वमा क्षेत्रीय स्वायत्ता प्रदान गर्ने सहमति भयो । तर सिंहली अतिवादीहरुको विरोधले गर्दा सो सम्झौता निष्क्रिय हुन गयो ।

१३. सन् १९७० को मई महिनामा संसदीय निर्वाचन भयो । यस निर्वाचनमा श्रीलंका फ्रीडम पार्टीको नेतृत्वमा लंका समसमाज पार्टी तथा सिलोन कम्युनिष्ट पार्टीको संयुक्त मोर्चा बनेको थियो । यस मोर्चाले संसद्को १५७ मध्ये ११६ स्थान हासिल सरकार बनायो ।

सोही वर्ष उग्र विचारधाराका तमिल युवकहरूले विश्वविद्यालय भर्नामा तमिल विद्यार्थीहरुको प्रवेशलाई निरुत्साहित गर्न लागू गरिएको "स्तरीकरण नीति" (*standardization policy*) को विरोध गर्न तमिल मनावर पेराभई (*Tamil Manavar Peravai*) नामक संगठन बनाए ।

१४. सन् १९७१ मा सबैका लागि समान योग्यताक्रमको आधारमा हुने गरेको विश्वविद्यालय भर्ना प्रणालीको सट्टा जी.सी.इ. ए./एल. परीक्षा मार्फत "स्तरीकरणको नीति" लागू गरियो । यस नीति अन्तर्गत सिंहली विद्यार्थीहरुका लागि मात्र भनी भर्ना निम्ति निम्नतम अंक तोकियो । जसअनुसार शिक्षाको माध्यम, भाषा तथा विषयहरूको छनौटमा सिंहली छात्रहरू तमिलहरुको तुलनामा सजिलै भर्ना पाउने भए । यसबाट उच्च शिक्षामा तमिलहरुको पहुँच साह्रै कम हुने भयो । तमिलहरुले यस नीतिको तिब्र बिरोध गरे ।

१५. मई २२, १९७२ मा नयाँ संविधान लागू भयो । सिलोनको नयाँ नामाकरण भयो-श्रीलंका । ब्रिटेनसंग औपनिवेशिक चरित्रको सारा सम्बन्ध बिच्छेद भयो । श्रीलंकालाई गणतन्त्र घोषित गरियो । बौद्ध धर्मलाई सर्वोच्च मान्यता प्रदान गरियो । नयाँ गणतान्त्रिक संविधानले गर्दा सिंहली र तमिल दुबैले सार्वभौम अधिकार प्राप्त गरे । तमिलहरूको भाषिक तथा शैक्षिक अधिकारको रक्षा गर्न, सिंहली औपनिवेशवाद मार्फत तमिलहरूको आदिबासस्थल माथि अतिक्रमण रोक्न कुराहरु गरियो ।

अतिवादी तमिलहरु (*पछि रुपान्तरित भएका लिट्टे*) ले यस संविधानलाई अस्वीकार गऱ्यो । भविक्ष्यमा सिंहलीद्वारा आक्रमण भएमा प्रतिकार गर्नका लागि प्रभाकरणले हतियार उठाउनुलाई एकमात्र उपाय ठाने । उनले वीर, आत्मबलिदान गर्ने र अनुशासित युवाहरूको जमातलाई समेटेर न्यू तमिल टाइगर्स नामक लडाकु संगठन खडा गरे ।

१६. जनवरी १०, १९७४ मा जाफ्नाका मेयर अल्फ्रेड दुराइअप्पाको भडकाउमा श्रीलङ्काका सिंहली प्रहरीले जाफ्नामा आयोजित चौथों तमिल अनुसन्धान सम्मेलनलाई बिथोल्न अन्धाधुन्ध लट्ठी र गोली चलाउँदा नौ जनाको ज्यान गयो ।

१७. जुलाई २६, १९७५ मा प्र.मं. बन्दरानायके तथा तमिल नेता चेलभानायकमका बीच एक सम्झौतामा हस्ताक्षर भयो । यस अनुसार प्रान्तीय वा क्षेत्रीय परिषदमार्फत उत्तर तथा पूर्वमा विकेन्द्रीकरणको प्रावधान गरियो । तर यसको कही पछि नै प्र.मं. बन्दरानायकेले सिंहली कट्टरपन्थीहरूको दवाबमा सो सम्झौताको उल्लंघन गरे ।

१७. सन् १९७५ मा थानथाइ चेलभानायकमले कन्केसनथुराइ निर्वाचन क्षेत्रको लागि भएको उप-निर्वाचनमा विजय हासिल गरे । चेलभानायकमले आफ्नो विजयलाई तमिलहरुको आत्मनिर्णयको हकको मान्यताका साथै स्वतन्त्र ईलमको स्थापनार्थ जनमत प्राप्त भएको घोषणा गरे । सन् १९७२ मा चेलभानायकमले नयाँ संविधानको विरोधमा पदत्याग गरेका थिए । त्यस बेला उनले प्र.मं. श्रीमती बन्दरानायकेलाई पुनः उपनिर्वाचनको माध्यमबाट जनताको राय बुझ्न र संविधानलाई जनअनुमोदन गराउन चुनौती दिएका थिए ।

१८. जुलाई २७, १९७५ मा तमिलहरुसंग गद्दारी गरेको भनी जाफ्नाका मेयर अल्फ्रेड दुराइअप्पाको गोली हानी हत्या गरियो । उक्त घटनालाई तमिलहरुको सशस्त्र मुक्ति संघर्षको कममा भएको पहिलो आक्रमणको रूपमा लिइन्छ । सो आक्रमण भेल्लुपिल्लइ प्रभाकरणको नेतृत्वमा रहेको तमिल न्यू टाइगर्सद्वारा गरिएको थियो ।

१९. मई ५, १९७५ मा सम्पूर्ण राज्यलाई समेट्ने गरि "*न्यू तमिल टाइगर्स*" लाई "*लिबरेशन टाइगर्स अफ तमिल ईलम*" नामाकरण गरियो । प्रभाकरणलाई सो संगठनको अध्यक्ष तथा सैनिक कमाण्डर नियुक्त गरियो ।

२०. मई १४, १९७६ मा तमिल युनाइटेड लिबरेशन फ्रन्ट (*Tamil United Libretion Front-TULF*) को गठन गरियो । बडुक्कोदाइमा आयोजित यसको अधिवेशनले स्वतन्त्र तमिल ईलम स्थापना गर्न एक प्रस्ताव पारित गऱ्यो । यसलाई '*बडुक्कोदाइ प्रस्ताव*' भनिन्छ ।

२१. जुलाई १९७७ मा अर्को संसदीय निर्वाचन सम्पन्न भयो । यस संसदीय निर्वाचनमा जे.आर.जयबर्द्धनेको नेतृत्वको युनाइटेड नेशनल पार्टी (*UNP*) सत्तामा आयो । स्वतन्त्र, सार्वभौम, धर्मनिरपेक्ष र समाजवादी ईलमको स्थापना गर्ने एजेण्डामा १८ संसदीय स्थान प्राप्त गरेर तमिल युनाइटेड लिबरेशन फ्रन्ट संसद्मा प्रमुख विपक्षी दलको रुपमा आयो । यस निर्वाचनसंगै तमिलहरूका विरुद्ध अर्को हिंसक जातीय दंगा भड्काइयो ।

२२. जुलाई १९७८ मा नयाँ संविधान लागू गरियो । यस अनुसार श्रीलंकालाई प्रजातान्त्रिक समाजवादी गणतन्त्र (*Democratic Socialist Republic*) मा रुपान्तरित गरियो । अब मुलुकमा राष्ट्रपतीय शासन प्रणाली (*presidencial system*) लागू भयो । जे.आर.जयबर्द्धने त्यहाँका प्रथम राष्ट्रपति भए ।
२३. श्रीलङ्का सरकारले लिट्टेलाई गैरकानूनी संगठन भनी प्रतिबन्धित गऱ्यो ।
२४. जुलाई १९७९ मा संसद्ले आतंकवाद नियन्त्रण ऐन (*POTA*) लाई पारित गऱ्यो । जुलाई ११ मा सम्पूर्ण क्षेत्रहरुमा संकटकालको घोषणा गरियो । जाफ्ना प्रान्तमा मात्र सिंहली सुरक्षाकर्मीहरूद्वारा कयौं निर्दोष तमिल युवाहरूको हत्या भयो ।
२५. जून १९८१ मा दुईजना सिंहली मन्त्रीहरूको निर्देशनमा सेना तथा प्रहरीले जाफ्ना शहरका महत्वपूर्ण भवनहरू, खासगरि दक्षिण एसियामै सर्वोत्तम मध्येका एक कहलिएको जाफ्ना सार्वजनिक पुस्तकालयमा आगो लगाइदिए । यसबाट ४४,००० बहुमूल्य पुस्तकहरू खरानी भए । साथै छापाखाना तथा पसलहरू पनि आगोमा होमिए । सेनाले नागरिकहरूको हत्या गरे । त्यसले गर्दा अर्को हिंसात्मक जातीय दंगा भड्क्यो ।
२६. नोभेम्बर २७, १९८२ मा प्रथम टाइगर योद्धा लेफ्टिनेन्ट साथियानाथन (शंकर) ले वीरगति प्राप्त गरे ।
२७. जुलाई २४, १९८३ मा लिट्टेले जमिन मुनी बिस्फोटक बिद्युतीय धराप ओछ्याएर श्रीलंकाली सेना विरुद्ध प्रथम पटक गुरिल्ला तरिकाबाट युद्ध शुरू गऱ्यो । तत्पश्चात सिंहलीहरूद्वारा तमिलहरूमाथि निकृष्ट आमहत्याको क्रम शुरु भयो । यसमा हजारौंको ज्यान जानुका साथै करोडौंको धनमाल नष्ट भयो । यतिसम्म कि युवतीहरूमाथि सिंहलीहरुबाट यौनव्यभिचार समेत गरियो । जुलाई २७-२८ का बीच वेलिकदा जेलमा बन्दी बनाइएका ५३ राजनैतिक कैदीहरूलाई झ्यालखानाभित्रै सिंहली गार्डहरूको मिलोमत्तोमा सिंहली अभियुक्तहरूद्वारा निर्मम हत्या गरियो । यस घटनालाई "*वेलिकदा हत्या*" को रूपमा जानिन्छ ।
२८. सन् १९८४ मा श्रीलंका सरकारद्वारा सर्वदलीय सम्मेलन बोलाइयो । सोही वर्ष भारतमा त्यहाँका प्रधानमत्री श्रीमती इन्दिरा गाँधीको आफ्नै अंगरक्षकहरूद्वारा हत्या गरियो ।
२९. जुलाई-अगस्त १९८५ मा भुटानको राजधानी थिम्पुमा श्रीलंका सरकार र तमिल विद्रोहीहरुका बीच प्रथम पटक शांतिवार्ता भयो, जुन विफल रह्यो ।
३०. जनवरी १९८७ मा श्रीलंकाली सरकारद्वारा जाफ्ना प्रायद्वीपमा आर्थिक नाकाबन्दी गरियो । राष्ट्रिय सुरक्षा सम्बन्धी मन्त्री ललिथ अथुलथमुदाइल (*Lalith Athulathmudail*) ले "*अप्रेशन लिबरेशन*" को थालनी गरे । सिंहली सेनाले जाफ्ना जिल्लाको बदमराची क्षेत्रमा आक्रमण गरे । यस क्रममा ब्ल्याक टाइगर क्याप्टन मिल्लरले नेल्लाइडि मध्य महाविद्यालयममा बसेका सिंहली सेनामाथि आत्मघाती हमला गरेर सयौं सेनालाई मारिदिए ।
३१. जुलाई २९, १९८७ मा भारतका प्रधानमंत्री राजीव गान्धी र श्रीलंकाका राष्ट्रपति जे.आर.जयबर्द्धनेले बिद्राही तमिलहरुलाई दमन गर्न भारत-श्रीलंका शान्ति सम्झौतामा लिट्टेको सहमति बेगर नै हस्ताक्षर गरे । सो सम्झौतामा हस्ताक्षर हुनुको पूर्वसंध्यामा बलजफ्ती दिल्ली लगिएका लिट्टको नेतालाई अशोका होटलमा संचारविहीन अवस्थामा नजरबन्द गरियो । पछि लिट्टेका नेता भी. प्रभाकरणले सुथुमलाईमा आयोजित बैठकमा भारतले आफ्नै भूराजनैतिक स्वार्थका लागि सम्झौतामा हस्ताक्षर गरेको कुरा व्यक्त गरे । तर तमिलहरूलाई अद्यावधि लागेको छ कि, उक्त सम्झौतामार्फत भारत सरकारले तमिलहरुसंग विश्वासघात गरे ।

## ३
# श्रीलंकाको भूगोल

उहिले अंग्रेजीमा सिलोन तथा तमिलमा इलाङ्गाइ अझ् ईलम भनी चिनिने श्रीलंका भारतीय उपमहाद्वीपका दूर दक्षिणमा स्थित एक टापू राष्ट्र हो । उक्त टापू पाल्क स्ट्रेट भन्ने २२ माइल मात्र लामो समुद्रद्वारा अति साँघुरो विन्दुबाट छुट्टिएको छ । यो विषुवत् रेखादेखि ६ र १० डिग्री उत्तर, तथा ७९-८१ देशान्तर डिग्री पूर्वमा अवस्थित छ । यसले कुल २५,३३२ वर्गमाइल भूभाग ओगटेको छ, जसमा श्रीलंककाको १८,०४२ तथा तमिल ईलमको ७,२९० वर्गमाइल पर्छन् ।
सन् २००५ को तथ्यांक अनुसार श्रीलंकाको
कुल जनसंख्या २०,०६४,७७६ रहेको छ । यस मध्ये सिंहली ७३.८ प्रतिशत, श्रीलंकाली मूर ७.२ प्रतिशत, भारतीय तथा श्रीलंकाली समेत गरि १८ प्रतिशत तमिलहरु, अन्य ०.५ प्रतिशत रहेको छ । सन् १९९१ को जनसंख्या १७,१०३,००० थियो । यस मध्ये १२,६५६,००० सिंहली, ३,११३,००० तमिल तथा १,२१४,००० मुसलमान (अधिकाँश तमिलभाषी) र १२०,००० अन्य रहेका थिए ।
धर्माम्बलम्बिहरुमा ( सन् २००१ अनुसार) बौद्ध ६९.१ प्रतिशत, हिन्दू ७.१ प्रतिशत,
इसाई ६.२ प्रतिशत, ईस्लाम ७.६ प्रतिशत तथा नछुट्टिएकाको प्रतिशत १० रहेको छ ।
श्रीलंकामा औपचारिक तथा राष्ट्रिय भाषाको रुपमा सिंहली बोल्नेहरुको प्रतिशत ७४ भनिएको छ भने तमिल राष्ट्रिय भाषा बोल्नेहरु १८ प्रतिशत र अन्यमा ८ प्रतिशत छन् ।

## उहिलेको इतिहास

यूरोपेली शक्तिहरूको आगमन पूर्व दक्षिण भारत तथा श्रीलंकाका जनताहरूको प्रारम्भिक राजनैतिक इतिहास भनेकै अधिकाँशतया राज्यविशेषको उत्थान तथा पतनको चक्र मात्र हो । तत्कालिन दक्षिण भारत प्रायः तीन महान राजाहरुद्वारा शासित थियो । ती थिए : चोला, सेरा तथा पाण्डियाहरू । कहिलेकाहीं ती राजाहरु वाह्य आक्रमणकारीका विरुद्ध लड्थे भने कहिलेकाहीं आपसमै संघर्ष गरि रहन्थे । यस बाहेक केहि अन्य ससाना रजौटाहरूले पनि त्यहाँका बृहद् भूमिमाथि राज्य गरे । तिनीहरुका राज्य यदाकदा मात्र स्वतन्त्र रहेपनि यस्ता रजौटाहरुले प्रायसः उपरोक्त तीनमध्येका राजाहरुलाई श्रद्धा गर्नुका साथै कर तिर्ने गर्थे । ती मध्ये चोलाहरू अतिशक्तिशाली थिए । चोला भारतको एकमात्र सामुद्रिक शक्ति भएका राज्य थिए । यसै वंशका महान राजाराजाका सेनाले सिलोनमाथि हमला गरेर राजाराता क्षेत्रलाई चोला साम्राज्यको एक हिस्सा बनाए । आक्रमणमा विजय पश्चात पोलोन्नारुवालाई राजधानी शहरको रूपमा स्थापित गरे । राराजाहका सुपुत्र राजेन्द्रले चोला साम्राज्यको थप विस्तार गरि ११ औं शताब्दीसम्ममा शक्तिशाली चोलाहरूले सिलोन, कम्पुचिया, मलाया तथा इन्डोनेसियाका समेत बृहद् भूभागमाथि राज्य संचालन गर्न भ्याएका थिए ।

## तमिल र सिंहली : प्राचीन जातिहरू

तमिलहरू प्राचीन मानिस हुन् । तिनको इतिहास कम्तीमा पनि २५०० वर्ष पहिले पुग्दछ । तमिलहरूको आम भाषा-लवज, विश्वका पाँच अति प्राचीन सजीव भाषाहरु मध्येका एक हुन् । तमिलको संगम साहित्य (एक देखि चौथौं शताब्दी ई.सं. सम्म) तमिलहरुको लोकप्रिय पुरातन साहित्यका अति गुणिला र कलात्मक काव्यहरूको संग्रह हो । यसमा प्राचीन तमिलहरूको उच्चस्तरको सभ्यता तथा साहित्यिक उपलब्धिहरुका वारेमा इमान्दारितापूर्वक व्याख्या गरिएको छ । त्यस भूभागमा सिंहलीहरूको प्रवेश पनि लगभग २५०० वर्ष अगाडि भारतको बंगालबाट राजकुमार विजयको आगमनसँगै भयो । महावंश नामक सिंहली वंशानुक्रम, जुन छैठौं शताब्दी (ईसं) मा महानामबाट एक बौद्ध भिक्षुद्वारा लेखिएको थियो, यसका अनुसार महात्मा बुद्धले ज्ञान प्राप्त गरेकै दिन राजकुमार विजय टापूमा प्रवेश गरेका थिए ।

## तर पहिला को आए ?

सिलोनको प्राचीन इतिहासको शुरुआत वर्तमान सिंहली जातिको संस्थापकको श्रेय दिइने राजकुमार विजयको आगमन (करीब ५०० ईपू) संग जोडिन्छ । यस्तो बताउने प्रयास भए पनि तिनीभन्दा पनि अगावै देखि त्यहाँ उच्च सभ्यता विद्यमान रहेको पर्याप्त ऐतिहासिक तथा पुरातात्विक प्रमाणहरू छन् । सिलोनको प्राग ऐतिहासिकता कम्तीमा रामायणम् महाकाव्यमा वर्णित रामन (राम) को शासनकाल अर्थात् ५००० वर्ष अगाडिको छ (रामन, उही भगवान राम) । उनले इलाङ्काइ (सिलोन) को तमिल यक्ष राजा रावणसँग आफ्नी पत्नी सीतालाई अपहरण गरेवापत युद्ध लडेका थिए । पंडित जवाहरलाल नेहरुले आफ्नो पुस्तक विश्व इतिहासको झलकमा राम तथा रावणबीचको लडाईलाई आर्य तथा द्रविडबीचको लडाई भनी वर्णन गरेका छन् ।

तसर्थ प्रायसः सोधिने प्रश्न, यी दूई मध्ये सिलोनमा को पहिला आए, तमिल कि सिंहली ? दुवै पक्षले भावनात्मक रूपमा बहस गर्ने विषय भएको छ । प्रखर सिंहला इतिहासकार पाँल पेरिसले प्रकट गरेको निम्न राय एक प्रभावकारी तथा विचारणीय दृष्टिकोण प्रस्तुत गर्दछ :

"... यस कुरामा तर्क देखिन्छ कि भारतदेखि तीस माइल मात्र नजिक रहेको यौट भूभाग जसलाई डुंगा खियाएर माछा मार्न जाने माझीहरू हरेक बिहानै प्रष्ट देख्ने गर्दथे, सधैं देखा पर्ने त्यस भैभागलाई विस्तारै डुंगा चलाउन जान्ने सिपालु मानिसहरूले बसोबास बढाएर कब्जा गऱ्यो...।" राजकुमार विजयको आगमनभन्दा धेरै अगाडि श्रीलंकामा शिवका पाँच परिचित इश्वरम् (रूप) थिए । जसलाई सारा हिन्दूस्थानले पूजाआराधना गर्थे । यी थिए : महातीर्थ नजिक रहेको तिरुकेतेश्वरम्, सलवट्टा तथा मोती निकाल्ने क्षेत्रमा प्रभावकारी मानिने मुन्नीश्वरम्, मानतोतानजिक तोन्देश्वरम्, कोट्टियारको ठूलो खाडीनजिक रहेको त्रिकोनेश्वरम् तथा कन्केसान थुराइनजिक रहेको नकुलेश्वरम् । यसरी हिन्दूस्थानको समुन्द्रतटबाट तीस माइल मात्र टाढा सिलोनका बन्दरगाह तटमै शिवका पाँच परिचित इश्वरम्को अवस्थिति हुनु संयोग मात्र हुन सक्दैन । यो सम्भवतः धार्मिक चाहना परिपूर्ति गर्न सक्षम भएका धनी व्यापारीहरूले निर्धारित गरेको स्थल थियो । (पाँल इ. पेरिसः नागदिप ऐण्ड बुद्धिस्ट रिमेन्स इन जाफ्नाः जर्नल अव रायल एसियाटिक सोसाइटी, सिलोन ब्रान्च, अङ्क २८)

४

# जाफ्ना अधिराज्य

हामीले सिलोनको इतिहासका केहि महत्वपूर्ण घटनाहरूको क्रमवार जानकारी पायौं । अब हामी इतिहासका केही पुराना पृष्ठहरुलाई हेरौं । सिलोनले सन् १९४८ मा स्वतन्त्रता पायो । ब्रिटिश उपनिवेशबाट स्वतन्त्रता प्राप्त गरे पनि यसको धेरै अगावै विदेशी औपनिवेशिक साम्राज्यले उत्तर र पूर्वमा अवस्थित जाफ्ना अधिराज्य तथा दक्षिण पश्चिममा अवस्थित कोट्टे अधिराज्य अनि मध्यभागमा अवस्थित कान्दयान अधिराज्यमाथि कब्जा गरिसकेका थिए । सर्वप्रथम पुर्तगालीहरूले सन् १५०५ मा सिलोनमा पाइला टेके । त्यतिखेर सिलोनमा तीनवटा अधिराज्यहरु थिए : जाफ्ना, कोट्टे र कान्दयान । पुर्तगालीहरूले सर्वप्रथम कोट्टे अधिराज्यमाथि आधिपत्य जमाए । त्यसपछि चरणवद्ध रूपमा उनीहरूले जाफ्ना अधिराज्यको पश्चिमी भूभागलाई आफ्नो नियन्त्रणमा लिए । अन्त्यमा सन् १५१९ मा उनीहरूले युद्धमैदानमा जाफ्ना अधिराज्यका अन्तिम राजा सान्किलीलाई पराजित गरि त्यहांका जनतालाई दास बनाए । तापनि जाफ्नाका जनताले प्रतिकार गर्न छाडेनन् । सन् १६१९ र १६२१ का बीच त्यहां पुर्तगालीहरू विरुद्ध अनेकौं प्रतिकार र आन्दोलनहरू भए । फलस्वरूप पुर्तगालीहरूले जाफ्ना अधिराज्यका धेरै क्षेत्रहरुमा आफ्नो आधिपत्यलाई गुमाए । तर पुनः समुद्र मार्ग हुदैं भारत तथा कोलम्बोबाट थप सेना ल्याएर त्यहांका जनताको प्रतिरोधलाई दबाइ छाडे ।

पुर्तगालीहरूले जाफ्नामाथि निकै कडा शासन गरे । उनीहरूले एकातर्फ हिन्दू मन्दिरहरू नाश गरे भने अर्कोतर्फ इसाई धर्मको प्रचारप्रसार गरे । सन् १६२८ मा क्याण्डीबाट एउटा सानो टुकडीले जाफ्नामाथि आक्रमण गरे । त्यतिञ्जेलसम्म मौका पर्खिरहेका तमिलहरूले यसै दौरान पुर्तगालीहरूका विरुद्ध विद्रोहमा ओर्ले । यस विद्रोहका कारणले पुर्तगालीहरू जाफ्ना किल्लामा लुक्न बाध्य भए । तर सिंहली तथा तमिलहरूको कमजोर संयुक्त सेना लामो युद्धका लागि सक्षम थिएनन् । पुर्तगालीहरूले उनीहरूमाथि किल्लाबाट नै आक्रमण गरि परास्त गरे । तत्पश्चात पुर्तगालीहरूले पुनः विस्तारै त्यहां आफ्नो नियन्त्रण कायम गर्न सफल भए ।

जाफ्नामा पुर्तगालीहरूको विजयका अनेक कारण छन् । जाफ्नासम्म पुग्ने समुद्री मार्ग सरल थियो । पुर्तगालीहरूले मन्नार र कोरामण्डल तटमा आफ्ना सेना राखेका थिए । १६ औं शताब्दीको मध्यतिर राजगद्दीका लागि हुने गरेको प्रतिद्वन्द्विताका कारणबाट जाफ्ना अधिराज्यले आफ्नो अधिकांश शक्ति गुमाइ सकेको थियो । जाफ्नाका राजाले भारत, मदुरैका शासक रगुआन्था नायक्कनसंग सहयोग मागे पनि सफल भएन । यी सबका बावजूद पुर्तगालीहरूले जाफ्ना अधिराज्यको रक्षार्थ भाडाका सिपाहीको रुपमा सिंहली फौजको प्रयोग गरे । यहाँ यो बुझिराख्न आवश्यक छ कि, सन् १५०५ मा सिलोन प्रवेश गरेका पुर्तगालीहरूलाई जाफ्ना अधिराज्यलाई कब्जा गर्न थप ११५ वर्ष लाग्यो । कोट्टे अधिराज्य भने सन् १५९७ मा पुर्तगालीहरूको पूर्ण नियन्त्रणमा आइसकेको थियो । कान्दयान भने सन् १८१५ मा ब्रिटिशहरूद्वारा समाहित गरियो ।

जाफ्नाको युद्धका दौरान त्यहांका शासक सन्किलीलाई पुर्तगालीहरूले पक्राउ गरि भारतको गोवा लगेर त्यहाँ उनलाई फाँसी दिइयो । जाफ्ना अधिराज्यको पतन भएपनि त्यसको दक्षिणमा अवस्थित वान्नीले पुर्तगालीहरूको शासनलाई स्वीकार गरेन । यसले कान्दयान वा अन्य कुनै राज्यलाई नजराना पेश गरेन । यो स्वायत्त राज्यको रूपमा काम गरिरह्यो । तर पूर्वका तीन वान्निआमइ (तत्कालीन तमिल ईलम) जस्तै, कोदियाराम, वान्निआमइ, पालुगामम वान्निआमइ र पान्नामाइ वान्निआमइले आफ्नो सुरक्षाका लागि कान्दयान राज्यको सहायता मागें । तर ती अझ् पनि स्वायत्त राज्यका रूपमा काम गरिरहें । ईलमको भूभाग विभिन्न समयमा विदेशी शक्तिको अधीनमा रहे पनि यसले आफ्नो मौलिक छवि कहिल्यै गुमाएन । यसका सीमाहरू समेत सन् १८३३ सम्म अक्षुण्ण नै थियो ।

जाफ्ना अधिराज्य सन् १२१५ देखि सन् १६१९ सम्म स्वतन्त्र अस्तित्वमा रह्यो । यसको राजधानी नल्लुरमा थियो । यस अवधिमा तमिल ईलममाथि कयौं राजाहरुले राज गरेका थिए :

*१) कलिंगमन उर्फ कलिंगा विजेबाहु (१२१५ देखि १२४० सम्म), २) कुलासेगारा पराराजासेगाराम (१२४०-१२५६), ३) कुलोथुंगान (१२५६-१२७९), ४) विक्रमनान (१२७९-१३०२), ५) वारोथायान (१३७१-१३८०), ६) मार्थान्दा पेरुमलान (१३२५-१३४८), ७) कुनापूशानान (१३४८-१३७१), ८) विरोथयान (१३७१-१३८०), ९) जेयावीरन (१३८०-१४१०), १०) कुनावीरन (१४१०-१४४६), ११) कनागसूरियान (१४४६-१४५०)*

सन् १४५० देखि १४६७ सम्म जाफ्ना अधिराज्य कोट्टे अधिराज्यको शासनअन्तरगत पर्न गयो । चेनपागाप पेरुमलको नेतृत्वमा आएका सेनाले जाफ्नालाई कब्जा गरेपछि उनी राजा भुवानेकबाहु चौथोको नामले कोट्टेमाथि राज्य गरे । यस आक्रमणमा राजा कनागसूरियान भागेर तमिलनाडु पुगे तथा पछि आफ्नो सेनालाई संगठित गरेर पुनः अधिराज्य फिर्ता लिई सन् १४६७ देखि १४७८ सम्म राज्य गरे ।

*१२) पराराजासेगारन (१४७८-१५१९), १३) सन्किली सेगाराजासेगारन (१५१९-१५६१), १४) पारारासा पान्डारम, पारारासासेकारन (१५६१-१५६५), १५) कुरञ्ची नाइनार (१५६५-१५७०), १६) पेरिइपिल्लै सेकारासा सेकारान (१५७०-१५८२), १७) पुविरासा पन्डारम द्वितीय (१५८२-१५९१), १८) एथिरमन्ना सिंगा पारारासासेकारन (१५९१-१६१५), १९) सन्किली कुमारन (१६१६-१६१९)* कुल मिलाएर जाफ्ना अधिराज्य ४०३ वर्षसम्म कायम रहयो ।

## कलिंगा मगन

पुर्तगालीहरु सिलोन आएर सन् १६१९ मा जाफ्ना अधिराज्यमाथि आधिपत्य जमाएको बारेमा थाहा पायौं । यसका साथै जाफ्ना अधिराज्य केही कालको अपवाद बाहेक स्वतन्त्र तवरमा ४०३ वर्षसम्म कायम रहेको र त्यस क्रममा त्यहाँ १९ जना राजाहरूले शासन गरेको पनि बुझ्यौं । दुई सय वर्षभन्दा बढी अवधिसम्म जाफ्ना अधिराज्य सिलोनको एकमात्र सर्वाधिक शक्तिशाली अधिराज्य रहेको थियो । जाफ्नाका शासकहरूले दक्षिण भारतीय अधिराज्यहरू तथा पछि पुर्तगालीहरूसंग निकट सम्बन्ध गाँसेका थिए । यो तथ्य सिंहलीहरूको इतिहासका कयौ पुस्तकहरुमा, केही सिंहली शिलालेखहरूका साथै कोकिल सन्देशीय, परभी सन्देशीय र पराकम पचिरिथा जस्ता सिंहली साहित्य मार्फत पनि ज्ञात हुन्छ ।

१६औं शताब्दीको प्रारम्भदेखि हामी संक्षिप्तमा तथा पुर्तगाली स्रोतबाट केही विस्तारमा जाफ्नाका शासकहरूको इतिहासबारे थप कुराहरु जान्न सक्छौं । केही पुस्तकहरू पनि छन्, यसबाट पनि केही हदसम्म जाफ्ना अधिराज्यको उत्पति, उदय र विकाससम्बन्धी इतिहासका साथै जाफ्नाका शासकहरूको इतिहासबारे जानकारी पाइन्छ । *यल्पना वाइपावामलाइ* यसै मध्येका एक पुस्तक हुन् । अन्य केही पुस्तक छन् : *वाइयापदाल, काइलायमलाइ, राजामुराइ तथा पराजासेगारन उला । यल्पना वाइपावामालाइ* भन्ने पुस्तक अठारौं शताब्दीमा *मथगलका मलभागाना पुलाभार*द्वारा लेखिएको थियो । यस पुस्तकको भूमिकादेखि विषयवस्तु सम्मको अध्ययन गर्दा, यो पुस्तक डच अधिकारीहरूको अनुरोधमा लेखिएको बुझ्न् सकिन्छ । लेखकले उक्त पुस्तकलाई *वाइयापदाल, काइलायमलाइ, राजामुराइ तथा पराजासेगारन उला*माथि आधारित भएर लेखेको ज्ञात हुन्छ । राजामुराइ तथा पराजासेगारन उला हाल लोप भइसकेका छन् ।

वाइयापदाल भन्ने पुस्तकमा जाफ्नाका प्रथम शासकदेखिका घटनाक्रमहरुको वर्णन गरिएको छ । साथै यसले सरदारहरु, सामाजिक समूहहरु तथा विभिन्न वर्गहरूको नामको उल्लेख गर्दै तिनीहरू तमिलनाडुबाट आएर कसरी जाफ्ना र वान्नीमा घरजम गरे भनी बयान गरिएको छ ।

तेह्रौं शताब्दी (सन् १२१५) मा कालिंगमगन (सन् १२१५-१२५५) को आक्रमण पश्चात पतनोन्मुख पोलोनारुवा अधिराज्यको शक्ति ह्रास भएर गयो । मगनले पोलोनारुवालाई आफ्नो राजधानी बनायो । उनी त्यतिखेर सिलोनका सबभन्दा शक्तिशाली राजा थिए । पोलोनारुवाको पतनपछि सिंहली राजाहरूले आफ्ना राजधानी डाम्बेडेनिआ तथा यापाहुआमा सारे । वान्नी सम्राट विजयाबाहु तृतीयले मयारातामाथि आधिपत्य जमाई डाम्बेडेनिआबाट राज्य संचालन गरे । उनका सुपुत्र पराक्रमबाहु द्वितीय (१२३६-१२७०) ले पहाडी क्षेत्र तथा दक्षिण पश्चिमका क्षेत्रलाई समेत कब्जा गरेर आफ्नो शासनलाई दरो बनाए । आफ्ना पिता सरह उनले पनि राजारातालाई फेरि नियन्त्रणमा लिई शासन गर्ने इच्छा राख्थे । भनिन्छ कि, कतिपय सरदारहरू मगनको सट्टा पराक्रमबाहुप्रति बफादारी देखाउन बाध्य तुल्याइए । पोलोनारुवाको पतनपछि वान्निअर्स भन्ने अनेकौं स-साना राज्यहरू खडा भए । यी साना राजारजौटाबाट वान्निअर्सको नामबाट संचालित क्षेत्रहरूलाई वान्निपट्टु वा वान्नि भनियो । केही योद्धाहरू वान्निअर्स पनि भएकाले तिनीहरू पोलोनारुवा कालमा आएको हुनुपर्छ । प्राचीन बाट्टिकलोआ वंशावलीमा वर्णन भएअनुसार मगनले पोलोनारुवा कब्जा गरि वान्निअर्सलाई सैनिक नियन्त्रण दिएको देखिन्छ । कोनेसारको अभिलेख बमोजिम कुलाक्कोट्टानले वान्निअर्सलाई त्रिन्कोमाली, निलाभेली, कट्टुकुलम क्षेत्रका शासक नियुक्त गरे । कुलाक्कोट्टानको वास्तविक नाम चोल्काथेवान थियो । चुलावंश तथा अन्य वंशावलीका अनुसार मगनले त्रिन्कोमाली, कोट्टियार, कान्तालाई, पदाभिया, कट्टुकुलम, इललुपाइकादाभाइ, काइत, पुलाचेरी आदिमा सेना तैनाथ गरि राजारातामाथि आफ्नो राजधानी पोलोनारुवाबाट राज्य गरेको देखिन्छ । मगनद्वारा कब्जा र शासन गरिने पोलोनारुवामाथि पछि जाभाका शासकहरूले पनि राज्य गरेका थिए ।

## अरियाचक्रवथीहरु

*चन्द्रबानु* नामक जाभाका राजाले मलायाबाट सिलोनमाथि दुईपल्ट आक्रमण गरेका थिए । यो दुबै आक्रमण विफल रह्यो । तत्पश्चात उनले चोलानाडु तथा पाण्डिआनाडुमा सेना खडा गरि मगनद्वारा शासित उत्तरी सिलोनलाई कब्जामा पारे । आफ्नो स्थिति बलियो बनाइसकेपछि उनले पुनः पराक्रबाहु द्वितीयद्वारा शासित डाम्बेडेनिआमाथि आक्रमण गरे । यस आक्रमणमा चन्द्रबानुले त्यहाँ रहेका बुद्धको दाँतको अवशेषका साथै आफ्नो राज्य व्यवस्था समेत सुम्पिन माग गरे । सो मागलाई स्वीकार नगर्दा उनले पराक्रबाहु द्वितीयलाई युद्धका लागि तयार रहन भने । चुलावंशका अनुसार पराक्रबाहु द्वितीयले चन्द्रबानुको मागलाई पूरा गर्न मानेनन् । साथै उनले यापाहुवासम्म आइपुगेका आक्रमणकारी सेनालाई बीचैमा रोक्न र उनको (चन्द्रबानुको) प्रभावबाट आफूलाई पूर्णरूपले मुक्त गर्न सफल भए । तापनि चन्द्रबानुको शासनले उत्तरमा जाफ्ना प्रायद्वीप र वान्नि तथा त्रिन्कोमालीलाई ढाक्यो । विभिन्न स्थानका नामहरू जस्तै चाभाकच्चरी, चाभानकोट्टाइ तथा चाभाकाकोट्टाइ १३औं शताब्दीमा चाभाकाहरूको शासनको फलस्वरूप हो । लगभग यसै समयमा माराभारमन सुन्दरपाण्डयनको शासनमा पाण्डियन साम्राज्य निकै शक्तिशाली भयो । पाण्डियनद्वारा उत्तरी सिलोनको अधिराज्यमाथि थप प्रभावकारी शासन गरियो ।

चन्द्रबानुले भारतीय साम्राज्यलाई कर बुझाउन अस्वीकार गरेपछि माराभारमन सुन्दरपाण्डयनले चन्द्रबानुलाई पराजित गरि उनको अधिराज्यमाथि कब्जा गरे । जाफ्नामाथि राज्य गर्न छाडिएको सरदारहरूमध्ये पाण्डिमालाभान धेरै शक्तिशाली भएर आए । चन्द्रबानुपछि उनका छोराले पाण्डियनहरूको आधिपत्यलाई स्वीकार गरेर केही समय शासन गरे । त्यसपछि कुनै उत्तराधिकारी नहुँदा पोनापट्टिका पाण्डिमालाभान मदुरै गई राजकुमार सिंगाइरियानलाई ल्याए र जाफ्नाका राजा बनाए भन्ने दावी गरिएको छ । जाफ्नामा आरियाचक्रवथीहरूको शासनको स्थापना सैनिक जनरल आरियाचक्रवथीद्वारा सन् १२८४ तिर भएको बुझिन्छ । अभिलेखहरूका अनुसार, माराबारमन कुलासेगारान (सन् १२६८-१३१०) को शासनावधिमा आरियाचक्रवथीले सैनिक जनरल तथा मन्त्री दुवै रूपमा तिनको सेवा गरेका थिए । ज्योतिषशास्त्रीय पुस्तक सेगाराजासेकेरामालाइका अनुसार जाफ्नाका राजाका पुर्खाहरू पाण्डिया शासकका सैनिक जनरल तथा मन्त्री भई काम गर्थे । उनीहरू ब्रम्हण भएको बुझिन्छ । उनीहरू कश्यप गोत्रका हुनुका साथै रामेश्वरम् मन्दिरको पाँच सय बाह्र "पञ्चग्राम वेथियार" का वंश थिए ।

जातीय अर्थमा आरियाचक्रवथी वस्तुतः *आर्य* होइनन् । तर रामेश्वरम्का ब्रम्हणहरूसंग वैवाहिक सम्बन्धका नाताले उनीहरूले आफूलाई त्यसो भन्ने गर्छन् । भुवनाकबाहु प्रथम (सन् १२७२-१२८१) को मृत्युपश्चात भएको पाण्डियाहरूको आक्रमणबारे उल्लेख गर्दै चुलावंशम्ले भन्दछ कि, पाण्डियन राजाहरूले एक सैनिक जनरलका मातहत सेनाहरू पठाउँथे । आफू आर्य नभए पनि उनी लोकप्रिय तथा प्रभावशाली दुवै मानिन्थे । यसले थप जनाउँछ कि, आक्रमणकारी सेनाले यापाहुवाको किलाबन्द शहरलाई ध्वस्त पारेर बुद्धको दाँतको अवशेष र अन्य बहुमूल्य वस्तुहरू लुटेर लगेका थिए । आरियाचक्रवथीको नेतृत्वमा गरिएको पाण्डियाहरूको आक्रमणपछि सिंहली अधिराज्य झन् कमजोर हुन गयो । यापाहुवा राजधानी शहर रहेन । साथै भुवनकबाहु द्वितीय (भुवनकबाहु प्रथमका सुपुत्र) तथा पराक्रमबाहु तृतीय (विजयबाहु चतुर्थ, सन् १२७१-१२७२ का सुपुत्र) का बीच अन्तर्कलह चलिरह्यो । फलस्वरूप सिंहली अधिराज्य विभाजित भयो । भुवनकबाहुले कुरानागालालाई राजधानी बनाई त्यहाँबाट शासन संचालन गरे । पराक्रमबाहु तृतीय मदुरै गएर पाण्डियाहरूद्वारा खोसिएको बुद्धको दाँतको अवशेष हासिल गरे र त्यसलाई पालोनारुवामा स्थापित गरे । त्यहीं उनले आफ्नो राज्य पनि स्थापना गरे । चुलावंशम्द्वारा उल्लेखित आरियाचक्रवथी वा तिनको कुनै उत्तराधिकारीले कालान्तरमा आफूलाई जाफ्नाको राजा घोषित गरेको हुन सक्छ । आरियाचक्रवथी कुनै वास्तविक नामलाई नभई एउटा वंशलाई जनाउँछ ।

५

# श्रीलंकाका जातीय समूहहरु

श्रीलंकका मानिसहरु विभिन्न जातीय समूहरुमा विभाजित छन् । यी जातीय समूहहरुका आपसी द्वन्दले उनाइसौं शताब्दीदेखि नै त्यहाँको सार्वजनिक जीवनलाई प्रभावित तुल्याएको छ । कुनै पनि व्यक्तिको जातीय पहिचान वा परम्परालाई बुझ्न भाषा तथा धर्मलाई आधार मानिन्छ । यी दुई तत्व वा विशेषताले श्रीलंकामा चारवटा प्रमुख जातीय समूहहरुको उत्पति गराउँछन् । ती हुन् ; तमिल, सिंहली, मुसलमान र  बर्गर । त्यहाँका जातीय विभाजन सम्प्रदाय वा शारीरिक बनोटको आधारमा छैन । केही श्रीलंकालीहरु कुनै व्यक्तिको मुखाकृति वा रंगको आधारमा उसको जातीयता निर्धारण हुने दावी गर्छन् । तर बस्तुतः त्यसलाई नत व्यवहारिक नै मान्न सकिन्छ नत प्रमाणित गर्न सकिन्छ । श्रीलंकामा भाषा अथवा धर्मको व्यवस्थामा त्यस्तो केही छैन, जसले औपचारिक रूपमा व्यक्तिलाई सामाजिक तवरमा विभेद गर्दछ । तर ऐतिहासिक, राजनीतिक  परिस्थितिहरूले विभिन्न समयमा एक वा अर्को जातीय समूहलाई समर्थन गरेर राजनैतिक तथा आर्थिक शक्तिका लागि कतिपयमा आपसी वैमनस्य,  शत्रुता तथा प्रतिद्वन्द्वितालाई जन्माएको, बढाएको छ ।

## सिंहली

सिंहलीहरू देशको बहुसंख्यक जातीय समूह हुन् । *सन् १९८१ को जनगणना बमोजिम तिनको संख्या १.१ करोड अर्थात कूल जनसंख्याको ७४% छ* । उनीहरू मुख्यतयाः आफ्नो भाषा सिंहलाबाट चिनिन्छन् । उक्त भाषा हिन्दी तथा अन्य उत्तर भारतीय भाषाका साथै अधिकाँश यूरोपेली भाषाहरू समावेश भएको भारोपेली भाषासमूह अन्तरगत पर्दछ । सम्भवतः उत्तरी भारतका समूहहरूले लगभग ५०० ई.पू.मा उक्त टापूमा प्रवेश गर्दा सिंहलाको प्रारम्भिक रूपलाई समेत भित्र्याए । साथै उनीहरूले आफूसंगै कृषिजन्य अर्थतन्त्र पनि ल्याए, जुन बीसौं शताब्दीसम्म आफ्नो प्रभाव जमाइरह्यो । तर शुरूदेखि नै सिंहलामा तमिलका बृहद् आगन्तुक शब्द तथा शब्द विन्यास समावेश गरिएको छ । साथै आधुनिक बोलीमा यूरोपेली भाषाहरू, खासगरि अंग्रेजीका अनेकन् अभिव्यक्तिहरू समाविष्ट छन् । सिंहलीहरू आफूलाई उत्तरी भारतबाट आएका राजकुमार विजय तथा तिनका आप्रवासी समूहको वंश मान्दछन् । तर सम्भवतया सिंहली आप्रवासीहरूको मूलसमूहले कालान्तरमा आदिवासीहरूसंग परस्परमा विवाह गरे । विस्तारै, अर्थात् विगत २५०० वर्षमा सिंहलीहरूले टापूमा रहेका तथा दक्षिण भारतबाट आएका विभिन्न जातजाति तथा जनजातिलाई अंगाले ।

बौद्ध धर्मले सिंहलीहरूको संगठनलाई जातीय सम्प्रदायको रूपमा सुदृढ गर्दछ । *सन् १९८८ मा लगभग ९३ प्रतिशत सिंहला भाषी बौद्ध धर्मावलम्बी थिए । श्रीलंकामा बस्ने ९९.५ प्रतिशत बौद्ध धर्मावलम्बीहरू सिंहला बोल्थे (तत्कालिन सरकारी तथ्यांक)* । श्रीलंकाका अति लोकप्रिय सिंहला लोककथा, साहित्य तथा कर्मकाण्डले केटाकेटीलाई सानै उमेरदेखि बौद्ध धर्मको विशेषता तथा टापूको संस्कृति तथा राजनीतिका साथै क्षयोन्मुख साँस्कृतिक सम्पदालाई जोगाउन सिकाउँछ । त्यहाँ बौद्ध भिक्षुहरूलाई निकै सम्मान गरिन्छ । तिनीहरू सार्वजनिक जीवनका महत्वपूर्ण कार्यक्रमहरूमा सहभागी हुन्छन् । कतिपय युवकहरूका लागि भिक्षु बन्नु उच्च लक्ष्य मानिन्छ । छिमेकमा अवस्थित बौद्ध विहार वा मठमन्दिर सिंहली गाउँलेहरूको साँस्कृतिक केन्द्रका रूपमा रहेको हुन्छ । समान भाषा तथा धर्मले सम्पूर्ण सिंहलीलाई एक सूत्रमा बाँधेको हुन्छ । तर “कान्दयान” तथा “तल्लो-ग्रामीण” सिंहलीहरुमा प्रष्ट भेद छ । किनभने उच्च पहाडमा अवस्थित क्याण्डी राज्य सन् १८१८ सम्म स्वतन्त्र नै रहेको हुनाले त्यहाँ संकीर्ण साँस्कृतिक तथा सामाजिक प्रारूप कायमै रहे । त्यहाँ अंग्रेजी शिक्षालाई कम सम्मान गरिन्थ्यो, तर परम्परागत बौद्ध शिक्षा, सिंहली संस्कृतिको संरक्षणका लागि महत्वपूर्ण कारकका रूपमा रह्यो । पूर्ववर्ती उच्चवर्गीय कान्दयानले आफ्नो सामाजिक प्रतिष्ठा कायम राखे र व्यवसायिक सम्बन्ध देखाउने जातीय विभाजन विस्तारै परिवर्तित भयो । अर्कोतर्फ श्रीलंकाका मैदान (तराई) तथा तटीय भागमा ४०० वर्षको यूरोपेली शासनले सामाजिक जीवनमा निकै परिवर्तन आयो । तटीय मानिसहरूमध्ये निकै ठूलो समूह, खासगरि कारावा जातिले पुर्तगाली, डच तथा ब्रिटिशहरूको सशक्त मिशनरी प्रभावले गर्दा ईसाई धर्मलाई अपनाए । *सन् १९८० को प्रारम्भमा सिंहली समुदायमा ६६ प्रतिशत रोमन क्याथोलिक तथा ४३ प्रतिशत प्रोटेस्टेन्टहरु थिए* । तिनताकका आर्थिक अवसर तथा औपनिवेशिक सरकारमा सेवा र जागिरको मौकाले गर्दा सामाजिक रुपमा सम्पूर्ण जातिलाई नै प्रतिष्ठित समाजको तहमा दरिन सम्भव बनायो । उच्च वा तल्लो तबकाका भन्ने पुराना धारणा हराएर गयो । त्यसको ठाउँमा यूरोपेली भाषा तथा सरकारी सेवा वा प्रशासनसम्बन्धी ज्ञानले गर्दा नयाँ  प्रबुद्ध वर्गको जन्म भयो । डच कानूनी व्यवस्थाले परम्परागत पारिवारिक

कानूनमा परिवर्तन ल्यायो । वृहत्तर एवं बढी विश्वव्यापी धारणाले गर्दा तल्लो ग्रामीण सिंहलीलाई बढी "कट्टरपन्थी" रहेका उच्च पहाडी सिंहलीसंग भेद गरायो ।

## तमिल

तमिल भनी सामूहिक रूपमा चिनिने मानिसहरु, जसको संख्या सन् १९९१ मा श्रीलंकाको कूल जनसंख्याको १८ प्रतिशत थियो, तिनले मातृभाषाको रूपमा तमिल भाषा प्रयोग गर्छन् । तमिल भाषा भारतीय प्रायद्वीपमा बोलिने द्रविडियन भाषाहरू मध्येको एक हो । लगभग १५०० ई.पू.मा भारोपेली भाषीहरूको आगमनपूर्व दक्षिण एशियामा यो भाषा प्रभावकारी रुपमा विद्यमान थियो । दक्षिण भारतमा कमसेकम २००० वर्षसम्म उच्च स्तरको तमिल साहित्य विद्यमान रह्यो । तमिल भाषाले उत्तर भारतीय भाषाका कतिपय शब्दहरू अपनाएपनि बीसौं शताब्दीको उत्तरार्द्धमा यसले बिशुद्ध द्रविड बोलीका अनेक रूपहरूलाई कायम राख्यो - यसले गर्दा तमिलहरु आफुलाई निकै गौरवान्वित ठान्दछन् । भारतीय राज्य तमिलनाडु ("तमिलभूमि") मा कमसेकम ४ करोड जनता तमिल बोल्छन् । साथै छिमेकी दक्षिण भारतीय राज्यका लाखौं जनताहरू र विश्वभरि फिंजिएका करांडौं आप्रवासीहरूले समेत उक्त भाषा प्रयोग गर्छन् ।

श्रीलंकामा प्रागऐतिहासिक कालदेखिनै दक्षिण भारतबाट लगातार बसाईसराइ भएको थियो । यद्यपि एकताका सिंहलीहरूको पुरै श्रीलंका माथि नियन्त्रण थियो । उनीहरूले आफ्ना भाषा तथा संस्कृतिलाई नै टापूको मूल भाषा र संस्कृति मान्थे । तसर्थ उनिहरुको दृष्टिमा तमिलभाषी आप्रवासीहरू विदेशी समुदायका रूपमा थिए । यी मध्ये केहीले आफ्नो भाषा तथा संस्कृतिलाई त्यागी सिंहली परम्परा मै समाहित भए । तर अधिकांशले भने तमिल नै बोलिरहे र दक्षिण भारतलाई आफ्नो सांस्कृतिक आदिगृहका रूपमा मानिरहें । तमिलनाडुसंगको तिनको सम्बन्ध श्रीलंका तथा दक्षिण भारतका राजाहरूबीच भएको युद्धताका झन् सुदृढ भयो । चोलाहरूसंगको युद्धताका यो भावना चरमोत्कर्षमा पुग्यो । सम्भवतया अधिकांश तमिलभाषीहरूको पुर्ख्यौली चोला विजयपश्चात नै श्रीलंकामा प्रवेश गरें । शायद यसैले गदौ नै होला, श्रीलंकामा प्रयुक्त केही व्यक्तिगत नाम तथा कतिपय भौतिक संरचनाहरूको निर्माणले आजपनि चोला शासनकालको सम्झना गराउँछ ।

श्रीलंकाली तमिल समुदाय सांस्कृतिक तथा धार्मिक विचित्रता तथा उच्चता सम्बन्धी प्रभावकारी मिथक भएकोमा गर्व गर्छन् । उक्त कुरा खासगरि जाफ्ना प्रायद्वीपमा बस्ने प्रभावशाली जाति भेल्लाला तमिलका बारेमा सत्य साबित हुन्छ । तिनले भारतमा बस्ने तमिल स्वजन तथा श्रीलंकामा बस्ने भारतीय तमिलका साथै सिंहलीहरूलाई कम सभ्य र हीन ठान्छन् (*यसरी उनिहरुले केही हदसम्म दुई तमिल समुदाय मिलेर टापूलाई खपलक्क निल्ने सिंहलीहरूको भयलाई कम पार्छन्* ) । मानवशास्त्री ब्रुस फाफेनबर्गरका अनुसार, भेल्लाला तमिलले हिन्दू संस्कारको सही अनुसरण हुनुपर्ने, आफ्ना महिलाहरू सतीत्ववान भएका तथा जातिसम्बन्धी स्तरका कुराहरूलाई सटीक ढंगले कायम गर्नु पर्ने कुरामाथि जोड दिन्छन् । फाफेनबर्गरका अनुसार भेल्लालाले जाफ्ना प्रायद्वीपलाई आफ्नो *नातु* वा देश ठान्छन् । तिनका राजाहरूले शासन गरेको यो पुर्तगालीहरूको आगमनभन्दा अगाडि नै तेह्रौंदेखि सोह्रौं शताब्दीसम्म अस्तित्वमा रहेको थियो । सबै श्रीलंकाली तमिलहरू भेल्लाला जातिका सदस्य होईनन् तर पनि यसका सदस्यहरूले स्थानीय व्यापारी तथा प्रबुद्ध वर्गमा आफ्नो प्रभुत्व राखेका थिए । यसका मूल्य तथा मान्यताहरुले अन्य जातिका तमिलहरूमाथि बलियो प्रभाव पारेका थिए ।

श्रीलंकाका तमिलभाषीहरू दुई समूहमा बाँडिएका छन् । तिनको यस देशसंगको सम्बन्ध र उत्पति नितान्त फरक देखाउँछ । श्रीलंकाली तमिल भनिनेहरु आफूहरू निकै पहिले आप्रवासमा आएको ठान्छन् र स्वयंलाई श्रीलंकाको मूल अल्पसंख्यक तमिलको रूपमा लिन्छन् । सन् १९८१ मा उनीहरूको जनसंख्या १,८८६,८७२ अर्थात् १२.७ प्रतिशत थियो । जबकि, भारतीय भनिने तमिलहरू आप्रवासीको रुपमा ब्रिटिशहरूसंग मध्य पहाडी भागमा खेतीका लागि आउनेहरुका वंशज हुन् । उनीहरू श्रीलंकाली लगायत अन्य जातिसंग समेत अलग भई खेतीमा बस्ने भएकाले भारतीय तमिलहरू परम्परागत समाजमा एकीकृत हुन सकेनन् र सोही कारणले सिंहलीले तिनलाई विदेशीसरह व्यवहार गर्छन् । यिनिहरु प्रति राज्यको पूर्वाग्रही सोच भएकोले तिनलाई तमिलनाडु तिरै बिस्थापित गर्ने सिंहलीहरुको कार्यक्रमले गर्दा श्रीलंकामा तमिलहरूको संख्या घट्दै गइरहेको छ ।

तमिलहरु परम्परागत जातीय आधारमा एकअर्कासंग धार्मिक आस्था, समान तमिल भाषा र एउटै तमिल संस्कृतिका कारणले एकसूत्रमा बाँधिएका छन् । करीब ८० प्रतिशत श्रीलंकाली तमिलहरू र ९० प्रतिशत भारतीय तमिलहरू हिन्दू धर्मावलम्बी हुन् । उनीहरूको बौद्ध धर्मावलम्बीहरूसंग थोरैमात्र सम्पर्क छ । उनीहरू विभिन्न हिन्दू देवीदेवतालाई पूज्छन् । तिनका धार्मिक मिथक, सन्तहरूका कथा, साहित्य तथा कर्मकाण्डहरु सिंहलीहरूका साँस्कृतिक स्रोतहरूभन्दा फरक छन् । तमिलहरूका जातीय समूह तथा धार्मिक आस्था तथा

विश्वास पनि सिंहलीहरूका भन्दा फरक छन् । तर धर्म र वर्ण व्यवस्थाले तमिल जातीय समुदायभित्र विभाजनहरू खडा गरेका छन् । अधिकांश भारतीय तमिलहरू तल्ला जातका सदस्य हुनाले श्रीलंकाका उपल्ला र मध्यम वर्गका तमिलहरूबाट सम्मानित छैनन् । साथै केही अल्पसंख्यक तमिलहरू, ४.३ प्रतिशत श्रीलंकाली र ७.६ प्रतिशत भारतीय तमिलले ईसाई धर्मलाई अपनाएका छन् । तिनका छुट्टै पूजास्थल र सांस्कृतिक जीवनशैली छन् । यसरी बस्तुतः श्रीलंकाका अल्पसंख्यक तमिल समुदाय धेरैजसो सिंहलीहरूको मूलधार भएको संस्कृतिबाट अलग्गिएका छन् र दुई प्रमुख समूहमा विभाजित भई अल्पसंख्यक ईसाई धर्मावलम्बी भएर बसेका छन् ।

## मुसलमान

श्रीलंकाको कुल जनसंख्याको ७ प्रतिशत भाग ओगटेको अल्पसंख्यक मुसलमानहरूले इस्लाम धर्मलाई मान्दछन् । त्यहाँ अन्य जातिसरह मुसलमानहरुको पनि छुट्टै प्रार्थनास्थल, धार्मिक तथा सांस्कृतिक नायकहरु, सामाजिक परिधि र भाषाहरू छन् । मुस्लिम समुदाय तीन प्रमुख भागमा बाँडिएका छन् - श्रीलंकाली मूर, भारतीय मूर तथा मलेय । यिनीहरु हरेकका आफ्नै इतिहास र परम्परा रहेका छन् । सन् १९८१ मा कुल १,०४६,९२६ मुस्लिम जनसंख्या भएकोमा यसको ९३ प्रतिशत श्रीलंकाली मूरहरू छन् (देशको कुल जनसंख्याको ७ प्रतिशत) । यिनका पुर्ख्यौली अरबी व्यापारीहरू थिए, जुन आठौं देखि पन्ध्रौं शताब्दीका बीच कुनै समयमा दक्षिण भारत र श्रीलंका आएका हुन् । यस समुदायले तमिल भाषालाई अपनाए, जुन त्यस बखत हिन्द महासागर क्षेत्रमा प्रयोग हुने व्यापारको आम भाषा थियो । अन्ततः तिनीहरू श्रीलंकामा बसोबास गर्न थाले । श्रीलंकाली मूरहरू मुख्यतया तटीय व्यापारी तथा कृषक समुदायमा बसे र कतिपय दक्षिण एशियाली चलनहरू अपनाएपनि आफ्नो इस्लामिक सांस्कृतिक सम्पदालाई जोगाइ राखे । पुर्तगाली औपनिवेशीकरणका दौरान मूरहरूलाई यातना दिइयो जसले गर्दा धेरैजसोले सुरक्षाका खातिर उच्च पहाडी स्थलतर्फ बसाइ सरे । त्यहाँ अझ् पनि तिनका वंशजहरू बस्छन् । श्रीलंकाली मूरहरूले तमिल भाषा प्रयोग गर्छन् । यो एकप्रकारको “अरबी तमिल” हो, जसमा थुप्रै अरबी शब्दहरू मिसिएका छन् । पूर्वी तटमा तिनको पारिवारिक सम्बन्ध महिलाहरू मार्फत जानिन्छ । उदाहरणका लागि दक्षिणपश्चिमी भारतीय राज्य केरलाको पारिवारिक प्रथालाई लिन सकिन्छ । तर उनीहरू मूलतः इस्लामिक नियमहरुको पालना गर्छन् ।

भारतीय मूरहरू औपनिवेशिक कालका दौरान व्यापारिक अवसरका लागि भौंतारिदै हिंडेका मुसलमानहरूका सन्तान हुन् । ती मध्ये केही धेरै पहिले, अर्थात पुर्तगाली शासनकालमा श्रीलंका पसे । अरुहरू भारतका विभिन्न भागबाट ब्रिटिशकालमा प्रवेश गरे । मूलतः सिन्ध (आधुनिक पाकिस्तानमा) बाट आएका मेमनहरू सर्वप्रथम सन् १८७० तिर सिलोन पुगेका थिए । सन् १९८० मा यिनको संख्या लगभग ३००० मात्र थियो । बोहरा र खोजाहरु सन् १८८० पछि उत्तरपश्चिम भारत (गुजरात राज्य) बाट आएका हुन् । सन् १९८० मा तिनको कुल संख्या २००० भन्दापनि कम थियो । यी समूहहरुले छुट्टै पूजास्थल र पुर्ख्यौली भाषालाई कायम राख्ने प्रयास गरे । मलेयहरूको उत्पति स्थल दक्षिणपूर्व एशिया हो । तिनका पुर्खाहरू सिलोन र इन्डोनेशिया, दुवै मुलुक डचहरूको उपनिवेश रहेको बेला सिलोन आएका हुन् । शुरूका मलेय आप्रवासीहरूमध्ये अधिकांश सिपाही थिए । तिनलाई औपनिवेशिक डच प्रशासनले सिलोनमा खटाएका थिए । तिनीहरूले पछि टापूमै बस्ने निर्णय गरे । अन्य आप्रवासीहरूमा इन्डोनेशियाका कुलीन वर्गका मानिसहरु तथा विभिन्न कारणहरुबाट सजाय पाएका अभियुक्तहरु हुन्, जस्लाई दण्ड स्वरुप सिलोनमा पठाइएको थियो र तिनले कहिल्यै त्यस मुलुकलाई छाडेनन् । मलेयहरूको गणनाको मूल आधार भने मलेय भाषा (*भाषा मेलायु*) हो । यसमा सिंहली र तमिलका कतिपय शब्दहरु लिइएका छन् र यो भाषा मलेयहरुका घरमा बोलिन्छ । सन् १९८० को दशकमा मलेयहरूको जनसंख्या श्रीलंकामा बस्ने मुसलमानहरूको करीब ५ प्रतिशत थियो ।

## बर्गर

‘बर्गर’ शब्दको प्रयोग डच शासनकालमा सिलोनमा बस्ने यूरोपेली समुदायका मानिसहरुका लागि गरियो । यसै क्रममा सिलोनका यूरोपसंग सम्बन्ध हुने कुनैपनि स्थायी निवासीका लागि सो शब्दको प्रयोग हुन थाल्यो । अन्त्यमा यसबाट डच र पुर्तगाली बर्गर दुबैलाई चिनिन थालियो । आफ्ना जातीय उत्पतिबारे सधैं गौरव महसूस गर्ने बर्गरहरूले यूरोपेली संस्कृतिमा चुर्लुम्मै डुबेर, प्रचलित यूरोपेली उपनिवेशको भाषा बोलेर तथा सर्वोत्तम औपनिवेशिक शैक्षिक एवम् प्रशासनिक पदहरु सम्हालेर श्रीलंकाका अन्य मानिसहरुको तुलनामा अलग

तथा अभिजात्य पहिचान बनाउन पुगें । उनीहरू प्रायः ईसाई रहेका छन् र शहरी वातावरणमा बस्छन् । तर स्वतन्त्रतापछि बर्गर समुदायले आफ्नो प्रभाव गुमाएको छ । यस समुदायमा देखिएको तिव्र वाह्यप्रवासले गर्दा उनीहरूको संख्या खुम्चिदै गएको छ । सन् १९८१ मा बर्गरहरूको जनसंख्या ०.३ प्रतिशत अर्थात ३९,३७४ थियो ।

## भेद्दाह

भेद्दाहहरू श्रीलंकाका प्राचीन वासिन्दाहरूका अन्तिम वंशज हुन् । तिनीहरू सिंहलीभन्दा पनि अगावै श्रीलंका आएका हुन् । उनीहरूलाई धेरै लामो समयदेखि मूलतः शिकारी तथा एउटा सानो क्षेत्रमा झुम्मिएर बस्नेको रुपमा जानिन्छ । यसैले यिनिहरुको संख्यामा बिस्तार भएन । उनीहरू सिंहलीहरूको विस्तारसंगै लोप भएर गए । सन् १९८० को दशकमा भेद्दाहहरू पूर्वी पहाडमा बस्थे । त्यहाँ केही भेद्दाहहरू महावेली गर्ग कार्यक्रम अन्तरगत पुनः फेला परेका छन् । उनीहरूको आफ्नो भाषा छैन । उनीहरू गरिब सिंहलीका छिमेकी सरह छन् र ससाना गाउँमा भेटिन्छन् । भेद्दाहहरू छुट्टै जातीय समूहभन्दा पनि यौटा जातिको रूपमा बढी लिइन्छ । उनीहरूलाई प्रायः सिंहलीहरूको प्रभावशाली थर गोयीगामा सरहको मानिन्छन् ।

६

# सिंहलीहरुको लोकप्रिय बौद्ध धर्म

सिंहलीहरु अपवाद वाहेक बौद्ध धर्मलाई मान्दछन् । थेरापंथ बौद्ध धर्म कै एक सम्प्रदाय हुन् । थेरावादी (*Theravada*) बौद्धमार्गमा कुनै केन्द्रीय धार्मिक प्राधिकार छैन । खासगरि गुम्बा (मठ) समुदाय विभिन्न प्रकारका अनुशासन तथा धर्म प्रवेशका शैलीका आधारमा विभिन्न समूहहरुमा बाँडिएको छ । यस मध्येका आधुनिक समूहको व्यापक रूपरेखाको अठारौं शताब्दीमा उत्पति भयो । त्यतिञ्जेल मठाधीशहरू पूर्णतया गोयिगामा जातिका माथिल्लो तहबाट आउँथे । तिनले तल्ला जातिका मानिसले काम गर्ने मठका सम्पतिहरूबाट हुने आम्दानीलाई सजिलै भोगचलन गर्थे । मठीय विधान वा पुरोहित्याईको यो औपचारिकता यसकारणले भयो कि, तिनताकका भिक्षुहरू पाली संस्कारदेखि अनभिज्ञ थिए । सन् १७५३ मा कान्दयान राजाले थाइल्याण्डका थेरावादी भिक्षुहरू मार्फत सिंहली शिष्यहरूलाई पुरोहितको तालीम दिने व्यवस्था गरेर बौद्धधर्मको संरक्षक हुने कर्तव्य निर्बाह गरे । यसबाट सियाम निकाय (*siamese order*) भन्ने नयाँ सम्प्रदाय खडा भयो । यसले प्राचीन सिंहली परम्पराको अध्ययन तथा प्रचारप्रसारलाई थप बल पुग्यो । उक्त समूह विशुद्ध गोयिगामाहरुको बर्चस्वको रह्यो । बुद्ध धर्मको प्रचारसंगै उन्नाइसौं शताब्दीसम्ममा धम्ममा बढ्दै गएको तल्ला जातिका सदस्यहरू संघ माथि गोयिगामाहरूको एकाधिकारबाट नाखुश थिए । अर्कोतर्फ धनी व्यापारीहरूले थाई भिक्षुहरूमार्फत कारभा युवकहरूलाई दीक्षा दिलाउने व्यवस्था गरे । यी दीक्षित भिक्षुहरुले अमरपुरा निकाय (*समूह*) खडा गरे, जुन कालान्तरमा विभिन्न जातिमा टुक्रियो । नीतिगत र ध्यानको भूमिकासम्बन्धी विवादले उन्नाइसौं शताब्दीको उत्तरार्द्धमा अर्को एक संगठन, *रमन्ना* निकायको स्थापना गरायो । सन् १९८० को दशकमा २०,००० भिक्षु भएको सिंहली संघ तीन प्रमुख खण्डमा विभाजन भयो र ती पुन: "*परिवार*" मा विभाजित भए । सियाम निकायमा छ वटा विभाजन भयो । अमरपुरा निकाय तेइस खण्डमा बाँडियो । *रमन्ना* निकाय दुई समूहमा विभाजित भयो । हरेक परिवारले आफ्नै पुरोहित्याई वा दीक्षाक्रम कायम गऱ्यो । जुन श्रद्धा समर्पण गर्ने क्रममा तलबाट महान गुरुहरु हुदै अन्ततः बुद्धसम्म जान्छ । जातिको कुराले विभिन्न सम्प्रदायको सदस्यतालाई निर्धारण गर्दथ्यो । बौद्ध विहार समुदायका सदस्यहरू प्रारम्भिक बौद्ध धर्मको नीतिगत शुद्धतालाई संरक्षण गर्ने काम गर्दछन् । तर आम समुदाय अन्य व्यापक आस्था र धार्मिक कृयाकलापलाई अंगीकार गर्दछ । ती भने भिक्षुहरूद्वारा अपनाईएर सिंहली धर्ममा एकीकृत गरिएका छन् । यस लोकप्रिय धर्मका कतिपय विशेषताहरू हिन्दू धर्म तथा सुर असुरको अति प्राचीन परम्पराहरूबाट आउँदछन् । यस अर्थमा सिंहली बौद्ध धर्म विभिन्न धार्मिक तत्वहरूको एक अनौठो साँस्कृतिक प्रणालीको रूपमा सम्मिश्रण हो ।

बुद्धको स्मरण गरेर व्यक्त गरिने श्रद्धा तथा बुद्धलाई ईश्वरको रूपमा गरिने पूजाबीच झिनो सिमाना छ । प्रायसः अबुझ व्यक्तिहरुले बुद्धलाई सर्वोच्च आध्यात्मिक शक्तिका रूपमा पूजा गरि सो रेखालाई पार गर्ने गर्दछन् । उदाहरणका लागि बुद्धका अवशेषहरूमा गजबको शक्ति रहेको लोकोक्तिलाई लिन सकिन्छ । सिंहलीहरूको साहित्य तथा लोककथा वा आख्यानहरु अवशेषसम्बन्धी छक्क लाग्दा घटनाहरुको वर्णनले भरिपूर्ण छन् । बुद्धको प्रतिमा निर्माण गर्ने दौरानमा तिनका आँखाको चित्रण गर्ने क्षण अत्यन्तै महत्वपूर्ण भनिन्छ, जब प्रतिमाको आँखा दैवीशक्तिबाट "*सजीव*" हुन पुग्छ । क्याण्डीमा बुद्धको दाँत संरक्षित गरिएको टेम्पल अफ द टूथ (दाँतको मन्दिर) मा हिन्दू मन्दिरमा गरिने पूजाआजा सरह नै धार्मिक कृयाकलाप गरिन्छ । हिन्दूहरुले देउतालाई खुवाए झै यहाँ पनि बुद्धलाई राम्रा परिकारहरु ख्वाउने र लुगा फेर्ने कामहरु गरिन्छ । साधारणतया भक्तजनमा यो विश्वास छ कि, बुद्धको ज्ञानप्राप्तिले उनलाई सर्वशक्तिमान बनाउँछ, जसले गर्दा उनले समय, अन्तरीक्ष र अन्य सबै अलौकिक प्राणीमाथि नियन्त्रण गर्न सक्छन् ।

बुद्ध इश्वरको रुपमा यति शुद्ध र शक्तिशाली छन् कि, उनले संसारिक कृयाकलापमा व्यक्तिगत हस्तक्षेप गर्दैनन् । त्यो सब भौतिक तथा आध्यात्मिक घटनालाई नियन्त्रित गर्ने सुर (*देव*) र असुरहरु (*यक्ष*) को काम हो । बुद्धले देव र यक्षहरूको अस्तित्वलाई कहिल्यै नकारेनन् । तर तिनमा आस्था राख्नाले ज्ञानप्राप्तिमा बाधा मात्र पुऱ्याउँछ । सिंहलीहरूमा यो विश्वास छ कि, सर्वशक्तिमान बुद्धले विभिन्न आध्यात्मिक शक्तिलाई प्राधिकृत (*वरण*) दिएका छन्, जसले सम्प्रदायहरूलाई निर्धारित परिधि (*आचार वा सीमा*) भित्र रहि वास्तविकतालाई नियमित गर्ने छुट दिन्छ । दैनिक जीवनमा सहयोग होस् भन्नाका लागि सिंहलीहरूले बुद्धका सट्टा यी आध्यात्मिक शक्तिहरूको आराधना गर्ने गर्छन् । कतिपय बौद्ध विहार तथा दगोबाहरुसँगै शक्तिशालि देवीदेवतालाई समर्पित देवलहरु (*आराधना स्थल*) बनाईएका छन् । बुद्धप्रति श्रद्धा प्रकट गरिसकेपछि भक्तजनहरू दैनिक जीवनमा सहयोग पुऱ्याउनका लागि यी देवीदेवतालाई पूजा गर्छन् र गुहार्छन् । यी

देवलहरूमा छुट्टै पुरोहितहरू (कपुरला) छन् । तिनले शुद्धिकर्म मार्फत देवीदेवतालाई खाना, पुष्प वा बस्त्र अर्पण गर्छन् । यक्षहरूलाई धपाउने वा शान्त पार्ने काम बौद्ध विहारभन्दा धेरै ठाढाका ठाउँमा गरिन्छ । त्यसमा झाक्रीहरूको सहयोगले विशेष धार्मिक कर्म गरिन्छ । समयानुसार विभिन्न देवीदेवताको लोकप्रियता घटबढ हुन्छ । किनभने मानिसहरूले आफ्ना समस्याको समाधानमा बढी प्रभावशाली हुने देवीदेवताको विशेष आराधना गर्छन् । मूल ईश्वरहरूमा विष्णु (*हिन्दू देवताका रूपमा जानिने, तिनलाई बौद्ध धर्मावलम्बीहरूले बोधिसत्व अथवा "बुद्धत्व प्राप्त शक्ति" का रूपमा चिन्छन्, तिनले अरूलाई ज्ञान प्राप्त गर्न सघाउँछन्*), नाथ, विभिषण, समन (*आदम पर्वत तथा वरपरको देवता*) र देवीहरूमा पट्टिनी (*मूलतया एक आम महिला भए पनि पतिव्रताले गर्दा ईश्वरीय दर्जा प्राप्त गरेकी र पद्यमा अमरत्व प्रदान गरिएको*) समावेश गरिएका छन् । बीसौं शताब्दीतामा मोनेरगाला जिल्लामा उद्भव भएको ईश्वर कातारगामा, विभिषण नामक ईश्वरको लोकप्रियता घट्को कारणबाट निकै लोकप्रिय हुन पुगे । बर्षेनी मनाइने कातारगामा पर्व वा जात्राले यस सानो शहरमा लाखौं भक्तजनलाई आकर्षित गर्दछ । तिनमा हिन्दूहरू पनि हुन्छन्, जसले तिनलाई मुरुगन देवताको रूप मान्दछन् । साथै मुसलमानहरू पनि हुन्छन्, जो मस्जिदमा प्रार्थना गर्छन् । पवित्र स्थल र व्यक्तिहरूप्रति देखाइने आम श्रद्धा श्रीलंकाको लोकप्रिय धर्मका अति महत्वपूर्ण विशेषताहरू मध्ये एक हो । यस्तो धार्मिक संयोजनको अर्को उदाहरण हो - श्रीलंकाको प्रमुख देववाणी व्यक्त गर्ने सम्प्रदाय : '*गले बन्दारा देभियो*' । उनी मूलतया मुस्लिम राजकुमार थिए । उनलाई राज्यारोहणबाट बञ्चित गर्ने हेतुले सिंहलीहरूले हत्या गरेका थिए । उनलाई बौद्ध धर्मावलम्बी तथा मुस्लिमहरूले कुरुनेगला जिल्लाको कुरुनेगला भन्ने शहरमा स्थित मन्दिर तथा पवित्रस्थलमा समान रूपले आदर गर्छन् । आधुनिक श्रीलंकामा बढ्दो यातायात तथा संचारका सुविधाले गर्दा प्रमुख तीर्थस्थलहरूमा पनि वृद्धि भएको छ । तिनलाई सिंहली तथा मुसलमान सबैले संयुक्त रूपले संरक्षण गर्छन् । यसले प्रतिस्पर्धामुखी जातीय समूहहरूबीच घनिष्ठ साँस्कृतिक सहयोगलाई पनि बढाएको छ ।

## तमिलहरुको आस्था : हिन्दू धर्म

बौद्धधर्मको ऐतिहासिक संस्थापक, मूलभूत दर्शन तथा औपचारिक भिक्षु संरचना छ भने हिन्दूधर्ममा व्यापक एवं नानाथरीका धार्मिक विश्वास, चलनहरु तथा संगठन छन् । बृहत्तर अर्थमा हिन्दू धर्मले दक्षिण एशियामा उत्पन्न भएका सबै खाले धार्मिक तथा साँस्कृतिक प्रणालीलाई समेटेको छ । कतिपय हिन्दूहरूले बस्तुतः बुद्धलाई हिन्दूहरुकै देवताको एक अवतार र धार्मिक गुरु भान्दछन् भने कतिपयले प्राचीन हिन्दू संस्कृतिको विरोधी तथा सनातन मान्यतामा सुधारकको रूपमा मान्दछन् । मध्यकालीन अरेबियनहरूले सिन्धु घाटीको (*हाल पाकिस्तानमा*) पूर्वमा रहेको सम्पूर्ण साँस्कृतिक सम्प्रदायलाई हिन्दू भनी व्याख्या गरेका थिए । विभिन्न क्षेत्रमा व्याप्त हिन्दू विश्वास तथा चलनहरू समान ग्रन्थबाट उत्पन्न भएको दावी गरिन्छ । तापनि तिनले क्षेत्रीयता कायमै राखेका छन् । श्रीलंकामा हिन्दू धर्म छिमेकी तमिलनाडुको विशिष्ट साँस्कृतिक परम्परासँग घनिष्ठ सम्बन्ध राख्दछ । प्राचीन हिन्दू धर्म अन्तरगत अहिंसालाई मुख्य आस्थाका रूपमा लिइन्छ । उक्त अवधारणा बुद्धका झण्डै पच्चीस सय वर्षपछि महात्मा गाँधीजस्ता सुधारकहरूका लागि निकै महत्वपूर्ण रह्यो । हिन्दू धर्मको प्राचीनतम तथा अति पवित्र श्रोत वेदलाई मानिन्छ । वेदका श्लोक तथा श्रृचाहरूको उक्त संग्रहहरूको उत्पति लगभग १,५०० ई.पू. मा उत्तरी भारतमा भएको थियो । ती उत्तरपश्चिम भारतको (*"सुसंस्कृत" अथवा "शुद्ध" भनिने*) आर्य संस्कृतिमा रचित दक्षिण एशियामा विद्यमान सबैभन्दा प्राचीन ग्रन्थ हुन् । प्राचीन संस्कृतमा रचित वेदहरू प्राचीन देवीदेवतालाई बलि चढाउने बेलामा पुरेत जातिका मानिस (*ब्रम्हणहरू*) द्वारा पाठ गरिन्थ्यो । ब्रम्हण परिवारले हजारौं वर्षदेखि यी श्लोकहरुलाई पाठ गर्दै आएका र पछिल्लो पुस्तामा हस्तान्तरण गर्दै आएका छन् । समाजमा ब्रम्हणहरूले दावी गर्ने आफ्नो जातीय श्रेष्ठता वेदका श्लोकहरुसँगको घनिष्ठतामा आधारित छ । तर व्यापक हिन्दूजनलाई संस्कृत तथा वेदका बारेमा प्रायः कमै जानकारी हुने गर्दछ ।

बुद्धको समयसम्म बौद्धिक विचारहरूले दक्षिण एशियामा हालसम्म प्रभाव राखेका दार्शनिक अवधारणाहरूलाई जन्म दियो । ती विचारहरूले उपनिषद्को रूप लिए । ती मूलतः वेदमाथि टिप्पणीका रूपमा लेखिएका थिए । तर पछि तिनलाई स्वतन्त्र लेखनका रूपमा लिन थालियो । उपनिषद्ले ब्रम्हणलाई निराकार र ज्ञानका अजस्र श्रोतको रूपमा वर्णन गर्छन् । सम्पूर्ण राम्रा कुराहरु तथा ज्ञान ब्रम्हणमा अन्तरनिहित रहेको मान्यता राख्दछ । अन्य विजाति व्यक्ति विशेषको "*आत्मा*" ले ब्रम्हणका उही गुणलाई ग्रहण गरेपनि अज्ञानी भइरहन्छ । सो अज्ञानताको कारण कर्म हो । तर्कले ब्रम्हण भन्नेले एकसत्य वास्तविकतामा ध्यान केन्द्रित गर्नुसट्टा भौतिक संसार तथा स्वयं आफ्ना सृष्टि वा रचनाहरूमा निरन्तर अर्थको खोजी गर्दछ । कर्ममा चुर्लुम्म डुबेको व्यक्ति

विशेषको आत्मा ब्रम्हणमा विलीन भई मुक्त नभएसम्म विभिन्न जुनीमा भौंतारिइरहन्छ । बुद्धको दुःखको ज्ञान तथा ज्ञानप्राप्ति र हिन्दू दर्शनको मूलतत्व : *आत्मा, कर्म तथा ब्रम्हणका बीच घनिष्ठ सम्बन्ध* छ। तर यस मान्यतालाई प्रतिवाद गर्दै बुद्धले दावा गऱ्यो : *आत्मासम्बन्धी अवधारणाको कुनै अर्थ छैन*। यद्यपि हिन्दू दर्शनले आत्माप्रति अगाध विश्वास राखेको छ ।

व्यापक राजनैतिक तथा आर्थिक प्रणालीयुक्त सभ्यता केन्द्रको रुपमा भारतको विकाससँगै हिन्दू धर्म पनि असंख्य देवीदेवता, मन्दिर तथा पूजा पद्धति सम्बन्धी नयाँ अवधारणासँग गाँसिन पुग्यो । यस्तो परिवर्तनको मुख्य केन्द्रविन्दु तमिलनाडु थियो । करीब, ई.पू. १००० सम्ममा तमिलहरूले ब्रम्हण संस्कृतिलाई दक्षिण भारतीय भक्ति धर्मको रूपमा विकास गरिसकेको थियो । उक्त धर्म वेद तथा उपनिषद्का दर्शनमाथि आधारित भएको दावी गरिन्थ्यो । तर यसका जरा स्थानीय देवीदेवता तथा तिनको पूजा वा कृपामार्फत मोक्षको चाहनामै गाडिएको थियो । विभिन्न मिथक, किवदन्ती र पूजा गर्ने शैलीमा विभिन्न देवीदेवताको बर्चस्व देखिन्छ । विष्णु एक प्रमुख देवता हुन् । तिनलाई आग्नी, सुन्दर धर्मपत्नी लक्ष्मीका साथ धनधान्यको वर्षा गर्ने ईश्वरका रूपमा दर्शाइन्छ । देवताहरूको राजा हुनुका साथै भगवान विष्णुले बेला बेलामा पृथ्वीमाथि अवतरण भै (*अवतार लिई*) प्राणीलाई मोक्ष प्राप्त गर्न सघाउँछन् । भगवान विष्णुका दश मुख्य अवतार छन् । तीमध्ये दुई-राम तथा कृष्ण विशेष रूपले लोकप्रिय छन् । राम एक महान योद्धा थिए । तिनले आफ्नी श्रीमतीलाई लंकाका दैत्य राजाको चंगुलबाट छुटाउन गरेका साहसिक कार्यबारे हिन्दू महाकाव्य रामायणमा वर्णन गरिएको छ । विष्णुका सर्वाधिक लोकप्रिय अवतार कृष्ण हुन् । उनी वीर राजकुमार तथा गाउँले गोठालेका रूपमा एकैसाथ देखा परे । योद्धाका रूपमा कृष्णलाई एकमात्र अति महत्वपूर्ण हिन्दूग्रन्थ भागवद् गीतामा प्रमुख रूपले चित्रण गरिएको छ । उक्त ग्रन्थमा उनी आफ्नो कर्म तथा ईश्वर भक्तिमाथि विशेष जोड दिन्छन् । दैवी गोठालाका रूपमा कृष्णका वारेमा संस्कृत तथा अन्य क्षेत्रीय दक्षिण एशियाली भाषाहरूमा लिखित धार्मिक काव्यमा उनको चरित्र प्रेरणाका रूपमा काम गरेका छन् । आठौंदेखि बाह्रौं शताब्दीसम्म विष्णुका भक्तहरूले ईश्वर भक्तिका कविताहरु रचना गरे । काव्य संग्रहहरूमा समाविष्ट यी तमिल कविताहरू अझ पनि विष्णुको पूजा तथा त्यौहारमा पाठ गरिन्छ ।

दोश्रो प्रमुख हिन्दू देवता र तमिलहरूका माझ अति महत्वपूर्ण देवता भनेको शिव हुन् । उनी विष्णुभन्दा निकै फरक छन् । कतिपय आख्यानहरूमा उनी राजाझैं शासन गर्छन् । तर प्रायःउनी जीउमा विभुत (*खरानी*) दलेका, सन्यासीझैं जंगलमा बाघको छालामा विराजमान भएको र घांटीमा सर्प बेरिएको रूपमा देखिन्छन् । उनी पशुराज हुन् । सन्यासी भए पनि उनी वासनाका प्रतिमूर्ति हुन् । उनको बिहा हिमालयकी पुत्री रूपवती पार्वतीसँग भएको हो । उनको मूर्ति प्रायः लिंगको रूपमा रहेको एक शिला मात्र हुन्छ । प्रायः उनी सुदूर देवका रूपमा देखिन्छन् । तिनको शक्ति विनाशकारी छ । उनका भक्तहरू उनको मिथक भनी अघाउँदैनन् । तर प्रार्थीहरूले तिनलाई ब्रम्हाण्डको श्रष्टाका रूपमा देख्छन्, जसले प्राणीहरूले तिनमा आस्था राखी तिनकै शरणमा पर्न गएमा तिनको रक्षा पनि गर्नेछन् । तिनको अति शक्तिशाली रूपमध्ये नटराज अर्थात् "नृत्यको राजा वा देवता" एक हो । त्यस रूपमा उनी विश्वको सुरताललाई बडो मीठो रूपमा ढाल्छन् । मध्ययुगको प्रारम्भमा महान भक्तहरू (*नयनमार*) ले शिव र शिवस्थलहरूलाई समर्पित गरिएका अनेक कविताहरू संकलन गरे । जसलाई अझ्पनि तमिलहरूले वेदसरी पवित्र मान्दछन् । हिन्दू तमिलहरुले देवीहरूलाई निकै महत्व दिन्छन् । शिव तथा विष्णुका मन्दिरहरूमा तिनका देवीहरूको पनि मूर्ति स्थापित हुन्छन् । कतिपय ठाउँमा भने देवी (*अम्मा*) लाई तिर्थालुहरूले बढी भक्तिकासाथ पूजा गर्छन् । हिन्दू दर्शनले देवीलाई शक्ति अथवा ब्रम्ह् शक्ति (*विश्वमा ईश्वरको अपराजेय शक्ति*) का रूपमा व्याख्या गर्दछ । तसर्थ तिनलाई आभार प्रकट गरिनु पर्ने वा मत्थर पारिनु पर्ने तत्कालिक सृजनात्मक वा विध्वंशकारी शक्तिका रूपमा देखिन्छ । देवीको अधिकाँश प्रतिरूप विध्वंशकारी वा हिंसक हुन्छ र तिनलाई प्रायः यस्तो योद्धाको रूपमा देखिन्छ जसले असुरलाई स्वयंले वा शिवले संग्राममा हराउनु छ । मरिअम्माका रूपमा तिनको उपासनामा त्रृटी हुँदा बिफर, दादुरा ल्याउने गर्थिन् र अझ पनि तिनले गर्मीयाममा रोगहरू फिंजाउने विश्वास गरिन्छ ।

हिन्दूहरुमा मूल ईश्वरहरूका साथै अन्य सहायक देवताहरू पनि प्रायः सर्वाधिक प्रिय हुन्छन् । हात्तीको टाउको भएको शिव पार्वतीका पुत्र गणेश अथवा पिल्लैयार (*गणपति*) सौभाग्यका देवता हुन् । तिनलाई धार्मिक कृयाकलापको शुरूमै वा व्यापार आदि नयाँ काम थाल्दा अथवा सानो यात्रामा जाँदा पनि पूजा गरिन्छ । तिनको भाइ मुरुगन सुन्दर तथा युवा योद्धा छन् । तिनी भाला बोक्छन् र मयूरको सवारी गर्छन् । तिनको पूजा पाखापर्वतमा समेत गरिन्छ । तिनका भक्तहरूले निकै ठूला प्रण गर्छन् र कठिन जीवन बिताउँछन् । त्यसअन्तर्गत आफैलाई आघात पार्ने काम पनि गरिन्छ । हरेक गाउँको संरक्षक देवीदेवताहरु हुन्छन् । तिनलाई प्रायः योद्धाको रूपमा चित्रण गरिन्छ र तिनका बारेमा स्थानीय कथा तथा ऋषिमुनिहरुबाट निःसृत आख्यानहरु हुन्छन् ।

७

# जातीय स्वभाव

पुर्तगालीहरूले दक्षिण एशियामा व्यापारको विस्तारकै क्रममा थाहा पाए कि, दक्षिण एशियाली प्रदेशहरु तथा उनिहरुको विश्वका समाजमा निकै फरक छ । भारत तथा श्रीलंकाका समाज ठूल्ठूला समूहमा बाँडिएका हुन्छन् र केहि नाता विशेष पर्दा एकआपसमा बिहा गर्दैनन् । उनीहरूको परस्परमा साइनो, र नाता हुन्छ । यसले सम्बन्धको स्तर (*आदर गर्नु पर्ने वा नपर्ने*) जस्ता कुराहरुको निर्धारण समेत गर्दछ । उनीहरू विभिन्न धार्मिक कृयाकलापमा भाग लिंदै अन्तर्कृया गर्छन् । पुर्तगालीहरूले तिनलाई कास्ता (*casta*) भन्थे । सो शब्दबाट अंग्रेजी शब्द कास्ट (*caste*) उत्पन्न भयो । दक्षिण एशियामा त्यसको अर्थ जाति भनेर बुझिन्छ । परम्परागत संस्कृतिका अनुसार हरेक व्यक्ति कुनै समूह विशेषमा जन्म लिन्छ, जसले समाजमा उसको अपरिवर्तनीय स्थान तोक्दछ । जातिसंग सम्बन्धित अति मूलभूत धारणाहरूमध्ये पवित्रता वा शुद्धता (*चोखोपना*) लाई एक मानिन्छ । तर उक्त धारणाले अन्ततः मानसिक वा आध्यात्मिक शुद्धतालाई जनाउँछ जुन शरीरेत्तर कुरा हो । भारतीय चिन्तनसंग सम्बन्धित धार्मिक व्याख्याले व्यक्तिगत मोक्ष वा ज्ञान नै जीवनको अन्तिम लक्ष्य हो भन्ने कुरामाथि बढी जोड दिन्छ । साथै, एक व्यक्ति विभिन्न जुनी र अनुभवहरुलाई पार गरेर मात्र भौतिक संसारभन्दा माथि उठ्न सक्ने पर्याप्त ज्ञान प्राप्त गर्छ । ज्ञान वा बुद्धत्वको यस मार्गमा निकै फड्को मारेका प्राणीले आफ्नो चेतनालाई चोख्याएर जीवनलाई सुचारु बनाउँछन् । यसरी तिनको मोक्षको मार्गमा पर्ने जथाभावी अनुभवलाई छेक्छ । अति विशुद्ध जीवनशैली भएका व्यक्ति समूहहरू आध्यात्मिक मार्गमा निकै अगाडि बढिसकेका हुन्छन् र आदरका पात्र मानिन्छन् । शुद्धतासम्बन्धी यी विचारहरूले समाजलाई ठूला समूहमा बाँड्न पर्ने आवश्यकतालाई औंल्याउँछ । त्यसमा मानिसहरुलाई तिनको जीवनशैली तथा पेशानुसार विभाजित गरिन्छ । हरेक समूहका मानिस सो समूहको सापेक्षित शुद्धताको संरक्षण गर्न र कम शुद्धता भएका मानिसहरूसंग घनिष्ठ सम्बन्ध राख्नबाट पन्छिन्छन् तथा सर्तक हुन्छन् । अन्यथा उनीहरू स्वयंलाई वा शुद्धत्तर समूहलाई "प्रदूषित" गर्न सक्छन् ।

मनोवैज्ञानिक शुद्धताका साथ शुद्ध वा अशुद्ध पार्नेखालका विभिन्न तत्वहरू तथा व्यवहार र कर्मकाण्डरू समाविष्ट हुन्छन् । यसबाट एउटा गहकिलो प्रथाको जन्म हुन्छ, जसले जातीय विभेद तथा अन्तरक्रियाबारे व्याख्या गर्छ । मानिसलाई छोएर वा चीजवस्तु दिएर आफ्ना गुणहरू सार्न सकिन्छ । चरम अवस्थामा तल्लो जात भनिएका मानिसको छायाँमात्रले पनि माथिल्ला भनिने, बाहुन वर्गका मानिसलाई प्रदूषित गर्न सक्छ । शारीरिक सम्बन्ध गहिरो भएको वा कुनै वस्तु लामो समयसम्म चलाएको खण्डमा सारिएका लक्षणहरू झन् गहिरो हुन जान्छ । उदाहरणका लागि औजारजस्ता साना कुराहरू साट्दा वा आदानप्रदान गर्दा खासै समस्या उत्पन्न हुन्न् । तर शरीरभित्र प्रवेश गर्ने र सोको एक अंगको रूपमा रहने खाना भने बढी गम्भीर रूपमा लिइन्छ । पकाउने प्रकृया र लामो समयसम्म चलाउनु पर्ने हुँदा पकाइएको खानाले नपकाइएको खानाभन्दा बढी समस्या उत्पन्न गर्छ । तसर्थ विभिन्न जातिका सदस्यलाई खाना साटासाट गर्न निकै प्रतिबन्धहरू लगाइएको हुन्छ । माथिल्ला जातिका मानिसले तल्ला जातिका मानिससंग खाना ग्रहण गर्न चाहन्नन् । तर तल्ला जातिकालाई त्यस्तो केही फरक पर्दैन । यौनसम्पर्क निकै गाढा मानिन्छ किनभने यसबाट दुई शरीरको मिलन र जीवनमा जाति निर्धारण गर्ने तत्त्वको संचार हुन्छ । तसर्थ विजातीय यौनसंसर्गलाई हतोत्साहित गरिन्छ र अन्तरजातीय विवाह बिरलै हुन्छ । केहीगरि अन्तरजातीय यौनसम्पर्क भइनै हालेमा प्रायः उच्च जातिको पुरुष र तल्लो जातिको महिलासंग मात्र हुन्छ । किनभने तत्त्व प्रदान गर्नु ग्रहण गर्नुभन्दा कम दोषपूर्ण हुन्छ । उहिल्यै तल्ला जातिका पुरुषसंग सम्पर्क गर्ने महिलालाई मृत्युदण्ड दिइन्थ्यो । अहिले पनि गाउँठाउँमा त्यस्ता महिलालाई यातना दिइन्छ । विभिन्न जातिका सदस्यबीच त्यस्तो सम्पर्क भएको खण्डमा चोख्याउने कर्म गरेर व्यक्तिगत शुद्धतालाई फर्काउने प्रावधान पनि छ । सामान्यतया शुद्धतासम्बन्धी यी धारणाहरूले संगै बसेर खाना खान र विभिन्न जातिमा विवाह गर्नमाथि रोक लगाउँछ । साथै तिनले अन्तरजातीय सम्बन्धलाई विभिन्न कर्मकाण्ड मार्फत सुव्यवस्थित बनाउँछ र श्रीलंकाभरि जरो गाडेका पुरातनपंथी सामाजिक चिराहरूलाई कायम राख्छ । विभिन्न जातिको स्थानलाई तिनका पेशानुसार सामाजिक क्रममा जोड्ने श्रीलंकामा दरो प्रथा रहेको छ । लुगा धुने वा फोहोर मैला फाल्ने समूहलाई कामअनुसार विभिन्न व्यक्तिको फोहोर मैलासंग सम्पर्क हुने हुँदा तल्लो स्तरमा राखिन्छ । हिन्दू र बौद्ध दुवैथरीको मतानुसार जीवहत्या वा जीवको नाश घोर पाप मानिएको छ । किनभने यसले चेतना र मोक्षका लागि लड्ने अन्य प्राणीलाई सखाप

पार्छ । यस विचारले जीवहत्या गर्ने माझी (*माछा मार्ने*) हरू वा छालाको काम गर्ने कामदारहरूलाई तल्लो र अशुद्ध वा फोहोरी समूहमा राखिन्छ । तर कतिपय अवस्थामा एउटा पेशा गर्ने समूहलाई एउटा जातिको रूपमा चिनाउनु शुद्धताको सिद्धान्तभन्दा ऐतिहासिक विकासक्रमको आधारमा व्याख्या गरिन्छ । कालान्तरमा ग्रामीण कृषि अर्थव्यवस्था फिंजिदै जाँदा विभिन्न जनजातिहरू सम्भवतया शिकारी र फलफूल बटुल्दै जीवनयापन गर्ने व्यक्तिहरू तल्ला काम गर्ने जातमा परिवर्तन भए । तिनको स्तर जग्गावाल किसानभन्दा तल रह्यो । श्रीलंकाका कतिपय गरिब किसान कामदारहरू तल्ला जात सरहनै रहेका छन् । अन्य आप्रवासी समूह श्रीलंकामा आएर निश्चित पेशा अपनाए र उनका शुरूका पेशानुसार केही दर्जासमेतको जातिमा गनिन थाले । पैसा र शक्ति संचय गर्ने जातिका सदस्यहरूको स्तर बढ्दै गएको देखिन्छ । औं सार्वजनिक स्तर उकास्ने हेतुले उदीयमान जातीय समूहमा शाकाहार अपनाउनु वा धार्मिक संस्थाहरूलाई संरक्षण प्रदान गर्नु नौलो कुरो होइन ।

## दैनिक जीवनमा जातीय अन्तरक्रिया

श्रीलंकामा विभिन्न जातिहरुका बीचको भेदलाई दैनिक जीवनमा, खासगरि ग्रामीण क्षेत्रमा विभिन्न भाषा तथा व्यवहार मार्फत संपुष्टि गरिन्छ । हरेक जातिले विभिन्न व्यक्तिवाचक नाम प्रयोग गर्नुका साथै कतिपयले अलि फरक बोल्ने गर्छन् । तसर्थ कसैले बोल्नासाथ उसको जाति पहिचान गर्न प्रायः सजिलो हुनजान्छ । तल्ला दर्जाका मानिसहरू आफूभन्दा माथिल्ला दर्जाका मानिससँग अदबका साथ र पगडी फुकालेर बोल्छन् । ग्रामीण क्षेत्रमा माथिल्लो जातिका मानिसले तल्ला जातिका लागि होचो खाले मेच (*कोलाम्बा*) प्रयोग गर्ने गर्छन् । विभिन्न सडक, गल्ली र छिमेक टोलहरु जातिका आधारमा वर्गीकरण गरिएका छन् । अति निम्न वर्गका मानिसहरू फरक बस्तीमा बस्छन् । विगतमा तल्ला जातिका पुरुष तथा महिला दुवैलाई माथिल्ला अंग ढाक्न, गाडी चढ्न, वा आलिशान भवन बनाउनमा मनाही थियो । तर व्यापक विरोध भएपछि बीसौं शताब्दीमा यस्ता भेदभाव गर्ने कृयाकलापहरु निर्मूल गरिए । घरबाहिर अधिकाँश सामाजिक अन्तरक्रियामा जातिबारे उल्लेख नै नगरि सहभागी हुन्छन् । गाउँ, कार्यालय तथा कारखानाहरूमा विभिन्न समूहका मानिसहरु सँगै काम गर्नुका साथै जातीय भेदभाव बिर्सी गफसफ तथा हाँसोठट्टा गर्छन् । आधुनिक शहरी वातावरणले गर्दा जातीय भिन्नताबारे चिन्ता गरिरहन सम्भव छैन । सबैथरी मानिस घनिष्ठ व्यक्तिगत सम्पर्कको वास्तै नगरि एउटै बसमा कोच्चिएर हिंड्छन् । शहरी वस्तीहरूमा गरिब-गुरुवाहरूका बीच प्रायः सामाजिक संगठनको विघटनले व्यापक अन्तरजातीय सम्बन्धलाई प्रोत्साहित गर्छ । सार्वजनिक जीवनमा जातीय छुवाछूत प्रायः अदृश्य भए पनि राजनीतिक दललगायतका सबै आधुनिक संस्थाहरूमा जातीय गुट भने विद्यमान छन् । बिहाको कुरा चल्दा-धार्मिक शुद्धता जाँच्ने सही परीक्षामा-समान जातिका सदस्यहरूबीच व्यापक बहुमत देखिन्छ ।

## जातीय समूहबीच सम्बन्ध

श्रीलंकाका विभिन्न जातीय समूहहरू टापूभरी समान रूपले फिंजिएका छैनन् । तिनीहरू ऐतिहासिक काल देखि नै निश्चित स्थानहरुमा बसोवास गरेका हुन्छन् । भारतीय तमिलहरू उच्च पहाडी जिल्लाहरुमा, खासगरि नुवारा एलियामा बढी छन् । त्यहाँ तिनको संख्या करीब आधा जनसंख्याको बराबर छ । उनीहरूको बसोवास गर्ने तरीकाले कृषि अर्थतन्त्रसंग त्यस समुदायको बलियो सम्बन्धलाई देखाउँछ । खास गरि बृक्षारोपणको कार्यका लागि तमिलहरु सयौं वर्ष अघि अदक्ष श्रमिकको रुपमा उपलब्ध भए । अर्कोतर्फ श्रीलंकाली तमिलहरू जाफ्ना प्रायद्वीपमा ९५ प्रतिशतभन्दा बढी, बाट्टिकलोआ जिल्लामा ७० प्रतिशतभन्दा बढी र अन्य उत्तरी तथा पूर्वी जिल्लाहरुमा अल्पसंख्यक रुपमा तमिलहरु बस्छन् । तमिलहरुको बसोबासको यस तरिकाले टापूको आधा उत्तरी भागमा  तमिल अधिराज्यको ऐतिहासिक वर्चस्व रहेको देखाउँछ । मुसलमानहरू कहीं पनि बहुमतमा छैनन्, यद्यपि उनीहरू उत्तरीपश्चिमी तटको मन्नार जिल्ला र पूर्वी तटका जिल्लाहरूमा ठूलो अल्पसंख्यकको रूपमा बसेका छन् । तिनीहरू आमपाराइ जिल्लामा बढी संख्या ४२ प्रतिशतमा देखिन्छन् । सिंहलीहरू जाफ्ना र बाट्टिकलोआ जिल्लाबाहेक सबै ठाउँमा राम्रो संख्यामा बसेका छन् । केही जिल्लामा त तिनीहरूको मात्र बसोबास रहेको पाइन्छ । कोलम्बो जिल्लालाई झण्डै जातीय आधारमा मिश्रणस्थल भन्न सकिन्छ । त्यहाँ सिंहलीहरूको बहुलतासंगै उल्लेखनीय तमिल र मुस्लिम अल्पसंख्यकहरु पनि छन् । कोलम्बोमा अधिकांश बर्गरहरु ७२ प्रतिशत र मलेयहरू ६५ प्रतिशत बस्छन् ।

प्रायः विभिन्न जातीय समुदायहरू अलग्गै गाउँ वा गाउँका छुट्टै भागमा बस्छन् । शहर वा नगरहरूमा उनीहरू विभिन्न टोलछिमेकमा बस्छन् । प्राथमिक शिक्षा तमिल तथा सिंहली भाषामा मात्र दिइने भएकोले सानै उमेरमा विभिन्न समुदायका केटाकेटीहरुका बीच बिभेद देखिन्छ । विशेष जातीय समूहद्वारा संचालित वा तिनलाई सेवा पुऱ्याउने व्यापारिक प्रतिष्ठानहरु सिंहली वा तमिल भाषामा साइनबोर्ड लेखी आफ्नो पृथक पहिचान दर्शाउँछन् । त्यसका लागि उनिहरुले आफ्नै लिपिको प्रयोग गर्ने गर्दछन् । खेल समूहहरुमा पनि एउटै समुदायका खेलाडीलाई मात्र राख्ने गरिन्छ । यि सब कारणहरुबाट बौद्ध र हिन्दू धर्मावलम्बी सम्बन्धी सेवाहरू आ-आफ्नै जातीय समूहमा सीमित हुनजान्छ । यि सबका बावजूद केही विशेष कारणहरुले थोरै व्यक्तिमात्र सिंहली र तमिल दुबै भाषामा निपुण हुन्छन् । तथापि तिनीहरुको बोली र उच्चारण गर्ने तरीकाले उनीहरूको जातीयता सजिलैसंग प्रष्ट हुन्छ । यसरी बिभेदका स्पष्ट कारणहरु हुदां हुदैं पनि यसलाई पञ्छाउन सरकारले केही औपचारिक नीति तथा कार्यक्रमहरु ल्याएको छ, जसले हरेक नागरिकलाई समान व्यवहार गर्छ । साथै छरछिमेक र व्यक्ति/व्यक्तिका माझ चलाइएका नेटवर्कले विभिन्न जातीय समूहका मानिसहरुलाई एकसूत्रमा बाँधेर मित्रता बढाउँने प्रयत्न पनि भएको देखिन्छ ।

तर श्रीलंकामा बहुसंख्यक सिंहली जातिले राज्यप्रदत्त सबै महत्वपूर्ण एवं प्रभावशाली पदहरु ओगटी अल्पसंख्यक जातिका धार्मिक, भाषिक तथा सांस्कृतिक अधिकारहरुको दमन गर्ने गरेकाले जातीय अलगाव झन् प्रभावित हुने गर्छन् । श्रीलंकाभित्र बस्ने जनसंख्याहरूमध्ये सिंहलीहरूको संख्या औंधी बढी छ । तरपनि उनीहरू छिमेकी मुलुक भारतको तमिलनाडु प्रदेशका तमिलहरूदेखि भयभीत रहन्छन् । भारत र श्रीलंकाका तमिलहरुको संयुक्त जनसंख्या श्रीलंकाका पुरै सिंहलीहरू भन्दा निकै बढी हुन्छ । त्यसको अनुपात कम्तीमा ४ : १ जति छ । हाल त्यहाँ औपनिवेशिककाल र औपनिवेशिककाल पूर्व पनि तमिलहरूको प्रभुत्व रहेको कुराको बढी सम्झना यता दक्षिण भारतमा तमिलहरुको चेतनामा आएको पुनर्जागरणको लहरले गराउँछ । सिंहलीहरु यसबाट झस्कि रहेका हुन्छन् । सिंहलीहरू विश्वमै बौद्धधर्म अंगालेका र आफ्नै मौलिक भाषा तथा संस्कृतिका वाहकको रुपमा स्वयंलाई पृथक तथा अलग्गिएको ठान्दछन् । अर्कोतर्फ तमिलहरू श्रीलंकामा उल्लेख्य अल्पसंख्यकका रूपमा रहेका छन् । उनीहरूलाई आफ्नो जातिको हितको संरक्षणको सवालमा भारतीय समर्थनको भर छैन । साथै, सरकारमा सिंहलीहरुको बहुलताको बढ्दो प्रभावले निरन्तर रुपमा उनीहरूको सामाजिक कृयाकलापमा निकै प्रतिबन्ध लागि रहेको छ । सन् १९८० को दशकमा भएका सरकारबाट पोषित तमिल विरोधी दंगा तथा सैनिक कारवाहीले तमिल समुदायको ठूलो भागलाई शत्रुवत् बनाएको छ । यसरी दुई मुख्य समुदायका बीच तमिल बोल्ने मुसलमानहरु छन्, जस्को धर्म र संस्कृति उक्त दुवै समुदायका लागि फरक र अनौठो छ । मुस्लिम समुदायका नेताहरूले आफ्नो बृहद् हितको संरक्षणका लागि सार्वजनिक रूपले सरकारको जातीय नीतिको विरोध गर्दै आफ्नो समुदायको पहिचान र संस्कृतिलाई जोगाउने प्रयास गर्दछन् ।

# ८

# जाति, धर्म र राजनीति

हामीले माथी पनि चर्चा गरिसकेका छौं कि, दक्षिण एशियाली क्षेत्रका अन्य राष्ट्र झैं श्रीलंकामा पनि विविध प्रकारको जनसंख्या छ । श्रीलंकाका विभिन्न समुदायले विश्वकै प्रमुख चार धर्महरुको पालना गर्छन् : बौद्ध, हिन्दू, इस्लाम र ईसाई । प्रमुख जातीय समूहमा क्रमशः ७३.८ प्रतिशत सिंहली तथा भारतीय र श्रीलंकाली समेत गरि १८ प्रतिशत तमिलहरु (१२.६ प्रतिशत श्रीलंकाली तमिल तथा ५.५ प्रतिशत भारतीय तमिलहरु) छन् । भारतीय तमिलले आफूलाई श्रीलंकाली तमिलभन्दा अलग राख्छन् । यसको साथै "मूर" वा मुसलमान (७.१ प्रतिशत), "बर्गर" तथा यूरोपेली तथा श्रीलंकाली वंशका अन्य मिश्रित वर्ग (०.४ प्रतिशत), मलेय (०.४ प्रतिशत) तथा आदिवासी भेद्दाहसमेत अन्य जातिको थोरै मात्र प्रतिशत पनि छन् । यसमध्ये भेद्दाहलाई टापूका मूल रैथाने निवासी मानिन्छ ।

यहाँको समाजमा भारतको जस्तै जाति प्रथा छ । श्रीलंकामा जाति दुई कारणले राजनैतिक रूपमा महत्वपूर्ण छन् । पहिलो, राष्ट्रिय राजनीतिको प्रबुद्ध वर्ग उच्च जातिका सदस्य हुने गर्छन् । स्वतन्त्रता पछिका प्रधान मन्त्रीहरु तथा एकजना राष्ट्रपति सिंहली गोयीगामा (*कृषक*) जातिका सदस्य रहेका छन् । साथै मतदाताहरू पनि आफ्नै जातिका मानिसलाई समर्थन गर्ने गर्छन् । यद्यपि जातिगत परिचय चुनावी अभियानका मुद्दा हुन्नन्, किनभने चुनावी जिल्लाहरू जातिको सवालमा लगभग एकै प्रकारका छन् र प्रमुख दलहरूले साधारणतया त्यसै जातिको उम्मेदवारलाई प्रत्यासी बनाउने गर्छन् ।

सिंहलीहरू बीच समुन्द्र तटीय तथा मैदानी इलाकामा बस्ने र टापूको मध्य भागमा अवस्थित पहाडमा बस्ने मानिसहरू बीच ऐतिहासिक रूपले महत्वपूर्ण भिन्नता छ । यो पछिल्लो क्षेत्र उन्नाइसौं शताब्दीमा ब्रिटिशहरूद्वारा विजय प्राप्त गर्नुअघि क्याण्डी अधिराज्य थियो । ब्रिटिश औपनिवेशिक कालमा र केही हद्सम्म स्वतन्त्र श्रीलंकामा भिन्न संस्कृति तथा जीवनशैली भएका दुई समूहले निरन्तर आफ्ना भिन्न भिन्न हित रहेको मान्दछन् । उदाहरणार्थ सन् १९२० को दशकमा *काण्ड्यान* राष्ट्रिय सभाले एक संघीय राज्यको बहसलाई अगाडी सारेको थियो, जसमा काण्ड्यान समुदायलाई क्षेत्रीय स्वायत्तता दिने विषय उठाईएको थियो ।

ब्रिटिश औपनिवेशवादको परिणामस्वरुप श्रीलंकामा धर्म, सम्प्रदाय तथा जातीयता बाहेक पनि सामाजिक भिन्नता उम्रेर आयो । मार्क्सवादी दलमा, खासगरि त्रोत्स्कीवादी सिलोन इक्वल सोसाइटी पार्टी (*लंका सम समाज पार्टी-एलएसएसपी*) का लागि जनसमर्थनको इतिहास भएपनि यूरोपेली अर्थमा आर्थिक रूपले आधारित वर्गहरूको विकास श्रीलंकामा दयनीय ढंगले भएको छ । तर रोपाहा, व्यापारी तथा व्यवसायिक पृष्ठभूमि भएका परिवार समेतका सुपरिभाषित प्रबुद्ध वर्गहरू आधुनिक सरकारका पुनःवितरण वा पुनःवर्गीकरण गर्ने नीतिका बावजूद सन् १९८० को दशकको उत्तरार्द्धमा महत्वपूर्ण स्थान राख्थे । तिनको विशेष स्थानको परिचायक तिनको धन मात्र नभई टापू वा समुद्रपारिका अति प्रतिष्ठित स्कूलबाट प्राप्त शिक्षा, अंग्रेजीमा धाराप्रवाह बोल्ने क्षमता र अन्य श्रीलंकालीभन्दा बढी पश्चिमीकरण पनि थिए । सन् १९८५ को एक सर्भेमा सन् १९७० देखिको सरकार पक्षीय दलका सांसदहरूको तथ्यांक रमाईलो छ । राजनीतिशास्त्री *रबर्ट ओबर्स्ट*का अनुसार *युएनपी* तथा *एसएलएफपी*का विधायकहरूमा मुट्ठीभर प्रबुद्धवर्गको अनुपातमा माध्यमिक स्कूलका शिक्षित वर्गले मन्त्री पद हासिल गरि विधेयकहरू पास गराउनमा प्रमुख भूमिका खेल्ने गरेको उल्लेख छ ।

श्रीलंकाजस्तो विविधतायुक्त समाजमा सामाजिक विभाजनले राजनीतिमा प्रत्यक्ष तथा भारी असर पार्ने गर्छ । सन् ८० को दशकको उत्तरार्द्धमा सिंहली तथा श्रीलंकाली तमिलबीचको जातीय, भाषिक तथा धार्मिक शत्रुताले अन्य सबै सामाजिक विभाजनलाई ओझेलमा पारिदियो । यसको परिणामस्वरुप भएको गृहयुद्ध, खासगरि सन् १९८३ को मध्यदेखि भएको गृहयुद्धले देशको स्थाई विभाजन नै भएको जस्तो भान गराएको छ । श्रीलंकामा भारतका झैं धर्म, सम्प्रदाय, क्षेत्र तथा भाषा नीजिभन्दा सार्वजनिक मामिला भएका छन् । व्यक्तिगत प्रगतिलाई मानिसहरूले निजी लाभको रूपमा मात्र नलिई साम्प्रदाय, जाति वा धार्मिक समुदायको सम्पति तथा समृद्धिको विषयका रूपमा लिने गरेको पाइन्छ । भारतमा धेरै भिन्न समूहरू देशभरि नै व्यापक रुपमा यसरी फिंजिएर बसेका छन् कि कुनै एउटै समूह राष्ट्रिय स्तरको राजनीतिलाई पल्टाउन सक्ने गरि बलियो भएको देखिदैन । तर श्रीलंकामा जनसांख्यीक विविधताको प्रकृति तथा सरकारी प्रवृत्ति भिन्न खालका छन् । टापूको अति कम भौगोलिक क्षेत्रभित्र राजनीतिको ध्रुवीकरण भएको छ, किनभने राजनैतिक तवरले प्रमुख रहेका समूहहरू संख्यामा कम छन् र ती भाषा, चलन, धर्म तथा भौगोलिक क्षेत्रमा प्रष्ट्तया खुम्चिएका छन् । साथै पछिल्ला सरकारहरूले कहिल्यै जातीय प्रतिद्वन्द्विताको सन्दर्भमा निष्पक्ष भूमिका खेल्ने प्रयास गरेका छैनन् ।

स्वतन्त्रतापछि सिंहली तथा श्रीलंकाली रैथाने तमिलबीच जातीय शत्रुता वा कटुता बढाउनमा मूर्त आर्थिक तथा सामाजिक समानताका मुद्दाले प्रमुख भूमिका खेलेका छन् । तर यस भन्दा पनि जातीय प्रतिद्वन्द्विताको जरो धेरै पुरानो तथा गहिरो छ । हरेक समुदायले आफूलाई धर्म, भाषा तथा जातिमा आधारित अनौठो तथा अरुभन्दा राम्रो वा उच्च संस्कृति भएको समुदायका रूपमा हेर्ने गर्दछ । आफ्नो संस्कृतिमाथि अन्य प्रतिद्वन्द्विका तर्फबाट सदैव अतिक्रमण हुने खतरा छ भनेर पनि हेरिन्छ । अपेक्षाकृत सुपरिभाषित भौगोलिक क्षेत्र ( *श्रीलंकाली तमिलहरू उत्तरी प्रान्त तथा पूर्वी प्रान्तका केही भाग र ठूला शहरमा केही असुरक्षित बासहरु र सिंहलीहरू टापूको मध्य तथा दक्षिणी भाग*) मा छुट्टा छुट्टै बस्ने गरेपनि सिंहली तथा तमिल दुवै समुदायले आफूलाई अरुबाट घेरिएको अल्पसंख्यक जाति ठान्छन् । सिंहलीहरूले आफूलाई द्रविड तथा हिन्दूबहुल क्षेत्र ( *उच्च जनसंख्या भएको तमिलनाडु तथा दक्षिण भारतका अन्य भाग*) मा "*आर्य* " तथा बौद्ध धर्मावलम्बीहरूको एकमात्र समूह ठान्दछन् भने तमिलहरूले आफूलाई टापूमै असुरक्षित अल्पसंख्यक समूह ठान्छन् । सन् ८० को दशकमा आपसी डरत्रासको स्थितिले दुवै समूहको जातीय सीमालाई तिखार्नुका साथै आर्थिक तथा सामाजिक द्वन्द्वलाई सघन बनायो ।

## बौद्धधर्म तथा राजनीति

बौद्धधर्मले श्रीलंकामा प्रमुख राजनीतिक भूमिका खेल्छ । साथै बहुसंख्यक सिंहलीहरुलाई एक सूत्रमा गाँस्ने संयन्त्रको रूपमा पनि बौद्ध धर्मको अहम स्थान रहेको छ । भिक्षुहरूले सांसारिकता त्याग्नु पर्ने भए पनि उनीहरूले आम जनतासँग घनिष्ठ सम्बन्ध राख्छन्, जसले तिनलाई खाना, आश्रय र लुगाफाटा प्रदान गर्ने गर्छन् । विगत शताब्दीमा सिंहली राष्ट्रवादी धारणा बढ्दै गएपछि बौद्ध धर्मप्रति आस्था राख्ने साधारण जनसमुदायले अनकौं धार्मिक आशयको समर्थनकारी संस्थाहरू, जस्तैः *अल सिलोन बुद्धिष्ट काँग्रेस, कोलम्बो बुद्धिष्ट थियोसिफिकल सोसायटी, अल सिलोन बुद्धिष्ट महिला संघ र युवा बौद्ध संघ* आदि खोलिने काममा निकै बढोतरी भयो । त्यसै गरि राज्यले '*संघ*' सँग निकट सम्बन्ध राखेको छ । भारतका महान सम्राट अशोकका पालामा (ई.पू. तेश्रो शताब्दी) देखि राज्य प्रमुखलाई बौद्ध चिन्तकहरूले बौद्ध धर्मको राजकीय संरक्षक, अर्थात् "*कानूनको चक्र संचालन गर्ने व्यक्ति*" का रूपमा मान्यता दिदै आएका छन् । श्रीलंकाको इतिहासमा निरन्तर देखिने समस्याहरु मध्येका एक राज्यलाई बौद्ध धर्मको राजकीय संरक्षकका रूपमा परिभाषित गर्नु पनि हो । सो धर्म सिंहलीहरूको जातीय धर्म रहिआएको छ । सिंहलीहरू माझ सफल बन्नका लागि सरकारले 'दगोबा' को निर्माण तथा सम्भारका कार्यहरु गरेर, भिक्षुहरूको विवादलाई सुल्झाएर तथा पाली बौद्ध परम्परामा शिक्षाको विकास गराएर संघप्रति सुमधुर सम्बन्धलाई देखाइ रहनु पर्दछ । भिक्षुहरु निजी रुपमा तथा समुदायगत रुपमा नै दलीय राजनीतिमा संलग्न हुन्छन् । तर भिक्षुहरुका सम्पूर्ण परिवारहरू बिरलै कुनै संगतपूर्ण नीतिमा ऐक्यबद्ध हुन्छन् । यद्यपि ऐक्यबद्ध भै लागि नै हाले भने यिनीहरुले ठूलो राजनीतिक शक्ति खडा गर्छन् । उदाहरणका लागि, सन् १९५६ मा बौद्ध विहारसम्बन्धी मतावलम्बीहरूको विरल संगठनले सिंहली राजनीतिक नेतृत्व *सोलोमन वेष्ट रीड्ज्वे ड्याज (S.W.R.D.)* लाई मतदानमा उल्लेखनीय समर्थन दिएको थियो । सन् १९८८ सम्म संघले भित्री श्रीलंकामा बृहत्तर भूमिमाथि नियन्त्रण गर्नुका साथै स्वतन्त्र शक्तिकेन्द्रको रूपमा आफ्नो प्रभाव कायम राखेको थियो । सिंहली जनताको नजरमा उच्च स्थान ओगट्ने उक्त केन्दले बौद्ध संघहरूलाई जनमतमाथि प्रभाव पार्ने मुख्य शक्तिको रूपमा उभ्यायो । सिंहली जातीय मुद्दाहरूको प्रवर्द्धन गर्ने ऱ्याली तथा प्रदर्शनहरूमा भिक्षुहरू प्रभावशाली रहेका छन् ।

## सिंहली : जातीय विचित्रता तथा राजनीतिकृत बौद्ध धर्म

अधिकाँश सिंहलीहरुले आफूलाई "*चुनिएका मानिस*" मान्दछन् । पाँचौ शताब्दी (ईस्वी) तिर बौद्ध भिक्षुहरूद्वारा तयार पारिएको "*मिथक इतिहाससरी*" महाकाव्य महावंशले सिंहलीहरूको उत्पति प्राचीन समयमा आर्यहरू बसोबास गर्ने उत्तरी तथा पूर्वी भारतका क्षेत्रहरूमा भएको बताउँछ । यसको प्रमाणस्वरुप संस्कृत लगायतका उत्तर भारतका भाषासंग तिनको भाषाको सम्बन्धलाई मात्र नदेखाई छिमेकी द्रविडहरू भन्दा सिंहलीहरूको "*बढी सफा*" रंग तथा वर्णलाई पनि अगाडी तेर्स्याइन्छ । महावंशले श्रीलंकाको इतिहासलाई सिंहली तथा मुख्य भूमिबाट आएका श्याम वर्णका द्रविड घुसपैठिया तथा आक्रमणकारी बीच कटु संघर्षको रुपमा चित्रण गर्दछ । सिंहली कट्टरपन्थीहरूको नजरमा आफ्नो जातीय अस्तित्वको लागि गरिएको उक्त संघर्ष अद्यावधि कायमै छ ।

शताब्दियौंदेखि धर्मले सिंहलीहरूलाई जातिभन्दा माथि परिभाषित गरेको छ । बौद्ध धर्म ईपू तेश्रो शताब्दीमा भारतीय सम्राट अशोकाद्वारा पठाइएका धर्म प्रचारकहरूद्वारा श्रीलंकामा भित्रिएको थियो र सिंहली राजा देभानाम्पिया टिस्साद्वारा उत्साहका साथ अपनाइएको थियो । ८८-७७ ईपूमा पाली धर्मग्रन्थ खुट्याउन श्रीलंकामा भिक्षु तथा विद्वानहरूद्वारा महान सल्लाहपछि बौद्ध धर्मको थेरावादी विचारसमूहको स्थापना गरियो । पछि उक्त आस्थालाई श्रीलंकाली भिक्षुहरूद्वारा बर्मा, थाइल्याण्ड तथा कम्बोडिया जस्ता दक्षिणपूर्वी एशियाली देशहरूमा प्रचार गरियो । सिंहली बौद्ध धर्मावलम्बीहरूले थेरावादी (*वा हीनयान*) बौद्ध धर्मलाई आफ्नो धर्मको पवित्रतम् स्वरुपको रूपमा लिन्छन्, जुन पूर्वी एशियामा पाइने महायान सम्प्रदायमा व्याप्त अन्धविश्वासहरू बाट चोखिएको तथा मुक्त रहेको मानिन्छ ।

हिन्दू तथा ईसाई धर्म परिवर्तन गरेका परिवारका सदस्य भएका श्रीलंकाली तमिल मानवशास्त्री एस.जे. ताम्बिआहको तर्क छ कि : परम्परागत तथा आधुनिक (*समकालीन*) सिंहली बौद्ध धर्ममा विश्वबन्धुत्व, माया, स्नेह तथा अहिंसा सम्बन्धी मूल सन्देश भित्र राष्ट्रवाद तथा जातियता सम्बन्धी अपीलका कारणले खग्रास (*ग्रहण*) लाग्यो अथवा धमिलो भयो ........"सिंहली वंशावलीहरू ... राष्ट्र तथा धर्मको एकताको कुरा गरेर सम्राट अशोकको धर्मसन्देश (*सदाचार तथा अहिंसाद्वारा राज्य गर*) लाई बौद्ध, जैन, ब्राम्हृणी मान्यता पछ्याउने तथा अन्य धर्मावलम्बी भएको बहुधार्मिक समाजमा परिवर्तन गरे ।" उनको तर्क छ कि, ईपू दोश्रो शताब्दीमा दक्षिण भारतबाट आएका आक्रमणकारीहरू विरुद्ध राजा दुत्तगामिनीद्वारा बौद्ध धर्मको वीरतापूर्वक गरिएको प्रतिरक्षालाई धर्मयुद्धको संज्ञा दिईएको थियो । उक्त कुरा महावंशबाट प्रष्ट प्रमाणित हुन्छ, उनको राय रहेको छ । दक्षिणपूर्वी एशियाली बौद्ध धर्मका विशेषज्ञ ताम्बिआहको विचारमा, समकालीन श्रीलंकामा बौद्ध धर्मले आफ्ना नैतिक तथा दार्शनिक प्रभाव वा महत्व (*"बौद्ध धर्मलाई महान धर्म तथा धनी वा विकसित सभ्यताको श्रोत बनाउने मूलभूत तत्व"*) गुमाइसकेको छ र आस्थावानहरूबाट सांसारिक सुखसुविधा प्राप्तिका लागि मानिने संस्कारहरूको एक सेटका रूपमा वा हिंसक राजनैतिक आन्दोलनको रूपमा विकसित भएको छ, जसले सिंहलीका गरिब समूहहरुलाई आकर्षित गर्दछ ।

राजनीतिकृत बौद्ध धर्म आफ्नो आधुनिक स्वरुपमा बीसौं शताब्दीका शुरूका वर्षमा प्रकट भयो, जब उक्त धर्म मान्नेहरू रक्सी वा मद्यपानले निम्त्याउने सामाजिक विकृतिहरुका विरुद्ध प्रतिकार अभियान संचालन गरे र औपनिवेशिक सरकारलाई कर तथा राजस्वको श्रोतका रूपमा भट्टीहरू खुला राखेको आरोप लगाए । उक्त अभियान प्रष्टतया पश्चिम विरोधी तथा ईसाई विरोधी थियो । औपनिवेशिक शासनावधि गुज्रिँदै जाँदा बौद्ध धर्मालम्बीहरूको विद्रोही कृयाकलाप "सिंहलीमात्र" भन्ने भाषा नीतिजस्ता सिंहली "बहुमत अधिकार" बाट बढी प्रभावित हुन थाले । उक्त नीतिको समर्थन एसएलएफपीका नेता एस.डब्ल्यु.आर.डी. बन्दरानायकेले गरेका थिए (*संयोग नै भनौं, तिनको हत्या सितम्बर २६, १९५९ मा एक बौद्ध भिक्षुले गरेको थियो*) । साथै उक्त कृयाकलाप बौद्ध धर्मलाई सन् १९७२ को संविधानमा विशेष स्थान दिलाउने आन्दोलनको रूपमा देखा परे । तर देश तथा धर्मको समानीकरण भनेको सामाजिक समानता जस्ता सिंहली समुदायको कल्याण गर्ने खालको कुनै पनि सवाल विद्रोही भिक्षु तथा तिनका समर्थकहरूका लागि सफा खेल थियो ।

यसरी सन् १९८६ मा संघ (*बौद्ध भिक्षुको समुदाय*) का नेताहरूले प्रधान मन्त्री सिरिमाओ बन्दरानायकेसंग गठबन्धन गरेर राष्ट्रपति जयवर्द्धनेलाई तमिलहरूका लागि कुनै महत्वपूर्ण छूटहरू दिनुबाट रोक्ने कार्यलाई राष्ट्रको प्रतिरक्षा भनी राजनीतिक अभियान कै स्थापना गरे । एक बौद्ध नेता पालिपाने चन्दानन्द, जो भिक्षुहरूको एक पीठका प्रमुख थिए, तिनको अतिवादी तथा राजनैतिक मुद्दामा संलग्न हुने प्रवृत्तिका कारण "श्रीलंकाको खोमेनी" भनिएको थियो । तल्ला स्तरका भिक्षुहरू पनि जातीय मामिलामा कट्टरपन्थी नै थिए । सन् १९८३-८४ मा बौद्ध धर्मसम्बन्धी एक पश्चिमी छात्र नाथान कात्जद्वारा गरिएको भिक्षुहरूको सर्भेक्षणले उनलाई उत्तर दिने ७५ प्रतिशतले तमिलका गुनासाहरूलाई वैधानिक मान्न इन्कार गरे । कतिपयले यो टिप्पणी गरे कि, तमिलहरू बित्थामा सुविधा पाएका अल्पसंख्यक जाति हुन् र "सिंहलीहरूका पो गुनासा छन्" । सिंहली गाउँले तथा गरिबगुरुवा र पश्चिमीकरणको कम प्रभाव भएका शहरियाहरू बीच बौद्ध भिक्षुहरूको उच्च प्रतिष्ठा तथा प्रभावले गर्दा सरकारले सन् १९८० को दशकको उत्तरार्द्धमा भिक्षुहरूको दृष्टिकोणलाई उपेक्षा गर्न सकेन । उक्त दृष्टिकोणलाई चन्दानन्दले *फार इस्टर्न इकोनोमिक रिभ्यू* मा (*सन् १९८५ मा*) गरेको टिप्पणीमा सारांश रुपमा हेर्न सकिन्छ : "उनीहरू (*तमिलहरू*) भन्छन् कि उनीहरू १,००० वर्षसम्म बसोबास गरे । तर उनीहरू भारतबाट पूर्णतया बाहिरिया हुन्, जो यहाँ अस्थाई बसोबास गरिरहेका छन् ।" यस भनाईले सिंहली बौद्धहरुको अतिवादी राजनीतिक चिन्तनलाई स्पष्ट गर्दछ ।

# किन भयो जातीय द्वन्द्वको उत्पति ?
# सिंहली तथा तमिल जातीय जागरणको उत्थान

बस्तुतः *महावंश* प्रारम्भिक श्रीलंकाको सिंहली-बौद्ध इतिहास मात्र भएकोले यसले टापूमा शुरूमा भएको जातीय विभाजनबारे कुनै जानकारी दिंदैन । उदाहरणका लागि तमिलहरूको पहिलो बस्ती कहिले स्थापित भयो भन्नेबारे अत्यन्त अल्पप्रमाण मात्र प्राप्त हुन्छ । तर तमिल साहित्यिक श्रोतहरूले ई.पू. तेश्रो शताब्दीताका नै दक्षिणी भारतमा सक्रिय व्यापारिक केन्द्रहरू रहेको तथ्यलाई औंल्याउँछन् । र सम्भवतया यिनीहरुको उत्तरी श्रीलंकाका बस्तीहरूसँग सामान्य सम्बन्ध रहेको जानकारी गराउँछन् । त्यहाँ *इण्डो-आर्यन* भाषीहरूको बस्ती पहिले बस्यो कि द्रविड भाषी तमिलहरूको बस्ती भन्ने विषयमा इतिहासकारहरूका बीच केही विवाद छ । तर लिखित इतिहासको प्राथमिक कालदेखि नै श्रीलंका बहुजातीय समाज थियो भन्ने कुरा निर्विवाद छ । श्रीलंकाली इतिहासका शुरूका शताब्दीहरूमा सिंहली तथा तमिलहरूका बीच निकै मेलमिलाप थियो भन्ने प्रमाणहरू छन् ।

टापूको शान्ति तथा स्थायित्वमाथि लगभग २३७ ई.पू. मा पहिलो महत्वपूर्ण प्रभाव पर्‍यो, जब दक्षिणी भारतबाट गएका सेना तथा *गुट्टिका* नामका साहसिक यात्रीहरूले अनुराधापुरमा सिंहली सत्ता उपर कब्जा जमाए । तिनीहरूले गरेका बाइस वर्षको संयुक्त शासनकाल नै पहिलोपल्ट श्रीलंकामा तमिलहरूको शासन थियो भनी जनाउँछ । पछि दुबैको हत्या भयो र पुनः सिंहली वंशको शासनको पुनर्स्थापना भयो । ई.पू. १४५ मा (*ई.सं. नवौंदेखि बाह्रौं शताब्दीसम्म अधिकाँश भारतमाथि राज्य गर्ने*) चोलावंशका एलारा नामक एक जनरलले अनुराधापुरको शासनमाथि पुनः कब्जा गरि चवालीस वर्षसम्म एकछत्र शासन गरे । दुत्तगामिनी (*वा दुत्तगेमुनु*) नामक सिंहली राजाले पन्द्रह बर्षे युद्ध छेडी अन्ततः उक्त शासकलाई सत्ताबाट हटाए ।

दुत्तगामिनी महावंशका एक प्रखर नायक हुन् । उनको एलारासँगको युद्धलाई तमिल तथा सिंहलीबीचको प्रमुख जातीय युद्धका रूपमा समकालीन आख्यानमा चित्रण गरिएको पाइन्छ । श्रीलंकाली इतिहासकार के.एम. डिसिल्भाका अनुसार : अलिक कम पूर्वाग्रही एवं बढी तथ्यपरक विश्लेषण गर्दा सिंहलीहरूका माझ एलाराले पाउने बृहत समर्थनको पनि चर्चा गर्नु पर्छ । अर्का श्रीलंकाली इतिहासकार सिन्नाप्पाह आरासारत्नमले युद्धलाई शुद्ध राजनैतिक रूपमा लडिएको वंश वंशबीच भएको संघर्ष भनी तर्क सार्छन् । दुत्तगामिनीको विजयस्वरुप अनुराधापुर, टापूमा एक शक्तिकेन्द्रको रूपमा विकसित भयो । आरासारत्नमको राय छ कि : महावंशमा उल्लेखित द्वन्द्वले सिंहली राष्ट्रवादको प्रारम्भ गर्‍यो र दुत्तगामिनीको विजयबाट तत्काल यस कुराको यकीन गर्न सकिन्छ कि टापू सिंहली तथा बौद्ध धर्माम्बलम्बीका लागि सुरक्षित केन्द्र थियो । इतिहासकारले भन्छन् कि यी कथाहरुले अझ् पनि सिंहलीहरूको धार्मिक-साम्प्रदायिक रुझानको तारलाई झन्काउँछ ।

सिंहली बौद्ध राज्यहरूलाई तमिलहरूको भय भने ई.सं. पाँचौं तथा छैठौं शताब्दीताका झन् बढी वास्तविक भएको थियो । दक्षिणी भारतका तीन वटै हिन्दू साम्राज्यहरु - पाण्ड्या, पल्लव तथा चोला बढी अग्रसर हुदै गएका थिए । छिमेकी दक्षिण भारतमा त्यस दौरान हिन्दूहरुको पुनरोथ्थानले गर्दा बुद्धमार्गीहरुको स्थितिमा ह्रास ह्रुदैं गएकोबाट पनि सिंहलीहरुको मनमा डरको भावनालाई बढाउदै लगेको थियो । लगभग यहि वेलामा तमिलहरुको जातीय तथा धार्मिक जागरण पनि प्रवल हुदै गएको थियो । संस्कृति, भाषा तथा धर्मको सन्दर्भमा तमिलहरूले आफूलाई क्रमशः द्रविड, तमिल तथा हिन्दूसँग गाँसेर हेर्थे । महावंशमा गुणगान गरिएका अर्का सिंहली राजा धातुसेना (४५९-७७) हुन्, जसले पाँचौं शताब्दीमा पाण्ड्यनहरूको चौथाइ शताब्दी लामो शासनबाट अनुराधापुरलाई मुक्त गराए । यस राजालाई बौद्ध धर्मको उदार संरक्षक तथा जलभण्डारण गर्ने ट्याङ्क निर्माण गर्ने पहिलो शासकको रूपमा पनि सम्मान गरिन्थ्यो । धातुसेना आफ्नै छोरा कश्यप (४७७-९५) द्वारा मारिए, जसलाई श्रीलंकाली इतिहासमा महान खलनायकका रूपमा लिइन्छ । आफ्ना निर्वासित भाइबाट बदला लिइने डरले बाबुका हत्यारा राजाले अनुराधापुरबाट सिगिरियामा राजधानीलाई सारे । त्यहाँ १८० मिटर अग्लो सिंगो चट्टानमाथि निर्मित दुर्ग तथा राजदरवार थियो । कश्यपलाई गद्दीबाट हटाएपछि पुनः अनुराधापुरमा राजधानी फर्के पनि सिगिरिया भने निर्विवाद रूपले वास्तुकला तथा इन्जिनियरिंगको अनुपम नमूनाको रूपमा रहेको छ । उक्त किला अन्तमा कश्यपको भाइको पोल्टामा पर्‍यो, जसले भारतीय पेशेवरहरूबाट सैनिक सहयोग प्राप्त गरे । सातौं शताब्दीमा तमिलहरुको प्रभाव टापूको संस्कृतिमा त्यतिखेर निकै दरो भयो, जब सिंहली राजकुमार मानवम्मले पल्लव वंशको सहयोगबाट राजगद्दी खोसे । मानवम्मले स्थापना गरेको वंश पल्लवहरुको संरक्षकत्व प्रति आभारी थियो र सो राज्य तीनसय वर्षसम्म कायम रह्यो । यस अन्तरालमा पल्लव शासनको प्रभाव त्यहाँका वास्तुकला तथा प्रस्तर र मूर्तिकलामा बढ्यो । यस कालमा निर्मित वास्तुकलामा तथा मूर्तिकलामा हिन्दू वास्तुकलाको निकै छनकहरू देखिन्छ ।

नवौं शताब्दीको मध्यतिर पाण्ड्यनहरू उत्तरी श्रीलंकामाथि हमला गरेर अनुराधापुरलाई कब्जा गरे । पाण्ड्यनहरूले यस क्षेत्रलाई मुक्त गरे वापत शर्तको रुपमा करको माग गरे । तर यहाँबाट पाण्ड्यनहरू फर्केको लगत्तै सिंहलीहरूले प्रतिद्वन्द्वी राजकुमारको समर्थनमा उल्टो आक्रमण गरेर भारतीय शहर मदुरैमाथि आधिपत्य जमाए । दशौं शताब्दीमा पुनः सिंहलीहरूले भारतमा आक्रमण गर्न सेना पठाए । यसमा उनिहरुले चोलाहरूका विरुद्ध पाण्ड्यन राजाको समर्थन पाएका थिए । यसमा पाण्ड्यन राजा पराजित भई शरणकालागि श्रीलंका पलायन गर्नु पर्‍यो । शुरूमा महान राजाराजा (९८५-१०१८) को अधीनमा रहेर चोलाहरू शाही लश्करलाई कब्जा गर्न उद्दत थिए । तिनले अनुराधापुरलाई कब्जा गरेर सिंहली राज्यको मुटुको रूपमा रहेको राजारातालाई चोला साम्राज्यमा गाभे । यस क्रममा अनुराधापुरबाट राज्य गर्ने सिंहली राजाहरूमध्येका राजा महिन्दा पंचम रोहाना तिर भागे र त्यहाँ १०१७ सम्म चोलाहरूले तिनलाई बन्दी नबनाउञ्जेल शासन गरे, पछि १०२९ मा भारतमा उनको मृत्यु भयो ।
राजाराजाका छोरा राजेन्द्र (१०१८-३५) को शासनकालमा चोला साम्राज्य निकै बलियो भैसकेको थियो । त्यस कालमा यसले आधुनिक मलेसियाको श्रीविजय र इण्डोनेसियाको सुमात्रासम्मको राज्यहरुलाई भयभीत तुल्याएको थियो । यस ऐतिहासिक कालमा लगभग पचहत्तर वर्षसम्म श्रीलंका प्रत्यक्षतः चोला साम्राज्यको अधीनमा रह्यो । त्यस अवधिमा त्यहाँ हिन्दूत्वको विकास भई बौद्ध धर्म गम्भीर संकटमा परेको थियो । अनुराधापुरको विनासपछि चोलाहरूले आफ्नो राजधानीलाई अझ दक्षिणपूर्व, पोलोन्नारुवामा स्थान्तरित गरे । उक्त स्थान महावेली गंगाको किनारमा अति सुरक्षित ढंगले अवस्थित थियो । यहाँ नदीले दक्षिणी सिंहली राज्यहरुबाट हुनसक्ने आक्रमणबाट सुरक्षा प्रदान गर्थ्यो । सिंहली राजाहरूले पुनः आफ्नो प्रभुत्व प्राप्त गरेपछि पनि अनुराधापुर फर्कन चाहेनन् । पोलोन्नारुवा भौगोलिक दृष्टिले दक्षिण भारतबाट भविष्यमा हुनसक्ने कुनै पनि आक्रमणका लागि बढी सुरक्षित स्थान थियो । नयाँ राजधानी वरपर विकसित सिंचाइ व्यवस्था तथा अनेकन जलभण्डारणका स्थानहरु थिए । तिनमा महावंशमा उल्लेखित अन्तिम सिंहली राजा महासेना (२७४-३०१) द्वारा निर्मित महान मिन्नेरिया जलसंचय तथा सहायक नहर पनि थिए ।
राजा विजयबाहु प्रथमले श्रीलंकाबाट चोलाहरूलाई १०७० मा लखेटे । सिंहली स्वतन्त्रताका गाथाकारको रूपमा जानिने उक्त राजाले अनुराधापुरलाई पुनः कब्जा गरे पनि पोलोन्नारुवाबाटै शासन चलाए । आफ्नो चालीस वर्षे शासनकालमा राजा विजयबाहु प्रथम (१०७०-१११०) ले अनेकौ बौद्ध मन्दिरहरु तथा विहारहरूको पुनर्निमाण गर्ने काम गरे, जुन चोला राज्यमा अपहेलित थिए । उनको कुनै घोषित उत्तराधिकारी थिएनन् । यसको प्रभाव स्वरुप शासनमा स्थायित्वको संभावना कम हुदै गयो र उनको शासनपछि महान भनिने राजा पराक्रमबाहु प्रथम (११५३-८६) को उदय हुनुअघिसम्म त्यहाँ गृहयुद्ध भइरहयो । पराक्रमबाहु चुलावंशको महानतम नायक हुन् र तिनको संरक्षकत्वमा पोलोन्नारुवा शहर वास्तुकलाको विविधता तथा बौद्धकलाको भण्डारको रूपमा अनुराधापुरसँग टक्कर लिन सक्ने भयो । पराक्रमबाहु बौद्ध धर्मका महान संरक्षकका साथै सुधारक पनि थिए । तिनले संघ (भिक्षुहरूको सम्प्रदाय) लाई पुनर्गठित गरेर महाविहार - थेराभादा बौद्ध विहार तथा अभयगिरि महायान बौद्ध विहारबीच रहेको दीर्घकालीन खाडललाई पुर्ने काम गरे । पराक्रमबाहुको शासनसँगै सिंहलीहरूको परम्परागत हाइड्रोलिक इन्जिनीयरिंगको महान अवधिको पनि अन्त्य भयो । यस अवधिमा पोलोन्नारुवा प्राचीन विश्वका महान राजधानीहरूमध्ये एक हुन पुग्यो । उन्नाइसौं शताब्दीका ब्रिटिश इतिहासकार सर इमर्सन टेनान्टले पराक्रमबाहुको शासनकालमा पोलोन्नारुवाको जनसंख्या तीस लाखसम्म पुगेको अनुमान गरेका छन् । पराक्रमबाहुको शासनकाल बौद्ध पुनरुत्थानका साथै विदेशमा धार्मिक विस्तारको समय पनि थियो । पराक्रमबाहु यति बलिया थिए कि तिनले ११६४ मा श्रीलंकाली मिशनसँग दुर्व्यवहार गरेवापत बर्मेलीहरूलाई दण्ड दिने छुट्टै मिशन नै पठाएका थिए । त्यस कालमा सिंहली राजाले भारतीय राजनीतिमा पनि व्यापक हस्तक्षेप गर्थे र पाण्ड्यन दावेदारलाई गद्दीमा बसाल्नका लागि असफल प्रयासस्वरुप कयौं पटक दक्षिणी भारतमाथि आक्रमण समेत गरे । पराक्रमबाहु सिंहली इतिहासका सम्मानीत व्यक्तित्व भएपनि राष्ट्रको ढुकुटीको व्यापक दुरुपयोग गरेको कारणबाट सिंहली राज्यको पतन हुनगयो । पराक्रमबाहुपछिको पोलोन्नारुवाको इतिहासले तिनको मृत्युको २९ वर्षपछि त्यो वैभवशाली शहर ध्वस्त गरिएको र पन्द्रह शासकहरूले त्यहां राज्य गरेको वर्णन गर्दछ ।

९

# शिक्षा
# परम्परागत तथा औपनिवेशिक शिक्षा प्रणाली

श्रीलंकाको शिक्षा प्रणाली औपनिवेशिक कालसम्म मुख्यतया समाजका केही प्रबुद्ध वर्गका लागि अपेक्षाकृत न्यून प्रविधिका साथ तर्जूमा गरिएको थियो । श्रीलंकाका बहुसंख्यक जनसंख्या अशिक्षित वा अर्द्धशिक्षित थिए । सिंहलीहरूमा सिक्नु पढ्नु भनेको बौद्ध भिक्षुहरूको काम हो भन्ने मान्यता थियो । गाउँस्तरमा शिक्षित भिक्षुहरूले सम्पन्न वर्गका छात्रहरूलाई *पन्साल* वा मन्दिरमा अवस्थित स्कूलमा पढाउँथे । त्यहाँको पाठ्यक्रममा सिंहला वर्णमाला तथा प्रारम्भिक बौद्ध साहित्य कण्ठ पार्नु पर्थ्यो । यो प्रचलन कहि कतै अझ् पनि विद्यमान छ । उक्त साहित्य अन्तरगत बौद्ध मन्दिरहरूको नाम पोथा (*नामहरूको पुस्तक*), मगुल लाकुना (*बुद्धको शरीरमा अंकित शुभचिन्हहरूको पुस्तक*) तथा बुद्धको जीवनसँग सम्बन्धित प्राचीन कथाहरू पर्छन् । उच्च शिक्षाको अध्ययन खासगरि पुरुषहरूका लागि आरक्षित थियो, जो भिक्षु बनी विश्वविद्यालयहरू (*पेरिभेना*) मा स्थान पाउथें । यिनीहरु प्रायः पाली धर्मग्रन्थहरूको स्मरण तथा टिप्पणी गर्नमा मात्र सीमित हुन्थे ।
तमिल समुदायमा मन्दिर नेर रहेका गाउँले स्कूलहरूको संचालन शिक्षित ब्राम्ह्ण तथा शिक्षित भेल्लाहद्वारा गरिन्थ्यो । अत्यन्तै मिहनतका साथ तयार पारिएको प्राविधिक शिक्षा (*जस्तै वास्तुकला वा मूर्तिकला*), सिंचाईका लागि ज्यामिती प्रयोग गर्ने विधि, इन्जिनियरहरूका लागि उपयोगी शिक्षा खास गरि व्यापार गर्ने शिल्पीहरूका लागि विकसित गरिएको थियो । यी तालीमहरु खासगरि सीमित संस्थान, जाति तथा परिवारहरूका लागि मात्र आरक्षित थियो । प्रायः यस्ता ज्ञान र शिल्प बुबाबाट छोराहरूलाई हस्तान्तरण गरिन्थ्यो ।
उपनिवेशवादले यूरोपेली शैलीको शिक्षा श्रीलंकामा, खासगरि छात्रहरूलाई औपनिवेशिक प्रशासनका लागि तयार गर्ने हेतुले भित्र्याइएको थियो । यसबाट महिलाहरु बञ्चित थिए, अधिकाँश महिलाहरु अशिक्षित नै रहन्थे । सोह्रौं शताब्दीतिर पुर्तगाली मिशनरीहरूले मैदानी इलाकामा बढ्दो ईसाई समुदायका लागि रोमन क्याथोलिक संस्कृतिको ज्ञान दिलाउन १०० वटा जति स्कूलहरू स्थापना गरे । डचहरूले सन् १६५६ मा श्रीलंकालाई कब्जा गरेपछि उनीहरूले डच सिफोर्म्ड चर्चका मिशनरी प्रयासलाई सघाउने गरि सुव्यवस्थित प्राथमिक स्कूलहरूको स्थापना गरे । सन् १७६० सम्ममा उनीहरूले १३० वटा स्कूलहरु खोले, जसमा करिब ६५,००० छात्रछात्राहरु पढ्थे । ब्रिटिश शक्तिको आगमनपछि कतिपय डच स्कूलहरू बन्द भए र अल्पकालीन यूरोपेली शिक्षा प्रारम्भ भयो । उन्नाइसौं शताब्दीको मध्यतिर सरकारी तथा क्रिस्चियन स्कूलहरूको फेरि विस्तार भयो । अंग्रेजी शिक्षा प्राप्त गरेवापत यूरोपेली शैलीका स्कूलका ग्रेज्युएटहरू, जसमध्ये धेरैजसो दक्षिणपश्चिमी मैदानमा बस्ने क्रिश्चियन थिए, तिनले औपनिवेशिक प्रशासनमा निम्न तथा मध्यम दर्जाका जागिर खान पाएँ ।
सन् १८७० मा घटनाहरूको श्रृंखलाले श्रीलंकाको शैक्षिक प्रणालीमा क्रान्तिकारी परिवर्तन ल्यायो । सरकारले राज्यसंचालित स्कूलहरूको विस्तार गर्न थाले र सरकारी स्तर पूरा गर्ने नीजि विद्यालयहरूका लागि अनुदान कार्यक्रमको स्थापना गरियो । कोलम्बोमा मेडिकल तथा ल कलेजहरू खुले । विद्यार्थी संख्या ह्वात्तै बढ्यो (*सन् १९०० सम्ममा तिनको कुल संख्या २००,००० भन्दा बढी थियो*) । तर उन्नाइसौं शताब्दीको पूर्वाद्धमा झैं समानुपातिक विकास नहुँदा बीसौं शताब्दीको पूर्वार्द्धमा सोही समस्या देखा पर्‍यो । नीजि स्कूलहरूले अंग्रेजी शिक्षा दिन्थ्यो, जसले त्यहाँ पढनेहरुलाई उन्नतिको बाटोमा डोर्‍याउँथ्यो । तर यी विद्यालयहरु क्रिश्चियन संगठनको प्रभावमा भएकाले दक्षिणपश्चिमी इलाकामै सीमित रहे । यहाँ क्रिश्चियन तथा तमिलहरूको समानुपातिक संख्या रहदैन्थ्यो । तमिल तथा सिंहला प्रयोग गर्ने स्कूलहरू प्राथमिक स्कूलकै रूपमा रहेपनि माध्यमिक विद्यालयहरूमा अंग्रेजी शिक्षाले गर्दा प्रशासकीय पदको चाहना गर्ने प्रबुद्ध पुरुषहरू मात्र बढी भर्ना हुन्थे । महिला शिक्षा पछाडि पर्‍यो । सन् १९२१ सम्म क्रिश्चियनहरूमा महिला साक्षरताको दर ५० प्रतिशत थियो भने बौद्ध धर्मावलम्बीमा १७ प्रतिशत, हिन्दू धर्माम्बलम्बीमा १० प्रतिशत र मुसलमानहरूमा ५ प्रतिशत मात्र साक्षरता थियो ।
सन् १९३० को दशकमा वैधानिक सुधार कार्यक्रमले गर्दा शिक्षा मन्त्रालयलाई निर्वाचित जनप्रतिनिधिहरुको मातहतमा राखेपछि शिक्षाको औपनिवेशिक ढर्रा बदलिन थालियो । सरकारले व्यापक मात्रामा (*सन् १९४७ सम्ममा करीब ६० प्रतिशत*) स्कूलहरू तथा शिक्षकलाई तालिम दिने कलेजहरूमाथि प्रत्यक्ष नियन्त्रण राख्न थाल्यो । व्यापक शिक्षा प्रवर्द्धन गर्ने नीतिअनुरुप सरकारी स्कूलहरूमा शिक्षा निःशुल्क गरियो भने प्राथमिक तथा प्राविधिक स्कूलहरू ग्रामीण इलाकामा खोलिए र मातृभाषाको शिक्षालाई सरकारी प्रोत्साहन प्राप्त भयो । सन् १९४२ मा सिलोन युनिभर्सिटीको स्थापना भएपश्चात किन्डरगार्डनदेखि विश्वविद्यालय स्तरसम्म नै

निःशुल्क शिक्षा प्रदान गरियो । सन् १९४८ को स्वतन्त्रतापछि त श्रीलंकामा सुविकसित शैक्षिक संचरना तयार भइसकेको थियो । अझ पनि व्यापक जातीय, भौगोलिक तथा लैंगिक असमानताहरू भएपनि यसले आधुनिक शिक्षाप्रणालीको आधारशिला खडा गर्‍यो ।

## आधुनिक शिक्षा प्रणाली

सन् १९४८ को स्वतन्त्रता पश्चात नै श्रीलंकामा सरकारले शिक्षालाई उच्च प्राथमिकतामा राखेको थियो । सरकारको यस नीतिले आज सर्वोत्कृष्ट परिणाम देखाएको छ । स्वतन्त्रता पछिका ४० वर्षभन्दा कम समयावधिमा श्रीलंकामा स्कूलहरूको संख्या ५० प्रतिशतले बढ्यो भने विद्यार्थी संख्या ३०० प्रतिशतले बढ्यो । शिक्षकहरूको संख्या ४०० प्रतिशतले बढ्यो । उक्त वृद्धि खासगरि माध्यमिक शिक्षामा निकै तीव्र छ । शिक्षकहरूले प्लान्टेशन उद्योगपछिको सरकारी सेवाको अधिकतम भाग ओगटे । शिक्षित जनसंख्या पनि उतिकै बढेको छ र एक सरकारी तथ्यांक अनुसार सन् ८० को दशकको मध्यसम्म ९० प्रतिशतभन्दा बढी मानिस (*तीमध्ये ८७ प्रतिशत दश वर्षभन्दा माथिका थिए*) शिक्षित थिए भने युवावर्ग लगभग शतप्रतिशत शिक्षित थिए । यो प्रतिशत अहिले शतप्रतिशत भएको छ । सरकारले शिक्षामा त्यसभन्दा पनि ठूलो भूमिका खेलेको छ । नीजि संस्थाहरूले अब सरकारी अनुदान नपाउने हुनाले राज्यसंचालित निःशुल्क शिक्षा प्रदान गर्ने स्कूलहरूसँग प्रतिस्पर्धा गर्न शुल्क उठाउन थाले । राज्य प्रणालीमा विद्यार्थीहरूको प्रतिशत निरन्तर बढ्दै गयो । सन् १९८० को दशकमा नै सरकारी स्कूलहरूमा ९९ प्रतिशत छात्रा तथा ९३ प्रतिशत छात्र भर्ना भई पढ्दै थिए । शिक्षामाथि सरकारको एकाधिकार थिएन, किनभने बौद्ध धर्मावलम्बीहरूका *पन्साल* तथा *पेरिभेना*, मुस्लिम *मदरसाह*रु तथा क्रिश्चियन *स्कूल*हरू अझ पनि फलिफुलिरहेका छन् । तर राज्यको शिक्षा प्रणालीले बहुमत जनसंख्या, खासगरि सिंहलीहरूमाथि व्यापक प्रभाव पारेको थियो । यसले श्रीलंकालाई शैक्षिक नेतृत्वको सवालमा विकासशील देशहरूको दाँजोमा पुर्‍याएको छ ।

सन् १९६० को दशकसम्म देवनागरि भाषाहरू सबै सरकारी माध्यमिक स्कूलहरूमा प्राथमिक माध्यमको रूपमा प्रयोग हुन्थे । तर सन् १९८० को दशकसम्म अंग्रेजी भाषाले प्राविधिक तथा व्यावसायिक पेशाका लागि महत्वपूर्ण स्थान हासिल गरेयो । सम्पन्न परिवारहरूमा शहरी क्षेत्रमा अवस्थित नीजि अंग्रेजी माध्यमका स्कूलहरूमा भर्ना गर्ने होडबाजी थियो । लामो समयदेखि यूरोपेली शिक्षासँग सम्बन्धित अल्पसंख्यक जातिहरू अझ पनि अंग्रेजी जान्ने प्रबुद्ध वर्गमा निकै प्रतिशतको रूपमा थिए । उदाहरणका लागि १९८० को दशकमा करीब ८० प्रतिशत बर्गरहरू अंग्रेजी जान्दथे भने सिंहलीहरूको संख्या १२ प्रतिशत मात्र थियो ।

५-१० वर्ष समूहका केटाकेटी प्राथमिक स्कूलमा जान्छन् । ११-१५ वर्षका बालबालिकाहरु निम्न माध्यमिक कक्षामा पढ्छन् । १६-१७ वर्षका किशोरहरू माध्यमिक विद्यालयमा भर्ना हुन्छन् (*एडभान्स्ट लेभल एक्जाम दिन्छन्*) । योग्य छात्रछात्रा विश्वविद्यालय जान सक्छन्, जुन पूर्णतया राज्यसंचालित छ । सन् ८० को दशकको उत्तरार्द्धमा श्रीलंकामा ८ वटा विश्वविद्यालय थियो । विश्वविद्यालयमा सन् १९४० र ६० का बीच युनिभर्सिटी अफ पेराडेनिया, सन् १९५०-६० का बीच स्थापित तथा *पेरिभेना*मा पुनर्संरचना गरिएका विद्यालंकार तथा विद्योद्या, सन् ६० को दशकमा स्थापित कोलम्बो जिल्ला अन्तरगत कातुबेद्दास्थित कलेज अफ ऐड्भान्ष्ट टेक्नोलोजी, सन् १९६७ मा निर्मित द कोलम्बो क्याम्पस अफ द युनिभर्सिटी अफ सिलोन, युनिभर्सिटी अफ रुहुनु (सन् १९७९), बाट्टिकलोआ युनिभर्सिटी कलेज (सन् १९८१) र कोलम्बोमा सन् १९८२ मा स्थापित बुद्धिस्ट ऐण्ड पाली युनिभर्सिटी अफ श्रीलंका त्यहाँका महत्वपूर्ण शैक्षिक संस्थानहरु हुन् ।

## शिक्षा प्रणाली र जातीय द्वन्द्व

स्वतन्त्रता पछिको पहिलो १५ वर्षमा छात्रहरूले मुख्यतया सरकारी सेवामा प्रवेशका लागि युनिभर्सिटीका डिग्रीहरु खोज्थे । किनभने सरकार नै प्रशासनिक पदका लागि प्रमुख रोजगारदाता थियो । आर्ट्समा स्नातक (*ब्याचलर*) डिग्रीसम्म पुर्‍याउने लिबरल आर्ट्सलाई प्रशासकीय पदको तयारीका लागि प्राथमिकता साथ छानिन्थ्यो । विश्वविद्यालयीय जाँच प्रबुद्ध वर्गको भाषा अँग्रेजीमा संचालन हुने हुँदा सो मा निवेदन दिने सम्भावित आवेदकहरूको संख्या अपेक्षाकृत कम थियो र ती मध्ये ३० प्रतिशतलाई मात्र भर्ना गरिन्थ्यो । सन् ६० को दशकको मध्यमा उक्त जाँच सिंहला तथा तमिलमा संचालन हुन थालियो, जसले गर्दा आवेदकको

संख्या निकै बढ्यो । यस्ता आवेदकहरु अधिकाँशतया राज्य संचालित देवनागरि भाषावाला माध्यमिक स्कूलमा पढेका हुन्थे । साथै कोषको अभावका कारणले विश्वविद्यालयको विस्तार सुस्त भयो र योग्य उम्मेदवारको बढ्दो मात्रालाई भर्ना गर्नु असम्भव भयो । सन् १९६५ सम्ममा २० प्रतिशत आवेदक मात्र भर्ना गरिए भने १९६९ सम्म ११ प्रतिशत मात्र । येनतेन विश्वविद्यालय भर्ना हुन पाएका छात्रहरूले पुरानै ढर्राको स्नातक डिग्रीको पछि लागे, जबसम्म सरकारी तथा नीजि संस्थानहरूले तिनलाई पदस्थापन गर्न सकेनन् । यसरी सन् ६० को दशकको उत्तरार्द्धमा शैक्षिक विस्तारको दिशाले विश्वविद्यालयीय प्रणालीमा दुईथरी समस्या जन्मायोः : भर्ना हुन बढ्दो समस्या तथा अध्ययन सकिएपछि रोजगारका लागि लिबरल आर्ट्स विषयको असान्दर्भिकता । यसबाट सबभन्दा बढी सिंहली सम्प्रदायका व्यक्तिहरूलाई घाटा भयो, जो हाइस्कूल वा युनिभर्सिटी डिग्री हासिल गर्न सक्षम त भए, तर तिनलाई त्यहाँभन्दा अगाडि बढ्न मुश्किल भयो । अधिकाँश सिंहली छात्रहरूले सन् १९७१ मा पिपुल्स लिबरेशन फ्रन्ट (*जनता विमुक्ति पेरामुना-जेभीपी*) ले संचालन गरेको विफल आन्दोलनमा भाग लिनु पछाडिको कारण, यहि निराशा थियो ।

औपनिवेशिक अवधि तथा स्वतन्त्रता पछिको दुई दशकमा श्रीलंकाली तमिल हिन्दू तथा ईसाई दुबैले- माध्यमिक स्कूल तथा विश्वविद्यालयको ब्याचलर अफ आर्टस डिग्री कार्यक्रममा सिंहलीहरूलाई पछाडी पारे । तर सरकारमा सिंहलीहरूको जातीय बाहुल्यता रहेकोले तमिल छात्रका लागि सरकारी पद प्राप्तिको सम्भावना भने घट्दै गयो । तमिल माध्यमिक स्कूलहरुले त्यतिखेर आफ्नो तागत विज्ञान तथा मेडिसिनमा आफ्ना विद्यार्थीको तयारीमा लगाए र सन् ६० को दशकसम्म तमिलहरूले ती क्षेत्रमा विश्वविद्यालयमा आफ्नो प्रभुत्व कायम गरे । यसरी सिंहली स्नातक छात्रहरू रोजगारको बजारमा पछाडि हुत्याइए भने तमिल साइन्स छात्रहरू आकर्षक पेशा अपनाउँदै थिए । साइन्स तथा मेडिकल सुविधामा तमिल छात्रको संख्या घटाउनप्रति लक्षित सिंहलीहरुको आन्दोलन तमिलहरुको प्रमुख राजनैतिक मुद्दा भयो ।

सन् १९७४ सम्म रोजगाार तथा शिक्षामा भर्नाका लागि खुला राजनैतिक समर्थनले पनि सुशिक्षित तमिल छात्रको बर्चस्वलाई घटाउन सकेन् । यस पछि सरकारले साइन्स विषयमा भर्नाका लागि प्रत्येक जिल्लाहरुमा विद्यार्थीहरुको कोटा छुट्यायो । देशको हरेक जिल्लाका छात्रहरूका लागि केही स्थान सुरक्षित भएपछि सिंहली समुदायको बढी जिल्लाहरु भएको हुदां तिनलाई सजिलै फाइदा पुग्ने भयो । जनसंख्यामा तमिलको प्रतिशतभन्दा भर्नाको अनुपात बढी भए पनि यस व्यवस्थाबाट भर्ना संख्या निकै घट्यो । सन् ८० को दशकमा ६० प्रतिशत युनिभर्सिटी भर्ना जिल्ला कोटाअनुसार भए भने बाँकी ४० प्रतिशत व्यक्तिगत मेरिटका आधारमा प्रदान गरिए । विश्वविद्यालयमा भर्ना वारेको यस सरकारी नीतिले केही समयमै तमिलहरु आफुहरु माथी नियाजित विभेद भएको अनुभव गर्न थाले । यस कोटा प्रणालीबाट आम श्रीलंकालीहरूलाई समानुपातिक ढंगले बढी अवसर प्रदान भएको देखिए पनि तिनले माध्यमिक स्कूलबाट आउने अधिकाँश प्रतिभाशाली तमिल छात्रको भविष्य नष्ट पारिदियो । सरकारका शैक्षिक नीतिलाई तमिल समुदायका शिक्षित सदस्यहरूले एकदमै भेदभावपूर्ण पाए । कतिपय तमिल युवा आफ्नो शैक्षिक भविष्य बर्बाद भएकोमा तमिल युनाइटेड लिबरेशन फ्रन्ट तथा अन्य पृथकतावादी संगठनलाई समर्थन गरेर प्रतिकिया जनाए । अचम्मको कुरा के छ भने शिक्षामा भएको व्यापक सुधारको यस कथित प्रयासले मुलुकमा सजिलै ननिभ्ने जातीय द्वन्द्वलाई मलजल दियो ।

१०

# श्रीलंकाली मध्यमवर्गको उदय

श्रीलंकामा उन्नाइसौं शताब्दी सम्ममा पूर्व र पश्चिमको प्रभावबाट एक नयाँ समाज उदाउँदै थियो । यस नवोदित समाजको कडा नियमहरुले शासकलाई शासनबाट अलग्याउँदै लगेको थियो । ब्रिटिश तथा श्रीलंकालीहरू बीचको सामाजिक अर्न्तसम्बन्ध विस्तारै प्रतिबन्धित हुदै गएको थियो । ब्रिटिश समुदाय बिस्तृत रूपमा विभिन्न वर्ग भिन्नताहरु भएको अंग्रेजी समाजकै एक रूप थियो । जहाँ सामाजिक ढांचाको शीर्षमा सिलोन निजामती सेवाका ब्रिटिस पदाधिकारीहरू नै आसिन हुन्थे । यहाँको विशाल सामाजिक परम्पराले सेवा गर्ने पदाधिकारीहरूलाई अलग जातिको रूपमा उभ्याएको थियो । तर यो परिस्थिति उन्नाइसौं शताब्दीको उत्तरार्द्धमा विस्तारै र पछिल्लो शताब्दीमा तिब्रताकासाथ परिवर्तित भयो । श्रीलंकामा भारतभैंm ब्रिटिशहरूले एक शिक्षित जमात तयार पार्यो, जसले तिनको उपनिवेशमा सक्षम प्रशासकीय तथा व्यावसायिक सेवा प्रदान गर्न सक्थ्यो । उन्नाइसौं शताब्दीको उत्तरार्द्धसम्म यस उदीयमान वर्गका अधिकाँश सदस्य प्रत्यक्ष वा अप्रत्यक्ष तवरले सरकारसँग सम्बन्धित थिए । सरकारी सेवाको क्षेत्रमा श्रीलंकालीहरूको बढ्दो सहभागिताले छुट्टै कानूनी पेशाको सृजना गर्नुपर्ने मागलाई जन्मायो । यसै गरि राज्यप्रदत्त स्वास्थ्य सेवाकालागि चिकित्सक पेशाको खाँचोलाई जन्मायो । शिक्षाको प्रसारले शिक्षण पेशाको स्थापना र विस्तार गर्‍यो । साथै व्यापारिक खेतीहरूको विस्तारले नयाँ व्यापार तथा व्यवसायहरू खडा भयो । जमीन्दार, रोपाहा, यातायात, एजेन्ट, ठेकेदार तथा व्यापारीहरूको प्रादुर्भाव भयो । निश्चित सिंहली जातीय समूहका भैm माभmी (कारावा) तथा दालचिनी ताछ्ने (*सालगामा*) हरुले उभ्रदो नयाँ आर्थिक व्यवस्थाबाट लाभ उठाउन थाले, जसले गर्दा परम्परागत खेतिहर (*गोयिगामा*) को राज्य ढलमल गर्न थाल्यो ।

पूँजीवादी अर्थव्यवस्थाको विकासले परम्परावादी बुद्धिजीविहरू - मैदानी भागका सिंहली तथा काण्डयान सामन्तीहरूका सरदार तथा मुखियाहरूलाई ब्रिटिशहरूको समर्थन पाउन प्रतिस्पर्धाका लागि बाध्य गर्‍यो । यी उच्चवर्गीय घुमन्ते, मुख्यतया शहरी व्यावसायिकहरूले एक नयाँ जमात खडा गर्‍यो - जसले यिनीहरुलाई जाति तथा सम्प्रदायभन्दा माथि उभ्यायो । यो वर्ग, खासगरि यसका उपल्लो तबकाहरु, पश्चिमी संस्कृति तथा आदर्शमा चुर्लुम्म डुबेको थियो । उक्त अंग्रेजीकृत प्रबुद्धवर्गमा खासगरि संकीर्ण राजनैतिक लगाव थियो । ती सरकारप्रति बफादार थिए र ब्रिटिशहरूको आकृति तथा सामाजिक आचरणसंग यिनीहरुले यस हदका तादम्यता मिलाएका थिए कि, यसका सदस्यलाई साहेब भनी बोलाइन्थ्यो । यस नयाँ वर्गको शिर्षमा मुट्ठीभर श्रीलंकालीहरू थिए, जो उन्नाइसौं शताब्दीका सरकारी सेवामा खास स्थान ओगट्न सफल थिए । यो वर्ग पहिलो श्रीलंकाली प्रतिस्पर्धा मार्फत सन् १८४० मा सेवा प्रवेश गर्‍यो । त्यसबखत लण्डनमा मात्र प्रवेश परीक्षा लिइन्थ्यो र सोका लागि अंग्रेजी शिक्षा आवश्यक थियो । त्यस कारण देशी मध्यम वर्गका केही सदस्यहरुले मात्र त्यस्तो उच्च ओहोदाको कल्पना गर्न सक्थ्यो । परिणामस्वरुप कोलब्रूक तथा क्यामरोनले सिफारिस गरेका उदारवादी नीतिका बाबजूद ब्रिटिशहरूले नै औपनिवेशिक प्रशासनमा प्रायः सबै उच्च पद ओगटेका थिए ।

## प्रतिनिधित्वको माग

प्राचीन बौद्धग्रन्थहरूको खोजीले श्रीलंकाको प्राचीन सभ्यताका वारेमा जनअभिरुचिलाई जगायो । अतीतको अध्ययन गर्नु शिक्षाको एक महत्वपूर्ण पक्ष बन्नगयो । पुरातत्ववेत्ताहरू अनुराधापुर तथा पोलोन्नारुवामा काम थाले र तिनको खोजले पुनरुत्थानवादी राष्ट्रिय गर्वलाई माथि उठायो । सन् १८८० को दशकमा बौद्ध धर्मबाट प्रेरित सुधारवादी अभियानको पनि प्रारम्भ भयो । यसले नशाखोरीको विरोध गर्‍यो । साथै सन् १९०५ मा पश्चिमीकरणसँग सम्बन्धित कुरीतिहरूसँग जुध्न सिलोन सामाजिक सुधार समाजको स्थापना भयो । यी सुधारवादीहरूलाई सरकारबाट प्राप्त अभिव्यक्ति स्वतन्त्रताको अधिकारबाट हौसिएर उन्नाइसौं शताब्दीको अन्त्यतर्फ विभिन्न साम्प्रदायिक तथा क्षेत्रीय राजनैतिक संगठनहरूले संवैधानिक सुधारका लागि दवाब दिन थाले । औपनिवेशिक सरकारलाई कार्यकारी परिषदमा श्रीलंकाली प्रतिनिधित्व तथा विधानसभामा क्षेत्रीय प्रतिनिधित्व गराउने दवाव पर्न थाल्यो । सो को प्रतिउत्तरमा औपनिवेशिक सरकारले सन् १९१० मा एउटा

सानो प्रयोग गर्‍यो, जसअनुरुप श्रीलंकालीहरूको सानो निर्वाचन क्षेत्रलाई विधानसभामा एक सदस्य पठाउने अनुमति दिइयो । तर श्रीलंकालीहरूले ओगटेका अन्य स्थानमा भने पुरानै जातीय प्रतिनिधित्व कायम रह्यो ।

## राजनैतिक प्रणालीको कमजारी

श्रीलंकाको स्वतन्त्रता पश्चातको समयमा त्यहाँको राजनैतिक व्यवस्थाको महत्वपूर्ण विशेषता भनेको दीर्घकालिक (*टिकाउ*) तथा सामान्यतया स्थायी राजनैतिक दल हो । सन् १९५२ देखि ७७ सम्ममा सम्पन्न भएका विभिन्न आम निर्वाचनहरूमा द्वि-दलीय प्रणाली देखा पर्यो । जस अन्तरगत युएनपी तथा एसएलएफपीले एकपछि अर्को गरि बहुमत पाउँदै सरकारहरु बनाए । तर पर्यवेक्षकहरूको रायमा उक्त प्रणालीको प्रमुख विफलता युएनपी तथा एसएलएफपीद्वारा तमिलहरूको समर्थन प्राप्त गर्ने अनिच्छा वा अक्षमता थियो । यसको परिणाम स्वरुप प्रचलित दलीय राजनीतिबाट तमिल जस्तो अल्पसंख्यक समुदाय प्रायःजसो बाहिरिएकै हुन्थ्यो ।
जातीयताको आधारमा सन् ८० को दशकको उत्तरार्द्धमा तीन थरीका दलहरूको परिभाषा दिन सकिन्छः । सिन्हला समर्थित युएनपी (*UNP*) तथा एसएलएफपी (*SLFP*) पार्टी, मार्क्सवादी पार्टीहरु जस्तैः लंका समसमाज पार्टी (*LSSP*) तथा कम्युनिष्ट पार्टी अफ श्रीलंका साथै असंख्य सानातिना टुक्रिएका समूहहरु । तमिल पार्टी अन्तरगत तमिल युनाइटेड लिबरेशन फ्रन्ट (*TULF*) तथा अन्य अल्पसंख्यकमुखी पार्टीहरू जस्तै भारतीय तमिलको समर्थन भएको सिलोन वर्कर्स पार्टी तथा श्रीलंका मुस्लिम काँग्रेस थिए । तर स्थिति यसबाट जटिल भयो कि, दक्षिणी श्रीलंकामा सिंहली उग्रराष्ट्रवादमा आधारित जनता विमुक्ति पेरामुना (JVP) तथा उत्तरी तथा पूर्वी प्रान्तमा तमिल टाइगरर्सजस्ता अतिवादी समूहले जनसमर्थनका लागि वैधानिक दलहरूलाई चुनौती दिन्थे । सन् ८० को दशकको उत्तरार्द्धमा जयवर्द्धने सरकारको अलचिलोपना तथा जाफ्ना जिल्ला तथा पूर्वी प्रान्तका केही भागमा अतिवादीहरूद्वारा आतंक मच्चाउने तरीकाले अपेक्षाकृत नरमपन्थी टल्फका लागि तमिलहरूको जनसमर्थन नाटकीय ढंगले घटाइदियो ।
राजनैतिक पार्टी प्रणालीमा अत्यन्तै असमावेशी चरित्रका युएनपीको नेतृत्वद्वारा आफ्नो बर्चस्वलाई कायम राख्न बारम्वार गरिएको संविधान संशोधनले राजनीतिक प्रणाली झन् कमजोर भयो । सन् ८० को दशकमा युएनपीका कतिपय कारवाहीले दुई प्रमुख पार्टीबीचको सन्तुलनलाई होच्यायो, जुन १९५२-७७ का वर्षमा राजनैतिक स्थायित्व वा स्थिरताका पछाडि महत्वपूर्ण कारक थिए । सन् १९८९ सम्म संसदीय अवधिको विस्तार, संविधानको संशोधन मार्फत पृथकतावादको बहस गर्न प्रतिबन्ध लगाउने कार्य (जसले गर्दा संसद्बाट टल्फका सदस्यहरूलाई बलात् निकालियो) - यी सब कार्यहरुले गदौ ठूलो रुपमा नयाँ राजनैतिक गुनासाहरु श्रृजना गर्‍यो । अक्टूबर १९८० मा सत्ताको कथित दुरुपयोग गरेवापत एसएलएफपीका नेता सिरिमाओ बन्दरानायकेको नागरिक अधिकार सात वर्षलाई खोस्ने जयवर्द्धने सरकारको निर्णयले पनि दुई पार्टी प्रणालीलाई कमजोर तुल्यायो । यसले एसएलएफपीलाई एक स्थापित र लोकप्रिय नेताबाट वञ्चित गरायो । सन् १९७२ देखिको क्रान्तिकारी संवैधानिक परिवर्तनका बावजूद पार्टी प्रणालीको ब्रिटिश लगाव वा आकर्षण संसद्भित्र सरकार तथा विपक्षका विधायक बीच गरिने प्रष्ट भेद वा विभेदीकरण (*वेस्टमिनिस्टरमा झैं विपरीत बेन्चमा बस्नु*) तथा सन् १९७८ को संविधानमा एक दलबाट अर्को दल परिवर्तन गर्न (*पहिला निकै प्रचलित रहेको*) नपाउने प्रावधानमा तत्कालै देखा पर्छ । पछिल्ला बेन्चमा बस्नेहरूले पार्टी नेताका निर्देशन पालना गर्नु पर्ने हुन्छ र पार्टी अनुशासन भंग गरेमा पार्टीबाट निष्काशन हुनसक्छ ।

## जातीय राजनीतिक रुपान्तरण

सन् १९७८ को संविधानले देशको पुरानो नाम रिपब्लिक अफ श्रीलंकालाई बदलेर डेमोक्रेटिक सोसलिष्ट रिपब्लिक अफ श्रीलंका राख्यो । यस संविधान अनुसार फ्रान्समा पाँचौ रिपब्लिक अन्तरगत संचालित सरकार झैं राष्ट्रपतीय प्रणाली स्थापना भयो । उक्त संविधानमा २४ अध्यायमा विभाजित १७२ वटा धारा छन् । सन् १९७२ को संविधान झैं यसले बौद्ध धर्मलाई विशेष स्थान प्रदान गर्दछ (*यसलाई फेरि पनि "अग्रणी स्थान" दिएर अन्य धार्मिक समुदायलाई पनि स्वतन्त्रता प्रदान गरेको छ*) । तर पहिलेको संविधानभन्दा यसमा के भिन्नता छ भने, यसले सिंहलासँगै तमिल भाषालाई पनि "राष्ट्रिय स्तर" प्रदान गरेको छ । यद्यपि सिंहलालाई मात्र "सरकारी" भाषाका रूपमा पहिचान गरिएको छ । भाषासम्बन्धी प्रावधानले तमिल भाषालाई उत्तरी तथा पूर्वी प्रान्तमा प्रशासनिक कारोबारका लागि प्रयोग गर्ने अनुमति दिन्छ र सरकारी जागिरका लागि हुने

जाँचहरूमा आवेदकले तमिल वा सिंहला कुनै एक भाषा रोज्न सक्छन् (*यद्यपि सरकारी सेवामा प्रवेश गरेपछि सिंहला भाषाको ज्ञान हुनु आवश्यक मानिन्छ* ) । फरवरी १९८३ मा जयवर्द्धनेले अंग्रेजीलाई तेश्रो राष्ट्रिय भाषाको रूपमा स्थापित गर्ने घोषणा गऱ्यो ।

संविधानले व्यापक मौलिक हकको उल्लेख गरेको छ : विचार तथा चेतनाको स्वतन्त्रता, धार्मिक स्वतन्त्रता, सम्प्रदाय, धर्म, लिंग वा जातिका आधारमा भेदभाव गर्न नपाउने स्वतन्त्रता, वाक् स्वतन्त्रता, आधारभूत कानूनी सुरक्षा जस्तै जथाभावी पक्राउ वा नजरबन्दी तथा गैर कानूनी थुनाबाट स्वतन्त्रता, कुनै पनि कानूनी पेशा गर्न पाउने स्वतन्त्रता तथा बसाईसराई, यात्रा गर्न पाउने स्वतन्त्रता । यी हकहरू संविधान घोषणा भएको १० वर्षसम्म श्रीलंकामा बसेका राज्यविहीन व्यक्तिका लागि पनि प्रत्याभूत गरिएका छन् । तर मौलिक हकको प्रयोग राष्ट्रिय सुरक्षा खतरामा परेको अवस्थामा वा कुनै कारणले व्यक्तिका कानूनी कृयाकलाप (*जस्तै भाषण वा प्रकाशन*) जातीय वा धार्मिक मेलमिलापलाई खतारा पुऱ्याउने भएमा वा “सार्वजनिक स्वास्थ्य तथा नैतिकतालाई” खतरामा पार्ने खालको भएमा सीमित वा नियन्त्रित गरिनेछ भनिएको छ ।

संविधान अन्तरगतको एक धारामा राज्यको नीतिको लागि निर्देशक सिद्धान्तहरू राखिएका छन् । यस अन्तरगत व्यापक नीतिगत लक्षहरू छन्, जस्तै “प्रजातान्त्रिक समाजवादी समाज” को स्थापना र धनको उचित वितरण, आर्थिक विकास तथा सांस्कृतिक तथा शैक्षिक स्तर उकास्नु । निर्देशक सिद्धान्त अन्तरगत यी कुरा पनि पर्छन्- देशको प्रशासनलाई विकेन्द्रीकरण गर्ने तथा सबैथरी भेदभावको उन्मूलन गरि राष्ट्रिय एकताको प्रवर्द्धन गर्ने प्रतिवद्धता । नागरिक कर्तव्य (*जस्तै राष्ट्रिय एकतामा वृद्धि गर्ने*) पनि उल्लेख गरिएको छ । संविधान संशोधनका लागि संसद्को दुई तिहाइ मतको आवश्यकता पर्दछ । साथै “राज्यको स्वतन्त्र, एकात्मक तथा प्रजातान्त्रिक चरित्र ”बौद्ध धर्म, मौलिक हक, राष्ट्रपति वा संसद्को कार्यकाललाई असर पार्ने” कदमहरूको जनमत संग्रहबाट स्वीकृति लिनु पर्छ । “संविधानसँग बाझ्ने” विधेयकहरू संसद्को दुई तिहाइले पारित नगरेसम्म कानून बन्न पाउँदैनन् र त्यस्ता विधेयक सामान्य बहुमतबाट पुनः स्वीकृत गर्न सकिन्छ ।

जुलाई १९७७ को आम निर्वाचनपछि संसद्मा ५/६ बहुमत भएको जयवर्द्धनेको युएनपी सरकारले विपक्षको विरोधका बावजूद कतिपय विवादास्पद संवैधानिक संशोधनहरु पारित गराउन सफल भयो । केही राजनैतिक टिप्पणीकारहरूले भनेका छन् कि, चौथो संशोधन (दिसम्बर १९८२), जसले संसद्को आयु छ वर्षका लागि लम्ब्यायो वा छैठौं संशोधन (अगस्त १९८३), जसले सांसदहरूलाई पृथकतावादलाई बहिष्कार गर्न बाध्य गऱ्यो, यी कदमहरू प्रजातान्त्रिक संस्थाहरूलाई बलियो पार्नलाई नभई युएनपीको शक्तिमाथिको एकाधिकार लम्ब्याउन भनी चालिएका थिए ।

११

# १९४८ को स्वतन्त्रता
# तमिलहरूले नागरिकता तथा मताधिकार गुमाए

सिलोनले फरवरी ४, १९४८ मा ब्रिटिश उपनिवेशबाट स्वतन्त्रता प्राप्त गऱ्यो । तर श्रीलंकाको पहिलो संदीय चुनाव भने सोलबुरी संविधान (*Soulbury constitution*) अन्तरगत सन् १९४७ मा सम्पन्न भएको थियो । यस संसद्मा कुल सांसद ९६ र अल्पसंख्यक समुदायलाई प्रतिनिधित्व गर्ने ६ जना मनोनित सदस्यहरु थिए । युनाइटेड नेशनल पार्टी (*पहिलेका सिलोन नेशनल काँग्रेस*) का नेता श्री डी.एस. सेनानायकेले ब्रिटिश उपनिवेश पछि पहिलो प्रधानमंत्री भए । नयाँ संविधानको मसी सुक्न नपाउंदै सिलोनको संसद्ले सन् १९४८ मै सिलोन नागरिकता ऐन नं. १८ लाई पारित गऱ्यो । यस कानूनले भारतीय मूलका लाखौं तमिललाई मुलुकको नागरिकताबाट बञ्चित तुल्यायो । त्यसपछि सन् १९४९ को सिलोन (*संसदीय निर्वाचन*) संशोधन ऐन-४८ आयो, जसले तमिलहरूको मताधिकार समेत खोस्यो । यस ऐनको दुष्प्रभाव स्वरुप तमिलहरु, जसले यस अघि त्यहाँका संसद्मा ७ स्थान प्राप्त गरेर थप २०-३० सांसदहरुको शक्ति सन्तुलन बनाउँथे, तिनले सन् १९५३ मा सम्पन्न संसदीय चुनावमा एउटा संसदीय स्थानसम्म हासिल गर्न सकेनन् ।

## सिंहली-बौद्ध राष्ट्रवादको उदय

लाखौं तमिलहरुको नागरिकताको अधिकार खोसिनुको मुख्य कारण नै राजनीतिलाई आफ्नो पकडमा राखीराख्नका लागि संगठित हुदै गएको सिंहली-बौद्ध बहुमत थियो, जसले टापूलाई सिंहली बौद्धहरुको मात्र एकलौटी गृहराज्य ठान्थे र तमिलहरूलाई दक्षिण भारतको तमिलनाडुबाट आएका हमलावर मान्दथें ।
"श्रीलंकाको इतिहास भन्नु नै सिंहली जातिको मात्र इतिहास हो..., सिंहली जनतालाई पच्चीस सय वर्ष अगाडि बौद्ध धर्मको संरक्षण गर्ने महान तथा गहन अभिभारा दिइयो..., सन् १९५६ मा अनौठो त्रि-आयामिक सन्दर्भहरु जोडिनेछ-सिलोनको इतिहासले पच्चीस सय वर्ष पुरा गर्नेछ साथै यससंगै सिंहली बौद्ध अन्योन्याश्रित सम्बन्धको पनि पच्चीस सय वर्ष पुरा हुनेछ..., यसरी सिंहली सम्प्रदायको जन्म तथा अभ्युद्य यौटा संयोग र अप्रत्यासित सामान्य घटना मात्र नभई अपितु सिंहली इतिहासको उद्देश्यपूर्ण र अति महत्वको सुनियोजित घटना रूपमा भएको बुझिनेछ । मानौं, यस राष्ट्रको निर्माण र यसको उत्थानसँगै असंख्य शताब्दीऔं सम्मका लागि पच्चीस शताब्दी अगावै विश्व चेतनाका महान प्रचारक (*बुद्ध*) ले प्रज्वलित गरेको ज्वालालाई ऊँचा राख्न नै भएको हो...।" (*डी.सी. विजयवर्द्धनेद्वारा लिखित द रिभोल्ट इन द टेम्पल, सन् १९५३ को एक अंश*) त्यस पुस्तकमा लिखित यो सानो अंश सम्पूर्ण सिलोनमाथि सिंहली-बौद्ध मताबलम्बिहरुको एकमात्र र एकलौटी दावीको लागि उठेको आवाजको एक नमूना मात्र हो । उनी भन्दा अगाडि प्रसिद्ध बौद्ध संशोसधनवादी अनागरिका धर्मपाला (१८६४-१९३१) ले आफ्नो मूलनाम डन डेभिड हेवाभितार्नेबाट पाली भाषामा अनागरिका (अर्थात् *"घरवारविहीन"*) र धर्मपाला (अर्थात् *"धर्मको रक्षक"*) राखे । उनले आफ्नो पुस्तकः *हिष्ट्री अफ एन ऐन्सिअन्ट सिभिलाइजेशन-१९०२* मा यस प्रकार लेखे : "*जातीय रूपमा सिंहलीहरू एक अनौठो जाति हुन् । उनीहरूले यस कुरामा गर्व गर्नु अन्यथा होइन कि, सिंहलीहरुको शरीरमा दासताको रगत बग्दैन । सिंहलीहरु गैरजातीय तथा तीन शताब्दीसम्म सिंहली भूभागलाई नष्ट पार्ने, प्राचीन मन्दिरहरू भत्काउने, बहुमूल्य पुस्तकालयहरूलाई भष्म पार्ने र यस प्रागऐतिहासिक जातिलाई प्रायः निमिट्यान्न पार्न खोजेका यूरोपेली आक्रमणकारीहरूद्वारा कहिल्यै पराजित हुनु परेन... । असभ्य तथा बर्बर आक्रमणकारीहरूबाट विनाश हुनुअघि यस उज्ज्वल तथा सुन्दर टापूलाई आर्यवंशी सिंहलीहरूद्वारा स्वर्ग सरह निर्माण गरिएको थियो... । जातीयताको अध्ययन गर्ने छात्रहरूका लागि सिंहलीहरू आर्य सभ्यताको प्रतीकका रूपमा उभिन्छन् ...।*" किंवदन्तीहरु तथा जातीय अहंकारको यस्तो प्रभावकारी मिश्रणलाई सिंहली राजनीतिज्ञहरूद्वारा राजनीतिमा आफ्नो नैसर्गिक बर्चस्व सिद्ध गर्न ऐतिहासिक तथ्यका रूपमा अगाडि सारियो, जस्को उद्देश्य नै सिंहली बहुलवादको पोषण गर्दै तमिल माथि शासन कायम राख्नु थियो ।

# सुरक्षा बलको जातीय संरचना

मुलुकको स्वतन्त्रतासंगै श्रीलंकाली सरकारले ब्रिटिशहरूबाट एक सैनिक प्रतिष्ठान प्राप्त गऱ्यो, जुन व्यापक अर्थमा जातीय वा धार्मिक तवरले जनसंख्याको प्रतिनिधित्व गर्दैन्थ्यो । उदाहरणका लागि श्रीलंकाको तत्कालिन सैनिक सेवामा अल्पसंख्यकहरू पदाधिकारीतर्फ निकै कम संख्यामा थिए । जनसंख्याको करीब ८ प्रतिशत भएका ईसाईहरूले सम्पूर्ण पदाधिकारीको करीब ५० प्रतिशत भाग ओगटेका थिए । यसरी नै जातीय रूपबाट कुल जनसंख्याको २० प्रतिशत भन्दा केही कम रहेका तमिल तथा बर्गरले ४० प्रतिशत भाग ओगटेका थिए । सेनामा यस्तो असन्तुलित प्रतिनिधित्वको कारण ब्रिटिशहरूको समयमा बनेका कतिपय नियोजित नीतिहरुको विकास थिए । भारतमा झैं श्रीलंकामा पनि औपनिवेशिक सरकारले सैनिक तथा सरकारी सेवाका लागि जानाजानी केही अल्पसंख्यकलाई छान्ने गर्थ्यो । साथै तमिलहरूमा क्रिश्चियन मिशनरी स्कूल प्रवेश गर्ने विशाल चाहनाले गर्दा उनीहरूले औपनिवेश प्रशासनको भाषा, आस्था (*धर्म*) तथा मूल्य एवं मान्यताहरु सिक्ने अवसर पाए । यी क्रिश्चियन स्कूलहरू पनि बौद्धधर्मी स्कूलहरुको तुलनामा बढी शारीरिक तालीम दिन्थे । औपनिवेशिक परम्परामा सामान्य व्यवहारमा रहेका विद्यार्थी स्वयंसेवकहरू बौद्धधर्मी शान्तिवादी कट्टरपन्थी सम्प्रदायमा प्रतिबन्धित थियो । यसरी सेनामा सिंहलीहरुको प्रतिनिधित्व केही कम नै रह्यो । जबकि निकै पश्चिमीकृत जीवन अंगालेका बर्गरहरू औपनिवेशिक शक्तिका सामाजिक तथा सार्वजनिक मान्यताहरूमा झन् सजिलै रमाए ।

स्वतन्त्रताका शुरुका केही वर्षमा सैनिक नेतृत्वमा ईसाई तथा अल्पसंख्यकहरूको उच्च प्रतिनिधित्व समसामयिक राजनैतिक प्रवाहसंग पूरै मिलेको थियो । डन स्टीफन सेनानायके तथा सर जन कोटेलावालाका सरकारमाथि पश्चिमीकृत प्रबुद्ध वर्गको प्रभाव थियो र तिनले सेनामा सबै जातिलाई समावेश गर्नु पर्ने कुरामाथि जोड दिन्थे । तर सन् १९५० को दशकको मध्यमा नयाँ सिंहली तथा बौद्धधर्मी राष्ट्रवादले औपनिवेशिक कालको ब्रिटिश समर्थित प्रवुद्ध वर्गको निकै विरोध गर्दै आयो । सरकारभित्र उक्त प्रवृत्ति सन् १९५६ को आम निर्वाचनमा एस.डब्ल्यु.आर.डी. बन्दरानायकेको विजयको रुपमा प्रकट भयो । तर सेनातर्फ भने परिवर्तन निकै क्रमिक ढंगबाट भयो । सेनामा नयाँ निर्माण गरिएका सेवाहरूमा उपलब्ध अधिकाँश कमिशनहरू पूर्ति भइसकेका थिए तथा अपेक्षाकृत युवा सेनाका केही मात्र अफिसरहरू अवकाश प्राप्त गर्ने क्रममा थिए । परिणाम स्वरुप यस अवधिमा नागरिक तथा सैनिक अधिकारी बीच निकै तनाव देखा पर्यो । सरकारको राष्ट्रियकरणको कार्यक्रम तथा बौद्ध धर्म तथा सिंहला भाषाका लागि एक विशेष स्थान स्थापित गर्ने प्रयासले टापूभरि द्वन्द्वको अवस्था चर्कायो । जनवरी १९६२ मा कतिपय उच्चपदस्थ सैनिक अधिकृतहरू समातिए र उनिहरु उपर सत्ता पलटको प्रयास गरेको आरोप लगाइयो । भनाई छ कि, तिनीहरूले बन्दरानायके सरकारको गठबन्धनमा कतिपय प्रमुख वामपन्थी राजनीतिज्ञहरूलाई बन्दी बनाउने तथा युएनपीलाई सरकारमा फर्काउने योजना बनाएका थिए । यस षड्यन्त्रको पोल खुलुञ्जेल उनीहरूले उक्त योजना त्याग गरिसकेका थिए । तैपनि बन्दरानायकेको सरकारले बौद्ध धर्मको समर्थन गर्ने खालको अभियान चलाउने धम्की दियो र यस तथ्यबाट राजनैतिक फाइदा उठाए कि सबै षड्यन्त्रकारी ईसाई थिए ।

कतिपय सैनिक अधिकृतले शुरूमा प्रतिरोध गरेपनि सरकार विस्तारै सेनालाई आफ्नो रूपमा ढाल्न सफल भयो । सेनाका सबै तहमा सिंहली बौद्ध धर्मावलम्बीको प्रभुत्व हुने गरि भर्ना गरिए । सन् १९८३ को मध्यसम्ममा सबै तहका सैनिक कर्मचारीहरूमा तमिलको प्रतिशत ५ भन्दा कम रहन गयो । पहिले विविध भाषामा दिइने सैनिक तालीम अब आएर सिंहली तथा अंग्रेजीमा मात्र लिईन थालियो । साथै एस.डब्ल्यु.आर.डी. बन्दरानायकेको नेतृत्वमा सेनामा नयाँ सिंहली रेजिमेन्ट स्थावना गरियो । जसको नाम एवं रेजिमेन्टलाई सुहाउने खालको रंग भने सिलोन लाइट इन्फैन्ट्रीको ब्रिटिश औपनिवेशिक पोशाकसंग ठ्याम्मै मेल खाँदैन्थ्यो । यसै क्रममा लाइट इन्फैन्ट्रीले समेत नयाँ सिंहली रूप धारण गऱ्यो, जब सन् १९६१ मा यसले रेजिमेन्टको शुभचिन्हको रूपमा कान्दुला नामक हात्तीलाई प्रतीक मान्यो, त्यस वेला *टाइम्स अफ सिलोन*ले तत्कालै टिप्पणी गरेको थियो : *कान्दुला भनेको दुत्तगामिनी (वा दुत्तुगेमुनु) भन्ने प्राचीन सिंहली राजाको युद्धमा लड्ने हात्ती थियो र उनलाई ईपू दोश्रो शताब्दीमा तमिलहरूलाई श्रीलंकाबाट धपाएको श्रेय दिइन्छ ।*

सेनाको सिंहलीकरण राष्ट्रपति जयवर्द्धनेको युनाइटेड नेशनल पार्टीको सरकारमा पनि जारी रह्यो । ब्रिटिश शिक्षा प्राप्त गरेका तमिल तथा बर्गर अफिसरहरूको अवकाश प्राप्तिपछि अल्पसंख्यक सदस्यहरूको दर्ज्यानी खतरामा पर्यो । साथै देशमा बढ्दो जातीय विभाजन तथा उत्तरी प्रान्तमा तमिल जनसंख्या विरुद्ध सेनाको प्रयोगले गर्दा तमिल युवकहरू सेनामा जान हतोत्साहित भए । सन् १९८५ सम्म प्रायः सशस्त्र सेनामा भर्ना हुने सबै कर्मचारी सिंहली नै भए ।

## सिंहला मात्र ऐन-१९५६

सन् १९४८ मा संसद्मा नागरिकता विधेयकमा छलफलका दौरान एस.जे.भी. चेल्भानायकमले गरेको भविष्यवाणी अनुसार नै प्रधानमन्त्री एस.डब्ल्यु.आर.डी. बन्दरानायकेको श्रीलंका फ्रीडम पार्टीको सरकारले जून १९५६ मा सिंहली भाषा मात्रलाई सरकारी कामकाजको औपचारिक भाषाको रुपमा घोषणा गरेर तमिलहरूलाई विभेदको अर्को भ्रापड हान्यो । सिंहली तथा तमिल दुबैलाई त्यतिञ्जेलसम्म औपचारिक भाषा मानिदैं आइएको सरकारी नीतिको विपरीत यो ऐन लागू भएपछि रातारात सो मुलुकमै जन्मेका तमिलहरूलाई दोश्रो श्रेणीको नागरिक बनाइयो । यसबाट सिंहली तथा तमिल दुबै भाषालाई सरकारी भाषा मानिने द्विभाषी नीतिमाथि कुठाराघात भयो । राजनैतिक तहको यस निर्णयबाट तमिलहरुको भावनामा बहुमत सिंहलीहरूद्वारा निकै ठूलो आघात पुऱ्याइयो । यस निर्णयको प्रभावबाट सिंहली नजान्ने तमिलहरु सरकारी तथा सहकारी संस्थाहरूमा जागिर पाउनबाट बञ्चित भए । तमिलहरूको यतिसम्म अपमान भयो कि, तमिलहरुका कतिपय पिंढीले आफूलाई सामाजिक रूपमा बहिष्कृत र राजनैतिक तबरले दोश्रो दर्जाका नागरिकसरह मान्न बाध्य भए । बन्दरानायके सरकारको एक मन्त्री तथा सिंहला मात्र नाराका प्रचण्ड प्रवक्ता फिलिप गुणबर्द्धनेले १४ जून १९५६ का दिन संसद्मा भने : "हामीले यस (*सिंहला मात्र*) विधेयक मार्फत राष्ट्रिय संघर्षको एक महत्वपूर्ण चरणलाई पूरा गर्दैछौं । विदेशी शक्तिहरूद्वारा राज्यसत्ता खोसिनु अघि सिंहला भाषाले ओगटेको स्थान पुनः प्राप्त गर्नु भनेको यस टापूको विकासक्रममा एक महत्वपूर्ण चरण हो" (*हान्सार्ड, १४ जून १९५६*) ।
कोलम्बोको संसद् भवन स्थित ग्याले फेस ग्रीनमा सिंहला एकमात्र भाषा नीतिको विरोध गर्न तमिलहरुद्वारा आयोजित शान्तिपूर्ण सत्याग्रहलाई भाड्न सिंहली गुण्डाहरूले प्रदर्शनमा नग्न आक्रमण गरे । यसले टापूभरि दंगाफसाद फैलियो, जसमा सयौं तमिलहरुले ज्यान गुमाए भने लाखौंका धनमाल नाश भयो । सन् १९५६ को दंगाले सिंहली सरकारद्वारा अभिप्रेरित तथा सुरक्षाकर्मीहरूद्वारा पूर्ण रुपले समर्थित तमिलहरूका विरुद्ध संगठित हत्याहिंसाको श्रृंखलाको शुरुआत गऱ्यो । यसरी अभिप्रेरित हिंसात्मक घटनाहरु झन् बिषालु रूपमा सन् १९५८, १९६१, १९७७, १९७९, १९८१ तथा १९८३ मा पटक पटक दोहोऱ्याइयो ।
सन् १९५७ को जुलाईमा एस.डब्ल्यु.आर.डी. बन्दरानायकेले एस.जे.भी. चेल्भानायकमसँग प्रसिद्ध बन्दरानायके-चेल्भानायकम सम्झौतामा हस्ताक्षर गरे । यसमा फेडरल पार्टीले भूभाग, भाषा र शिक्षा जस्ता क्षेत्रमा केही क्षेत्रीय स्वायत्तता दिईनु पर्ने प्रस्ताव गऱ्यो । तर सिंहली-बौद्ध कट्टरपन्थीहरूको दबावमा बन्दरानायकेले उक्त सम्झौतालाई लागू नगर्दै भंग गरे । यस दबाव अभियानको नेतृत्व युनाइटेड नेशनल पार्टीका जे.आर.जयबर्द्धनेले गरेका थिए, जसले क्याण्डीसम्मको विरोध ऱ्यालीको नेतृत्व गरे । यिनै जयबर्द्धने पछि त्यहाँका राष्ट्रपति भए । यस पछि पुनः चेल्भानायकमले डुड्ले सेनानायकेसँग सन् १९६५ मा यस अघिकै मनशाय अनुरुपको अर्को सम्झौता गरें । यो सम्झौता पनि पूर्ववत् भंग भयो । यसको विरोध स्वरुप उत्तरपूर्वी प्रान्तहरूमा सरकारी सेवाहरुलाई ठप्प पार्ने गरि फेडरल पार्टीद्वारा आयोजित अहिंसक सत्याग्रहलाई निर्ममतापूर्वक सेनालाई प्रयोग गरि दमन गरियो । श्रीलंकाको सेनामा सिंहलीहरूको ९९ प्रतिशतको बर्चस्व छ र हालसम्म सेनालाई राज्य आतंकको साधनको रूपमा प्रयोग गर्ने गरिन्छ । केहि अघि सम्ममा *सेनाको संख्या १ लाख ७४ हजार जति थियो र यसलाई कायम राख्न श्रीलंकाली सरकारले सरकारी बजेटको २० प्रतिशत सम्म (कुल गार्हस्थ उत्पादनको २.६ प्रतिशत) रकम* खर्च गरिरहेको छ ।
सन् १९७० मा श्रीमती सिरिमाओ बन्दरानायके (*एस.डब्ल्यु.आर.डी. बन्दरानायकेकी विधवा*) को सरकारले कुख्यात शिक्षामा "स्तरीकरण" को नीति लागू गरेर घाउमा नूनचूक दल्ने काम गऱ्यो । यो भेदभावपूर्ण नीतिले विश्वविद्यालयमा भर्नासम्बन्धी भिसाका लागि तमिलहरू विद्यार्थीहरुसँग अति उच्चतर अङ्कको माग गऱ्यो । यसले सोलबुरी आयोगमा समाविष्ट अल्पसंख्यकहरुको न्यूनतम सुरक्षाको अवधारणालाई समेत तिरस्कार गऱ्यो । आश्चर्य लाग्दो कुरो त के भयो भने, श्रीमती बन्दरानायकेको मन्त्रिमण्डलका एकजना त्रोस्काइट (*Troskite*) (*चौथो अन्तर्राष्ट्रिय*) विचारका मन्त्रीद्वारा लिखित उक्त कुख्यात संविधानले तमिलहरूको राजनैतिक अलगावका लागि शर्तहरू नै राखी दुई देशबीच ठूलो फाँटो र खाड्ल खडा गऱ्यो । संविधानले सिंहला मात्र ऐनलाई संविधानकै अंगको रूपमा ग्रहण गऱ्यो र बौद्ध धर्मलाई राज्यबाट संरक्षण गरिने अग्रणी धर्मको रूपमा स्थापित गऱ्यो । संघीय संविधान तथा सिंहलाबीच समान व्यवहारको माग गर्दै संविधानमा संशोधनको मस्यौदा प्रस्तुत गरेको फेडरल पार्टी सरकारद्वारा पराजित भयो । यसको प्रतिवादमा फेडरल पार्टीले संविधान सभा बारेको संसद्को छलफललाई बहिष्कार गऱ्यो । र बिरोधस्वरूप चेल्भानायकमले संसद् सदस्यको पदबाट नै राजीनामा दिँदै सरकारलाई नयाँ संविधानप्रति जनताको समर्थन छ वा छैन यसलाई जाँच्न पुनः निर्वाचन गराउने चुनौती दिए । साथसाथै उनले विलिन राज्यको पुनर्स्थापनाको लागि जनतासँग म्यान्डेट पनि मागे । जनवरी १९७५ सम्म कुनै चुनाव भएन र तत्पश्चातको उपचुनावमा चेल्भानायकमले सरकार समर्थित उम्मेदवारका विरुद्ध १६,००० मतको अन्तरबाट निर्वाचन जिते ।

सन् १९७५ सम्ममा राष्ट्रव्यापी रूपमा बढ्दै गएको सरकारी ज्यादतीहरु तथा यसको विरुद्ध तमिलहरुबाट भैरहेका प्रजातान्त्रिक राजनैतिक संघर्षहरूको प्रभावहिनता र असफलता आदिबाट निराश भई राष्ट्रिय दलहरूले एकमात्र निष्कर्ष निकाल्दै विभेदपूर्ण संविधानलाई या त शान्तिपूर्ण ढंगले अथवा प्रत्यक्ष मुठभेडको संघर्षमार्फत परिवर्तन गर्ने अभियानमा समाहित भए। तमिलहरुको यस एकताबद्ध प्रयासबाट गठित युनाइटेड लिबरेशन फ्रन्ट (*TULF*) ले लगत्तैको चुनावमा भारी विजय हासिल गऱ्यो। यसले संसद्को २४ स्थान मध्ये १८ स्थान हासिल गरेर परिस्थितिवश टल्फ संसद्मा मुख्य विपक्षी दलको रूपमा पनि उभियो। तर दुर्भाग्य, टल्फका नेता अमृतालिंगम संसद् भित्र विपक्षको नेता हुनुमा नै बढी रमाए। उनले शान्तिपूर्ण ढंगले अथवा प्रत्यक्ष संघर्षमार्फत तमिलहरुको मुक्ति प्राप्त गर्ने अभियानलाई बिर्से। अमृतालिंगमले तमिल ईलमको सर्वसम्मत मागको बिकल्पबारे कुरा गर्न थाले र अन्ततः सरकारका समक्ष जिल्ला विकास परिषदहरूका लागि सहमत भए। यद्यपि कट्टरपन्थी सिंहली मानसिकता तथा घोर अनुदार मन्त्रीमण्डलका अगाडि उक्त प्रयोग पनि असफल भयो। एकचोटी तमिलहरुले पुनः महसूस गरे कि, जिल्ला विकास परिषद तमिलहरुलाई मह चटाउने काममात्र थियो। वास्तवमा नेतृत्वहरु चतुर सिंहली राजनीतिज्ञ, खासगरि प्रधानमन्त्री (*पछि राष्ट्रपति भएका*) जे.आर.जयबर्द्धनेको चालबाजीमा परें।

सन् १९७८ मा अर्को संविधान ल्याइयो। यसले तमिलहरुको दासतालाई झन् बढी कस्यो। सन् १९७२ मा झैं टल्फले संविधान सभाको बहिष्कार गऱ्यो र यसमा कुनै सहभागिता जनाएन। सन् १९७९ मा श्रीलंका सरकारले देशमा बढ्दो विद्रोह तथा उग्रवाद, खासगरि लिबरेशन टाइगर्सका विस्तार हुदै गएको कृयाकलापलाई नियन्त्रण गर्न कुख्यात आतंक निवारक ऐन (*pota*) लागू गऱ्यो। सरकारको यस कार्यबाट तथा त्यसपछि सेनाद्वारा तमिल युवामाथि बढाइएको अत्याचारले स्थिति झन् भयावह हुनुका साथै सिंहली सरकार तमिलहरूलाई निमिट्यान्न नै पार्न मरिमेटेको छ भन्ने कुराका बारेमा सबैलाई एकमत गऱ्यो। भर्खरैका सन् १९७७ का तथा १९७९ का भीषण जातीय दंगाहरूले बलिरहेको आगोमा घिउ थप्ने काम गऱ्यो।

सन् १९७९ मै जाफ्नामा सिंहली सेनाहरूको आधिपत्य भयो। सम्पूर्ण जाफ्ना प्रदेशमा राज्य आतंक कायम भयो। जनतामाथि थालिएको राज्यआतंकले आपसी शत्रुता बढ्नुका साथै तमिल तथा सिंहलीबीचको भावनात्मक फाँटो झन् भयावह भयो। शुरुमा न्यू टाइगर्स र पछि द लिबरेशन टाइगर्स अफ ईलमको नामबाट उदय भएको संगठित तमिल युवा विद्रोहीहरूको समूहले सन् १९७६ मा हतियार उठाई सरकारी आतंकको प्रतिरोध गर्न आगाडि आयो। सन् १९८३ को जुलाईमा टाइगर्सले उत्तरी प्रान्तमा सिंहली सेनाको एक टुकडीलाई धरापमा पारेर १३ जवानलाई माऱ्यो। यसबाट पहिलेभन्दा तीव्र तथा विध्वंशकारी ढंगले तमिलहरूको धनजनको नोक्सानी गर्ने गरि यातनाको दौर नै शुरू भयो। बढ्दै गएको तमिलहरूको विद्रोह तथा स्पष्ट अलगावको मागबाट आतंकित जयबर्द्धनेको सरकारले संविधानमा छैठौं संशोधन गरेर स्थितिलाई सुधार्ने प्रयास गऱ्यो। यस संशोधनले मुलुकका सबै कर्मचारीहरु तथा सांसदहरूलाई एकात्मक संविधानप्रति आफ्नो प्रतिबद्धता रहेको शपथ लिन बाध्य गऱ्यो। उक्त प्रावधानलाई टल्फले अस्वीकार गरि संसद्को बहिष्कार गऱ्यो। यसबाट पछि उनीहरुले आफ्नो सांसदको पद गुमाउनु पऱ्यो। जयबर्द्धनेको यस नीतिबाट यथार्थमा संसदवादी शक्तिहरु एक प्रकारबाट बाध्यात्मक राजनैतिक निर्वासनमा गए सरह भए। यसरी तमिलहरूको मध्यमार्गी नेतृत्व पाखा लागेपछि समग्र तमिल जनमतमा विद्रोही समूहहरुका, खासगरि टाइगर्सको चरमोत्थान भयो। यसैको फलस्वरुप अहिले लिट्टे जनताद्वारा संचालित राष्ट्रिय मुक्ति युद्धको निर्विवाद तथा एकमात्र आधिकारिक नेता भएका छन्।

टाइगर्स तथा सिंहली सेनाकाबीच अस्सीको दशक पछि यता लगातार रुपमा भैरहेको परम्परागत युद्धमा भै रहेको शसस्त्र लडाईहरुले अब श्रीलंकामा दुइटा अलग राष्ट्रको भावना मात्र नभई बस्तुतः दुइटा राष्ट्र र दुबैका अलग सेना पनि छन् भन्ने तथ्यलाई स्थापित गरेको छ।

## वामपंथी दलहरूको प्रार्दुभाव

मुलुकलाई, समाजलाई केही योगदान गरौं भनेर अनेकौं विचारधाराहरुको प्रयोगविधिका दौरान (*donoughmore period of political experimentation*) श्रीलंकामा पनि कतिपय वामपंथी दलहरूको जन्म भयो। अधिकाँश श्रीलंकाली राजनीतिक दलहरू भन्दा भिन्न यी वामदलहरूमा जातीय प्रकृतिको सदस्यता थिएन। कामदार वर्गको कार्यकर्ता, खासगरि ट्रेड युनियनवाला भने दुई विश्व युद्धबीच भएको आर्थिक मन्दीका दौरान महत्वपूर्ण रूपमा देखा परे। पहिलो महत्वपूर्ण वामदल भनेको ए.इ. गुनसिम्हाद्वारा सन् १९३१ मा स्थापित लेबर पार्टी थियो। यसरी नै सिलोन इक्वल सोसाइटी पार्टी, बोल्शेभिक-लेनिनवादी पार्टी तथा श्रीलंका कम्युनिष्ट पार्टीले मार्क्सवादी विचारका साथ वामपंथीहरुको प्रतिनिधित्व गर्थे। तर तिनीहरु आपसमा वैचारिक तथा व्यक्तिगत कारणले विभाजित थिए। सन् १९२४ मा लेनिनको अवसानपछि सोभियत

संघको कम्युनिष्ट पार्टीबाट ट्राट्स्कीको निष्कासन तथा स्तालिनको दोश्रो विश्वयुद्धमा गठबन्धन पक्षमा लाग्ने निर्णयले यस मतभेदलाई झन् चर्कायो । जसबाट कम्युनिष्टहरू ट्राट्स्कीवादी तथा स्तालिनवादी भन्ने दुई खेमामा विभाजित भए । सन् १९३५ मा गठित तथा श्रीलंकाका मार्क्सवादी पार्टीहरूमा पुरानो रहेको एलएसएसपी सोभियत संघको भन्दा फरक र स्वतन्त्र अडान लियो र कोमिन्टर्नको प्रतिद्वन्द्वी दलहरु ट्राट्स्कीवादी चौथो इन्टरनेशनलसँग आबद्ध भयो । अधिकाँश एलएसएसपी नेताहरू दोश्रो विश्व युद्धताका कथित "साम्राज्यवादी युद्ध" को विरोध गरेवापत समातिए । हालैका वर्षमा एलएसएसपीलाई राजनैतिक तवरले मृतप्रायः दलको रूपमा लिइए पनि (*किनभने १९८२ को राष्ट्रपतीय निर्वाचनमा यसले १ प्रतिशतभन्दा पनि कम मत प्राप्त गर्‍यो*) यसलाई विश्वको एकमात्र सफल ट्राट्स्कीवादी दलको रूपमा लिईन्छ । एलएसएसपी भित्रको स्तालिनवादी धारको रूपमा देखापरेको सीपीएसएलले सन् १९४३ मा आफ्नै पार्टी खडा गर्‍यो र सोभियत कम्युनिष्ट पार्टीका सिद्धान्तहरूप्रति आस्थावान रहिरह्यो । बोल्शेभिक-लेनिनवादी पार्टीको गठन सन् १९४५ मा एलएसएसपीको अर्को विभाजनको रूपमा भयो । यिनीहरुको खासै जनाधार थिएन र शहरिया कामदार वर्गको सानो संख्यालाई प्रतिनिधित्व गर्थ्यो । एक त यी दलहरू ट्रेड युनियनमार्फत संचालित थिए र जोसंग केन्द्रीय सरकारलाई चुनौती दिन चाहिने व्यापक जनसमूहको अभाव थियो ।

## तमिल राजनीति

केही राजनैतिक टिप्पणीकारका अनुसार सन् १९५६ को आम निर्वाचन देखि नै श्रीलंकामा दुई वटा पृथकधारका तथा आपसमा शत्रुवत् सोचका राजनैतिक प्रवृति देखा परे : एक सिंहलीका र अर्को तमिलका । सिंहलीहरु राजनैतिक पार्टीहरूमा समाबिष्ट रहेपनि तमिलहरूलाई पार्टीहरुबाट बाहिरनै राख्ने अभिवृति स्वतन्त्रता अघि बढ्दो थियो । अल्पसंख्यक तमिलहरुको रक्षार्थ गठित पहिलो राजनैतिक संगठन सन् १९४४ मा जी.जी. पोन्नाम्बालामद्वारा स्थापित अल सिलोन काँग्रेस (*एसीटीसी*) थियो । यसले मुलुक स्वतन्त्र हुनुअगावै तमिलहरुको लागि पर्याप्त संवैधानिक सुरक्षाको मांग गर्‍यो । यस प्रयासमा तमिलहरूको यो चिन्ता सन्निहित थियो कि, ब्रिटिश प्रभुत्वले स्वतन्त्रताका दौरान सिंहली बहुमतका अगाडि सजिलै घुँडा टेकिदिनेछ । स्वतन्त्रतापछि एसीटीसी अन्तरगत नै एक विद्रोही समूह एस.जे.भी. चेल्भानायकमको नेतृत्वमा अगाडी आयो । यो नयाँ समूहले पोन्नाम्बालामद्वारा प्रस्तावित अन्तर-सम्प्रदाय तर सिंहली बर्चस्व भएको युएनपीसँगको गठबन्धनलाई अस्विकार गर्‍यो । सन् १९४९ मा विद्रोहीहरू एसीटीसीबाट अलग्गिएर प्रतिद्वन्द्वी फेडरल पार्टी खडा गरे, जसले श्रीलंकाको संघीय संरचनाभित्र स्वायत्त तमिल भाषी राज्यको स्थापना गर्ने प्रस्तावलाई अगाडी ल्यायो । फेडरल पार्टीले यस विकल्पलाई तमिलहरुको अस्तित्वलाई अक्षुण्ण तथा कायम राख्ने एकमात्र व्यवहारिक उपाय बतायो ।

सन् १९५६ सम्ममा फेडरल पार्टी तमिलहरुका माझ एक मुख्य शक्तिको रुपमा देखा पर्‍यो । फेडरल पार्टीले कंजरभेटिभ तमिल काँग्रेसलाई अभिमतको आधारमा पछार्दै प्रमुख राजनैतिक शक्तिको रूपमा उभियो । वास्तवमा तमिल काँग्रेसले युएनपीसँगको आफ्नो चुनावी गठबन्धनका कारण निकै लज्जा भोग्नु परेको थियो । यसबाट फेडरल पार्टीलाई खास फाइदा भएको थियो । युएनपीले बृहत संख्या भएको सिंहली मत प्राप्त गर्ने प्रयास स्वरुप सिंहला तथा तमिल दुबैलाई राष्ट्रिय भाषा बनाउने नीति परित्याग गरेकोले यसलाई आम तमिलहरुले घृणा गरेका थिए । तमिलहरुको सोचलाई बुझेको कारणबाट फेडरल पार्टीले आफुलाई दरो राखिरहयो र राष्ट्रिय राजनीतिमा महत्वपूर्ण खेलाडी भएर आयो । सन् १९६५ मा उक्त पार्टीले युएनपीलाई संसद् भित्र समर्थन गरेर युएनपीको नेतृत्ववाला गठबन्धन सरकारको एक घटक बन्यो । युएनपीलाई स्थायी संसदीय बहुमत कायम गर्न फेडरल पार्टीको समर्थन चाहिएको थियो । तर १९६८ मा फेडरल पार्टीले युएनपी सरकारबाट समर्थन फिर्ता लियो । किनभने यसका नेताहरूलाई यस कुराको यकीन भयो कि पार्टीले युएनपीसँगको गठबन्धनबाट कुनै ठोस फाइदा लिन सक्दैन्थ्यो । सन् १९७० मा फेडरल पार्टीले स्वतन्त्र रुपमा आफ्नो अभियानलाई अगाडी बढायो, जबकि काँग्रेसले सिंहलीहरूसँगको संयुक्त मोर्चामा जान तमिलहरूलाई आह्वान गर्‍यो ।

## संयुक्त मोर्चाको सरकार र बढ्दो हिंसा : १९७०-७७

सन् १९७० को आम निर्वाचनको तयारी स्वरुप सन् १९६८ मै सिरिमाओ बन्दरानायकेले युएनपीका विरुद्ध एलएसएसपी तथा सीपीएसएलसँग गठबन्धन गरे । नवगठित त्रिदलीय संयुक्त मोर्चा (*सामागी पेरामुना*) ले बन्दरानायकेको नेतृत्वमा "जनसरकार" का लागि काम गर्ने घोषणा गर्‍यो । साथै यसले आमूल संरचनात्मक

परिवर्तनको वाचा गर्दै एक साझा कार्यक्रमलाई अघि सार्‍यो, यसअन्तरगत भूमिसुधार, चामलमा थप सरकारी अनुदान र स्थानीय तथा विदेशी ब्याङ्कहरूको राष्ट्रियकरण गरिने भनिएको थियो । यस संयुक्त मोर्चाले जातीय भावनालाई समयानुकूल तथा प्रभावकारी अभियान अस्त्रको रूपमा अपनायो । यसले दुई प्रमुख तमिल राजनैतिक समूहहरु, फेडरल पार्टी तथा सिलोन वर्कर्स काँग्रेस बीचको गठबन्धनको लागि युएनपीको निन्दा गर्‍यो । साथै संयुक्त मोर्चाले मुलुकमा नयाँ विधान तर्जुमा गरि श्रीलंकालाई गणतन्त्र बनाउने घोषणा गर्‍यो । यसरी नै "बौद्ध धर्मलाई उचित स्थानमा" प्रतिस्थापन गर्ने वचन समेत दियो । फलतः संयुक्त मोर्चाले त्यस संसदीय निर्वाचनमा उम्मेदवारी दिएको कुल १३५ स्थान मध्ये ११८ स्थानमा विजय हासिल गर्‍यो । यस निर्वाचनमा सबभन्दा ठूलो एकल पार्टीको रुपमा एसएलएफपीले ९०, एलएसएसपीले १९ तथा सीपीएसएलले ६ सीट हासिल गर्‍यो । जबकि युएनपीले १७ सीट मात्रै हासिल गर्न सक्यो । यसरी बनेको संयुक्त मोर्चाको सरकारले आफ्नो कार्यक्रमहरुलाई लागू गर्न तत्परता देखायो । गठबन्धन सरकार, यसका कतिपय वैदेशिक तथा आर्थिक नीतिहरुको पारदर्शिताका कारण तथा ती नीतिहरुको कार्यान्वयन मार्फत सर्वाधिक लोकप्रिय हुन गयो । संयुक्त मोर्चाको सरकारले एक घोषणापत्र जारी गर्दै सरकारले असंलग्न आन्दोलनमा रहने, औपनिवेशवाद, साम्राज्यवाद तथा रंगभेद नीतिको विरोध गर्ने साथै विश्वमा चलिरहेको जातीय मुक्ति आन्दोलनहरुको पक्षमा उभिने प्रतिबद्धता प्रकट गर्‍यो । यस सरकारले केही महत्वपूर्ण युरोपीय मुलुकहरुसंग सम्बन्धलाई बिस्तार गर्दै तत्कालिन उत्तर भियतनामसंग पनि दौत्य सम्बन्ध कायम गर्ने जनायो साथै इजरायललाई मान्यता नदिन पनि अन्तर्राष्ट्रिय समुदायमा अपील गर्‍यो ।

त्यतिञ्जेल सम्म मुलुकमै बढी रहेको वामपंथी विचारका सिंहली उग्रवाद एक मुख्य समस्या भैसकेको थियो । प्रधानमन्त्री बन्दरानायके पहिले त यस उग्रवामपन्थी धारलाई सहन गरे तर त्यसमाथि नियन्त्रण गर्न सकिएन । मुलुकमा बढ्दो विद्रोहको स्थितिलाई अनुमान गरेर सरकारले मार्च १९७१ मा संकटकालको घोषणा गर्‍यो । यसको लगतै अप्रिलमा दश हजार भन्दा बढी सदस्य भएको दावी गर्ने माओवादी विचारधारका मुख्यतया ग्रामीण सिंहली युवाहरु रहेको जनता विमुक्ति पेरामुना (*जेभीपी*) ले "२४ घण्टाभित्र" सरकारलाई अपदस्थ गर्न सघन सैनिक अभियान (*blitzkrieg*) थाल्यो । यसै क्रममा जेभीपीले फाइवलेक्चर नामक कार्यक्रम संचालन गर्‍यो, यस अनुसार भारतीय विस्तारवादको विरोध, टापूको अस्थिर आर्थिक अवस्था तथा परम्परागत वामपन्थी नेतृत्वद्वारा शक्ति अधिग्रहणमा असमर्थतता जस्ता कुराहरुलाई अघि सारिएको थियो । यसको लागि जेभीपीले गैरसंसदीय तरीकाले शक्ति हत्याउने धम्की दियो । फलतः उत्तर-मध्य, दक्षिण-मध्य तथा दक्षिणी ग्रामीण जिल्लाहरूमा भीषण संघर्ष भयो । यस शसस्त्र संघर्षमा तत्कालिन सरकारी तथ्यांक अनुसार १,२०० जति व्यक्तिहरु मारिए । यद्यपि नोक्सानीको गैरसरकारी आँकडा निकै ठूलो थियो । जेभीपीले झण्डै सरकार पल्टाउन लागेको थियो तर अन्ततः सेनाले आन्दोलनलाई दबायो र जेभीपीका शीर्षस्थ नेताहरू लगायत सोर्‍ह हजार जति विद्रोहीहरूलाई कैद गरे ।

मई १९७२ मा संयुक्त मोर्चाले आफ्नो सन् ७० को अभियानलाई जारी राख्दै नयाँ संविधानको घोषणा गरि श्रीलंकालाई गणतन्त्र घोषित गर्‍यो । नयाँ संविधान अन्तरगत विधायिका, कार्यपालिका तथा न्यायपालिका सबैलाई राष्ट्रिय राज्यसभामा आवद्ध गरियो । समाजका कतिपय महत्वपूर्ण तथा प्रखर तबकाले शक्ति केन्द्रीकरणको यस कार्यको विरोध गरे । सन् १९७२ को संविधानले युएनपीलाई बाधा पुर्‍यायो । उसलाई डर भयो कि, नयाँ संविधानले गर्दा एक निरंकुश सरकारको जन्म हुनेछ । यस संविधानको मस्यौदा एक ट्राष्ट्स्कीवादी नेता डा. कोल्भिन डे सिल्भा (*बन्दरानायकेको संवैधानिक मामिलासम्बन्धी मन्त्री* ) ले तयार पारेको तथ्यबाट युएनपी विशेष सत्तर्क र त्रस्त थियो ।

नयाँ संविधानमा अल्पसंख्यकहरूको सुरक्षाको खासै व्यवस्था नहुनाले विशाल जनसमूह समेत त्रस्त थिए । खासगरि तमिलहरू बढी चिन्तित थिए, किनभने १९७२ को संविधानमा एउटै पनि संघीय आदर्शलाई समावेश गरिएको थिएन । बरु बौद्ध धर्मका लागि नयाँ स्तर प्रदान गरेर सन् १९४८ को संविधानको धारा २९ ले अल्पसंख्यकलाई दिएको सुविधाको प्रावधानलाई समेत यस संविधानबाट खारेज गरियो । संविधानले विश्वविद्यालयमा भर्ना हुन चाहने युवालाई भेदभाव गर्ने नीति पनि ल्यायो । युवाहरू खासगरि शिक्षाको "स्तरीकरण" गर्ने नीतिबाट दिक्क थिए, जस्लाई बन्दरानायकेको सरकारले सन् १९७३ मा बलजफ्ती लागू गरेको थियो । उक्त नीतिअनुसार उच्च शिक्षा अध्ययनको निम्ति भर्नाका लागि सिंहली छात्रहरूलाई कम तर तमिल छात्रहरूलाई बढी अङ्क आवश्यक हुने प्रावधान भयो । यस विभेदकारी व्यवहारलाई विधिवत् गर्ने संविधानको प्रायसः सबै समुदायहरुले फेडरल पार्टी, काँग्रेस आदिले सामूहिक रुपमा प्रतिकार गरे र यसका विरोधका लागि मई १९७२ मा उनीहरूले संयुक्त मोर्चा गठन गरे (*जुन सन् १९७६ मा तमिल युनाइटेड लिबरेशन फ्रन्ट, TULF*) बन्न पुग्यो) । सन् १९७० को मध्य दशकमा दक्षिण तथा उत्तरपन्थी बीचको मतभेदले संयुक्त मोर्चाको गठबन्धनलाई धरासायी पार्न थालेको थियो । सिरिमाओ बन्दरानायकेका छोरा,

अनुराद्वारा नेतृत्व गरिएको दक्षिणपन्थी खेमाको बढ्दो राजनैतिक प्रभावले सितम्बर १९७५ मा एलएसएसपीलाई संयुक्त मोर्चाबाट बहिर्याउन सफल भयो । यस पछि यो गठबन्धन झन् कमजोर भयो ।

## जनता विमुक्ति पेरामुना

वामपन्थी विचारधारका अतिवादी सिंहली युवाहरुको जनता विमुक्ति पेरामुनाले सन् १९७१, अप्रिलमा बन्दरानायकेको सरकार विरुद्ध कारवाही शुरु गरेर विश्वको ध्यानाकर्षण गर्‍यो । विद्रोहीहरू युवक उमेरका, थोरै हातहतियार भएका तथा दक्ष तालीम नपाएका व्यक्तिहरु भएपनि पेरमुना सेनाबाट पराजित हुनुअघि दक्षिणी तथा केन्द्रीय प्रान्तका कतिपय प्रमुख क्षेत्रहरूलाई कब्जा गर्न सफल भएका थिए । राज्यशक्ति हत्याउने तिनको शसस्त्र प्रयास तत्कालिन सरकारका लागि प्रमुख संकटको रूपमा देखा पर्‍यो, जसले सरकारलाई राष्ट्रको सुरक्षा आवश्यकताको पुनरावलोकन गर्न बाध्य पार्‍यो ।

जनता विमुक्ति पेरामुना आन्दोलनको थालनी सन् १९६० दशकको पछिल्लो समयमा हम्बानतोता जिल्लाको तन्नाल्ला समुद्री बन्दरगाहका एक व्यापारी छोरा, रोहणा विजेवीराले गरेका थिए । विजेवीरा एक असल छात्र भएपनि आर्थिक समस्याका कारणले अध्ययन छाड्न बाध्य भएका थिए । सिलोन कम्युनिष्ट पार्टीका सदस्य रहेका आफ्ना पिताका साथीहरूको सहयोगमा विजेवीराले सोभियत संघमा छात्रवृत्तिका लागि निवेदन दिन सफल भए र १७ वर्षको उमेरमा सन् १९६० मा उनी प्याट्रीस लुमुम्बा विश्वविद्यालय, मस्कोमा चिकित्सा शास्त्र पढ्न गए । मस्कोमा रहँदा नै उनले मार्क्सवादी विचारधाराको अध्ययन गरे । तर माओवादी क्रान्तिकारी सिद्धान्तप्रतिको आफ्नो भित्री सहानुभूतिले गर्दा सन् १९६४ मा छोटो समयका लागि मुलुक फर्केको वेला सोभियत सरकारले उनलाई फेरी सोभियत संघ फर्कने भिसा दिएन । यस पछि अगामी केही वर्षसम्म उनी श्रीलंका कै सिलोन कम्युनिष्ट पार्टीको बेइजिंग समर्थक शाखाका कार्यक्रमहरुमा सहभागी हुदैरहे, जहाँ पार्टीका नेताहरूसँग उनको निकै मतभिन्नता रहयो र पार्टीको क्रान्तिकारी लक्ष नभएकोमा उनी अधीर थिए । सिलोन कम्युनिष्ट पार्टीका युवा समूहसँगको उनको गहिरो सहकार्य तथा सार्वजविक रूपमा प्रभावशाली वक्ता भनी पाएको लोकप्रियताले गर्दा सन् १९६७ मा उनलाई आफ्नो अभियानलाई पुनः संगठित गर्न हौस्यायो । शुरूमा नववामका रूपमा मात्र परिचित यस समूहमा छात्रवर्ग तथा ग्रामीण क्षेत्रका अधिकाँशत: १६-२५ वर्षका बेरोजगार युवाहरू यसका सदस्य बने । यी नवप्रवेशी सदस्यहरू मध्ये कतिपय तल्लो जातबाट (*काराभा तथा दुराभा*) का थिए । तिनीहरुलाई राष्ट्रको वाम गठबन्धनद्वारा तिनको आर्थिक हितको उपेक्षा गरिएको महसूस भएको थियो । त्यस संगठनमा उनीहरुको अभिमुखीकरणको मुख्य विषय नै प्रसिद्ध पाँच लेक्चर, सदस्यता निम्ति शपथग्रहणको प्रभावशाली कार्यक्रममा भारतीय साम्राज्यवादको चर्चा, मुलुकमा बढ्दो आर्थिक संकट, टापूका वामपन्थी तथा समाजवादी दलहरूको असफलता तथा अकस्मात हिंसापूर्ण ढंगले शक्ति हतियाउने सवालहरु हुन्थ्यो ।

सन् १९६७ तथा १९७० का बीच यस समूहको संगठनमा तीव्रतर विस्तार भयो । यसले विभिन्न प्रमुख विश्वविद्यालय क्याम्पसहरूमा छात्रहरूले संचालन गरेको समाजवादी अभियानलाई नियन्त्रणमा लियो र मुलुकको सशस्त्र सेनाभित्र पनि सदस्य तथा शुभचिन्तकहरू बनाउन सफल भयो । वास्तवमा यी पछिल्ला समर्थक मध्ये केहीले पुलिस स्टेशन, विमानस्थल तथा सैनिक सुविधाहरूको खाका उपलब्ध गराउद्थे, जुन आन्दोलनको प्रारम्भिक सफलताका लागि महत्वपूर्ण मानिन्थ्यो । संगठनभित्र झन् कडा अनुशासनका साथ नयाँ नयाँ सदस्यहरु भित्र्याउन तथा तिनलाई आगामी मूठभेडका लागि तयार गर्नका निम्ति विजेवीराले दक्षिणी तथा दक्षिणपश्चिमी तटीय कतिपय दुर्गम क्षेत्रमा "शैक्षिक क्याम्प" खोले । यी क्याम्पले मार्क्सवादी-लेनिनवादी विचारधारा तथा आधारभूत सैनिक कलामा तालीम प्रदान गर्दथ्यो ।

जन कारवाहीका निम्ति गोप्य सेलहरु तथा क्षेत्रीय कमाण्डको विकास गर्ने क्रममै विजेवीराको समूहले सन् १९७० को निर्वाचनमा केही बढी सार्वजनिक भूमिका पनि खेल्न थाले । तिनका क्याडरहरूले खुला रूपमा सिरिमाओ आर. डी. बन्दरानायकेको युनाइटेड फ्रन्टका लागि अभियान चलाए तर साथसाथै निर्वाचन पश्चात बन्दरानायकेले सर्वहारावर्गको हितमा काम नगरे हिंसक आन्दोलन गर्ने भनी आफ्ना रनजनीतिक ध्येयको पोषणका लागि तिनीहरूले पर्चा, पोष्टरहरु पनि वितरण गर्थे । त्यतिखेर वितरित घोषणापत्रमा उक्त समूहले पहिलोपल्ट जनता विमुक्ति पेरामुना नामको प्रयोग गयो । यी प्रकाशनहरूमा नीहित धम्कीपूर्ण भाषाले गर्दा युनाइटेड नेशनल पार्टीको सरकारले निर्वाचनताका विजेवीरालाई बन्दी बनाएर राखेको थियो । तर बन्दरानायके विजयी हुनासाथ तिनलाई १९७०, जुलाईमा रिहा गर्ने आदेश दिए । आगामी केही महिनाको शिथिल राजनैतिक वातावरणमा नयाँ सरकारले उदारवादी वामपन्थी समूहको व्यापक जनसंख्याको समर्थन हासिल गर्ने प्रयास गर्‍यो भने जनता विमुक्ति पेरामुना (*जेभीपी*) ले आन्दोलनका लागि सार्वजनिक अभियानका साथै गोप्य तयारी पनि गर्‍यो । उनीहरूको समूह सानो भएपनि सदस्यहरूले छानीछानी गर्ने गरेका अपहरण

तथा टापूभरी अकस्मात तथा एउटै समय र लगातारको सुरक्षा बलविरुद्ध गरिने हडताल मार्फत सरकारलाई ठप्प पार्न खोज्यो । यस शसस्त्र अभियानमा उनीहरुले केही आवश्यक बम बारुद आफ्नै स्रोतबाट खरिद गरेभने उनीहरूले पुलिस स्टेशन तथा सैनिक क्याम्पमाथि आक्रमण गरि ठुलो मात्रामा हतियार बटुल्थे, आफै बम बनाउँथे ।

जेभीपीका कतिपय बम बनाउने कारखानाहरु फेला पर्दा सरकारले सार्वजनिक खतरालाई गम्भीरतापूर्वक लिनु पर्ने कुरा बुझ्यो । मार्च १९७१ मा यी कारखाना मध्ये एकमा भएको आकस्मिक विष्फोटनपछि प्रहरीले केगाल्ला जिल्लाको नेलुन्डेनियाको एक झुपडीमा एकै पटकमा ५८ वटा बम फेला पारे । यसको लगत्तै विजेवीरालाई पक्राउ गरि जाफ्नाको जेलमा पठाइयो र त्यहाँ उनी आन्दोलन अवधिभर रहे । उनको पक्राउको प्रतिक्रिया तथा प्रहरी अनुन्धानका लागि बढ्दो दवावस्वरुप अन्य जेभीपी नेताहरूले तत्काल सक्रिय हुने निर्णय गरे र अप्रिल ५ को मध्यरात देखि देशव्यापी रुपको शसस्त्र कारवाही थाल्ने निर्णय गरे ।

देशव्यापी रुपमा गर्ने भनिएको यो शसस्त्र कारवाहीको योजना हचुवा किसिमले हतारमा गरिएको थियो । केही जिल्ला नेताहरूलाई आन्दोलनको बिहानसम्म खबर गरिएको थिएन । एक अपरिपक्व हमलापछि सरकारले टापूभरिका सुरक्षा बललाई सतर्क तुल्याए । यस घटना पश्चात कतिपय जेभीपी नेताहरुले बदलिंदो परिस्थितिबारे आफ्ना सहयोगीहरूलाई सूचित गर्ने झञ्झटै नगरि एक्कासी भूमिगत भए । यस्ता दोधारे अवस्थाका बाबजूद पनि विद्रोही समूहले शटगन, बम तथा मोलोतोभ ककटेल लिई टापूभरका चौहत्तर वटा पुलिस स्टेशनमाथि एकसाथ हमला गऱ्यो र प्रमुख शहरी क्षेत्रमा बिजुलीको आपूर्तिलाई अबरुद्ध पारिदिए । हमलाहरू दक्षिणमा अत्यधिक सफल भए । अप्रिल १० सम्म विद्रोहीहरूले मातारा जिल्ला तथा गाल्ले जिल्लाको आम्बालान्गोदा शहरलाई नियन्त्रणमा लिइसकेका थिए र दक्षिणी प्रान्तका बाँकी भागलाई कब्जामा लिन लागेका थिए ।

नयाँ सरकार उक्त संकटको मुकाविला गर्न भौतिक तथा मानसिक रुपमा तयार थिएन । यसै बीच थप कयौं हमलाहरु हुने भनी केही चेतावनी आएपछि बन्दरानायके सरकार यस बढ्दो आन्दोलनका अगाडि कमजोर देखिए र भारतलाई आधारभूत सुरक्षा पुऱ्याउन गुहारे । श्रीलंकाली सरकारको आग्रहमा भारतीय सेनाले तटीय क्षेत्रहरुको निगरानी गर्न शुरुगरे, भारतीय सेना कातुनायकामा अवस्थित बन्दरानायके अन्तर्राष्ट्रिय विमानस्थलको जिम्मा लिए र भारतीय वायुसेनाका हेलिकप्टरहरुले विद्रोहीहरुसंगको प्रतिकारलाई सघाए । श्रीलंकाको पूर्णतया स्वयंसेवी सेनालाई दोश्रो विश्व युद्धपछि लडाईको कुनै अनुभव थिएन । उनीहरु विद्रोहको प्रतिकार गर्ने युद्धकलामा तालीम पाएका थिएनन् । केही क्षेत्रमा प्रहरीले बाहिरी सहयोग बेगर नै आफ्नो प्रतिरक्षा गर्न सफल भएपनि अनेक स्थानमा सरकारले तिनवटै सेनालाई थलसेनाको रूपमा प्रयोग गऱ्यो । रोयल सिलोन एयर फोर्सका हेलिकप्टरहरूले दयनीय पुलिस स्टेशनहरूमा राहत सामाग्री पुऱ्याए भने संयुक्त सेनाको प्याट्रोलले विद्रोहीहरूलाई शहरीक्षेत्रबाट ग्रामीण क्षेत्रमा लखेट्न सफलता पाए ।

दुई साताको कडा संघर्षपछि सरकारले केही दुर्गम क्षेत्रबाहेक सबै स्थानमा नियन्त्रण पायो । मानवीय तथा राजनैतिक दुवै मामिलामा सरकारी विजयको मोल चर्कै थियो । उक्त द्वन्द्वमा दश हजार विद्रोहीहरू, अधिकाँश किशोरावस्थाका थिए-को मृत्यु भयो र सेनाले अत्यधिक बल प्रयोग गरिएको धेरैले नजिकबाट बुझे । यस विजयका बावजूद पनि देशको मूलधारबाट अलग्गिएको जनसंख्याको मन जित्न तथा दीर्घकालीन द्वन्द्वलाई रोक्न भनी बन्दरानायकेले मई तथा जून १९७१ मा आम माफी दिए । यसका बावजूद पनि शीर्ष नेताहरूलाई रिहा गरिएन । आन्दोलनताका थुनामा रहेका विजेवीरालाई बीस वर्षको जेल सजायँ दिइयो र जेभीपीमाथि प्रतिबन्ध लगाइयो ।

यस अबधिमा श्रीलंकामा संकटकाल लगाईएको थियो । आन्दोलन पछिको छ वर्षे संकटकालमा जेभीपी सुसुप्त रहयो । तर सन् १९७७ को निर्वाचनमा युनाइटेड नेशनल पार्टीको विजयपछि नयाँ सरकारले राजनैतिक सहिष्णुता देखाउदै आफ्नो आयु लम्ब्याउन चाह्यो । यस क्रममा विजेवीरालाई जेलमुक्त गरियो । जेभीपीमाथिको प्रतिबन्ध हटाइयो र जेभीपी वैधानिक राजनैतिक प्रतिस्पर्धामा प्रवेश गऱ्यो । सन् १९८२ को राष्ट्रपति पदको चुनावमा विजेवीराले २५०,००० मत ल्याई चौथो स्थान हासिल गरे (*उनको तुलनामा जयवर्द्धनेले ३२ लाख मत ल्याए* ) । यस दौरान र खासगरि उत्तरमा तमिल विद्रोह सघन भएपछि जेभीपीको विचारधारा तथा लक्ष्यमा उल्लेखनीय परिवर्तन देखा पऱ्यो । शुरूमा मार्क्सवादी विचारधारा बोकेको र तमिल तथा सिंहली दुवै जातिका दलित वर्गलाई प्रतिनिधित्व गर्ने दावी गरे पनि जेभीपी तमिल विद्रोहसँग कुनै सम्झौता नगर्ने गरि कट्टर सिंहली राष्ट्रवादी संगठनको रूपमा अगाडी आयो । जेभीपीको उक्त नयाँधार जुलाई १९८३ को तमिलविरोधी दंगाहरूमा अझ् प्रखर भएर आयो । तमिलविरोधी दंगाहरूमा जातीय हिंसा भड्काउने कृयाकलापले गर्दा जेभीपीलाई एकपल्ट फेरि प्रतिबन्धित गरियो र यसको नेतृत्व भूमिगत भयो ।

उक्त समूहको कृयाकलाप भारत-श्रीलंका सम्झौताको अवधिमा सन् १९८७ को दोश्रो भागमा सघन भएर आयो । उत्तरमा तमिल स्वायत्तताको सम्भावना तथा भारतीय सेनाको उपस्थितिले सिंहली राष्ट्रवादको नाममा

अचानक सरकार विरोधी हिंसाको भेल उर्लेर आयो । सन् १८७९ मा जेभीपी कै अंगको रूपमा यौटा नयाँ समूह प्याट्रोटिक लिबरेशन अर्गेनाइजेशन (*देशाप्रेनी जनथा वियापाराया- डीजेभी* ) को प्रादुर्भाव भयो । डीजेभीले अगस्त १९८७ मा भएको राष्ट्रपति तथा प्रधानमन्त्रीको हत्याको प्रयासका लागि जिम्मेवारी लियो । साथै सत्तारुढ दलविरुद्ध थर्काउने अभियान चलायो र जुलाईदेखि नोभेम्बरसम्ममा सत्तरीभन्दा बढी सांसदहरुको हत्या गऱ्यो ।

उक्त समूहबाट हिंसाको नयाँ श्रृंखलासँगै सशस्त्र सेनामा घुसपैठको पनि भय भयो । मई १९८७ मा पाल्लेकेल्ले आर्मी क्याम्पमा डीजेभीले सफलताका साथ छापा मारेपछि सरकारले त्यस घटनाको अनुसन्धान गऱ्यो, जसमा जेभीपीसँग सम्बन्ध भएको आरोपमा सड्तीस सिपाहीलाई बर्खास्त गरियो । सन् १९७१ को जस्तो आन्दोलनलाई रोक्ने भनेर सरकारले सन् १९८८ को पूर्वार्द्धमा जेभीपीमाथिको प्रतिबन्ध फुकुवा गऱ्यो र उक्त समूहलाई पुनः राजनैतिक खेमामा सहभार्गा हुने छूट दियो । तर विजेवीरा अझ् भूमिगत नै रहेकोले त्यतिखेर सार्वजनिक जीवनमा कुनै जेभीपी नेता देखिएन र सरकारविरुद्ध कुनै संगठित, सैनिक वा राजनैतिक आक्रमण गर्न सक्ने शक्ति थियो कि थिएन भनी अनिश्चितता थियो ।

सन् १९८७ मा जेभीपीबाट अलग्गिएको एक समूह, देशप्रेमी जनता भियापाराया (*डीजेभी-प्याट्रोटिक लिबरेशन अर्गेनाइजेशन* ) को उदय भयो । डीजेभीले जुलाई २९, १९८७ मा सम्पन्न भारत-श्रीलंका सहमतिका शर्तहरूलाई स्वीकार गर्ने सांसदहरूको हत्या गर्ने चेतावनी दियो । किनभने उनिहरुको नजरमा यो सम्झौता "तमिल पृथकतावादी तथा भारतीय विस्तारवादीहरूलाई गरिने विश्वासघाती अथवा देशद्रोही कृयाकलाप" थियो । यस पार्टीले सांसदका साथै तिनको परिवारको पनि ज्यान लिने धम्की दियो ।

## सन् ७७ को आम निर्वाचन र थप हिंसा

सन् १९७७ मा श्रीलंकमा पुनः आम निर्वाचन भयो । यस निर्वाचनमा युएनपीलाई आफ्नो व्यक्तित्वको वरिपरि केन्द्रीत गरेर तथा दलको आधारशिलालाई सबल बनाएर जयवर्द्धने सजिलै प्रधानमन्त्री बने । युएनपीले सन् १९७७ को आम निर्वाचनमा १६८ मध्ये १४० सीट हासिल गरेर अद्वितीय विजय प्राप्त गऱ्यो । एसएलएफपीलाई आठ सीटमा खुम्चयाइयो । तर श्रीलंकाली तमिलहरूले भने जयवर्द्धने वा अन्य कुनै पनि गैर तमिल राजनीतिज्ञलाई किंचित पनि समर्थन गरेनन् । श्रीलंकाली तमिलहरू टल्फको ब्यानरमुनि संसदीय चुनावमा सहभागी भए । यस निर्वाचनमा तमिलहरुले क्षेत्रीय स्वराजको आफ्नो पुरानो मागलाई झन् प्रखरताका साथ उठाउदै छुट्टै स्वतन्त्र ईलम (*राज्य* ) को माग गर्न थाले । टल्फ संसद्‌मा सबैभन्दा ठूलो विपक्षी दल बन्यो  र तमिल बहुल उत्तरी प्रान्तका सबै चौधै सीट तथा पूर्वी तटका चारवटै सीट हासिल गऱ्यो । एक ठाउँमा बाहेक टल्फले तमिल बहुलताको हरेक निर्वाचन क्षेत्रमा बिजय हासिल गऱ्यो । जाफ्ना जिल्लामा टल्फले सबै एघारवटै सीट हात पारे । मूलतः टल्फमा भारतीय (*प्लान्टेशन*) राजनैतिक संगठनहरु तथा सिलोन वर्कर्स काँग्रेसको बोलबाला थियो । तर सन् १९७७ को निर्वाचनपछि सिलोन वर्कर्स काँग्रेसका नेताले युएनपी सरकारको मन्त्रीमण्डलमा एक मंत्रीपद स्वीकार गऱ्यो । भारतीय तमिलहरूका लागि श्रीलंकाली तमिलहरूको ईलम सम्बन्धी माग त्यति महत्वपूर्ण थिएन । वास्तवमा अधिकाँश भारतीय तमिलहरु उक्त राज्यभन्दा बाहिर बस्थे ।

सन् १९७७ मा युएनपीको विजयले शान्तिका जुन अवसरहरू प्रदान गरेको थियो, ती चाँडै नै गुमे । १९७७ को निर्वाचनभन्दा अलि अगावै टल्फको शक्तिशाली नेता चेल्भानायकमको मृत्यु भयो । चेल्भानायकमको निघनबाट पार्टीमा बलियो नेतृत्वको अभाव खट्क्यो । अलगाववादी भूमिगत समूह (*जुन विचारधारा, जाति तथा व्यक्तिगत शत्रुताका आधारमा छ भन्दा बढी चिरामा विभाजित भै आपसमा समेत शत्रुवत हिंसात्मक व्यवहार राख्दथे* ) ले कमजोर भएको टल्फद्वारा रचित रित्तोपनालाई पुर्ने काम गरिरहेको थियो र बढ्दो दिग्भ्रमितताको वातावरणमा निरास हुदै गईरहेका तमिल युवाहरूको सहकार्य पाइरहेको थियो । यस समूहलाई सामूहिक रूपमा  टाइगर्स भनिन्थ्यो । यी अलगाववादीहरु मध्येका सबैभन्दा बलियो समूह लिबरेशन टाइगर्स अफ ईलम (*लिट्टे*) थियो । यसको स्थापना सन् १९७२ मा भेलुपिल्लै प्रभाकरणले गरेका थिए । लिट्टे शुरूशुरूका  अति भयावह आतङ्कवादी कृयाकलापहरुका लागि जिम्मेवार थिए । लिट्टेले सबभन्दा पहिले सन् १९७५ मा एसएलएफपीको समर्थक रहेका जाफ्नाको मेयरको हत्या गरि ठुलो चर्चामा आएको थियो । सन् १९७७ को निर्वाचन तमिल युवाहरुका लागि सबभन्दा ठूलो मानसिक संक्रमणकाल थियो । यस अवधिमा कतिपय  तमिल युवाहरू अलग तमिल राज्यको माग गर्दै गैरसंसदीय हिंसक गतिविधिमा सामेल हुन पुगे । यसले सिंहली प्रतिकारलाई झन् तीव्र र भयावह बनायो । तमिल उग्रवादीहरुले एक सिंहली प्रहरिको हत्या गरे यसको प्रतिकारमा तीब्र साम्प्रदायिक दंगा भड्कियो, जसले नयाँ सरकार बनेको दुई साताभित्रै सारा टापूलाई आतंकग्रस्त बनायो । त्यहाँ सन् १९५८ को दंगापछि उन्नाइस वर्षमा पहिलोपल्ट भीषण साम्प्रदायिक दंगा

भड्केको थियो । कति मारिए, असंख्य आहत भए, खासगरि तमिलहरू, जाफ्नाका श्रीलंकाली तमिलहरु तथा भारतीय प्लान्टेशन कामदारहरू । त्यस बखतका शरणार्थी पुर्नस्थापन सम्बन्धि संस्थाहरुले मृतकको अनुमानित संख्या ३०० बतायो ।

## तमिल विद्रोह

सिंहली तथा तमिल समुदायका बीच शुरु भएको राजनैतिक तथा आर्थिक द्वन्द्व स्वतन्त्रतापछिका वर्षहरुमा निकै ठूलो समस्याको रूपमा देखा पर्‍यो । सिंहलीहरुको झण्डै एकात्म जातीयराष्ट्रवाद विस्तार भइरहेको अवस्थामा तमिल समूहले सर्वप्रथम आफ्ना माग तथा गुनासाहरूलाई वैधानिक रूपले गठित राजनैतिक मंचहरू मार्फत व्यक्त गरे र तमिल काँग्रेस तथा फेडरल पार्टी मार्फत संसदीय छलफलमा भाग लिए । तर सन् १९७० दशकको पूर्वार्द्धमा खासगरि तमिल युवावर्गमा अलगाव सम्बन्धी नयाँ धारणा उत्पन्न गर्ने कतिपय घटनाहरू घटे र उनीहरूले राज्यको कानूनी दायरा भन्दा बाहिर गएर आफ्ना कुराहरुलाई सार्वजनिक गर्न थाले । उनिहरुले आफ्ना मागहरुलाई प्रस्तुत गर्ने पूर्ववर्ती तमिल नेताहरुको शैलीलाई सच्याउने प्रयास गरे । यसै बीच सन् १९७० मा श्रीलंकाली शिक्षा मन्त्रालयले विश्वविद्यालयमा बिद्यार्थीहरुको भर्नाका लागि कोटा प्रणाली लागू गरे । यसले यस अघि तमिल छात्रलाई उपलब्ध रहेको कतिपय भर्नाका स्थानहरुलाई स्वात्तै घटायो । परिणामस्वरुप युवा तथा शिक्षित तमिलहरूको एक ठुलो समूह जो उन्नतिको परम्परागत मार्गबाट अगाडी बढ्न चाहिरहेका थिए, उनिहरुलाई त्यस मार्गबाट विचलित गराइयो र तिनका लागि कामै नलाग्ने शिक्षा तथा अर्थव्यवस्था तिनीमाथि लादियो ।
सन् १९७१ मा तमिल हितलाई अर्को धक्का लाग्यो, जब त्यहाँका संविधान सभा नयाँ संविधानको मस्यौदा गर्न बस्यो । संविधान सभामा रहेका फेडरल पार्टीका प्रतिनिधिहरूले तमिल क्षेत्रलाई व्यापक स्वायत्तता दिने गरि नयाँ संघीय गणतन्त्रको संरचना गर्ने प्रस्ताव राखे । साथै तमिलहरूले सिंहला भाषा तथा बौद्ध धर्मलाई प्रदान गरिएको विशेष स्थानलाई हटाउने मागलाई पनि अघि सारे । तर उपरोक्त दुबै खाले अपेक्षाका विपरित त्यस संविधान सभाले यी दुबै प्रस्तावहरुलाई अस्वीकार गर्‍यो । अस्वीकार मात्र होईन, संविधान सभाले यस अघि सन् १९४६ को सोलबुरी संविधान अन्तरगत प्रदान गरिएको जति अधिकार पनि तमिल अल्पसंख्यकलाई दिन इंकार गर्दै उनिहरुलाई न्यूनतम राजनीतिक सुरक्षाबाट समेत बञ्चित गर्‍यो । फलतः तमिल सदस्यहरूले संविधान सभालाई वहिष्कार गरेर आफ्नो समुदायको तर्फबाट तिब्र प्रतिक्रिया जनाए ।
सन् १९७२ मा संविधान सभाको निर्णयबाट समग्र तमिल हितहरूको उपेक्षा भई नयाँ संविधान लागू गरिएपछि तमिलहरूको राजनैतिक सहभागितामा नयाँ मोड आयो । तत्पश्चात तमिल नेताहरूको पुरानो पिंढीलाई श्रेयहीन ठानियो । राजनैतिक प्रकृयामा तिनीहरूको लामो सहभागिताबाट उल्लेखनीय रुपमा तमिलहरुलाई केही हात लागेन र सन् १९७१ को मार्क्सवादी जेभीपी आन्दोलनले मुलुकमा नयाँ ढर्राको एकात्म सिंहली राष्ट्रवादको राजनैतिक सक्रियता कायम गर्‍यो । यस परिस्थितिको परिणाम स्वरुप तमिल समुदायमा स्वभावतः आएको अलगावको बढदो भावना तथा निराशाले गर्दा दुईवटा नयाँ समूहको राजनीतिमा उदय भयो । पहिलो, तमिल हित समूह तथा तमिल स्वायत्तताको माग गर्ने गाँठो बाँधेका वैधानिक दलहरूको गठबन्धनबाट बनेको तमिल संयुक्त मोर्चा । यस समूहले आफ्ना लक्षहरूलाई अहिंसक मार्गहरु प्रदर्शन, हडताल, चक्काजाम आदिबाट हासिल गर्न तत्पर थियो । तर यसले अर्को बढी हिंसक समूहलाई अदृश्य रुपमा मौन समर्थन गर्थ्यो ।

नयाँ समूहमा दोश्रो थियो : तमिल न्यू टाइगर्स (*टीएनटी* ) । यसले सुस्त राजनैतिक प्रकृयालाई ठ्याम्मै त्यागी हिंसाको बाटोलाई अंगालेको थियो । टीएनटीको स्थापना सन् १९७२ मा भेलुपिल्लै प्रभाकरणद्वारा भएको थियो । उनी १८ वर्षको उमेरमा स्कूल छाडेका थिए । उनी एक तल्लो सरकारी कर्मचारीका छोरा थिए । नयाँ समूहको नाम तथा छाप दुवैमा बाघको आकृति थियो । वास्तवमा बाघको यो आकृति पुरानो तमिल राज्यको परम्परागत प्रतिक चिन्ह थियो र यसले प्रष्टतः सिंहली राष्ट्रवादको परिचायक चिन्ह सिंहको विरोध गर्थ्यो । उक्त प्रष्ट देखिईने जातीय सम्बन्धका बाबजूद टीएनटीले सार्वजनिक रूपमा मार्क्सवादी विचारधाराको पोषण तथा प्रदर्शन गर्थ्यो र यसले सम्पूर्ण दलित जातीय समूहको प्रतिनिधित्व गर्ने दावी गर्थ्यो । जुलाई १९७५ मा टीएनटीले जाफ्नाको तमिल मेयरको हत्या गरेर व्यापक जनचर्चा बटुल्यो । जाफ्नाका उक्त मेयरले सभागृहबाहिर तमिल अधिकारका लागि भइरहेको प्रदर्शनमाथि प्रहरीलाई गोली हान्ने आदेश दिएका थिए । प्रारम्भमा हिंसाको यस घटनाबाहेक टीएनटीका अन्य कृयाकलापको खासै उल्लेख भएको पाइदैन र यसलाई खासै जनसमर्थन प्राप्त भएको पनि देखिएको थिएन । यी सब परिस्थितिका बाबजूद पनि सन् १९७६ सम्ममा राजनैतिक समाधानको आशा पलाउँदै थियो । सन् १९७७ मा निर्धारित आम निर्वाचनले कठोर सिंहली समर्थक बन्दरानायके सरकारलाई हटाई अपेक्षाकृत नरमपन्थी युनाइटेड नेशनल पार्टी सत्तामा आउने आशा गरिएको

थियो । स्थानीय स्तरमा तमिल युनाइटेड फ्रन्टबाट फुटेको एक राजनैतिक दल, तमिल युनाइटेड लिबरेशन फ्रन्टले तमिल प्रभावित उत्तरी तथा पूर्वी प्रान्तहरूमा अलग राज्यका लागि मुख्य अभियान संचालन गऱ्यो । युनाइटेड नेशनल पार्टीको विजय र तमिल युनाइटेड लिबरेशन फ्रन्टको संसदीय प्रतिपक्षको रूपमा उदय हुनुले ती राजनैतिक आशालाई सिंचित गरेझैं भयो । तर नयाँ संविधान लागू भएपछि स्पष्ट हुनगयो कि, श्रीलंकाको राजनीतिमा कुनै पनि गैर तमिल राजनीतिक दलले सिंहली राष्ट्रवादबाट मुख मोड्न सक्दैनन् । पहिलाझैं सन् १९७८ को संविधानमा पनि सिंहला एकमात्र सरकारी भाषा रहयो भने बौद्ध धर्म कानूनतः "बिशिष्ट स्थान" कायम राख्न सफल भयो । तमिल क्षेत्रलाई संघीय स्वायत्तता प्रदान गरिएन् । यी सब घटनाक्रमले गर्दा सन् १९७० को दशकको पूर्वार्द्धमा छाएको राजनैतिक निराशा सन् १९७७ को निर्वाचनपछि झन् मौलाएर गयो, जस्मा सन् १९८१ र सन् १९८३ को राज्यपोषित तमिलविरोधी दंगाले थप घिउ हाल्यो । क्रमशः तमिल जनसंख्या बढी उग्रपन्थी भई विद्रोही समूहको आकार तथा गतिविधिमा समेत व्यापकता आयो र तमिलहरुले खडा गरेको विप्लव सरकारको शक्तिका लागि ठूलो चुनौतीको रूपमा देखा पर्यो ।

## सन् १९७८ को संविधान

सत्तामा पदासिन हुनासाथै जुलियस रिचर्ड जयवर्द्धनेले संविधानको पुनर्लेखन गर्न निर्देशन दिए । यस अनुसार तर्जुमा भै प्रस्तुत गरिएको सन् १९७८ को नयाँ संविधानले श्रीलंकाको शासन पद्धतिमा आमूलचूल परिवर्तन ल्यायो । यसले मुलुकमा वेष्ट मिनिष्टर शैलीको ( *बेलायति ढांचाको* ) संसदीय सरकारको सट्टा फ्रान्सेली नमूनामा आधारित नयाँ राष्ट्रपतीय प्रणाली लागू गऱ्यो । यस संविधानमा कार्यपालिकाको प्रमुख कार्यकारीको रुपमा राष्ट्रपति पदमा आसिन व्यक्ति निकै शक्तिशाली भयो । राष्ट्रपतिको चुनाव प्रत्यक्ष मतदानद्वारा छ वर्षका लागि हुने भयो र तिनलाई संसद्बाट स्वीकृति प्रदान गरिने गरि प्रधानमन्त्री नियुक्ति गर्ने अधिकार दिनुका साथै मन्त्रिमण्डलका बैठकहरूको अध्यक्षता गर्ने हक पनि दिइयो । जयवर्द्धने नयाँ संविधान अन्तरगत पहिलो राष्ट्रपति बने र सरकारी यन्त्र तथा पार्टीमाथि प्रत्यक्ष नियन्त्रण हासिल गरे ।

मुलुकमा प्रादुर्भाव भएको यो नयाँ शासन एसएलएफपीका लागि शुभ थिएन । जयवर्द्धनेको युएनपी सरकारले भूतपूर्व प्रधानमन्त्री बन्दरानायकेमाथि १९७०-७७ को कार्यकालमा सत्ताको दुरुपयोग गरेको आरोप लगायो । यसै अभियोग अन्तर्गत अक्टूबर १९८० मा राजनीतिमा संलग्न हुन पाउने बन्दरानायकेको अधिकार अगामी सात वर्षका लागि खोसियो र एसएलएफपीलाई नयाँ नेतृत्व खोज्न बाध्य पार्यो । लामो र फाँटो ल्याउने खालको अन्तर पार्टी संघर्ष पछि एसएलएफपी पार्टीले उनको छोरा अनुरा बन्दरानायकेलाई नयाँ नेता छान्यो । अनुरा बन्दरानायकेलाई तत्कालै आफ्ना बुबाको परम्परा कायम राख्ने जिम्मेवारी सुम्पियो । तर उनले उत्तराधिकारमा यस्तो पार्टी पाएका थिए, जसमा व्यापक गुटबन्दी हावी थियो र संसद्मा त्यसको भूमिका न्यूनतम थियो ।

सन् १९७८ को संविधानले तमिलहरूको संवेनदशीलतालाई मध्यनजर राखी केही महत्वपूर्ण छूटहरू प्रदान गऱ्यो । तमिल युनाईटेड लिवरेशन फ्रन्ट (*टल्फ* ) ले यस संविधानको निर्माण प्रकृयामा सहभागी नरहे पनि संसद्मा यस आशमा बसिरह्यो कि तमिल समस्याको समाधान गर्ने खालको कुनै सम्झौता गर्न सकियोस् । टल्फले टापूका जातीय समस्याहरू समाधान गर्न जयवर्द्धनेको सर्वदलीय सम्मेलनको प्रस्तावलाई पनि स्वीकार गऱ्यो । जयवर्द्धनेको युएनपी सरकारले मुलुकमा शान्ति बहाली गर्न अन्य कतिपय छूटहरू पनि दियो । तरपनि सिंहलालाई श्रीलंका भरि सरकारी तथा प्रशासनिक भाषाकै रूपमा कायम राखियो । साथै तमिललाई नयाँ "राष्ट्रिय भाषा" को दर्जा दिइयो । अब तमिलको प्रयोग कतिपय प्रशासनिक तथा शैक्षिक उद्देश्यका लागि हुने भयो । जयवर्द्धनेले अघिल्लो युनाइटेड फ्रन्टको सरकारद्वारा लादिएको शिक्षामा "स्तरीकरण" को नीतिलाई पनि खारेज गऱ्यो । यसबाट तमिल विद्यार्थीहरूलाई विश्वविद्यालयमा भर्ना हुन निकै कठिन भएको थियो । साथै उनले कतिपय तमिल सरकारी कर्मचारीलाई उच्च पदहरु प्रदान गरे जस मध्ये न्यायमन्त्रीको पदसमेत थियो । टल्फले युएनपीसँग मिलेर सर्वदलीय सम्मेलनको माग सारिरहेको बेला तमिल टाइगर्सले शसस्त्र हमलाहरु बढाए । सिंहली समुदाय तथा राजनीतिक वृतमा यसको विरुद्ध तिव्र प्रतिकृया देखा पर्‍यो । सिंहलीहरूले तमिलहरूका विरुद्ध प्रतिकार गरे र तिनलाई राज्य व्यवस्थामा कुनै पनि स्थान प्रदान गरिनबाट बञ्चित गरे । जाफ्नामा टाइगर्सले एक उच्च पुलिस अधिकारीको हत्या गरे । यस हत्याको प्रतिक्रिया स्वरुप जयवर्द्धनेको सरकारले संकटकाल लागू गरि पुनः सेना परिचालन गऱ्यो । सेनालाई अविश्वसनीय लाग्ने गरि आतंककारी गतिविधिलाई निर्मूल पार्न छ महिनाको समय दिईयो ।

सरकारले सन् १९७९ मा आतंकवाद नियन्त्रण (*अस्थाई प्रावधान* ) ऐन ( *prevention of terrorism*) पारित गऱ्यो । उक्त ऐनलाई शुरुमा अस्थाई तवरले लागू गरियो तर पछि स्थाई कानूनमा रुपान्तरित गरियो । संविधान तथा *कोड अफ क्रिमिनल प्रसिड्युर*मा व्यक्तिगत स्वतन्त्रताको व्यापक सुरक्षाको प्रावधान भएपनि

सरकारले विभिन्न नियम तथा अस्थायी प्रावधानहरु मार्फत सेना तथा प्रहरीको तजबिजी शक्तिलाई बढाउन निकै सफल भयो । यी प्रावधानहरुका लागि स्वयं संविधानले नै कानूनी आधार खडा गरिदिएको थियो । यसले यस्ता शर्तहरू उल्लेख गरेको छ, जसबाट सरकारले मौलिक हकमाथि चाहेको वेला नियन्त्रण गर्न सक्छ । संविधानका धारा १५ का अनुसार वाक्स्वतन्त्रता, भेला हुने तथा संघसंस्था खोल्ने स्वतन्त्रता तबसम्म लागू हुन्छ, जबसम्म यसले "*जातीय तथा धार्मिक मेलमिलाप*" विरोधी काम गर्दैन । यसले सरकारलाई राष्ट्रिय सुरक्षाका हकमा कुनै आरोपीलाई दोषी करार नभएसम्म निर्दोष कहलिने अधिकार खोस्न सक्छ । साथै धारा १५५ ले संसद् तथा केही परिस्थितिमा राष्ट्रपतिलाई संकटकालीन नियम बनाउने छूट दिन्छ, जसबाट विद्यमान व्यवस्थापिकालाई दबाउन वा संशोधन गर्न सकिन्छ ।
यी विशेष प्रावधानहरु अन्तरगत सरकारले *पाटा ऐन* -१९७९ पारित गऱ्यो । यस ऐनले प्रहरी उपरीक्षक (*एसपी* ) वा तिनबाट अधिकारप्राप्त सई (*सहायक निरीक्षक* ) को दर्जा वा माथिका दर्जाका अधिकृतलाई कुनै पनि मानिसको घरआँगनमा बिना वारन्ट (*पक्राउ पूर्जी* ) प्रवेश गरि खानतलासी तथा अपराधसम्बन्धी उचित शंका भएका व्यक्तिलाई पक्राउ गर्ने अधिकार दियो । उक्त ऐन शुरूमा अस्थायी तवरले तीन वर्षका लागि मात्र लागू भएपनि संसद्ले मार्च १९८२ मा यसलाई अनन्तसम्म जारी राख्न मतदान गरे । साथै १९८३ मा पारित एक संशोधनले उक्त ऐनमा बयान गरिएका प्रहरी शक्तिलाई विस्तार गरि सुरक्षा कारवाहीमा पक्राउ तथा मृत्युबाट कानूनी उपचारसमेत प्रदान गऱ्यो ।
*कोड अफ क्रिमिनल प्रसिड्युर*ले प्रहरीलाई शंकास्पद व्यक्तिलाई बिना कुनै सुनुवाइ २४ घण्टाका लागि थुन्न सक्ने अधिकार दिएको छ । तर पाटा अन्तरगत यस अवधिलाई ७२ घण्टासम्म बढाइयो र त्यसपछि सुनुवाईमा महसूस भएमा मजिस्ट्रेटले अदालती कारवाहीको अन्त्यसम्म सो मानिसलाई बन्दी बनाई राख्ने आदेश दिन सक्छन् । यति मात्र होईन, यस ऐनले आन्तरिक सुरक्षा मन्त्रीलाई उचित शंका लागेमा शंकास्पद व्यक्तिलाई तीन महिनासम्म थुन्ने आदेश दिने अधिकार भएको र उक्त अवधिलाई तीनतीन महिनाको अन्तरालमा लगातार अठार महिनासम्म विस्तार गर्न सकिने बनाईएको छ । यस प्रावधानमा थप संकटकालीन नियमहरू छन्, जुन सर्वप्रथम मई १९८३ मा लागू गरियो र त्यसपछि महि पिच्छै नविकरण गर्न सकिने प्रावधान राखियो । यी नियमहरु अन्तरगत प्रहरीलाई निवारक बन्दीका लागि व्यापक शक्ति वा अधिकार दिइएको छ । साथै महान्यायाधिवक्ताको आदेशले शंकास्पद व्यक्तिलाई नब्बे दिनसम्म बन्दी बनाउन सकिन्छ । उक्त अवधिको अन्त्यमा सो शंकास्पद व्यक्ति मजिस्ट्रेटको अदालतमा हाजिर हुनुपर्छ, जसले उसलाई कानूनतः आरोप सहित वा आरोपरहित जेल रिमाण्ड गर्न (*फिर्ता पठाउन* ) सक्छ । त्यस्तै बन्दी बनाउँदै अनिश्चित कालसम्म थुनामा राख्न सकिन्छ ।
सरकारले बलात् लागू गरेको कानून सम्बन्धि यस्ता कार्यहरुको व्यापक आलोचना भयो । इन्टरनेशनल कमिशन अफ जुरिष्ट, एम्नेष्टि इन्टरनेशनल र अन्य मानवाधिकारवादी संगठनहरूले उक्त कार्यलाई प्रजातान्त्रिक व्यवस्था विरुद्धको भनी निन्दा गरे । उक्त ऐनका बाबजूद आतङ्ककारी गतिविधिहरू बढिरहे । गुरिल्लाहरूले उच्च महत्वका संरचनाहरू, जस्तै हुलाक कार्यालयहरु, पुलिस चौकीहरूलाई ध्वस्त पार्न थाले, जसबाट सरकार पनि प्रतिकार गर्न उक्सियो । उक्त संघर्ष वा द्वन्द्वमा बढीसे बढी संख्यामा नागरिकहरू पर्न थालेपछि तमिलहरुको समर्थन ती "*केटाहरू*" का लागि बढ्न थाल्यो र सरकारी शब्दमा "*केटाहरू*" भनिने शसस्त्र तमिल युवाहरु आकर्षक गुरिल्ला शब्दबाट बोलाइन थालियो । अन्य ठूला सशस्त्र समूहहरू लिट्टेसँग प्रतिस्पर्धा गर्न थाले । यसमा राम्ररी चिनिनेमा पिपुल्स लिबरेशन अर्गेनाइजेशन अफ तमिल ईलम, तमिल ईलम लिबरेशन आर्मी तथा तमिल ईलम लिबरेशन अर्गेनाइजेशन थिए । यी मध्ये हरेक समूहसँग हजारौंमा नभए सयौंको संख्यामा आफ्नै सेना थिए । सरकारको दावी थियो कि, अधिकाँश आतंककारीहरू भारतको तमिलनाडु राज्यका तालीम क्याम्पबाट संचालित छन् । भारत सरकारले श्रीलंकाको यस्ता दावीहरुलाई बारम्बार अस्वीकार गरि रह्यो र आफ्नो भुमिलाई श्रीलंकाको विरुद्ध प्रयोग हुन नदिने अपत्यारिलो लाग्ने अश्वासन दिई रह्यो । यसरी हिंसा बढ्दै जाँदा सरकार तथा तमिल बीचको सम्झौताको सम्भावना झन्झन् टाढिदै गयो ।

## सन् १९८१ का दंगाहरू

सन् १९८१ को जून महिनामा नयाँ स्थापित जिल्ला विकास परिषदका सदस्यहरू छान्न उत्तरी प्रान्तमा स्थानीय चुनाव सम्पन्न भयो । टल्फले जिल्ला विकास परिषदमा सहभागी भई काम गर्ने निधो गरेको थियो । यस रुपमा पनि टल्फले तमिल क्षेत्रको स्वायत्तताका लागि काम गरिरह्यो । तर पृथकतावादी आन्दोलनका चरमपन्थीहरूले भने विद्यमान राजनैतिक संरचनामा काम गर्ने कुराको कडा प्रतिकार गरे । उनीहरूले परिषदको निर्वाचनमा भाग लिनु भनेको पृथक राज्यको मुद्दामा सम्झौता गरेसरह ठाने । निर्वाचनभन्दा केही मात्र अगाडि निर्वाचनको पक्षमा राजनैतिक ऱ्याली गरेको आरोपमा युएनपीका एक मुख्य उम्मेदवारको हत्या

गरियो । यसबाट उत्पन्न आगामी तीन महिनासम्मको व्यापक साम्प्रदायिक हिंसाको विध्वंशले मुलुकका अन्य सबै विषयहरुलाई ओझेलमा पार्यो । यसका बाबजूद पनि निर्वाचन भयो । यस निर्वाचनमा मतदान हुदाँ व्यापक अनियमितता तथा मतपत्रको दुरुपयोग भएको आरोप सरकार माथी लाग्यो, जुन आरोपले पचास वर्षअघि श्रीलंकामा आम निर्वाचनको थालनी भएदेखिको पहिलो सर्वाधिक ठुलो निर्वाचन विवादको रुप लियो ।

## सन् १९८२ को राष्ट्रपतीय चुनाव

टल्फले सन् १९८२ को राष्ट्रपतीय चुनावलाई बहिष्कार गर्ने निधो गऱ्यो । टल्फले एकातिर अत्यन्तै कडा रहेको पाटा कानूनको विरोध र अर्कोतिर तमिल चरमपन्थीहरूको दवावमा यो निर्णय लियो । यस निर्वाचनमा जाफ्ना जिल्लामा मात्र ४६ प्रतिशतको हाराहारीमा मतदान भयो, जबकि सिंहली बाहुल्य जिल्लाहरूमा ८५ प्रतिशतसम्म मतदान भयो । यस दौरान टापूको उत्तर तथा पूर्वी भागमा तमिल युवाहरूबाट गरिएको व्यापक हिंसाका साथै तमिल ईलमको माग पनि जोडका साथ चर्क्यो । सन् १९८३ मा मुलुकमा बढ्दो हिंसाले सरकारलाई संविधानमा छैटौं संशोधन गर्न बाध्य तुल्यायो । संविधानको यस संशोधनबाट खासगरि पृथकतावादी मागका विषयमाथि प्रतिबन्ध लाग्यो । संसद्मा मुलुकको एकताको वफादारीको शपथ लिनु पर्ने अर्को व्यवस्था भयो । यस अनुसार शपथ लिन इन्कार गरेवापत टल्फका सबै १६ सांसदहरूलाई निष्कासन गरियो जसले गर्दा तमिलहरुसंग मध्यम मार्गको आधारमा मध्यस्थताको अर्को महत्वपूर्ण माध्यम पनि गुम्यो ।

## सन् १९८३ का दंगाहरू

सन् १९८३ को जुलाईमा श्रीलंकाको इतिहासमै अति बर्बर साम्प्रदायिक दंगा भड्क्यो । संकीर्ण सरकारी अनुमानका अनुसार पनि मृतकहरुको संख्या ४०० थियो-जसमा अधिकाँश तमिलहरू थिए । कम्तीमा १५०,००० तमिलहरु टापू छाडेर अन्यत्र पलायन गरे । उक्त हिंसक दंगा उत्तरी क्षेत्रमा तमिल छापामारहरुले आर्मी प्याट्रोललाई धरापमा पारी तेह्र जवान मारिएको प्रतिशोधमा भड्केको थियो । सेनाले जाफ्नामा ६० जना तमिल नागरिकलाई मारेको हल्ला थियो तर अधिकाँश हिंसा कोलम्बोमा भड्क्यो, जहाँ सिंहली भीडले तमिलहरूका पसलहरुलाई निर्ममताका साथ नष्ट पारे । टापूमा भएको अन्य कुनै जातीय दंगाभन्दा सन् १९८३ का दंगामा के फरक थियो भने, ती अति नै संगठित ढंगले गरिएका थिए । कोलम्बोमा सिंहली दंगाकारीहरूले मतदाता सूचीअनुसार घरहरु खोजी खोजी तमिलहरूमाथि हमला गर्न थाले । कोलम्बोबाट सर्दै तमिल विरोधी यो हिंसा पुरै टापूभरी फैलियो । श्रीलंकाको जटिल तथा विभाजित समाजमा यस हिंसाको बडो ठुलो मनोवैज्ञानिक प्रभाव पर्‍यो । सन् ८० दशकको उत्तरार्द्ध सम्मपनि यस हिंसक वारदातको मूल्यांकन हुँदै थियो । तर साम्प्रदायिक दंगाको अन्त्य भएपछि यौटा तथ्य देखियो । यौटा सन्देशको संकेत देखियो : टापूको इतिहास र यसको समाजको जटिलताले वर्तमानमा पनि सिंहली तथा तमिल श्रीलंकालीहरू ऐतिहासिक तथा भौगोलिक तवरले सँगै बस्न बाध्य थिए । सहअस्तित्वको उक्त कुरा राम्रो, नराम्रो जे भएपनि दुवैका उदाहरणहरू श्रीलंकाको इतिहासमा मनग्गै छन् । तर यो एउटा यस्तो सन्देश थियो, जसको अर्थ हिंसाको भयावहता तथा झलझली हुने सम्झनाका बीच पनि जातीय मेलमिलापको वातावरण तयार पार्नु श्रीलंकाली सरकारको लागि कठिन तर सम्पादन गर्नै पर्ने लक्षको रुपमा देखियो ।

१२

# तमिल अलगाव

नरमपन्थी तथा विद्रोही दुबै चरित्रका श्रीलंकाली तमिलहरूले कोलम्बोमा आसिन हुने एकपछि अर्का सबै सिंहली सरकारहरूका नीतिहरूलाई सन् १९५० को मध्य दशक देखि नै अविश्वासका साथ हेरेका थिए । खासगरि जब राज्यमा “सिंहला मात्र” भाषा भन्ने नीति अपनाइयो, त्यस बेला देखि नै तमिल समुदायमा सिंहली राज्यका वारेमा बढी शंका, दुर्भावना तथा रिस उत्पन्न भएको थियो । राज्यबाट अल्लगिदै गएको तमिल भावनालाई साम्य पार्न भएका सीमित सम्झौताहरू, जस्तै सन् १९५९ को *तमिल भाषा विशेष प्रावधान ऐन* तथा सन् १९७८ मा संविधानद्वारा *तमिललाई राष्ट्रिय भाषाको दर्जा दिइनु* जस्ता योजनाहरु डिजाइन गरिएपनि अल्पसंख्यक तमिल समुदायको सर्वाङ्गीण स्थिति भने श्रीलंका स्वतन्त्र राज्य भएदेखि नै खस्किँदै गयो । सिंहली समुदायका विद्रोही तत्वहरूको दवावमा *युएनपी* तथा *एसएलएफपी*को राजनैतिक नेतृत्ववर्ग तमिलहरूसंग मेलमिलाप बढाउने अवसरको फाइदा उठाउन बराबर असफल रहे, जबकि यसले जातीय समझदारी तथा मेलमिलापको जग बसाल्न सक्थ्यो । उदाहरणका लागि सन् १९५७ मा एस.डब्ल्यु.आर.डी. बन्दरानायकेले तमिल फेडरल पार्टीको नेता चेल्भानायाकमसंग एक सम्झौता गरे जसले तमिलबहुल क्षेत्रलाई क्षेत्रीय स्वायत्तता प्रदान गर्नुका साथै ती क्षेत्रमा तमिललाई प्रशासकीय भाषाको रूपमा पहिचान गर्न सक्थ्यो । तर उक्त सम्झौताको कदर बन्दरानायके वा तिनका उत्तराधिकारीद्वारा कहिल्यै गरिएन । यो एक “*एक महान अवसर*” थियो जुन दुर्भाग्यवश “*सदाका लागि तमिल समस्या समाधान गर्न चुक्यो*” । यसको तीन दशकपछि, दुवै जातीय समुदायका हजारौं मानिसको हिंसक मृत्युपछि अर्को सम्झौता गरियो-भारतको मध्यस्थतापछि मात्र ।

कतिपय मुद्दाले अतिवादी आन्दोलनका लागि श्रीलंकाली तमिलहरूको पृथक्कीकरण तथा व्यापक समर्थनमाथि खासगरि युवा पिंढीबीच ध्यान केन्द्रित गराए । तीमध्ये एक भाषा समस्या थियो, जुन आंशिक रूपले मात्र संविधानले तमिललाई राष्ट्रिय भाषाको दर्जा दिंदा समाधान भएको थियो । सिंहली अझ पनि उच्च दर्जा भएको “*सरकारी भाषा*” को रुपमा कायम रह्यो र सरकारी सेवामा जानेहरूले सो भाषामा निपुण हुनु पर्ने अपेक्षा गरिन्थ्यो । असहमतिका अन्य क्षेत्रमा सिंहली आवेदकहरूलाई विश्वविद्यालय भर्ना तथा सार्वजनिक रोजगारमा प्राथमिकता तथा तमिलबहुल क्षेत्रहरूमा सिंहली बस्तीलाई सरकारले प्रोत्साहन दिनुजस्ता कुरा थिए ।

सन् १९७० सम्म विश्वविद्यालय भर्ना शैक्षिक योग्यताका भरमा मात्र निर्धारित हुन्थ्यो । सामान्यतया तमिलहरूको उच्च शैक्षिक स्तरले गर्दा विश्वविद्यालय भर्नामा उनीहरूको प्रतिशत आम नागरिकको तुलनामा उल्लेखनीय ढंगले बढ्यो । उदाहरणार्थ सन् १९६९ मा देशको चिकित्सा संकायहरूमा ५० प्रतिशत तथा इन्जिनियरिंगमा ४८ प्रतिशत छात्र तमिल थिए । तर ७० को दशकमा सरकारले लागू गरेको “*स्तरीकरण नीति*” अन्तरगत सुविधाग्राही भर्ना प्रणाली लागू गऱ्यो । यो चाहिं भौगोलिक आधारमा तोकिएको थियो । जबकि दुवै समुदाय क्षेत्रीय रूपमा अलग अलग बस्थे । राज्यको यस नीतिले विश्वविद्यालयहरुमा सिंहलीहरूको भर्ना संख्यालाई बढाइदियो । उक्त नीतिका अनुसार बढी राजस्व दिने आधारमा विश्वविद्यालयको ७० प्रतिशत स्थानका लागि कोटा निर्धारण गरियो । यस योजना अन्तरगत शैक्षिक रूपले सुविधाविहीन जिल्लाका लागि सबै शैक्षिक संस्थानमा १५ प्रतिशत विशेष कोटा उपलब्ध गरायो । ती जिल्लाहरू मुख्यतया सिंहली बसोबास भएका थिए । ३० प्रतिशत स्थान मात्र योग्यताक्रमले राष्ट्रव्यापी रूपमा दिइने भयो । सन् ८० को दशकको पूर्वार्द्धसम्म उक्त नीति तथ्यांकको आधारमा सफल रहयो : किनभने यस अनुसार सन् १९८३ मा मेडिकलमा २२ प्रतिशत तथा इन्जिनियरिंगमा २८ प्रतिशत मात्र तमिल छात्रहरु रहन पुगे ।

तमिलहरूका लागि शैक्षिक अवसर खुम्च्याइनुले सरकारी सेवा अन्तरगत शीपमूलक तथा व्यावसायिक रोजगारहरूमा तमिलहरूको प्रतिशत घट्दै गयो । राज्यद्वारा रोजगारप्राप्त तमिल चिकित्सकहरूको संख्या १९६६-७० मा औसतन ३५ प्रतिशत थियो भने १९७८-७९ मा ३० प्रतिशत मात्र रहन गयो । इन्जिनियरहरूको संख्या १९७१-७७ मा औसतन ३८ प्रतिशत थियो भने १९७८-७९ मा २५ प्रतिशत मात्र रह्यो । क्लर्कहरूको संख्या १९७०-७७ मा औसतन ११ प्रतिशत थियो भने १९७८-७९ मा ५ प्रतिशतभन्दा अलि बढी मात्र रह्यो । सन् १९८० सम्ममा सार्वजनिक क्षेत्रमा (*संस्थानबाहेक*) तमिल रोजगारहरूको प्रतिशत झण्डै उनीहरूको जनसंख्या जतिकै, अर्थात् १२ प्रतिशत थियो ।

राजनैतिक तत्वहरूले सार्वजनिक सेवामा तमिलहरुको संख्या घट्उनुमा निकै भूमिका खेल्यो । सन् १९७० को दशकमा सिरिमाओ बन्दरानायके शक्तिमा हुँदा व्यापक चल्तीमा भएको तथाकथित चिट प्रणाली अन्तरगत सरकारी जागिरका लागि कुनै सांसदको प्रभाव पाउनु जरुरी थियो (*चिट भनेको कर्मचारी नियुक्त गर्ने*

*अधिकारीलाई ग्राह्यताप्राप्त उम्मेदवार बारे उक्त विधायकद्वारा लेखिने मेमो हो* ) । जयवर्द्धने सरकारले हरेक विधायकलाई तल्लो दर्जाका सेवा वा जागिर आफ्ना अनुयायीलाई दिनसक्ने गरि “जाँव बैंक” (*job bank*) प्रदान गरेर सिंहली जातीय संरक्षण यन्त्रलाई अझ बढी कारगर बनाईयो । सरकारी सेवाका सबै तहमा संरक्षणको विस्तृत भूमिकाले तमिलहरूलाई दुईतर्फी मार पर्यो । प्रथमतः शिक्षित तमिललाई योग्यताको आधारमा हुने फाइदालाई संरक्षक-अनुयायी राजनीति सामु बलि चढाइयो । दोश्रो, संरक्षण प्रणालीले तमिलहरूलाई सरकारी जागिरमा थोरै वा कुनै पहुँच भएन । किनभने उनका राजनैतिक प्रतिनिधिहरूको खासगरि १९७७ को आम निर्वाचनपछि बहुत कम प्रतिनिधित्व रहन गयो ।

परम्परागत रूपमा तमिल क्षेत्र मानिएको टापूका उत्तरी वा पूर्वी भागमा सरकारद्वारा प्रायोजित रुपमा बसाईएको सिंहली बस्ती सम्भवतया अन्तरजातीय हिंसाको प्रत्यक्षतम् कारण थियो । उदाहरणका लागि ८० को दशकको मध्यमा उत्तरी प्रान्तको सुख्खा क्षेत्रमा ३०,००० सिंहलीहरुलाई बसाउने सरकारी योजना थियो, जसअनुसार हरेक बासिन्दालाई जग्गा खरिद तथा घर बनाउने रकम एवं हरेक समुदायलाई केही राइफल तथा मेशिनगनसमेतको सशस्त्र संरक्षण प्रदान गरिन्थ्यो । यस सन्दर्भमा तमिल प्रवक्ताहरूले सरकारलाई नयाँ किसिमको “औपनिवेशवाद” प्रवर्द्धन गरेको आरोप लगायो तर जयवर्द्धने सरकारले टापूको कुनै पनि भागलाई कानूनी तवरले जातीय बस्ती भन्न मिल्दैन भनी दावा गर्‍यो । यसरी बाहिरबाट आई तमिल बहुल क्षेत्रमा बस्ती बसाल्ने योजना तथा घरजम गर्न पाउने सरकारको नीति सिंहलीहरूको गरिब तथा कम सम्पन्न वर्गबीच बढी लोकप्रिय भयो ।

श्रीलंकाली तमिलभन्दा गरिब तथा कम शिक्षित रहेका भारतीय तमिलहरूले स्वतन्त्रतादेखि नै श्रीलंकामा अनेकन् भयावह स्थिति भोगेका छन् । भारतसंगको सम्झौताले तिनको राष्ट्रियतासम्बन्धी समस्या धेरै मात्रामा हल गरेपनि सन् ८० को दशकको उत्तरार्द्धमा एक लाखको संख्यामा भारतीय तमिलहरु राज्यविहीन थिए । श्रीलंकाली नागरिकता लिएका तथा थोन्डामानको सरकार समर्थक सिलोन वर्कर्स काँग्रेसप्रति वफादार रहेकाहरू श्रीलंकाली तमिलहरूद्वारा चर्को स्वरमा माग गरिएको स्वतन्त्र राज्यप्रति निकै उदासीन थिए । तर प्लान्टेशन कामदारबीच महामारीझैं फैलिएको गरिबी तथा पुलिस तथा सिंहली नागरिकहरूद्वारा बेलाबेलामा गरिने बर्बर व्यवहारले तिनलाई वामपन्थी विचारधारातर्फ बढी ढल्कायो र भित्री पहाडी क्षेत्रको प्राचीन शान्तिलाई खल्बल्यायो ।

## विद्रोही तमिल समूहहरू

सिंहली समुदायलाई शिक्षा तथा सरकारी रोजगारजस्ता क्षेत्रमा सघाउन भनी श्रीलंकाली सरकारले अपनाएको प्राथमिकता सम्बन्धी वास्तविक जातीय नीतिले सबभन्दा बढी तथा गम्भीरतापूर्वक मध्यमवर्गीय तमिल युवालाई प्रभावित गर्‍यो । तमिल युवा युवतीहरुलाई सन् १९७०-८० को दशकमा विश्वविद्यालय भर्ना हुन तथा जागिर पाउन उनका दाजु तथा दिदीहरूभन्दा बढी गाह्रो भयो । सरकार तथा अन्य तमिलहरुद्वारा “*केटाहरू*” भनिने यस युवा पिंढीका व्यक्तिहरू अतिवादी आन्दोलनका मुख्य सदस्य बने, जुन १९८० को दशकको उत्तरार्द्धमा दुनियाँकै सबैभन्दा हिंसक घटना भयो । सन् १९८७ को अन्त्यतिर उनीहरूले श्रीलंकाली सुरक्षाकर्मीसंग मात्र होईन, संसारकै अब्बल कहलिने भारतीय शान्ति सेनाको सशस्त्र बलसंग पनि युद्ध लडे ।

एक अर्थमा तमिलहरुको यो शसस्त्र विद्रोही आन्दोलन भनेको सिंहली प्रभावित यथास्थितिवाद विरुद्ध मात्र नभई अति परम्परावादी तमिल समाजमा पलाएको अन्तरपिंढी अन्तरविरोधको अभिव्यक्ति पनि थियो, जहाँ राज्यको हरेक अन्यायपूर्ण कार्यहरुलाई मौन भै मान्नु आमाबाबुको आज्ञापालन गर्नु सरहको पवित्र दायित्व ठानिन्थ्यो । आफ्नो जातीय समुदायको अस्तित्व प्रष्टतया खतरामा परेको अनुभव भएको बेला अग्रजहरू अकर्मण्य तथा अनिर्णयको बन्दी भएकाले विद्रोही युवावर्गले तिनको आलोचना गर्थे । उक्त आन्दोलनले जातीय भिन्नता तथा शत्रुता पनि झल्काउँथ्यो । उदाहरणका लागि लिबरेशन टाइगर्स अफ तमिल ईलम (*लिट्टे*) जस्तो महान तथा अति महत्वपूर्ण अतिवादी समूहको सदस्यता सामान्यतया काराभा वा माझी जातिबाट लिइन्थ्यो भने प्रबुद्ध भेल्लाला जातिका व्यक्तिहरू प्रतिद्वन्द्वी समूह पिपुल्स लिबरेशन अर्गेनाइजेशन अफ तमिल ईलम (*PLOTE वा PLOT*) मा बढी मात्रामा जान्थे ।

## लिबरेशन टाइगर्स अफ तमिल

लिबरेशन टाइगर्स अफ तमिल ईलम (*लिट्टे*) को उदय सन् १९७२ मा भयो । यस बेला स्वतन्त्र तमिल राज्यको माग गर्दै तमिल युवकहरूले तमिल न्यू टाइगर्स भन्ने एक समूह खडा गरे । त्यति खेरसम्म राज्य पृथकीकरणको धारणालाई अधिकाँश तमिल नेताबाट उग्रवादी ठानिन्थ्यो । यद्यपि टल्फ (*TULF* ) ले चार वर्षपछि यसलाई स्वीकार गऱ्यो । सन् १९७४ मा प्रष्टतया बिना कुनै भड्काव भएको प्रहरी अत्याचारले लिट्टेलाई आतंकवादी गतिविधितर्फ डोऱ्यायो । त्यसै वर्ष जनवरीमा वर्ल्ड तमिल रिसर्च कन्फरेन्स जाफ्नामा आयोजना गरियो र यसमा विभिन्न देशका तमिल प्रतिनिधिहरु सहभागी भए । त्यस आयोजनको ठूलो सभाकक्षको वरिपरि विशाल तमिल समूहको उपस्थितिलाई देखेर प्रहरीले भीषण हमला गऱ्यो । यसमा नौ जना मारिए भने सयौं हताहत भए । युवा विद्रोहहिरूले उक्त घटनालाई हिंसा भड्काउने काम मात्र नभनी तमिल संस्कृतिमाथिको सुनियोजित अपमान भने । एक तमिल प्रवक्ताका अनुसार उक्त घटना *"तिनको पौरखलाई सीधा चुनौती"* थियो । विद्रोही आन्दोलनको रूपमा टाइगर्सको पहिलो काम सन् १९७५ मा जाफ्नाका सरकार समर्थक मेयरको हत्या गर्नु थियो । त्यसपछि यो संगठन भूमिगत भयो । अन्य देशमा अतिवादी आन्दोलनहरूले गरेझैं लिट्टेले लिबिया तथा लेबनानमा प्यालिस्तिनीहरूसंग तालीमप्राप्त *पोपुलर फ्रन्ट फर द लिबरेशन अफ प्यालेस्टिन* जस्ता समान विचार भएका समूहसंग खुला सम्पर्क स्थापित गऱ्यो र भारतको तमिलनाडु राज्यमा आफ्नै गोप्य तालीम शिविरहरू संचालन गऱ्यो । सन् १९८८ मा उसका निर्विवाद सैनिक तथा राजनैतिक नेता भेलुपिल्लै प्रभाकरण तथा यसका वैचारिक प्रवक्ता ए.एस. बालासिंघम लिट्टेका अति महत्वपूर्ण व्यक्तित्व थिए ।

तमिल विद्रोहीहरूले आफ्नो प्रतीक चिन्हको रूपमा टाइगर (*बाघ*) लाई छान्नुको कारण उक्त जनावरको हिंसक तथा भयावह स्वभाव मात्र नभई सिंहली जनताको परम्परागत चिन्ह तथा श्रीलंकाली झण्डामा अंकित लायन (*सिंह*) संगको प्रतिकारका (*टक्कर*) लागि पनि सन्देशको रुपमा राखिएको थियो ।

वैचारिक रूपले लिट्टेका प्रतिपादकहरूले आफ्नो संघर्षको चित्रण गर्न एकताका मार्क्सवादी भाषा तथा शब्दावलीको प्रयोग गर्नेगर्थे । समग्रमा आन्दोलनको एकमात्र लक्ष्य वा विचारधारा एक स्वतन्त्र तमिल राज्यको श्रृजना वा निर्माण गर्नु नै थियो । सो उद्देश्यप्राप्तिका लागि लिट्टेले सम्भवतया स्वतन्त्र राज्य संचालन हुने सिद्धान्तको प्रतिपादन नगरि प्रत्यक्ष तथा हिंसक कारवाहीको बाटो अंगाल्यो । लिट्टेका नेता प्रभाकरणले भारतको तिमिलनाडु राज्यका तत्कालिन मुख्य मन्त्री, एम.जी. रामचन्द्रनसंग निजको १९८७ मा मृत्यु नहुन्जेलसम्म मैत्रीपूर्ण तर निगरानीपूर्ण सम्बन्ध स्थापित गरे । सन् १९८७ मै भारतको हस्तक्षेप नहुन्जेलसम्म उनी रामचन्द्रनको राजनैतिक पार्टी अल इण्डिया अन्ना द्रविड मुन्नेत्र कड्गम (*AIADMK*) को नैतिक समर्थनमाथि भर राखेका थिए । लिट्टेका केही विद्रोही प्रतिद्वन्द्वीहरूले रामचन्द्रनको कट्टर शत्रु एम. करुणानिधि प्रमुख भएको तमिलनाडुको प्रतिपक्षी दल द्रविड मुन्नेत्र कड्गमसंग सम्बन्ध बनाएका थिए ।

## अन्य तमिल समूहहरू

सन् ८० को दशकको अन्त्यतिर पर्यवेक्षकहरूले कम्तीमा तीस भिन्न गुरिल्ला समूहहरु त्यहाँ कार्यरत् भएको बताउने गर्थे । ती मध्ये लिट्टेसमेत पाँच समूह अति महत्वपूर्ण थिए । अन्य चार प्रमुख समूहहरू थिए : के. पद्मनाभनको नेतृत्व भएको पिपुल्स रिभोल्यूशनरी लिबरेशन फ्रन्ट (*इपीआरएलएफ*), मई १९८६ मा लिट्टेद्वारा हत्या गरिएका श्री सबरत्नमाको नेतृत्व भएको तमिल ईलम लिबरेशन अर्गेनाइजेशन (*टीइएलओ* ), भी. बालाकुमारको नेतृत्व भएको ईलम रिभोल्यूशनरी अर्गेनाइजेशन अफ स्टूडेन्ट्स (*ईआरओएस* ) तथा उमा महेश्वरणको नेतृत्व भएको पिपुल्स लिबरेशन अर्गेनाइजेशन अफ तमिल ईलम (*पीएलओटीइ* ) । यी समूहहरुका काम गर्ने तरीका तथा विचारधारमा महत्वपूर्ण ढंगले भिन्नता थियो । मार्च १९८५ मा लिट्टे, इपीआरएलएफ, टेलो तथा ईरोसले ईलम नेशनल लिबरेशन फ्रन्ट (*इएनएलएफ* ) नामक संयुक्त मोर्चा बनाए । पाँच प्रमुख गुरिल्ला समूहमध्ये सम्भवतया अति इमान्दार मार्क्सवादी-लेनिनवादी समूह *प्लौट* भने उक्त गठबन्धनभन्दा बाहिर बस्यो । सन् १९८६ को मध्यसम्ममा लिट्टेले त्यस मोर्चाबाट हात पझ्के पछि *इएनएलएफ* ठ्याप्पै निष्क्रिय भएको थियो । यद्यपि अन्य समूहले यसको सहभागिताबिना नै एउटा मोर्चा बनाउन खोजेका थिए ।

सन् १९८६-८७ मा लिबरेशन टाइगर्सले आफ्ना तमिल प्रतिद्वन्द्वीहरूलाई सखाप पार्न आश्चर्यजनक बाटोमा लम्क्यो । लिट्टेको निरन्तर हमलाले *टेलो* विलीन नै भयो । सन् १९८७ मा टाइगर्सले भारतीय सेनासंग मात्र नभई *प्लौट* तथा *इपीआरएलएफ*का सदस्यहरूसंग पनि संघर्ष गऱ्यो ।

सन् १९८३ को वर्षलाई श्रीलंकाको जातीय संकटमा नयाँ मोड मान्न सकिन्छ । जुलाईमा कोलम्बो तथा अन्य शहरमा भएका बर्बर तमिल विरोधी दंगाहरू र तमिल सुरक्षा तथा कल्याणसम्बन्धी सरकारको प्रष्ट बेवास्ताले तमिल तथा सिंहलीहरूको मतभिन्नताको शान्तिपूर्ण समाधान असम्भव देखियो । उक्त दंगा जुलाई २३ मा जाफ्ना प्रायद्वीपमा लिट्टे गुरिल्लाद्वारा तेह्र सिंहली प्रहरीको हत्याबाट भड्क्यो । ताम्बिआहका अनुसार कमरेडहरूद्वारा हत्या गरिएका क्षतविक्षत शवहरू कोलम्बो ल्याई टाइगरहरूको बर्बरताको रूपमा एक चिहानमा प्रदर्शन गरियो । क्रोधवश स्थानीय सिंहलीहरू तमिलहरू तथा तिनका सम्पतिमाथि हमला गर्न थाले, जुन कोलम्बो जिल्लाबाट अरु जिल्लामा सर्दै गई कम्तीमा ४०० व्यक्ति (*सरकारी तथ्यांक*) को ज्यान गयो । कोलम्बो बाहिरका वेलिकादे जेलमा शंकास्पद परिस्थितिमा ५३ तमिल कैदीहरू मारिए । तमिलहरुका पसल तथा कारखाना लगायतका सम्पतिमा भएको क्षतिका आकलन सालाखाला १५०० लाख अमेरिकी डलर बराबर थियो । जुलाई २४-३१ का रक्तपातपूर्ण दिनहरूमा प्रायः ठप्प भएका निकायहरू त्यस हिंसाका पीडितहरू तमिलहरुको सुरक्षार्थ केही पनि गरेनन् । जयवर्द्धने राष्ट्रपति भवनमा भारी सुरक्षाबीच खुम्चिए र दंगापश्चात "*हल्ला शान्त गर्नु पर्ने र सिंहली जनताहरूप्रति राष्ट्रिय सम्मान दर्शाउनु पर्ने समय आएको छ*" भनी एक वक्तव्य निकाले । त्यसले तमिलका दुःखहरूप्रति थोरै पनि सहानुभूति देखाएन ।

भारतीय तथा पश्चिमी संचार माध्यममा प्रकाशित समाचार अनुसार यस कुराको निकै प्रमाण थियो कि, उक्त हिंसा जनाक्रोशको स्वतःस्फूर्त अभिव्यक्तिभन्दा पनि सुनियोजित कार्यक्रम थियो । नयाँ दिल्लीबाट प्रकाशित हुने एक पत्रिका, *इण्डिया टूडे*का अनुसार "*हिंसक भीडसंग मतदाता सूची र हरेक तमिलबासीको पसल, घर तथा फ्याक्ट्री बारे विस्तृत जानकारी थियो र हमला एकदम सटीक (छानीछानी) गरिएको थियो ।*" अन्य श्रोतले उद्योग तथा वैज्ञानिक मामिलासम्बन्धी मन्त्री सिरिल म्याथ्यूले खेलेको प्रमुख भूमिकाको चर्चा गरे, जसले हिंसाका लागि कर्मचारीहरू नै खटाए तथा हिंसा उक्साउन आवतजावत गर्न सरकारी गाडीलगायत यातायातका सरल साधनहरु उपलब्ध गराए ।

राजनीतिशास्त्री जेम्स मेनरका अनुसार म्याथ्यूजस्ता शक्तिशाली नेताहरूले जातीय समस्या भड्काउन देखाएको उत्साहको पछाडि कमसे कम आंशिक रूपले सत्तारुढ युएनपीभित्र चलेको गूटबन्दी एक मुख्य कारण थियो । भनाइ छ कि, म्याथ्यूले बूढ्यौली लागेको तथा अनिर्णयका बन्दी जयवर्द्धनेसंग सम्झौता गर्न तथा प्रमुख कार्यकारीको सर्वेसर्वा नियुक्त गरिएको उत्तराधिकारी प्रधान मन्त्री रणसिंघे प्रेमदासाप्रतिको समर्थन घटाउन भनी उक्त दंगाको प्रयोग गरेका थिए । अगस्त १९८३ को *इण्डिया टूडे*को रिपोर्टिंग अनुसार म्याथ्यू तथा प्रेमदासाका समेत गरि युएनपीका पाँच टुक्रिएका समूह प्रभाव जमाउन परस्पर प्रतिस्पर्धा गरिरहेका थिए । गरिब सिंहलीहरूबाट तमिलविरोधी गहिरो जनभावनाको सागर भएका म्याथ्यूलाई युएनपीभित्र गरिने जयवर्द्धनेपछिको कुनै पनि राजनैतिक व्यवस्थाका लागि अपेक्षा गर्न सकिन्थ्यो । तर उनका स्कीमहरू अन्ततः फेल खाए । दिसम्बर १९८४ मा सरकार तथा तमिलहरूबीच क्षेत्रीय स्वायत्ततासमबन्धी विरोधाभाषी सम्झौता बापत म्याथ्यू मन्त्रिमण्डलबाट राजीनामा गर्न बाध्य भए ।

केही पर्यवेक्षकहरुका रायमा कोलम्बो तथा अन्य सिंहली बहुल शहरी क्षेत्रमा तमिल "*बन्दी*" हरु राखिएका कारणले गर्दा लिट्टेले केही मात्रामा उत्तरमा सरकारी सेनाविरुद्धको आक्रमणलाई नरम बनायो । तर जुलाई १९८३ को दंगा पछि सो स्थिति रहेन । लिट्टे तथा अन्य समूहहरूद्वारा सेनाविरुद्ध आक्रमणको रूपमा सघन पारिएको हिंसाको कुचक्रले तमिल नागरिकविरुद्ध, खासगरि जाफ्ना प्रायद्वीपमा बर्बर बदला लिइयो । उत्तरी तथा पूर्वी प्रान्तहरूमा सशस्त्र सेनाद्वारा लूटपाट, यातना तथा सयौं तमिल युवाको हत्या गरियो । यस घटनाले श्रीलंकाली तमिलहरूको ठूलो जमातलाई गुरिल्लाहरूको लक्ष वा विधिबारे जे दृष्टिकोण भए पनि अतिवादी समूहमा लाग्न बाध्य पार्यो । एक पर्यवेक्षकका शब्दमा उत्तरमा रहेका तमिल जनसंख्या "*टाइगर्सबाट प्रष्टतया त्रस्त*" थिए "*तर उनीहरू (श्रीलंकाली) सेनालाई झन घृणा गर्थे ।*" गृहयुद्ध गहिरिंदै जाँदा सरकारी सेनालाई सत्रहौं शताब्दीमा निर्मित जाफ्ना किलामा घेराउ गरियो र जाफ्ना शहरका अधिकाँश क्षेत्र तथा वरिपरिका ग्रामीण इलाका टाइगरको नियन्त्रणमा थियो । सरकारले शहरमाथि श्रृँखलावद्ध बमवर्षा गर्ने आदेश दियो । हजारौं तमिल सरकारी आक्रमणबाट जोगिन भारतीय राज्य तमिलनाडुको पाल्क स्ट्रेटमा शरण लिन पुगे । तमिलमाथिको अत्याचारप्रति भारतमा आक्रोश बढ्दै जाँदा कोलम्बोमा सम्भावति भारतीय आक्रमणको व्यापक हल्ला फिंजियो, यसले संभवतः टापूलाई स्थायी रूपले टुक्र्याउन सक्थ्यो ।

## १९८४ को सर्वदलीय सम्मेलन

जनवरी १९८४ मा जयवर्द्धने सरकारले साम्प्रदायिक समस्या हल गर्न एक सर्वदलीय सम्मेलनको आयोजना गर्‍यो । त्यसका सहभागी *युएनपी, एसएलएफपी, टीयुएलएफ* तथा पाँच साना समूहहरू थिए । यस सर्वदलीय सम्मेलनमा छलफलको मुख्य विषय शक्तिको हस्तान्तरण थियो । सरकारले जिल्ला परिषदको निर्माण गरि

देशका जिल्लाहरूलाई स्वायत्तता प्रदान गर्ने तथा स्थानीय सरकार वा निकायमा अन्य परिवर्तन ल्याउने प्रस्ताव जस्ता सामान्य अवस्थाका लागि सुहाउदो खाले प्रस्ताव राख्यो । साथै यसले संसद्को अर्को सदन, राज्य परिषदको स्थापना गर्ने अर्को एक नयाँ प्रस्ताव ल्यायो । यसका सदस्यहरूमा जिल्ला परिषदका अध्यक्ष तथा उपाध्यक्षहरू हुने भए र तिनले विधायिका तथा सल्लाहकारको दुबै भूमिका निभाउँथे । तमिल प्रवक्ताले यी प्रस्तावहरुलाई अस्वीकार गरे । यसले गर्दा सरकार तथा तमिलहरुका बीच कुनै सम्झौता हुन सकेन र सो सम्मेलन दिसम्बर २१, १९८४ मा टुंगियो । सर्वदलीय सम्मेलनमा शक्ति हस्तान्तरण सम्बन्धी सम्झौता भएको भए पनि सो लागू हुने सम्भावना थिएन । किनभने *एसएलएफपी* तथा *महाजना एकसाथ पेरामुना*ले सम्झौताबाट हात झिकिसकेका थिए । राजनैतिक रूपले सक्रिय बौद्ध भिक्षुजस्ता अन्य सिंहली विद्रोही समूहहरूले पनि प्रस्तावहरूलाई अस्वीकार गरेका थिए, किनभने तिनले ती प्रस्तावलाई तमिलप्रति समर्पण भएको ठान्थे ।

## भारतीय दृष्टिकोण

सन् १९८४ को अन्त्यसम्ममा यो प्रष्ट भइरहेको थियो कि, श्रीलंकाभित्रका पार्टीहरू स्वयंले कुनै ढंगको सम्झौता गर्न वा सहमतिमा पुग्न असक्षम छन् । भारतमा राजीव गान्धीको नेतृत्वमा नयाँ *काँग्रेस (आई)* सरकारले श्रीलंका सरकारको अनुरोधमा सक्रिय मध्यस्थता गर्न राजी भयो । जातीय संकट साम्य पार्नमा राजीव गान्धीको आफ्नो रुचि प्रष्ट थियो । हजारौं श्रीलंकाली तमिल शरणार्थीहरू भागेर तमिलनाडु राज्यमा आउँदै थिए, जुन अधिकाँश विद्रोही समूह तथा हाल गैरनागरिक वा प्रतिबन्धित घोषित *टल्फ*का लागि आश्रय स्थल थियो (*सन् १९८७ मा भारतमा तमिल शरणार्थीहरूको संख्या १००,००० भन्दा बढी थियो*) । स्थानीय राजनीतिज्ञहरू, खासगरि तमिलनाडुका मुख्य मन्त्री एम.जी. रामचन्द्रनले नयाँ दिल्लीलाई सो हिंसा रोक्न पहल गर्ने माग गरे । रामचन्द्रनको राजनीतिक पार्टी *एआईडिएमके* तथा गान्धीको *काँग्रेस (आई)* का बीच मैत्रीपूर्ण समबन्ध थियो । नयाँ दिल्लीले तमिलहरूको दुःखप्रति देखाउने असंवेदनशीलता वापत यसले *एआईडिएमके (AIADMK)* को समर्थन गुमाउन वा राज्यको प्रमुख प्रतिपक्ष द्रविड मुन्नेत्र कड्गमलाई बलियो पार्न सक्थ्यो । साथै राजिव गान्धी, जसको पूर्ववर्ती प्रधान मन्त्री (*तिनकै आमा*) लाई सिख विद्रोहीहरूले अक्टूबर ३१, १९८४ मा हत्या गरिदिएका थिए, तिनले श्रीलंकामा पृथकतावादी भावनालाई समर्थन गरेर आफ्नै जातीय तथा धार्मिक तवरले चिराचिरा परेको देशभित्र पृथकतावादी शक्तिलाई हौस्याउने कुनै इच्छा राखेका थिएनन् । वास्तवमा नयाँ दिल्लीको चाहना जयवर्द्धनेको सरकारको त्यति साह्रो समर्थन गरेको नदेखाई टाइगर्सबीच शासन गर्न चाहन्थ्यो ।

राजिव गान्धीका समक्ष तेश्रो समस्या रणनीतिक थियो । जातीय संकट बाक्लिदै जाँदा जयवर्द्धनेको सरकारले भारतले शंका गर्नेगरि हिन्द महासागर क्षेत्रमा कायम रहेको भारतको स्वभाविक स्थान अरुलाई दिन प्रस्ताव गरे झै श्रीलंकाले अन्य देशहरूसंग थप सैनिक सहयोग माग गरे । चीन, ब्रिटेन, संघीय गणतन्त्र जर्मनी ( पश्चिम जर्मनी) तथा दक्षिण अफ्रिकाले श्रीलंकालाई हतियार सप्लाई गर्थे । इजरायलले कोलम्बोस्थित अमेरिकी राजदूतावासमा स्पेशल इन्टेरेस्ट सेक्शन संचालन गर्थ्यो र इजरायली विशेषज्ञ प्रतिविद्रोह (*काउन्टरइन्सर्जेन्सी*) तथा जग्गा विवादसम्बन्धी रणनीतिबारे तालीम दिन्थे । ब्रिटेनको स्पेशल एयर सर्भिसका अवकाशप्राप्त सदस्यहरूले पनि श्रीलंकाका सैनिक अधिकृत वा कर्मचारीहरूलाई तालीम दिन्थे । श्रीलंकामा विद्यमान विदेशी शक्तिको यस प्रकारको उपस्थितिका बाबजुद भारतलाई थप डर के थियो भने, अमेरिकी नौसैनिक सेनाले त्रिन्कोमालीको रणनीतिक बन्दरगाहमा हिन्द महासागरीय अखडा खडा गर्न सक्थ्यो (*भारतले यसलाई "अर्को डिएगो गार्सिया" भनी आरोप लगायो*) । तर सबैभन्दा खतरनाक वैदेशिक उपस्थिति पाकिस्तानको थियो । मार्च-अप्रिल १९८५ मा जयवर्द्धनेले राष्ट्रपति मोहम्मद जिया उल हकसंग कुराकानी गर्न इस्लामावादको औपचारिक भ्रमण गरे । भारतीय श्रोतका अनुसार श्रीलंका तथा पाकिस्तान दुवै देशमा पाकिस्तानी सल्लाहकारहरूले श्रीलंकाली सेनाहरूलाई तालिम दिंदै थिए । भारतका प्रधानमंत्री राजिव गांधीले यस अघि आफ्नी आमा श्रीमति इंदिरा गांधीले पहिले आशंका गरेझैं अब श्रीलंका "*वाशिङटन-इस्लामावाद-बेइजिग धुरीमा*" प्रवेश गर्ने हुन् कि ? यो प्रश्नको हलका लागि तथा भारतको आफ्नो सुरक्षाको खातिर पनि श्रीलंकाको आन्तरिक समस्याबाट बिमुख हुने अवस्था भने थिएन ।

## पूर्वीय प्रान्तको सवाल

ईलम नेशनल लिबरेशन फ्रन्टमा समाहित चार प्रमुख गुरिल्ला समूह (*लिट्टे, टेलो, इरोस तथा इपीआरएलएफ*) तथा तमिल राजनैतिक पार्टी *टल्फ*लाई श्रीलंकाका राष्ट्रपतिका भाई हेक्टर जयवर्द्धनेले नेतृत्व गरेको सरकारी शिष्टमण्डलसंग कुरा गर्न सहमत गराउने विषयमा भारतीय दवाव प्रष्टतया प्रमुख कारकको रूपमा रहेको थियो । बैठकहरू भूटानको राजधानी थिम्पुमा जुलाई तथा अगस्त १९८५ मा सम्पन्न भए । जयवर्द्धनेले १९८४ को सर्वदलीय सम्मेलनमा झैं जिल्ला परिषदहरूलाई स्वायत्तता प्रदान गर्ने एक प्रस्ताव सारे । उनले टापूको तमिलबहुल उत्तरी क्षेत्रका लागि छुटै विधायिका निर्माण गर्ने प्रस्ताव पनि राखे । त्यस बैठकमा तमिल समूहले चार मागहरु तेर्स्याए : *तमिलहरूलाई विशिष्ट राष्ट्रिय समूहको रूपमा पहिचान गर्नु पर्ने, उत्तरी तथा पूर्वी प्रान्तहरूबाट एक तमिल राज्य (ईलम) को निर्माण गर्नु पर्ने, तमिल "राज्य" लाई स्वराजको अधिकार बहाल गर्नु पर्ने तथा श्रीलंकामा बस्ने सबै तमिललाई पूर्ण नागरिकतासम्बन्धी अधिकार प्रदान गर्नु पर्ने* । सरकारले पहिला तीन माग यस आधारमा अस्वकिार गऱ्यो कि तिनले पृथकतावादलाई बढावा दिन्थे, जुन संविधानद्वारा प्रतिबन्धित थियो र वार्ता अगस्त १८, १९८५ मा एक्कासि भंग भयो । यस बखत बैठमा सहभागी तमिल शिष्टमण्डलले सशस्त्र सेनाले तमिल नागरिकविरुद्ध अत्याचारलाई जारी राखेको आरोप लगायो । यस पछि लगभग ९६,००० भारतीय तमिललाई श्रीलंकाली नागरिकता प्रदान गर्नु पर्ने चौथो माग जनवरी १९८६ मा पूरा गरियो ।

दिसम्बर १९८५ मा *टल्फ*ले शसस्त्र विद्रोहीहरुसंगको सहकार्य तोड्यो र श्रीलंकाभित्र रहने गरि तमिलबहुल संघीय राज्यलाई समर्थन गर्ने घोषणा गऱ्यो । जसलाई पर्याप्त कायकारिणी, विधायिका तथा न्यायपालिकासम्बन्धी शक्ति हस्तान्तरण गरिनेछ । तर सरकारले प्रस्तावित फेडरल एकाईमा पूर्वी प्रान्तलाई उत्तरी प्रान्तसंग जोड्ने विवादास्पद कुराको विरोध गऱ्यो । उत्तरी प्रान्तमा प्रष्टतया तमिल बहुलता र सीमित आर्थिक क्षमता थियो । तापनि पूर्वी प्रान्तमा स्थिति अस्पष्ट थियो : त्यहाँका ५८ प्रतिशत जनसंख्या सिंहली वा मुसलमान थिए । पूर्वी प्रान्तका मुसलमानहरू तमिल बोले पनि तिनको ठूलो संख्या अरब मूलका थिए । साथै पूर्वी प्रान्तमा ठूलो उब्जाउ तथा आर्थिक समृद्धि ल्याउने खालको भूभाग त्रिन्कोमालीको रणनीतिक बन्दरगाह थियो । जून १९८६ मा दोश्रो सर्वदलीय सम्मेलन आयोजना गरिए पनि न टल्फले, न सेनाले नै सो मा भाग लिए । टल्फ तथा सरकारबीच कोलम्बोमा सम्पन्न वार्ता पूर्वी प्रान्तको दर्जा वा स्तरको विषयमा सहमति हुन नसकि भंग भयो ।

पूर्वी प्रान्तको सवालले विभिन्न कारणहरुका बाबजूद पनि मुसलमान समुदायलाई सम्झौतामा ल्यायो । मुसलमानहरु आफूलाई तमिल तथा सिंहली दुबै भन्दा भिन्न ठान्दथे । सन् ८० को दशकमा सो प्रान्तमा तमिल तथा मुसलमानहरूबीच साम्प्रदायिक हिंसा भड्केको थियो । यसले गर्दा तिनीहरू तमिल प्रभावी हुने छुट्टै राज्यमा समाहित हुन चाहेका थिएनन् । श्रीलंकाका मुस्लिम काँग्रेसका नेता एम असरफका अनुसार "*हामी सिंहली तथा तमिल दुवैबाट दमन गरिने समुदाय हौं !*" केही युवा मुसलमान लिट्टेकालागि सहानुभूति राख्थे तर समुदायको नेतृत्ववर्ग भने तमिल बस्तीभन्दा फरक स्थानमा एकथरीका स्वायत्त दर्जा सरकारले प्रदान गरोस् भनी चाहन्थे । सन् १९८६ को अन्त्यतिर जयवर्द्धनेको सरकारले आफुलाई द्वन्द्वग्रस्त साम्प्रदायिक हितहरूका माझ बाँधिएको महसूस गऱ्यो । यसमा श्रीलंकाली तमिल तथा मुसलमान बाहेक सिंहलीहरू पनि थिए, जो सिरिमाओ बन्दरानायकेको *मूभमेन्ट फर द डिफेन्स अफ द नेशन*को राष्ट्रवादी आह्वानका पछाडि लागेका थिए । त्यहाँ निरन्तर भैरहेको हिंसाको पृष्ठभूमिमा, जसअन्तरगत कोलम्बोमा तमिल अतिवादीहरुले रक्तपातपूर्ण बमबर्षा गरेका थिए, शान्ति हासिल गर्न सक्ने कुनै पनि फार्मूला वा योजनाका लागि भारतीय सहभागिता निकै आवश्यक हुन गएको थियो ।

नोभेम्बर १९८६ मा श्रीलंकाली तथा भारतीय नेताहरू भारतको बेंगलोरमा आयोजित दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (*सार्क*) को शिखर सम्मेलनका दौरान भेटघाट गरे । तिनले एउटा सम्झौताको रूपरेखा तयार पारे, जसअन्तरगत उत्तरी तथा पूर्वी प्रान्तका लागि प्रान्तीय परिषदको व्यवस्था थियो । यसअनुसार त्रिन्कोमालीमा सिंहलीहरूका लागि, बाट्टिकालोआ जिल्लामा तमिलहरूका लागि तथा मुसलमानहरूका लागि दक्षिणी जिल्ला आम्पाराइमा स्थानीय परिषद हुने व्यवस्था थियो । तर तमिलहरुको विरोधले गर्दा उक्त व्यवस्था भंग भयो । दिसम्बर १७-१९, १९८६ मा राष्ट्रपति जयवर्द्धनेले कोलम्बोमा मन्त्रीमण्डल स्तरका भारतीय अधिकारीहरूसंग भेटघाट गरि अर्का प्रस्तावमाथि सहमत भए । तिनलाई "*आगामी सहमतिहरूका लागि आरम्भ विन्दु*" भनी वर्णन गरियो । यिनले उत्तरी तथा पूर्वी प्रान्तहरूको सम्भावित विलय तथा आम्पाराइ जिल्लाको सिंहलीबहुल क्षेत्रलाई उभाको भित्री प्रान्तमा जोड्ने व्यवस्था गऱ्यो । उक्त प्रस्ताव पनि आम्पाराइका मुसलमानहरूको प्रतिवादले गर्दा लागू भएन ।

सन् १९८७ को पूर्वार्द्धसम्ममा भारत भने सम्झौतापट्टि कुनै प्रगति नभएकोमा धैर्यहीन हुन लागेर मध्यस्थताको भूमिका छाडिदिने धम्की दिन थाल्यो । अझ् बढी गम्भीर समस्या भने श्रीलंकाली सरकारद्वारा संकटको समाधानका लागि सेनालाई प्रयोग गर्ने प्रष्ट ढिपी थियो । मईको उत्तरार्द्धमा जाफ्ना प्रायद्वीपमा अपरेशन लिबरेशन नामक व्यापक प्रतिकार कार्यक्रम संचालन गरियो । यसले स्थानीय नागरिकलाई निकै अप्ठेरो भयो । भारतले राहत सामाग्री पुऱ्याउने प्रयास गऱ्यो । तर जून ३, १९८७ मा श्रीलंकाली नौसेनाले सो फिर्ता पठाइदिए । तर भोलिपल्ट नै भारतीय वायुसेनाले सो सामाग्री विमानबाट खसाल्यो । श्रीलंकाले यस कार्यलाई आफ्नो क्षेत्रीय अखण्डताको "*नंग्न उल्लंघन*" भनी संज्ञा दियो ।

तर जुलाई १९८७ सम्ममा रक्तपातबाट थकित भएर तथा शान्तिपूर्ण समाधानको इच्छा राखी जयवर्द्धनेले तथा संकट लम्ब्याई राख्न नमिल्ने भनी भारतका प्रधानमन्त्री राजिव गान्धी दुबैले सफल सहमतिको खोज कार्यलाई अगाडी बढाए । जुलाई १ मा लेखिएको एक पत्रमा राजिव गान्धीले जयवर्द्धनेलाई "*नयाँ अवधारणा*" का साथ आउन आग्रह गरे । जुलाई १६ मा जयवर्द्धने, उनको मन्त्रिमण्डल तथा कोलम्बो स्थित भारतीय उच्चायुक्त ज्योतिन्द्रनाथ दीक्षितले दिसम्बर १९, १९८६ मा पारित प्रस्तावको "*संशोधित संस्करण*" माथि छलफल गरे । सो प्रस्ताव दुई दिनपछि नयाँ दिल्ली पठाइयो । यसले जुलाई २९, १९८७ मा सम्पन्न भारत-श्रीलंका सम्झौताको आधारशिला तयार गऱ्यो ।

मध्यस्थकर्ताको रूपमा राजिव गान्धीको प्रमुख कार्य तमिल विद्रोहीहरूलाई सहमतिमा ल्याउनु थियो । जुलाई २८ मा भारतीय प्रधानमन्त्रीसंगको अन्तिम भेटघाटपछि लिट्टेका नेता प्रभाकरणले सो सम्झौताप्रति आफ्नो सहमति जनाए । इण्डिया टूडेसंगको आफ्नो साक्षात्कारमा उनले उक्त निर्णयलाई स्वतन्त्र राज्यसम्बन्धी लिट्टेको दीर्घकालीन मागसंग सम्झौता गरेको भने । साथै सम्झौताले उत्तरी तथा पूर्वी प्रान्तलाई "*तमिलभाषी जनताहरूको ऐतिहासिक बस्ती*" भनी मानेको भने । तर प्रभाकरणले आफू सम्झौताको हिस्सा नभएको भनी टिप्पणी पनि गरे र यसले टिकाउ शान्ति ल्याउने कुरामा शंका पनि व्यक्त गरे । चार अन्य प्रमुख गुरिल्ला समूहले जुलाई २८ मा यसका "*कमी कमजोरी*" प्रति चिन्ता व्यक्त गर्दागर्दै पनि आफ्नो समर्थन जनाए ।

जुलाई ३०, १९८७ मा राजिव गान्धी एक समझदारीपूर्ण सहमतिमा हस्ताक्षर गर्न कोलम्बो पुगे । यसका मुख्य बुँदामा विद्रोही समूहद्वारा हतियार फर्काउने, एउटै प्रशासनिक एकाइ निर्माण गर्ने गरि उत्तरी तथा पूर्वी प्रान्तलाई विलय गर्ने, दिसम्बर ३१, १९८७ भन्दा अगावै (पहिले नौ भनिएका) आठ प्रान्तीय परिषदका लागि राष्ट्रव्यापी निर्वाचन सम्पन्न गर्ने (*जुन १९८८ सम्ममा सम्पन्न भएन*), तमिल तथा अंग्रेजी दुबै भाषालाई (*राष्ट्रिय नभई*) सिंहली सरह सरकारी भाषाको दर्जा प्रदान गर्ने, तमिल गुरिल्ला तथा बन्दीहरूलाई आम माफी दिने, युद्धविरामको घोषणा गर्ने, श्रीलंकाली सुरक्षाकर्मीहरू ब्यारेक फर्कनु पर्ने, सिंहली मिलिशिया युनिट (*जो तमिल नागरिकविरुद्ध अत्याचार गर्ने भनी बदनाम भएका थिए*) लाई विघटन गर्ने तथा पूर्वी प्रान्तका सवालमा उत्तरी तथा पूर्वी प्रान्तलाई सदाका लागि विलय गर्ने भनी जनमत संग्रह गराउने जुन मूलतया दिसम्बर ३१, १९८८ मा सम्पन्न गर्ने भनिए पनि जनवरी १९९० सम्म स्थगित गरियो । भारतले श्रीलंकाको उत्तरी भागमा शान्ति सेना (*पछि भारतीय शान्ति सेना भनी चिनिएको*) पठाई सम्झौता लागू गर्न सघाउन सहमत भयो । साथै यसले अगस्त ३, १९८७ सम्ममा तमिल विद्रोहीद्वारा हतियार समर्पण गर्ने कार्यको सुपरिवेक्षण गर्ने भयो । नयाँ दिल्लीले तमिल विद्रोहीलाई तमिलनाडु राज्यमा रहेका आफ्ना शिविरहरु छाड्न पनि बाध्य गरि पाल्क स्ट्रेटमा श्रीलंकाली नौसेनालाई प्याट्रोलिंग गर्न सघाउने भयो ।

झण्डै सोचे वा अपेक्षा गरेझैं उक्त सम्झौताले सिंहली जनताको आक्रोशलाई भड्कायो । यसै क्रममा राजिव गान्धीमाथि जुलाई ३० मा कोलम्बोमा श्रीलंकाली सम्मान गारद (*गार्ड अफ अनर*) को अवलोवन गर्ने बेलामा राइफल बोकेको जलसेनाका एक सैनिकले शारीरिक रूपले हमला गऱ्यो । कोलम्बो तथा अन्य स्थानमा उक्त सम्झौताविरोधी भएका प्रदर्शनहरूमा झण्डै चालीस व्यक्तिको ज्यान गयो । साथै उक्त सम्झौताले मन्त्रीमण्डलमा संकट ल्यायो । युएनपी भित्रका विभिन्न गूटले उत्तरी तथा पूर्वी प्रान्तको विलय र झण्डै श्रीलंकाली स्वतन्त्रता भारतलाई समर्पण गरेकोप्रति विरोध जनाए । उक्त विरोध जनाउनेमा प्रधानमन्त्री रणसिंघे प्रेमदासा, प्रतिरक्षा तथा राष्ट्रिय सुरक्षा मन्त्री ललित अतुलथमुदली तथा अन्य अनेक क्याबिनेट सदस्यहरू थिए । प्रेमदासाले आफ्नो असन्तुष्टि जुलाई २९ तथा ३० मा कोलम्बोमा राजिव गान्धीका लागि आयोजित सरकारी कार्यक्रममा भाग नलिई जनाए । तर युद्धविरामपछि उत्तरमा संघर्ष सेलाउँदै जाँदा क्याबिनेट संकट पनि मथ्थर भयो ।

सम्झौताप्रति रहेको आशावादिता चाँडै नै निराशामा परिणत भयो । कारण लिट्टेले हतियार समर्पण गर्न इन्कार गऱ्यो र वैरभाव फेरि बढ्यो । यसपल्ट सो लिट्टे र भारतीय शान्ति सेनाबीच भयो । अक्टूबर १९८७ सम्म करीब २०,००० भारतीय सेना २-३ हजार लिट्टे गुरिल्लाविरुद्ध भिडे । उक्त संघर्ष नयाँ दिल्लीको लागि लज्जाजनक भयो । भारतले श्रीलंकालाई टाइगर्सलाई पूर्णतया निरस्त्र पार्ने वाचा गरेको थियो । तर यो कुरा प्रष्ट भयो कि विद्रोहीहरूले अगस्तमा आफ्ना खरखजानाको एक अंशमात्र समर्पण गरेका थिए । भारतीय सेना

तथा तमिल नागरिकहरू बढ्दो मात्रामा हताहत हुन थालेपछि उपमहाद्वीपमा भारत "भियतनाम" वा "अफगानिस्तान" हुन लागेको चर्चा हुन थाल्यो । कोलम्बोमा एसएलएफपी नेता अनुरा बन्दरानायकेले घोषणा गऱ्यो कि "भारतीय सेना ट्रजन घोडाझैं छन् । हामीले तिनलाई स्वीकार गरेर तिनले शान्ति ल्याउने आश गर्यौं तर ती हाम्रा मानिस मारिएको हेरिरहे ... । ती यहाँ बस्न आएका हुन् । ती राष्ट्रपतिका आदेश मान्दैनन् ।"
अगस्त १८, १९८७ मा संसद् भवनमा भएको ग्रेनेड हमलाबाट उम्केका जयवर्द्धने समक्ष जुलाई २९ को सम्झौतामा उल्लेख भएका आमूल राजनैतिक परिवर्तनबारे व्यवस्थापिकाको स्वीकृति पाउनु पर्ने खतरनाक ( डरलाग्दो) जिम्मेवारी थियो । प्रान्तीय स्वायत्तताबारे १९७८ को संविधानको तेह्रौं संशोधनमा उल्लेख गरिसकेको थियो । त्यस सन्दर्भमा साना परिवर्तनका लागि सर्वोच्च अदालतले पाँच चारको रुलिंगबाट जनमत संग्रहमा राख्न नपर्ने निर्णय गऱ्यो । सिंहलीबहुल क्षेत्रमा जेभीपीद्वारा भड्काइएका आतंककारी हमला तथा संशोधनमा सहमति जनाउने सांसदहरूको हत्या गर्ने धम्की दिइरहेको बेला ११ का विरुद्ध १३६ मतले सो प्रस्ताव पारित भयो । उक्त संख्या आवश्यक दुईतिहाइभन्दा धेरै बढी थियो । तर नयाँ प्रान्तीय राजनैतिक निकायले यस अशान्त देशमा शान्ति ल्याउनेछ भनी थोरै मात्र पर्यवेक्षकलाई विश्वास थियो ।
जुलाई २९, १९८७ को सम्झौतासंगै दुबै मुलुकका कार्यकारी प्रमुखहरूबीच भएको पत्राचारमा जयवर्द्धनेले राजिव गान्धीलाई अमेरिका लगायतका विदेशी शक्तिद्वारा त्रिन्कोमाली बन्दरगाह प्रयोग गरिनै छैन भन्ने आश्वासन दिए र अमेरिकासंग भ्वायस अफ अमेरिकाको सुविधा उकास्ने सम्बन्धी सहमति तथा सैनिक सुरक्षा प्रदान गर्ने सम्बन्धी इजरायल तथा पाकिस्तानसंगको सहमतिमाथि पुनर्विचार गरिनेछ भनियो ।
सन् १९८८ को आरम्भमा स्वतन्त्र श्रीलंकालाई भारतले सदस्य राज्य (*client state*) मा परिणत गरेको भन्ने आरोपलाई नयाँ दिल्लीले पन्छ्याउन खोजे पनि भारका लागि अमैत्रीपूर्ण वा भविष्यमा अमैत्रीपूर्ण हुन सक्ने विदेशी शक्तिहरू, जस्तै पाकिस्तान, इजरायल तथा अमेरिकासंग श्रीलंकाको बढ्दो सम्बन्धलाई भारत रोक्न उद्यत थियो भन्ने कुराका संकेत आएका थिए । *इण्डिया टूडे*का सम्वाददाताले एक उच्च भारतीय सैनिक पदाधिकारीलाई उद्धृत गर्दै भन्यो कि "श्रीलंकामा पाकिस्तानको सैनिक संलग्नता जुलाई २९, १९८७ मा समाप्त भयो ।" तर अन्य पर्यवेक्षक यस कुरामा घोत्लिरहे कि श्रीलंकाली जातीय संकटको गोर्डियन नट (*जटिल गाँठो*) फुकाएर वा छिनाएर तथा संगसंगै पाकिस्तानी महत्वाकाँक्षालाई हुत्याएर भारत विश्वका प्रमुख राष्ट्रहरूमध्ये एकका रूपमा आफ्नो पूर्ण शक्ति लगाइरहेको थियो तथा यस्तौ सैनिक दुःस्वपन देखिरहेको थियो जसले निकै जनधन क्षति गराएर पनि भारतालाई खासै उपलब्धि हुनेवाला थिएन ।

# सन्दर्भ सूचि

पाँल इ. पेरिस : नागदिप एण्ड बुद्धिस्ट रिमेन्स इन जाफ्ना
के.एम. डे सिल्भा : अ हिस्ट्री अफ श्रीलंका
इ.एफ.सी. लुडोवि : अ शर्ट हिस्ट्री अफ सिलोन
जेलानिकस : सिलोन
एस. आरासारत्नम : सिलोन
चन्द्र रिचार्ड डे सिल्भा : श्रीलंका : अ हिस्ट्री
विल्हेम गाइगर : पाली वंशावलीहरू महावंश तथा चुलावंश (अनूदित)
जी.सी. मेन्डिस : द अर्लि हिस्ट्री अफ सिलोन ।
एस.जे. ताम्बिआह : श्रीलंका : एथनिक फ्राट्रिसाइड ऐण्ड द डिस्म्यान्ट्लिंग अफ अ डेमोक्रेसी
ए. जयरत्नम विल्सन : पोलिटिक्स इन श्रीलंका
क्रेग बाक्स्टर,
योगेन्द्र के. मल्लिक,
चार्ल्स एयच. केन्नेडी तथा
रबर्ट सी. ओबर्स्ट : गभर्नमेन्ट ऐण्ड पोलिटिक्स इन साउथ एशिया
जेनिस जिग्गिन्स : कास्ट ऐण्ड फैमिली इन द पोलिटिक्स अफ द सिंहलीज, १९४७-१९७६
एम. आर. नारायण स्वामी : टाइगर्स अफ लंका
चेल्भादुरई मनोगरान : द श्रीलंकन तमिल्स : इथनिसिटी एण्ड आईडेन्टिटी
अ स्ट्रगल फर जस्टिस : सी.पी.एम.एच.आर., नेपाल
इण्डिया टूडे
फार इष्टर्न इकोनोमिक रिभ्यू
एशियन सर्भे
प्यासिफिक अफेयर्स
पोलिटिकल साइन्स क्वाटर्लि